बार्सिलोना ओलम्पिकले समाजवादको पक्षमा जाहेर गरेको अभिमत

# मूल्याङ्कन

विचार-अन्तर्क्रियामुखी मासिक

वर्ष १०, अंक ६
भाद्र-आश्विन २०४९

नयाँ उद्योग नीतिको उद्योगपतिद्वारा चिरफार

पूर्वी युरोप र रुसमा पूँजीवादको वर्तमान हाल कस्तो छ ?






## टनकपुर-विवादः समझदारी एउटै किन भएन ?



## 'समाजवाद किन विफल भयो ?

उत्तर कोरियाली नेता किम जोङ इलको मूल्यांकन

रु. १०

# बोर्डिङ्ग पास - समयको उपहार

एक वृद्ध महिला जसले चलेनमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। बडो उत्सुकताका साथ पर्खिरहेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको "पुष्पक विमान" को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिंडाईको दुख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन्। अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बच्नेका केही गौरवमय दिनहरू छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

**बोर्डिङ्ग पास - अमूल्य समयको उपहार ।**

**देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न**





## शाही नेपाल वायुसेवा

जति उड्यो उति उडौं उडौं लाग्ने

# मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष १० अंक ६
०४९ भाद्र-आश्विन



संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ

सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर.पोख्रेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

प्रधान सम्पादक
श्याम श्रेष्ठ

कार्यकारी सम्पादक
हरिगोविन्द लुईटेल

सह-सम्पादक
राजेन्द्र महर्जन

व्यवस्थापक
श्याम खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

सम्पर्क कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, भोर्डे, ख-२,२३७
काठमाडौं-२३
फोन: २१३६९४
पो. ब. नं. ३०२६



## कुन त्यस्तो आधारभूत समस्या छ, जसको कारण नेपालमा क्रान्ति भैरहेको छैन? (२२)

- का. शंभुराम श्रेष्ठ र
- का. कृष्णदास श्रेष्ठसँग
*विचारोत्तेजक कुराकानी*



## के समाजवादको मृत्यु भएको हो?

*समाजवादको विगतको असफलताबाट लिनु पर्ने शिक्षाहरू* (१६)

उत्तर कोरियाली वरिष्ठ नेता का. किम जोङ इलको महत्वपूर्ण र चर्चित विचार



## (११) बार्सिलोना ओलम्पिक :

### समाजवादको पक्षमा जाहेर भएको अभिमत

*समाजवाद विफल भएका पूर्वी युरोप र सोभियत संघको बजार अर्थतन्त्रको कस्तो बेहाल छ?* (१८)

रूसमा अहिले सरकार नै नभएको अनुभूति हुन्छ। (२०)



## देशको औद्योगिक क्षेत्र के सोचिरहेछ? के भोगिरहेछ?



सन्दर्भ: नयाँ औद्योगिक नीतिः उद्योगपतिहरू महेशलाल प्रधान, विनोद चौधरी, गणेशलाल श्रेष्ठ र पि.जि. लामा एवं स्नेह सायमिका विचारहरू (२९)

**आजको घटना-आजको विचार**
टनकपुर विवाद (कुराकानी) ४
- पद्मरत्न तुलाधर
- सि.पि. मैनाली
- लिलामणि पोख्रेल
अर्को खाडी युद्धको तयारी ८
शिक्षा नीतिः ९
- सुशीलचन्द्र अमात्य

**घटना-प्रवाह**
मल्लिक आयोगको विवाद ६
शैलजा-कुवेर प्रकरण ६
गत चैत्र २४ गतेको रिर्पोट ७
सांस्कृतिक क्रान्तिका नेताको मृत्यु ७
द. कोरियामा वामपन्थी नेता गिरफ्तार ७
फिलिपिन्सका कम्युनिष्ट नेता रिहा ७
कलाकार मोहन खड्काको निधन ७

**विशेष लेख**
ने.का.सरकारको स्वास्थ्य नीति मूल विषयमै अल्मल ३५
- डा. महेश मास्के

**विश्व कम्युनिष्ट गतिविधि**
पेरूः सशस्त्र जन युद्ध उभार १३

**धारणा**
निन्दा र प्रसंशा २८
- डि. आर. पोख्रेल

**ज्ञान-विज्ञान**
जैविक-विविधता ३९
- डा. कमलकृष्ण जोशी

**अन्तर्क्रिया**
डि.आर.पोख्रेलका ढोंग संबन्धी विचारहरूबारे २५
- खगेन्द्र संग्रौला

**नीति-नैतिकता**
युवाहरूसँग -क्रुप्सकाया ४७

**दर्शन/दिग्दर्शन**
दुई विश्व दृष्टिकोणबारे ४३
- माओत्से तुङ

**सन्दर्भ**
म कसरी लेनिनवादी भएँ? ४६
अध्ययन र व्यक्तिवादबारे विचार
- होचिमिन्ह

**इतिहास** ४१
नेपालमा सामन्तवादको इतिहास
- डा. कृष्णबहादुर थापा

**कला-साहित्य-संस्कृति**
गाईजात्रा कार्यक्रमहरूको समीक्षा ४८
कथा - रोटी ४२
फिल्म : एक पटक फेरि ४४

**पाठकको कुरा** ५०
**हाम्रो मूल्याङ्कन** ४



आवरण कला : क्यालिग्राफिक स्टुडियो, कमलादी। टाईपसेटिङ्ग तथा मुद्रण : मोडर्न प्रिन्टिङ्ग प्रेस, कान्तिपथ। फोन : २१४८८६


सूचना : भित्री पृष्ठहरूमा भाद्र-आश्विन महीना हुनु पर्नेमा अन्यथा छापिएकोले क्षमा प्रार्थी छौं। -सं

# नेपाली कांग्रेस ऐतिहासिक भूल गरिरहेछ राष्ट्रघातको विरोधमा संघर्ष र वाम शक्तिहरुको एकता



नेपालका मुख्य मुख्य नदी नालाको जलस्रोत र टनकपुर–वाँध संवन्धमा गिरिजा सरकारले गरेको "संझौता" भनिएको सन्धीले सृजना गरेको विवाद छिनोफानो गर्न बनेको संसदीय विशेष समितिमा सरकारी पक्षले अप्नाएको "हठवादिता" का कारण राष्ट्रिय सहमति तयार हुन नसकेपछि अव नेपालमा एउटा दीर्घकालीन विवादको श्रृंखला विधिवत् शुरू भएको छ। भारतीय विस्तारवाद प्रति नेपाली कांग्रेसको सरकारले लिएको घुँडा–टेकुवा र दलालीपूर्ण नीतिको एउटा मूर्त प्रतिफलको मार नेपाली समाजको टाउकोमाथि नराम्ररी बजारिएको छ। देशको सार्वभौमिकता माथि ठूलो खेलवाड भएको छ र के कुरा निश्चित छ भने नेपाली कांग्रेसले गरेको यस महाभूल वा गद्दारीले उसलाई पनि लामो समयसम्म सताइरहने छ।

धेरै समयसम्म म्याद थपेर आलटाल गर्न खोजिएको विशेष समितिको कामकारवाहीलाई आखिर मतदानद्वारा छिनोफानो गरियो। सत्तारूढ दलको बहुमत राखी बनाइएको समितिमा "मतदान" गराएर "प्रजातान्त्रिक तरीका" अप्नाएको र बहुमतको विचार स्वीकृत गरिएको देखाउनु आफैंमा हास्यास्पद र ढोंगी व्यवहार हो। देशको संविधान समेत मिची "सन्धी" गर्ने र त्यसलाई शव्द फरक पारी "सहमति वा संझौता" बताई संसदबाट बहुमतले पास गराउने कामबाट बच्न खोज्नु आफैंमा निम्नकोटीको जालसाझी मात्र थियो। "संसदको सार्वभौमिकता"लाई यस कदमले नराम्रोसंग खिल्ली उडाएको छ। छकाउने, अल्मल्याउने वा हठ गर्ने हैन, जरूरी थियो – गल्ती महशूस गरी अब यसलाई कसरी सच्च्याउने भन्ने उपाय निकाल्नुको। यसो हुन सकेन र "राष्ट्रघात"को पक्षमा नै नेपाली कांग्रेसले आफूलाई उभ्यायो।

विवाद विवादको लागि हैन, समाधान निकाल्नको लागि हो। "मूल्यांकन" ले गतांकमा अबको समाधानको उपायको रूपमा टनकपुरको विवादास्पद एफलक्स बण्डको जमीन र बाँधमा नेपालको प्रभूसत्ता सुरक्षित हुने गरी भारतसित Lease (करार)को संझौता गर्ने, बाँधबाट नाम मात्रको फाइदा हुने संझौताको ठाउँमा समान हित हुने संझौता गर्ने र संझौता संसदबाट पारित गरेपछि मात्र लागू गर्ने कुराका अतिरिक्त राष्ट्रघाती र गैर–संवैधानिक तवरको संझौता गरे वापत गिरिजा सरकारले सार्वजनिक रूपले क्षमा माग्नु पर्छ भन्ने कुरा उल्लेख गरेको थियो।

नेपाली कांग्रेसको सरकार आफ्नो निहित सत्ता स्वार्थ र अहंकारका कारण आफ्नो गलत कदमप्रति आत्मालोचक बनेर प्रस्तुत भएन। विशेष समितिको बहुमत मार्फत कांग्रेसले भारतबाट नेपालले १५० क्यूसेक पानी पाएको, १ करोड यूनिट विजुली पाएको, बाढी र भू–कटान रोकिएको, टनकपुरसम्म पूर्व पश्चिम राजमार्ग भारतले जोडिदिने भन्ने ४ कुरालाई देशको "अहोभाग्य" को रूपमा प्रस्तुत गरेको छ। मुलुकको संप्रुसत्ताको मूल्यसंग यी कुराहरू कुनै पनि हालतमा दाजिन सक्दैनन्। एफ्लक्स बण्ड नबनाएको भए नेपालको भूभागलाई बाढीले क्षति पुग्थ्यो भन्ने "हौवा" देखाएर सबै कुरालाई उचित ठहर्‍याउन गरिएको प्रयत्न र संप्रभूताको र समान हकको सवालमा मौन रहेर "थप विजुली माग्नु पर्छ" भनी दिइएको सुझाव आफैंमा जनतालाई भ्रममा पार्न र अल्मल्याउन प्रस्तुत गरिएको "छल" बाहेक अरू केही हैनन्।

ऐतिहासिक जन–आन्दोलन पश्चात स्थापित सरकारबाट यस प्रकारले हाकाहाकी राष्ट्रघाती कदम चालिनुले स्वाभिमानी र प्रजातन्त्रप्रेमी नेपालीहरूलाई मर्माहित पारेको छ। यस कदमका विरूद्ध संसद र सडकबाट मूलतः वामपन्थी शक्तिहरूले उठाएका आवाजहरू, चालेका कदमहरू र लिएका अडानहरूमा राष्ट्र–हितको पक्ष–धरता प्रतिविवित भएको देखिन्छ। ८ वटा वामपन्थी शक्तिहरू बीच यस सवालमा संघर्ष अघि बढाउन भएको सहमति यस पक्षमा अरू सकारात्मक घटना हो। यसमा सुस्पष्ट र जिम्मेवार दृढ अडान राख्न र संघर्ष चलाउन वामपार्टीहरू सफल भएमा यो संघर्षले राष्ट्र र राष्ट्रियताको पक्षमा अत्यन्त सकारात्मक योगदान गर्नेछ।

यतिखेर नेपालका वामपन्थी पार्टीहरूको यो ऐक्यवद्धताको हार्दिक स्वागत गर्दै हामी यो ऐक्यवद्ध संघर्षको सफलताको लागि संवन्धित पार्टीहरूबाट गम्भीर र सुझबुझपूर्ण पाइलाहरू चालिने छन् भन्ने आशा र अपेक्षा पनि गर्दछौं। विगतमा उठाइएका संघर्षहरूलाई ठोस टुंगोमा पुर्‍याउन नसकिएका र विगतका कार्यगत–एकताहरू सानातिना विवाद र उल्झनकै कारण पनि टुट्न गएका कतिपय अनुभवहरूबाट पाठ सिकी त्यस्तो हुन नदिन वस्तुनिष्ट र परिपक्व तवरले अगाडि बढ्नु जरूरी भएको हामी ठान्दछौं। ❖

# संविधान समेत मिचेर नेपाली कांग्रेस भारतमुखी भएको छ

## का. पद्मरत्न तुलाधरसंग कुराकानी

पारस्परिक हित र समझदारी, समानता र अन्तर्राष्ट्रिय मान्यताको आधारमा नयाँ सन्धि–संझौताहरू गरिनु पर्दछ।



**टनकपुर संवन्धी विवादमा सत्तापक्षले बहुमतको आडमा आफ्नै पुरानै हठ कायम गरी राष्ट्रिय सहमति कायम गर्न नखोजेको र संझौताका राष्ट्रघाती बुँदाहरूकै पक्षमा आफूलाई उभ्याएकोमा तपाईंको विचार के छ?**

"दुर्भाग्य"को कुरा नै भन्नु पर्ला कि नेपालमा सत्तामा जो पनि आए, रहे, तिनीहरूले भारतमूखी भएरै काम गरे। भारत "ठूलो" छ, हामी "साना" छौं, त्यसैले सानोले ठूलोसंग लड्नु हुन्न वा लड्न सकिन्न भन्ने मानसिकता सत्ताधारीहरूमा छाइरह्यो। सानो र ठूलो जे होस् – नेपाल सार्वभौमिकता सम्पन्न मुलुक हो र भारतसंग समानताको आधारमा व्यवहार गर्ने पूर्ण अधिकार नेपाललाई छ। तर यहाँ समानस्तरमा उभिएर अडान लिएर व्यवहार गर्नुलाई "निहुँ खोज्नु" को अर्थमा लिने काम भयो। कोशी, गण्डक वा व्यापार–पारवहनका सन्धिहरू लगायतमा यो समानस्तरमा उभिएर अडान नलिइएको प्रमाण पाइन्छ।

अर्को उल्लेखनीय कुरा, आफूलाई ठूलो "प्रजातन्त्रवादी", "असंलग्न आन्दोलनको हस्ती" भन्ने भारत अफ्रिका वा अन्य क्षेत्रको वारेमा प्रभूत्व र उपनिवेशवादको विरोधमा बोल्छ तर जव जव नेपालसंगको मामला आउँछ, भारतले सिद्धान्तस्तरमा नेपाललाई सार्वभौमसत्ता सम्पन्न मानेपनि व्यवहारमा यसले कहिले पनि "समानस्तर" को सोचेन। आफू माथि पर्ने र नेपाललाई आफ्नो प्रभूत्व र स्वार्थ अनुकूल राख्ने नीति नै यसले लिंदै आएको छ।

**ने.का. किन यस्तो सरासर राष्ट्रघाती कदम चालिरहेछ?**

शुरूदेखि नै ने.का. को प्रवृत्ति भारतमूखी रहँदै आएको छ। अध्यक्ष कृष्णप्रसाद भट्टराई त सार्वजनिक रूपले नै आफू भारतमूखी भएको बताउन पनि पछि पर्नु भएन। ने.का. सिद्धान्ततः नेपाललाई "स्वतन्त्र राष्ट्र" मान्दछ तर आफ्नो कालमा भएका भारतपक्षीय अडानलाई यो स्वीकार्दैन।

संविधान निर्माणको बेलामा हामी वामपन्थीहरूले २/३ बहुमतले यस्ता सन्धिहरू पास गरेपछि मात्र लागू गर्ने व्यवस्था हुनु पर्छ भनी गरिएको मागको ने.का. ले विरोध

गर्दा नै पनि उसको नियतबारे शंका गरिएको थियो।

सके सर्वसम्मत नै, नभए बहुमतको आधारमा मात्रै पनि सन्धि पास भएको हुनै पर्दथ्यो। कुनै पनि राष्ट्रवादी हुँ भन्नेले सोच्ने कुरा हो यो, तर ने.का. ले त्यसो गर्न मानेन्। २/३ तिहाइ बहुमतको कुराबाट बच्न संविधान समेत मिचेर ने.का. भारतमूखी भएको छ। ने.का. लाई हामीले यस्तो कुरा गरेको मन पर्दैन तर यो तथ्य हो। राष्ट्रियताको कुरा उठाउँदा प्रजातन्त्रमा आँच आउँछ भन्ने बाहना बनाएर उनीहरू राष्ट्रहित विपरीत काम गरी भार तमुस्वी व्यवहार गर्दैछन्। यो बडो दुर्भाग्यको कुरा हो।

***यो स्थितिमा वामपन्थीहरूले कस्तो भूमिका निर्वाह गर्नु पर्छ भन्ने तपाईं ठान्नु हुन्छ?***

टनकपुर बारेको मात्रै हैन, असमानताको आधारमा भएका सबै सन्धिहरूलाई खारेज गरी पारस्परिक हित र समझदारी, समानता र अन्तर्राष्ट्रिय मान्यताको आधारमा नयाँ सन्धि-संझौताहरू गरिनु पर्दछ।

यो काम संपन्न गर्न नेपाल सरकार, भारत सरकार दुवै तयार हुनु पर्छ। तयार गराउन जनता लाग्नु पर्छ। वामपन्थीहरूले यसमा प्रमुख भूमिका खेल्नु पर्दछ। भारतमा विपक्षमा रहेका पार्टीहरू र व्यक्तित्वहरूलाई यो "असमानतापूर्ण" व्यवहारको बारेमा जानकारी दिनु जरूरी छ। यसको लागि पार्टीहरूले पहलकदमी बढाउनु पर्छ। प्रजातान्त्रिक व्यवहारमा आस्था राख्ने भारतीयहरूले आफ्नो देशको सत्तारूढ वर्गलाई यस्तो "अप्रजातान्त्रिक कदम" फिर्ता लिन दवाव दिने संभावनाको सदुपयोग गर्नु पर्दछ।

राष्ट्रियतासंवन्धी साझा सवाल भएकोले यस मामलामा सामान्य देशवासीहरू र वामपन्थी विचार नराख्ने बुद्धीजीवीहरू समेत पनि संघर्षको विकास हुँदै गएमा साथमा आउनेछन्, उनीहरू समेतलाई लिएर अघि बढ्नु जरूरी छ। यसका लागि सर्वप्रथम वामपन्थीहरू आफैं एकजुट हुनु त अत्यन्त जरूरी नै भैहाल्यो।

***८ वामपन्थी पार्टीहरूको यो मामलामा संघर्ष अघि बढाउनभएको सहमतिबारे तपाईंको धारणा ?***

साझा सवालमा एकता हुन सक्छ भन्ने सबै वाम पार्टीहरूको घोषित मान्यता अन्तरगत यो समझदारी भएको छ। यो स्वागतयोग्य कदम हो। यो गम्भीरतापूर्वक अघि बढोस् भन्ने चाहाना हामी एकताप्रेमीहरू सबैको रहेको छ। अरू अरू साझा सवालमा पनि एकता हुनु पर्छ, यो वाम-एकताको खबर मात्रैले पनि जनता उत्साहित भएको छ। यस्ता कार्यगत एकताले पारस्परिक कटुताहरू हट्दै जाने र मतभेदका विषयमा छलफल गरी एकमतोमा पुग्न पनि सघाऊ पुऱ्याउँने छन्।

के कुरामा हामी अत्यन्त चनाखो हुनै पर्छ भने- देशमा र देशबाहिर नेपाली वामपन्थीहरू नजुटुन र फुटून भन्ने चाहना राख्नेहरू प्रशस्त छन्। कामको दौरानमा कमजोरीहरू हुन सक्छन् तर एकतामा उत्रिएका वाम-पार्टीहरूले कामको दौरानमा आउन सक्ने मतभेदहरूलाई नै पनि भित्रैबाट हल निकाल्ने "मार्क्सवादी" बाटो खोज्नु पर्छ। फुटनु हुँदैन। एउटै सवालमा पनि पार्टीहरूका अलग अलग कार्यक्रमहरूमा मतभेद बढाउने कुराहरू हुने गर्छन, अस्वस्थ्य प्रतिस्पर्धाहरू हुने गर्छन्। त्यस्तो गरिनु हुन्न। पार्टी नजिकका पत्रिकाहरूले पनि एकताको समयमा आपसमा अनावश्यक दूरी बढाउने र चिढ्याउने कुरा लेख्नु हुँदैन। फुटाउन खोज्ने प्रतिकृयावादी प्रचारहरूबाट पनि सावधान हुनै पर्छ। ❖

# यो राष्ट्र र जनताको हितमा हुनै सक्दैनथ्यो।



## का. सि. पि. मैनालीसंग कुराकानी

***सत्ता पक्षले आफूले तपाईं प्रतिपक्षीहरूलाई सहमतिमा ल्याउन प्रशस्तै प्रयत्न गरेको तर तपाईहरूले सहमतिमा आउन राजी नहुनु भएको भन्ने कुरा बताउन थालेको छ। "सहमति खोज्न" ने.का.ले विशेष समितिमा आफ्नो पूर्व अडानमा लचिलोपना के देखाएको थियो?***

सत्तारूढ पार्टीको तर्फबाट सहमतिमा पुग्न प्रस्ताव आएको हो। तर शुरूमा उहाँहरूको सहमतिको प्रस्ताव के थियो भने, सरकारले जे गरेको छ, त्यसलाई प्रतिपक्षले जस्ताको तस्तै स्वीकार गरी दिनु पर्छ। पछि आफ्नो मूल अडानलाई नवदली अन्य गौणपक्षहरूमा केही सुधार पनि गरिएको थियो। त्यस्तो सहमति प्रतिपक्षले गर्ने कुरै थिएन। यो राष्ट्र र जनताको हितमा हुनै सक्दैनथ्यो।

सहमति हुनका निम्ति सर्वप्रथम महाकाली नदी सीमाको साझा नदी भएकोले त्यसमा कुनै एक पक्षले पनि आपसी सल्लाहको आधारमा मात्र कुनै पनि परियोजना शुरू गरिनु पथ्र्यो। अर्को कुरा नेपालको "सन्धि-ऐन" मुताविक यस "समझदारी"लाई सन्धि भनिनु पर्दछ। दोस्रो, यो जलश्रोतको बाँडफाड सम्वन्धी दीर्घकाल सम्म प्रभावी रहने सवाल भएकोले संविधान बमोजिम यो संसदको २/३ बहुमतद्धारा पारित गरिनु पर्दछ। तेस्रो, महाकाली नदी साझा नदी भएकोले यसबाट हुने लाममा हाम्रो पनि हक लाग्दछ र समान अनुपातमा नेपालले पनि लाभ प्राप्त गर्नु पर्दछ। उपरोक्त मूलभूत प्रस्थापना नेपाली कांग्रेसले मानिदिएको भए हामीलाई सहमतिमा पुग्न कुनै बाधा थिएन।

तर नेपाली कांग्रेसको सरकार र नेताहरू यी मूलभूत सिद्धान्त मान्न तयार हुनु भएन। सहमतिको नाममा उहाँहरूको प्रयत्न उहाँहरूले राष्ट्रहित विरोधी जुन संभौता गर्नु भएको छ, त्यसको मूलभूत गल्तीहरूलाई पनि हामी प्रतिपक्षले आँखा चिम्लेर स्वीकार गरोस् भन्ने रह्यो। यस्ता संविधान, ऐन र राष्ट्रिय हित विपरीतका कुराहरू हामीले स्वीकार गर्ने सवालै थिएन। त्यसैले, ने.का.का नेताहरूको सहमतिको प्रस्ताव हामीबाट स्वीकार हुन नसकेको हो। वास्तवमा उहाँहरूले हाम्रो सहमति होइन, उहाँहरूले गर्नु भएको संविधान, ऐन र राष्ट्रिय हित विपरीत काममा हाम्रो ल्याप्चे सही छाप खोज्नु भएको थियो, जुन हामीले गरेनौं। हामी देशको संविधान एवं कानूनको मर्यादा गर्ने र राष्ट्रिय स्वतन्त्रता एवं स्वार्थहरूको रक्षा गर्ने सवाललाई उल्लंघन नगरी राष्ट्रिय सहमति खोज्ने र त्यसमा सहभागी हुने पक्षमा आजपनि छौं र भविष्यमा पनि रहने छौं, यसभन्दा विपरीत ढंगले होइन। ❖

# भारत चलाकीपूर्वक आफ्नो स्वार्थ पूरा गर्न खोज्दैछ

## का. लिलामणि पोखरेलसंग कुराकानी

***ने.का. अध्यक्ष कृष्ण प्र. भट्टराईले "विपक्षीहरूलाई जति छुट दियो, त्यति हेप्छन्" भनी हालै प्रेसलाई भन्नु भएको छ। टनकपुर संवन्धी यो सवालमा विपक्षले सत्तापक्षबाट निकै छुट पायो कि क्या हो? तपाईं विशेष समितिमा रहँदा यस्तो "छुट" को अनुभव तपाईले के गर्नु भयो?***

राष्ट्र नेपाली कांग्रेस र हाम्रो सबैको साझा हो। हामी यतिवेला राष्ट्रको पक्षमा, राष्ट्रको हितका लागि लडिरहेका छौं। यो चिजमा ने.का.ले हामीलाई के छुट दिने? राष्ट्रको लागि माग गरिएको कुरोमा हामीलाई "छुट" दिने भन्ने कुरै कहाँबाट आउँछ? हाम्रो व्यक्तिगत कुरा हैन यो।

बरू छुट त ने.का. सरकारले भारतलाई पो दिएको छ। हामी नेपालीलाई नसोधी हाम्रा प्राकृतिक स्रोतहरूमाथि खुलेआम हस्तक्षेप गर्ने भारतको त्यो हस्तक्षेपलाई स्वीकृति दिएर र यी प्राकृतिक स्रोत र साधनमा भारतको हात माथि पारिदिने कानूनी-वैधता सृजना गरिदिएर छुट त नेपाली कांग्रेस सरकारले भारतलाई पो दिएको छ। हामी वामपन्थीहरूलाई ने.का. ले "छुट" दिने भन्ने सवाल केही पनि छैन। बरू देशभक्त नेपालीहरूले ने.का.लाई यसरी राष्ट्रहित विपरीत मनपरी गर्न कति र कतिञ्जेलसम्म "छुट" दिइरहने?

***टनकपुर विवाद टुंग्याउन गठित संसदीय विशेष समितिमा ने.का. को तर्फबाट "सहमतिमा पुग्ने कोशीस" स्वरूप आफ्नो हठमा लचिलोपन के के ल्याइयो?***

ने.का. अरू पानी र विजुली भारतसंग माग्ने कुरा लिएर हामीसँग सहमति खोज्न आयो। हाम्रो र ने.का. को दृष्टिकोण मै आधारभूत भिन्नता रह्यो। ने.का. थप सुविधा "माग्ने" हिसावले प्रस्तुत भयो, हामीले उठायौं अधिकारको कुरा। हामी हाम्रो सार्वभौमिकताको अधिकार प्रयोग र प्रदर्शन गरी "समानता" को आधारमा व्यवहार गर्ने जीकिरमा रह्यौं तर ने.का. भने भारतलाई पोस्ने र पोसेर रिझाउने पक्षमा रह्यो।



***तपाईहरूले यो टनकपुर संवन्धी कुरालाई किन यति गम्भीर किसिमले लिनु भएको हो?***

टनकपुर संवन्धी सवाल पनि ठूलै सवाल हो तर यति मात्र हैन, यो सवालसंग टनकपुर मामला मात्र जोडिएको छैन। नेपाली प्राकृतिक स्रोत र साधनलाई भारत आफ्नो हातमा लिन चाहन्छ, नियन्त्रणमा राख्न चाहन्छ। लिंकेज ट्रिटी (अन्तर संवन्धित सन्धि)हरूको माध्यमबाट भारत निकै चलाकीपूर्वक यो स्वार्थ पूरा गर्न खोज्दै छ। यो संझौतालाई आधार बनाएर पंचेश्वर योजना, पंचेश्वरलाई आधार बनाएर कर्णाली योजनासम्ममा पनि भारत आफ्नो स्वार्थ सिद्धि गर्ने दाउ थाप्दैछ। नेपाली योजनाहरूमा भारत आफैं सर्भे गर्ने कुरा गरिरहेछ, ने.का. सरकार यसलाई छुट दिइरहेछ। यो नेपाली सार्वभौमिकतामाथिकै प्रश्न भएकोले हामीले यसलाई यत्ति गम्भीर रूपले लिएका हौं। ❖



*जनार्दन लाल मल्लिक*

## मल्लिक आयोग बिबाद

# जन-आन्दोलन नै विशाल प्रमाण हो!

प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले संसदमा जन-आन्दोलनका अपराधीहरूमाथि कारवाही गर्न प्रमाण नपुग्ने र कानूनले नमिल्ने बताएपछि मल्लिक आयोगको विवाद अब फेरि सार्वजनिक बहसको विषय बन्न पुगेको छ।

जुन जन-आन्दोलनले गर्दा नै आफू सत्तारूढ हुन सफल भएको हो, त्यही जन-आन्दोलनको जनादेशलाई आज यसरी औपचारिक रूपमा नेपाली कांग्रेस-सरकारले निर्लज्जतापूर्वक लत्याएको छ। महा-न्यायाधिवक्ता मोतिकाजी स्थापितको सिफारिसलाई निहुँ बनाएर आज सरकारले मल्लिक आयोगको ११०० पेजको प्रतिवेदनलाई संसदको पुस्तकालयमा थन्क्याएको छ।



*ने.का. : यो आन्दोलनको जनादेशमाथि गद्दारी*

यसै वीच जनार्दनलाल मल्लिकले आफू एक संवैधानिक अंगको प्रमुख भएर पनि सरकार लाई साहसपूर्वक चुनौति दिनु भएको छ–सरकारको आँट र इच्छा भए जन आन्दोलनका अपराधीहरूमाथि कारबाही गर्न मिल्छ र कारबाही गर्न चाहिने पर्याप्त प्रमाण प्रतिवेदनमा छन्।

तर नेपाली कांग्रेस जनार्दनलाल मल्लिकमाथि नै पनि अप्रत्यक्ष्य रूपले दवाब दिने वा अप्रत्यक्ष रूपले धम्क्याउने कोशीस गर्दैछ। केही कांग्रेसी र दरबारमुखी छापाहरूले मल्लिकले सरकारी-पदमा बसेर सरकारलाई चुनौति दिने गैर-अनुशासित काम गर्दैछन् भनी उहाँलाई "मौन" गराउने प्रयत्न गरेका छन्। स्वयं गणेशमानले "मल्लिकलाई प्रजातन्त्रविरोधीहरूबाट संचालित" भएको आशय र आशंका व्यक्त गरेका छन्। यी सब चालवाजीहरू मल्लिक र मल्लिक आयोगका पक्षधरहरूलाई हतोत्साही गराउने कांग्रेसी षडयन्त्रका गोटीहरू हुन् भन्न हिच्किचाउनु पर्दैन। यसले नेपाली कांग्रेस पंचायती प्रवृत्तिसँग आधार भूत रूपले भिन्न छैन र कुर्सि प्राप्तीको अन्तरविरोधले गर्दा मात्र यो पंचायत विरोधी रहेको कुरालाई पनि प्रमाणित गरेको छ।

प्रमाण विहिन छ यदि यो प्रतिवेदन भने, मल्लिक आयोगले जनतालाई धोका दिएको मान्नु पर्छ र तुरून्त अर्को आयोग गठन गर्नु पर्छ। हैन भने, मुद्दा नै नचलाई प्रमाण पुग्ने वा नपुग्ने ठहर गर्ने न्यायिक अधिकार प्र.मं ले कताबाट प्राप्त गर्नु भयो? त्यसमाथि पनि अर्को महत्वपूर्ण सवाल के हो भने-गत ऐतिहासिक जन-आन्दोलन आफैमा पंचायती कानून अनुसार भएको हैन। जनादेश नै जन-आन्दोलनको मूल आधार थियो। त्यस जन-आन्दोलनमाथि दमन चक्र चलाउने अपराधीहरूलाई उनीहरूकै पालाको कानून खोजेर दण्ड गर्ने भन्ने सवाल नै उठ्दैन। नेपालमा जन-आन्दोलन भएको थियो, यही नै एउटा विशाल प्रमाण हो। त्यसमाथि पनि कतिपय अपराधीहरू स्वयंले मल्लिक आयोगलाई दिएको बयानमा आफ्ना अपराधहरू स्वीकारेका छन्। जनताले दिएको सर्जमिन रिपोर्टहरू छन्, बयानहरू छन्। यिनका आधार मा कारबाही चलाउन नमिल्ने भन्ने प्रश्नै उठ्दैन।

यी कुराहरूले के कुरा देखाएका छन् भने, कार बाही गर्नको लागि अभाव प्रमाणको हैन, अभाव कांग्रेसी सरकारको इमानको हो। कांग्रेस जनताप्रति इमान्दार रहेन। जुन शक्तिको आडमा आफू सत्तामा पुगेको हो, त्यसको अपमान गर्दै यसले जन-आन्दोलनका अपराधीहरूलाई कारबाही नगरेको मात्रै हैन, कतिपय तिनै अपराधीहरूलाई विना सप्रने मौका, विना चेतावनी, विना कारबाही आफ्नो पार्टीमा हुलेको छ। ओहोदामा रहेका ती अपराधीहरूलाई राजदूत बनाएको छ, बढुवा समेत गरेको छ।

कांग्रेस जन-आन्दोलनका शत्रुहरूको, अपराधी-हरूको ताकतमा सत्तामा टिकीरहन खोजी रहेछ, वास्तवमा अपराधीहरूमाथि कारबाही गर्न समस्या यसैबाट उब्जेको हो। अन्यथा सारा जनता र शक्तिशाली प्रतिपक्षीहरू – वामपन्थीहरूको पूरा समर्थन र माग हुँदाहुँदै कारबाही गर्न के ले छेक्छ? र अपराधीहरूलाई पुरस्कृत गर्नु कसरी संभव हुन्छ?

ऐतिहासिक जन-आन्दोलनका पक्षधर तमाम देशभक्त जनवादी व्यक्ति र शक्तिहरूले ने.का.को यस विश्वासघाती षडयन्त्र र प्रतिगामीहरूसँगको कुत्सित साँठगाँठको विरोधमा सशक्त रूपले अगाडि बढ्नु जरूरी छ।

पेशागत हक माग्ने कर्मचारीहरू र आफ्नो आफ्नो विचार अनुसार अगाडि बढ्न खोज्ने भिन्न मत राख्ने राजनैतिक कार्यकर्ताहरू माथि कारबाही गर्नमा आतुर तर जन-अपराधीहरूलाई भने बचाउनमा भने प्रेरित हुने यस प्रवृत्तिले समाजमा "बेठीक" गर्नु र "ठीक" गर्नुको वीचमा कुनै फरक नै नदेखिने र उल्टो प्रभाव पर्न गई समाज अनैतिकता, अराजकता र अपराधको बाटोमा बढ्न प्रोत्साहित गर्ने हुनाले ने.का. सरकारको यो जन विरोधी ठहरका विरूद्ध जनताले सशक्त विरोध गर्नु पर्छ। यसका लागि व्यापक रूपले संघर्ष गरिनु पर्दछ। ❖

---



# कुवेर-शैलजा प्रकरण

## सस्तो प्रँचारकालागि कि
## टनकपुर मुद्दाबाट ध्यान मोड्नका लागि?

गत साउन ६ गते संसदमा कृषिमन्त्री शैलजा आचार्यले "कृषि मन्त्रालय कमिसनतन्त्रको जालोमा घेरिएको छ र यो मन्दा बढी उद्योग र वाणिज्य मन्त्रालयमा यो जालो ठूलो छ" भनी आफ्नै कांग्रेसी सरकार भ्रष्टाचारको जालोमा फसेको कुराको सार्वजनिक संकेत दिनु भयो। एक हप्ता पनि नबित्दै उहाँलाई मन्त्री पदबाट हटाइयो, उहाँसंग राजीनामा मागियो।

यसैगरी साउन २८ गते संसदमा "यदि प्रजातन्त्र उपर देशमा संकट आएको छ भने त्यससँग लड्न आवश्यक परे नेतृत्वको परिवर्तन पनि गर्नु पर्छ भनी सरकारको ध्यानाकर्षण गराउँदा सांसद कुवेर शर्मा आफ्नै पार्टीका सत्ताधारी व्यक्तिहरू र तिनका पृष्ठ- पोषकहरूको कोपभाजनको शीकार हुनु भयो। उहाँलाई उहाँको सप्तरी जिल्ला पार्टी संगठनले पार्टी निष्कासन गर्ने प्रस्ताव नै पनि पारित गऱ्यो। सत्तापक्षका अखवार र कांग्रेसी नेताहरूको दवाबका कारण सांसद शर्मा आफूले उक्त कुरा विश्व सन्दर्भमा भनेको र नेपालको परिस्थितिसँग "कदापि जोडेको होइन" भन्दै भ्रम परेको भए "मलाई हार्दिक दुःख छ" भनी लिखित रूपले व्यक्त गरी एक प्रकारले माफी माग्न बाध्य हुनुभयो।

नेपाली कांग्रेस आफैभित्र पनि "सत्य" बोल्न खोज्नेहरूलाई किन हतोत्साहित गर्दैछ?-भन्ने प्रश्नतिर यी घटनाहरूले हामीलाई पुऱ्याएका छन्। संसदको चालु अधिवेशनमा पनि ने.का.सरकारले संचारको क्षेत्रमा सूचना माग्ने जन-अधिकारलाई कुण्ठित गर्नेतर्फ आफूलाई प्रस्तुत गऱ्यो, सार्वजनिक अपराध नियन्त्रणको नाममा जुलुस सभाका खास खास रूपमाथि प्रतिबन्ध लगाउने, सि.डि.यो. लाई स्वैच्छिक अधिकार दिने जस्ता प्रस्तावहरू यसले लिएर आयो। प्रतिपक्षको लगातारको जोडबाट यिनमा केही सुधारहरू भए। तर सवाल के हो भने ने.का. आफैमा किन यति प्रतिकृयावादी वा जन-विरोधी मागहरू गर्छ? उसको जन-विरोधी चरित्र उसका यी तमाम काम र प्रयत्नहरूबाट छल्किएका छन्।

हामीलाई लाग्छ यसले ने.का.को वर्गीय अडानलाई प्रकट गरेको छ। मुठ्ठीभर सामन्त, पूँजीपति, दलाल पूँजीपतिहरू, नोकरशाही पूँजीपतिहरूको वर्ग स्वार्थमा धक्का पुग्ने कुनै पनि कुरा ऊ गर्न, सुन्न चाहँदैन। अरू हैन, आफ्नै पंक्तिबाट पनि भ्रष्टाचार वा प्रतिकृयावादी षडयन्त्रप्रति गरिइएको सजगता उसलाई मन पर्दैन। यसरी "अनुशासन"को नाममा यी सजगताहरूको टाउको



निमोठ्ने काम ने.का. गरिरहेछ। अनुशासनको कुरालाई ने.का. पार्टीले नियमित गर्न यस्ता "अनुशासनविहिन" "सत्यवादी"हरूलाई कारबाही गऱ्यो रे! यदि यसलाई मान्ने हो भने पनि प्रश्न बाँकी रहन्छ–अनि शैलजाले संकेत गरेको भ्रष्टाचारको जालोको विरूद्ध र कुवेरले संकेत गरेको प्रतिगामी खतराको संभावनाको विरूद्ध चाहिं कसले लड्ने हो? यसलाई कसले "ठीक" गर्ने हो? सरकारको दायित्व यिनीहरूमा छ कि छैन?

आफूले बोलेको "सत्य" प्रति "दृढ" नहुने हो भने शैलजा र कुवेर शर्माले पनि "सस्तो प्रचारबाजी" मात्र गरेको वा यो अन्यकुरा खक्न उठाइएको विवाद मात्र ठहरिने निर्विवाद छ।

सदनमा टनकपुर संबन्धी विवादमा प्रतिपक्षले जोडदार आवाज उठाइरहेको समयमा यी विवादहरू उठ्नु र पुनः पछि त्यत्तिकै सेलाउनुले के यी विवादहरू टनकपुरबारेको मूल मुद्दाबाट जनता र प्रतिपक्षको ध्यान अन्तै मोड्ने नियतले मात्र आएका त थिएनन् भनी प्रश्न गर्ने ठाउँ पनि प्रसस्त छन्। ❖

# नागरिक छानवीन आयोग

## २०४८ चैत्र २४ "नेपाल वन्द" मा भएको दमनको रिपोर्ट प्रकाशित

ने.क.पा. एकता केन्द्र, स.ज.मो. लगायतका संगठनहरू मिली का. निर्मल लामाको संयोजकत्वमा गठित "केन्द्रिय संघर्ष समिति" को आव्हानमा राष्ट्रियता, जनतन्त्र र जनजीविका संवन्धी विभिन्न मागहरू राखी भएको जन-संघर्षको कार्यक्रम अन्तर्गत २०४८ चैत्र २४ गते "नेपाल वन्द" को दिन कांग्रेसी सरकारद्वारा गरिएको हत्या-दमनको छानवीन गर्न श्री सर्वज्ञरत्न तुलाधरको अध्यक्षतामा गठित "नागरिक छानवीन आयोग"ले गत भाद्र ८ गते आफ्नो प्रतिवेदन प्रकाशमा ल्याएको छ। उक्त २४ गते सरकारको प्रहारबाट ७ जनाको मृत्यु र ९७ जना घाइते भएको र सो दिन प्रहरीले अकारण र बिना चेतावनी नै जथाभावी गोली चलाएको कुरा प्रतिवेदनले उल्लेख गरेको छ।

काठमाडौंमा भीड अनियन्त्रित भएर प्रहरीमाथि जाइ लागेर वा सार्वजनिक संपत्तिको क्षति हुन लागेर प्रहरीले नियन्त्रणका अन्य उपायहरू प्रयोग गर्दा पनि नसकेपछि वाध्य भएर गोली चलाएको भन्ने कुराको खण्डन गर्दै प्रतिवेदनले भनेको छ - "१०-१५ जना मानिस भएका ठाउँमा पनि प्रहरीले गोली चलाएको छ। गोली चलाउनु भन्दा अघि चेतावनी दिइएकै छैन। सडकमा हिँडिरहेका बटुवालाई ताकी ताकी गोली हानेर ढालेको छ। यस्तो हुनुको पछाडि कुनै कारण हुनुपर्छ - कि त प्रहरीहरू जनतासित बदला लिन चाहन्छन्, उनीहरू गृह मन्त्रालयको नियन्त्रणमै छैनन्, कि त प्रहरीहरूलाई यसै गरी गोली चलाउन माथिबाट आदेश आएको छ र आदेश पाएको हुनाले जतासुकै परोस् भनेर उनीहरूले गोली चलाए।"

प्रतिवेदनले उक्त दिन प्रहरीले नागरिकको घरको हाताभित्र पसी ४ फीटको दूरीबाट महिला र बच्चालाई गोली हानेको कुरा उल्लेख गर्दै पक्राउ परेकाहरूमाथि अमानवीय व्यवहार भएको, गोली लागी ढलेका व्यक्तिमाथि पनि लाठी प्रहार भएको, बोरामा पोको पारी मोटरमा फालिएको, शरीरमा एसिड खन्याइएको आदि विवरण पनि दिएको छ।

नागरिक अधिकार क्षेत्र भित्रै रहेर "बन्द" आव्हान गरेको भएतापनि उक्त दिन कतिपय ठाउँमा आयोजकहरूले स्थिति पूर्ण रूपले नियन्त्रणमा राख्न नसकेको देखिएको कुरा पनि प्रतिवेदनले उल्लेख गरेको छ।

त्यस दिन बालक, वृद्ध, महिला तथा पर्यटक र घर भित्र बसेका र सडकमा काम विशेषले हिंडेका व्यक्तिहरू समेत आहत भएको देखिएकोले "प्रहरीद्वारा गोली अनियन्त्रित भीडमा मात्र चलाइएको" भन्ने सरकारी दावीलाई प्रतिवेदनले झुठ ठहऱ्याएको छ।

प्रतिवेदनले दोषीमाथि आवश्यक कारवाहीको माग गर्दै यस्ता घटना घट्न गएमा अविलम्ब स्वतन्त्र, निष्पक्ष, र आधिकारिक आयोग गठन गरी सार्वजनिक रूपले प्रकाशमा ल्याइनु पर्ने माग पनि गरेको छ।

नागरिक छानबीन आयोगको यो प्रतिवेदनले उल्लेख गरेको "ज्यादती" को जिम्मेवारी सरकारले लिनु पर्छ र दोषीहरू-माथि तुरून्त कारवाही गर्नु पपर्दछ भन्ने ठहर हाम्रो रहेको छ।

नागरिक छानवीन आयोगको सूचना रेडियो, टि.भी. र गो.प.मा नियमानुसार रकम तिरेर पनि प्रचार गर्न नदिइएको कुरा आयोगले जनाएको छ। यो घटना ने.का. सरकारको "प्रजातान्त्रिकता" को अर्को "सबुत-प्रमाण" भएको चर्चा गर्दै बौद्धिक पर्यविक्षकहरूले सरकारको यो रवैयाप्रति आश्चर्य प्रकट गरेका छन्। ❖

# फिलिपिनी कम्युनिष्ट नेताहरु रिहा



नव निर्वाचित फिलिपिनी राष्ट्रपति फिडेल र मोसले फिलिपिनी कम्युनिस्ट पार्टीसंग वार्ताका लागि ढोका खोल्ने क्रममा भाद्रको प्रथम हप्तामा दुई कम्युनिस्ट नेता लगायत केही कार्यकर्ताहरू-लाई रिहा गरेका छन्।

फिलिपिनी कम्युनिस्ट पार्टीको नेतृत्वमा रहेको न्यू पिपुल्स आर्मी (NPA) का अध्यक्ष रामुला किब्टानारलाई एक वर्षपछि र नेशनल डेमोक्राटिक फ्रन्ट (NDF) का अध्यक्ष सातुर्निलो ओकाम्पोलाई ३ वर्ष पछि रिहा गरेर वार्ताको ढोका खोलेतापनि कम्युनिस्ट पार्टीका सयौं समर्थक तथा कार्यकर्ताहरू फिलिपिनी जेलमा सडिरहेका छन्।

१९८७को प्रथम वार्ता असफल भएपछि गरिन लागिएको यस वार्तालाई कम्युनिस्ट पार्टीले आफूलाई निशस्त्र पार्ने र आत्मसमर्पण गर्न लगाउने षडयन्त्रको रूपमा लिई कडा भत्सर्ना गरेको थियो। पछि पुनः अगस्त ३१ देखि सेप्टेम्बर २ सम्म नेदरल्याण्डमा पार्टी नेता जोसेमारिया सिसों संग भएको द्विपक्षीय वार्ता कुनै ठोस परिणाम विनानै टुगिएको छ। ❖

# सांस्कृतिक क्रान्तिका नेताको मृत्यु

अध्यक्ष माओ त्से तुङ्गको नेतृत्वमा भएको सांस्कृतिक क्रान्तिका सबै भन्दा कान्छा नेता वाङ्ग होङवेनको गत साउन १९ गते जेल प्रवासकै क्रममा मृत्यु भएको छ। कलेजोको रोगले ग्रस्त श्री वाङ्गलाई सन् १९८६ देखि नै जेलबाट अस्पतालमै लगि रोगको उपचार का लागि भर्ना गरिएको थियो।

स्वर्गीय वाङ्गले पनि माओकी पत्नी चियाङ्ग चिङ्ग, झाङ्ग चुन चियाओ र याओ वेन जुआनहरूले जस्तै सांस्कृतिक क्रान्तिताका चिनीयाँ कम्युनिष्ट पार्टीको सर्वोच्च अंग पोलिट् व्यूरोको सदस्य भई उक्त क्रान्तिको नेतृत्व गर्नु भएको थियो। माओको मृत्यु पछि सत्तासीन भएको नेतृत्वले उहाँहरूलाई सन् १९७६ मा गिरफ्तार गरी राज्य र पार्टीको शक्ति हत्याउने षड्यन्त्र गरेको आरोपमा मृत्युदण्डको सजाय दिने घोषणा गरेको थियो। तर पछि विश्वस्तरबाट यस निर्णयको विरोध हुन थालेपछि उहाँहरूमाथिको सजायलाई आजन्म कैदमा परिवर्तन गरिएको थियो। ❖

# दक्षिण कोरियामा वामपन्थी नेता गिरफ्तार



दक्षिण कोरियाली वामपन्थी पार्टी मिनजुङ्ग (जनता) पार्टीका भूतपूर्व अध्यक्ष किम नाक जुङ्ग लगायत अन्य तीन जनालाई दक्षिण कोरियाली राष्ट्रिय सुरक्षा योजना एजेन्सीले गत भदौ ९ गते उत्तर कोरियाको लागि गुप्त-चरी गरेको आरोप लगाई गिरफ्तार गरेको छ।

त्यस्तै केही समय अघि अर्का प्रशिद्ध वामपन्थी नेता तथा "प्रजातान्त्रिक सुधार तथा सामाजिक प्रगतिकालागि परिषद"का अध्यक्ष चाङ्ग कि प्योलाई उक्त एजेन्सीले गिर फ्तार गरी सोही आरोप लगाई कारवाही गर्दै छ। वामपन्थी नेता-कार्यकर्ताहरूलाई यो आरोप थोपरेर र यसको बहानामा दमन गर्ने गरिएका घटनाहरू त्यहाँ बेला बेलामा दोहोरिने गर्दछन्।

त्यहाँको कथित "प्रजातान्त्रिक" सरकारले आफ्नो देशका ती युवाहरूलाई पनि निर्ममतापूर्वक यातना दिने गरेको छ, जो उत्तर कोरिया र दक्षिण कोरियाको एकीकरणको माग गर्ने गर्दछन्।

हाल गरिएको वामपन्थी नेताहरूको गिरफ्तारीको विरोध जनाउँदै त्यहाँका वामपन्थी पार्टीहरूले यी गिर-फ्तारीहरू सिउल सरकारले आगामी डिसेम्वरमा हुने राष्ट्रपति चुनाव अगाडि नै थालेको प्रजातान्त्रिक कार्यकर्ताहरूमाथिको व्यापक दमन-अभियानको पूर्व संकेत हो भनी यस कदमको भर्त्सना समेत गरेका छन्।

# कलाकार मोहन खड्काको निधन



नेपाली प्रगतिशील र प्रजातान्त्रिक आन्दोलनका लागि मूलतः चित्रकलाको माध्यमबाट रहँदै आउनु भएका ३२ वर्षीय युवा कलाकार मोहन खड्काको गत भाद्र २१ गते काठमाडौंमा मृगौला संवन्धी रोगको कारण निधन भएको छ।

२०३६ साल अघिदेखि नै "वेदना" सांस्कृतिक परिवारबाट आफ्नो सांगठनिक जीवन शुरू गर्नु हुने स्व. खड्का हाल युवा कलाकार समुह (याग)का अध्यक्ष र इन्द्रेणी सांस्कृतिक समाज (इसास)का केन्द्रिय सदस्य हुनुहुन्थ्यो। वाल साहित्य समाज नेपाल र नेपाल कलाकार समाजको संस्थापक सदस्य, सृजना कन्टेम्पोररी आर्ट ग्यालरीका सक्रिय सहभागी सदस्य र नेपाल ललितकला एकेडेमी स्थापनार्थ अभियानका पनि उहाँ सक्रिय सहयोगी हुनु हुन्थ्यो। विभिन्न समयमा कला-प्रदर्शनीहरू गर्नु भएका, कला क्षेत्रमा पुरस्कृत समेत हुनु भएका स्व. खड्का गत जन-आन्दोलनमा प्रत्यक्ष रूपले संलग्न हुनु भएको थियो। असंख्य साहित्यिक वैचारिक पत्र-पत्रिका र पुस्तकहरूका पानामा उहाँका कलाहरू प्रयोग भएका छन्। अभिनय र रंगमंचको कला संवन्धी पक्षहरूमा पनि उहाँको रूची र योगदान रहेको थियो। चर्चित गिती नाटक "सिम्मा" संग पनि उहाँ जोडिनु भएको थियो।

उहाँका श्रीमती, एक छोरी, एक छोरा, माता-पिता र एक दिदी एवं दुई बहिनीहरू हुनुहुन्छ।

कलाकार स्व. मोहन खड्का "मूल्यांकन" को जन्मदेखि हालसम्म नै सक्रिय कला सहयोगी हुनु हुन्थ्यो। पंचायती कालमा मूल्यांकन प्रतिबन्धित भएपछि प्रकाशित "गर्जन साप्ताहिक" मा पनि उहाँ अटुट रूपले कलाको क्षेत्रबाट संवद्ध हुँदै आउनु भएको थियो।

उहाँको असामयिक निधनमा गहिरो शोक तथा उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै, शोक सन्तप्त परिवारमा हामी हार्दिक समवेदना प्रकट गर्दछौं।

-"मूल्यांकन" परिवार

# अर्को खाडी युद्धको तयारी

## अमेरिकी "साउदर्न वाच" युद्ध अभियानले सद्दाम हुसैनलाई पद्च्यूत गर्न सक्ला?

कुवेतमाथि आक्रमण गरेको निहुँमा अमेरिका तथा उसका सम्वद्ध साम्राज्यवादी राष्ट्रहरूले "डिजर्ट स्टोर्म" नामक नरसंहारकारी खाडी युद्ध चलाएको १८ महीना नहुँदै इराकमाथि पुनः "साउदर्न वाच" नामक युद्ध थोपरिँदै छ। खाडी युद्ध र त्यसपछिको पनि निरन्तर प्रयत्नबाट पनि इराकी राष्ट्रपति शद्दाम हुस्सेनलाई पद्च्यूत गर्न नसकेपछि अहिले आएर अमेरिका तथा सम्वद्ध राष्ट्रहरू बेलायत र फ्रान्सले दक्षिण इराकी विद्रोही शिया – मुसलमानहरूलाई इराकी सरकारी दमनबाट सुरक्षा प्रदान गर्ने निहुँमा यस "साउदर्न वाच" युद्ध अभियान चलाएको हो।

यस युद्ध अभियान अन्तर्गत अमेरिका र फ्रान्सले भाद्रको दोस्रो हप्तादेखि दक्षिण इराक स्थित "३२ औं समानान्तर रेखा" भन्दा दक्षिणतिर रहेका विद्रोही शिया मुसलमानहरूको आफ्नै पनि क्षेत्रमा इराकी विमानहरू उड्न नपाइने "उडान निषेधित क्षेत्र" स्थापना गरेका छन्।

"उडान निषेधित क्षेत्र" स्थापना गर्नका लागि संयुक्त राष्ट्र संघीय प्रस्तावना - ६८८ को विपरीत सद्दाम हुस्सेनको सरकारले आफ्नै देशका विद्रोही शिया मुसलमानहरूको आमहत्या गरेको आरोप तिनीहरूले लगाएका छन्। स्मरणीय छ, खाडी युद्धको क्रममा तिनीहरूले नै आँखा चिम्लेर नरसंहारकारी हवाई बम वर्षा गरिएको ठाउँ पनि विशेषतः त्यसै सउदी अरब र कुवेत नजीकको शिया मुसलमानी क्षेत्र नै हो ।

खाडी युद्ध पश्चात त्यस क्षेत्रमा उत्पीडित कुर्द र शिया मुसलमानहरूले शुन्नी मुसलमानहरूको प्रभूत्व रहेको वर्तमान इराकी सरकार विरूद्ध स्वायत्तताको लागि सशस्त्र विद्रोह चर्काए। सद्दाम हुस्सेनलाई फाल्ने आफ्नो इच्छा र स्वार्थका लागि अमेरिकाले ती विद्रोहीहरूलाई प्रत्यक्ष रूपले सघायो। तर इराक सरकारले यो स्वायत्तताको मागलाई कुल्चेर कठोर दमन चलायो। यो स्थितिमा भने अमेरिकाले सं.रा.संघ मार्फत यो दमनबाट कुर्दहरूलाई मात्र केही सुरक्षा प्रदान गऱ्यो। शियाहरू इरान समर्थित भएकोले र इरानसंग आफ्नो मित्रता "गाढा" नभएकोले उसले यो भेदभाव गरेको हो।

इराकी सरकारद्वारा चलाइएको शिया मुसलमान विद्रोही दवाउने अभियानको क्रममा ६० हजार भन्दा बढी स्थल सैनिकहरू लगायत लडाकु वमवर्षक प्लेन र सैनिक हेलिकप्टर-हरूले सुसज्जित वायु सैनिकहरूद्वारा दैनिक २० पटक उडान गरी शियाहरूमाथि आक्रमण भयो। तर टिग्रिस र यूफ्रेटस् नदीद्वारा निर्मित विशाल दलदले जमीनमा पनि कमजोर र परम्परागत हातहतियारको भरमा ती विद्रोही शियाहरूले इराकी आक्रमणको प्रतिरोध गर्दै लड्दै आइ-रहेका छन्। यस प्रतिरोध युद्धमा, १९८० देखि १९८८ सम्मको इरान-इराक युद्धको क्रममा इरान पसेका ५ लाख शियाहरू मध्येका हजारौं लडाकुहरू विशेषतः इरान समर्थक शिया नेता महमूद वाक्र अल-हकिमको नेतृत्वमा रहेको "इराकी इस्लामी क्रान्तिको सर्वोच्च परिषद" को अगुवाईमा दलदले जमीन भएको दक्षिणी इराक र इरान-इराक सीमानामा संघर्षरत छन्।

अमेरिकालाई कुनै निहुँ चाहिएको थियो, इरानको समर्थनमा स्वायत्तताको लागि संघर्षरत यी शिया विद्रोहीहरूको समर्थन गरेमा त्यो निहुँ पाइने हुनाले तिनीहरूलाई इराकी आक्रमणबाट सुरक्षा प्रदान गर्ने "मानवीय सहयोग" को सुन्दर नाममाअहिले अमेरिका र उसका सम्वद्ध राष्ट्रहरूले यो उडान निषेधित क्षेत्र स्थापना गरेका हुन। यस "उडान निषेधित क्षेत्र"मा इराकी विमानहरू उडेमा तत्कालै गोली हानेर खसाल्ने कडा चेतावनीले भरिएका पर्चाहरू दक्षिण इराकी सैनिक अखडाहरूमा छर्दै तिनीहरूका युद्धक विमानहरू दैनिक १०० पटक भन्दा बढी इराकी क्षेत्रमा उड्दै निरीक्षण गरिरहेका छन्।

यस "उडान निषेधित क्षेत्र" लागू गर्ने "साउदर्न वाच" अभियानलाई गत खाडी युद्ध ताका झैं संयुक्त राष्ट्र संघको छाता मुनि धेरै देशहरूको समर्थन प्राप्त गर्न अमेरिका तथा सम्वद्ध राष्ट्रहरू सफल हुन सकिरहेका छैनन्। केवल सउदी अरब र कुवेत बाहेक अन्य अमेरिका समर्थक अरब राष्ट्रहरू पनि यस "साउदर्न वाच" को विरोधमा उत्रेका छन्। चीनले "भिटो पावर" लगाउने डरले संयुक्त राष्ट्र संघको सुरक्षा परिषदमा प्रस्ताव नै पेश नगरी यस अभियानलाई तिनीहरूले एक्कै चोटी लागू गरे। तर पनि महासचिव बुत्रोस घालीले यस कार्यक्रमको समर्थन गर्नुले संयुक्त राष्ट्र संघको कठपुतली स्वरूपलाई पुनः प्रष्ट्याएको छ।



यस युद्ध उत्तेजक "साउदर्न वाच" अभियानको विरोधमा इरान, सिरिया, यमन, टर्की, जोर्डन, इजिप्ट जस्ता अरबी राष्ट्रहरूले अमेरिका र उसका सम्वद्ध राष्ट्का सैनिकहरूको उपस्थितिले खाडीको क्षेत्रीय एकता र इराकको सार्वभौमिकता विखण्डित पार्ने आरोप लगाएका छन्। यता इराकी सरकार स्वयंले पनि देशको विभिन्न भागमा नयाँ सैनिक भर्ति केन्द्र र तालिम केन्द्रहरू खोल्ने, अर्ध सैनिक वललाई परिचालन गर्ने र थप सैनिकहरू सोभियत निर्मित T-72 ट्यांकहरू सहित कूट शहरमा पठाउने काम थालेको छ। यसका जवाफमा अमेरिका तथा उसका सम्वद्ध राष्ट्हरूले विभिन्न ठाउँका नामूद स्थल तथा विशेषतः हवाई सैनिकहरू खाडी क्षेत्रमा थुपारी रहेका छन्। हवाइ उडानमा हालै केही कमी ल्याइए तापनि अमेरिकी इरादा बदलिएको छैन।

आधा शताब्दीदेखि युद्धको आगोमा सल्किरहेको अरव राष्ट्हरूमध्ये एक, इराकमा अमेरिका तथा उसका सम्बद्ध राष्ट्हरूले पुनः एक पटक, जे जस्तो सुकै निहुँमा किन नहोस्, खाडी युद्धको आगोमै घिऊ तेल थपेर चर्काउने काम गरिरहेका छन्, किन? किन यिनीहरू कुवेतमाथि आक्रमणको निहुँमा इराकी जनतामाथि अन्धाधुन्ध वमवर्ष गरी नरसंहार गरे जस्तै गर्न रूचाइ-रहेका छन?

अमेरिका र उसका सम्बद्ध राष्ट्हरूले तथाकथित "नयाँ विश्व व्यवस्था" स्थापनार्थ खाडीमा तेल समृद्ध-क्षेत्र माथि आफ्नो आर्थिक नियन्त्रण जमाउन र मध्यपूर्वमा आफ्नो राजनैतिक र सैनिक श्रेष्ठता कायमा गरी बलियो चौघेरो निर्माण गर्न कुवेतमाथि इराकी कब्जाको निहुँमा इराकमा नरसंहारकारी आक्रमण गरेको तथ्य अहिले दिनको घाम झैं छर्लङ्ग भैसकेको छ। त्यस नरसंहार-कारी आक्रमणबाट इराकलाई ध्वस्त पार्ने र हजारौं इराकी चाहे ती शुन्नी, शिया वा कुर्द नै किन नहुन्, जनताको हत्या गरिएको थियो।

खाडी युद्ध अघि र युद्धताका जस्तै खाडी युद्ध पछिका दिनहरूमा पनि अमेरिका र संवद्ध राष्ट्हरूले सं.रा. संघलाई मुखौटोको रूपमा नराम्री प्रयोग गरे। युद्धमा पराजित देशमाथि अमानवीय, अन्यायपूर्ण र एकपक्षीय दायित्व थोपर्ने परम्परालाई यस युद्ध पश्चात पनि कायम गरी इराकमाथि "आर्थिक नाकाबन्दी" गराई हजारौं इराकी जनतालाई भोकमोकै, औषधि नै गर्न नपाई तड्पाई तड्पाई मार्न समेत तिनीहरूले संयुक्त राष्ट्रसंघलाई प्रयोग गरे। अझ खाडी युद्धमा संयुक्त राष्ट्र संघीय आर्थिक नाकावन्दीका कारणले ध्वस्त भएको इराकी अर्थतन्त्रको मेरूदण्ड-तेल वेचेर प्राप्त हुने नाफा अमेरिका-संयुक्त राष्ट्र संघलाई बुझाउनू, नबुझाएमा इराकी तेल समेत बेच्न नपाइने गरी राखिएको आर्थिक नकाबन्दीलाई अझ बढी कडा गर्ने चेतावनी समेत दिन लगाए।

इराकमा ४० भन्दा बढी टोलीहरू पठाई हातहतियार खान तलासी गराएर इराकको सार्वभौमिकताको ठाडो उलंघन गर्ने वा आर्थिक नाकावन्दी लगाउने जस्ता कामहरू शासक सद्दाम हुसेनलाई सत्ताच्यूत गर्ने उद्देश्यले गरिएका थिए। आफ्नो देशको शोषक तानाशाह सद्दाम हुसेन र साम्राज्यवादी अमेरिकाको तानातानीमा निर्दोष इराकी जनताहरूले पिल्सिनु परेको स्थिति हाल विद्यमान छ।

केही सीप नलागेपछि अर्को दवाव-गोटीको रूपमा हालै यो "साउदर्न वाच" अभियान अमेरिकी पक्षले चलाउनुका पछाडि राष्ट्रपति बुसको अर्को हतारोले पनि काम गरेको छ। त्यो हो- तथाकथित नयाँ विश्व व्यवस्था स्थापनाका लागि विश्वव्यापी रूपमा अन्तराष्ट्रिय उपलब्धी" देखाएर संकटग्रस्त अर्थतन्त्रयुक्त अमेरिकी जनताको भोट तानेर आउँदो नोभेम्बर ३ को राष्ट्रपति पदको चुनाव जित्ने दाउ थाप्ने हतारो।

यस "साउदर्न वाच" अन्तरगतको "उडान निशेधित क्षेत्र" स्थापनाको पछाडि अमेरिका र उसका सम्बद्ध राष्ट्रहरूको जे जस्ता सुकै निहित भित्री र वाहिरी उद्देश्य होस्, यदि पुनः खाडी युद्ध भएमा ती उद्देश्यहरू पूरा हुन्छन् कि हुँदैनन् हेर्न नै बाँकी छ। जसको लागि भनेर यस अभियान चलाइएको भनिएको हो, ती विद्रोही शियाहरूले कथंकदाचित इराकी सरकारबाट अमेरिकाको प्रायोजनमा "स्वायत्तता" प्राप्त गर्ने नै भएमा पनि त्यो "स्वायत्तता" बढी अमेरिकी हितअनुकूल हुने निश्चित प्रायः छ।

साथै यदि पुनः खाडी युद्ध हुन्छ भने अमेरिका-द्वारा नै जोड गरिएको "मध्यपूर्व शान्तिवार्ता" को विकासमा अवरोध खडा हुने त टड्कारै छ भने यस युद्धबाट पुनः एक पटक इराक ध्वस्त हुनेछ। इराकको तर्फबाट धर्मको नाम समेत जोडी हुने प्रत्याक्रमणले गर्दा खाडी क्षेत्र र मध्यपूर्वमा गाँसिएको अमेरिकी आर्थिक, राजनैतिक र सैनिक स्वार्थ पनि यही मात्रामा बचिराख्न गाऱ्है हुन्छ।

साम्राज्यवाद र घरेलु तानाशाहको टक्करको कारण निर्दोष इराकी जनताले र युद्धको कारण विश्व-भरिका निर्दोष जनताले अनावश्यक पीडा भोग्नु पर्ने स्थिति आउन नदिन यस सर्वविनाशकारी संभावित खाडी युद्ध थोपर्ने अमेरिका र उसका संबद्ध राष्ट्हरूको यस निलज्र्ज र धूर्त्याईंपूर्ण आक्रमणको सर्वत्र निन्दा र विरोध हुनु जरूरी छ। ❖

# यो नीति-निर्माण देखाउनको लागि मात्र हो!

## शिक्षा आयोगको गठन प्रकृयाबारे सुशीलचन्द्र अमात्यसंग कुराकानी



सुशीलचन्द्र अमात्य

*हालको समय नेपाली समाजमा २०४६ पछि आएको परिवर्तनलाई नियम-कानून र नीतिहरू मार्फत "व्यवस्थित" गर्ने समय भएको छ। त्यसैले मुलुकका अर्थ, शिक्षा, स्वास्थ्य, संचार, प्रशासन लगायतका संपूर्ण क्षेत्रहरूमा नीति-नियमहरू, ऐनहरू द्रुत गतिमा बनिरहेका छन्। यसै क्रममा शिक्षा जस्तो महत्वपूर्ण क्षेत्रमा पनि राष्ट्रिय शिक्षा आयोगले केही समय अघि मात्र आफ्नो प्रतिवेदन सरकारमा पेश गरेको छ। २०४७ फागुनमा अन्तरिम मन्त्री मण्डलले गठन गरेको आयोगलाई पुनर्गठन गरी बनाइएको यो आयोग शुरूदेखि नै विवादास्पद रहँदै आयो। कांग्रेसी सरकारले यस आयोगमा समाजमा विद्यमान मूल राजनैतिक सोचहरू, धर्म-जाति, भाषा आदिको प्रतिनिधित्व गराएन।*

*यसरी मुलुकको शिक्षा जस्तो आधारभूत महत्वको विषयमा आयोग गठनको समयदेखि नै राख्न थालिएको एकपक्षीयता र पूर्वाग्रह आयोगको प्रतिवेदनमा पनि प्रतिबिंबित भएको कुरा जनपक्षीय शिक्षाविद्हरूले जनाउनु भएको छ। शिक्षा संवन्धी यस प्रतिवेदनका विषयमा गहिराइमा गई छानबीन हुनु पर्ने हामी ठान्दछौं। यसबारेमा हामी आगामी अंकहरूमा थप प्रयत्न गर्ने छौं। यस पल्ट प्रस्तुत छ - आयोग गठन विधि र प्रतिवेदनबारे नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष श्री सुशीलचन्द्र अमात्यसंग श्री राजेन्द्रप्रसाद अधिकारीले चलाउनु भएको संक्षिप्त कुराकानी :*

***अन्तरीम कालमा गठन गरिएको राष्ट्रिय शिक्षा आयोगमा ने.रा.शि.संगठन, ने.शि.संघ, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन तथा नेपाल प्राध्यापक संघको पनि प्रतिनिधित्व गराइएको थियो भने, पछि आएर निर्वाचित सरकारले पुनर्गठन गरेको आयोगमा चाँहि प्राध्यापक संघको मात्र प्रतिनिधित्व गराएको छ तर त्यो भन्दा ठूलो क्षेत्र ओगट्ने शिक्षकहरूको संगठनको तर्फबाट कुनै पनि प्रतिनिधि नराखेको पाइयो। यसमा तपाईंको के प्रतिक्रिया छ?***

अन्तरीम साशन कालमा जुन आयोग बनेको थियो, त्यो तुलनात्मक हिसावले सन्तुलित र पूर्ण थियो। तुलनात्मक रूपबाट त्यसमा राष्ट्रिय चरित्र पनि केही रहन गएको आभास पाइएको थियो। तर यो निर्वाचनपछि जुन आयोग गठन भयो त्यो त हामीलाई कस्तो लाग्यो भने- सिंगै नेपाली जनताको लागि नभइकन शिक्षा त यौटा अमूक राजनीतिक पार्टीको लागि मात्र पो हो कि? त्यसैले यस्तो आयोग गठन भएको हो कि? अत्यन्त थोरै संख्याको उच्च शिक्षाको व्यवस्थापनभित्र रहेका प्राध्यापकहरूको प्रतिनिधित्व त्यहाँ हुने र माध्यामिक तहको शिक्षाको चाहि कतै पनि सांगठनिक प्रतिनिधित्व नहुने। त्यसमा पनि यति व्यापक क्षेत्रमा फैलिएको हाम्रा आफ्नो संगठनको प्रतिनिधित्व नगर्ने, यसबाट बुझिन्छ- यसमा राजनैतिक पूर्वाग्रहले काम गरेको छ।

सबै पक्षको राय लिएर काम गरेको भए साच्चि नै राष्ट्रिय स्तरको आयोग भन्न पनि सुहाँउथ्यो, त्यो ढंगको नीति पनि त्यहाँबाट निर्माण हुन सक्दथ्यो तर त्यो भएन। हामीलाई के लाग्छ भने यो आयोग स्वयममै अपूर्ण छ।

***राष्ट्रिय शिक्षा आयोगले प्रतिवेदन तयार गर्नु पर्दा वास्तवमा के प्रक्रिया पूरा गर्नु पर्थ्यो त?***

मूल कुरो के हो भने, वहुदलीय प्रजातन्त्रको सिद्धान्तलाई स्वीकार गर्ने हो भने वहुदलीय परिपाटी अनुसार नै त्यहाँ प्रतिनिधित्व हुनुपर्थ्यो। र त्यो अनुसार भइदिएको भए वृहत् रूपमा छलफल गर्दा आउने जुन निष्कर्ष हो, त्यसमा राष्ट्रिय सहमति हुन्थ्यो। कमसेकम वहुसंख्यक जनताले चाहेका कुराहरू त्यहाँ प्रतिविम्वित हुन्थे।

हिजोको पंचायती कालमा शिक्षालाई राजनीतिबाट मुक्त गर्नु पर्छ भन्थे तर त्यतिबेला पनि वास्तवमा शिक्षालाई यौटा राजनीतिक मंच बनाएर आफ्नो निरंकुश पंचायती व्यवस्थालाई दीर्घ जीवन दिनको लागि शासकहरूले उपयोग गरे। त्यस्तै अहिले पनि गरिरहेका छन्। साच्चि भन्ने हो भने हिजो पंचायतीकरण भएको थियो भने अहिले कांग्रेसीकरण भइरहेको छ। संगठनको अध्यक्षको हैसियतले यस्तो भन्नु पर्दा मलाई त्यति राम्रो लाग्दैन तर यो सत्य कुरा हो। त्यसैले म भन्न बाध्य छु।

***शिक्षामा कांग्रेसीकरण भइरहेको छ भनी तपाईले के को आधारमा भन्नु भयो?***

अरू छाडीदिउँ, मेचीदेखि महाकालीसम्मका विद्यालयहरूमा संचालक समिति गठन गरिएका छन् र ती समितिमा एक पक्षीयता भइरहेको छ। अध्यक्षहरू जे जति राखिएका छन् सबै नै एक पक्षीय। यतिसम्म कि, स्थानीय निर्वाचनपछि जुन किसिमको जन-प्रतिनिधित्वको आधार मा त्यो संचालक समिति गठन हुनु पर्दथ्यो, त्यस्तो ठाउँमा समेत पनि पूरानो मिति (Back Date) मा, सिडिओ, एलडिओ र जि.शि.नि. को तीन जनाको आयोग बनाएर श्री ५ को सरकारको निर्णय भनी अध्यक्षहरू झटाझट बनाइएका छन्। कमसेकम, विद्यालयप्रति चासो राख्ने, शिक्षाको केही मर्म बुझ्ने, हिजो केही योगदान भएका या भोलि कमसेकम केही योगदान गर्न सक्ने क्षमता भएका मान्छेहरू अध्यक्ष हुनु पर्दछ चाहे जुनसुकै पक्षका हुन्। तर त्यस्तो केही नभइकन एकदम एक पक्षीय ढंगले सारा कांग्रेसी पक्षतिर झुकाव भएकाहरू मात्र छानिएका छन। ललितपुर जिल्लामा। जि.वि.बोर्डमा बामपन्थीले जिते, हतार हतार Back Date को निर्णय गरेर कांग्रेसको पक्षबाट सारा अध्यक्षहरू बनाइसके। जस्तै डा. कमल कृष्ण जोशी जुन स्कूलको अध्यक्ष हुनुहुन्थ्यो र हुनुहुन्छ वहाँको ठाउँमा समेत अर्को यौटा व्यक्ति ल्याउनको लागि ज्यान दिएर लागेका छन्। यसको मतलब कांग्रेसीहरूको लागि बरू के त्यो आठ क्लास पढेका व्यक्ति योग्य भयो डा. कमल कृष्ण जोशी अयोग्य, असक्षम भए जसले त्यो विद्यालयमा शुरूदेखि योगदान गरेर आएका छन्? योभन्दा अरू कुरा के गर्ने? अरू आधार के खाज्ने?

***रा.शि.आयोगको प्रतिवेदन निस्किसकेको छ, यसप्रति तपाईले आफ्नो धारणा कस्तो राख्नु भएको छ?***

शिक्षाको राष्ट्रिय उद्देश्य, जो यसमा निर्धारण गरिएका छन् त्यसलाई हेर्ने हो भने त्यो अहिले नेपाली जनताले चाहे अनुरूपको छ भन्ने मलाई लागेको छैन। शिक्षाले यौटा उन्मुक्त मान्छे जन्माउनु पर्छ। स्वतन्त्र मान्छे जन्माउनु पर्छ र त्यो ज्ञान, सीप तथा स्वाभिमान जस्ता गुण सम्पन्न त्यस्तो स्वतन्त्र मान्छे जन्माउने काम चाहि यो हाल आयोगमा बसी जसले उद्देश्य निर्धारण गरेका छन्, तिनीहरूले गर्न सक्छन् जस्तो लाग्दैन। अनि जो नीतिहरू तय गरेका छन् त्यहाँ पनि कुनै किसिमको सन्तुलन देखिएको छैन्। असन्तुलित ढंगले तिनीहरू आएका छन्। हिजो २०२८ सालमा नयाँ शिक्षा पद्धतिको योजनाबाट जुन परिणति समाजले भोग्नु पर्‍यो शायद अहिले पनि त्यही हुने संभावना मैले देखेको छु। किनभने, जुन किसिमका तथ्य र तथ्यांकहरू यिनीहरूले देखाएका छन्, त्यसको कुनै आधार छैन। योजना आयोग या अर्थ मन्त्रालय या त शिक्षा मन्त्रालयको बीचमा पनि कुनै तालमेल छैन।

एकातिर नीति निर्माणका कुराहरू पूरा भैसकेका हुँदैनन्, आर्कोतिर नयाँ विश्व विद्यालय खडा हुन्छ। एकातिर शिक्षा सम्बन्धी ऐन नियम निर्माणका कुराहरू भइरहेका छन, अर्कोतिर देशभरिका विद्यालयहरूमा संचालक समिति जबर्जस्त रूपमा शक्तिको भरमा निर्माण हुन्छ। भने पछि, यों जो नीति निर्माण हो, यो देखाउनको लागि मात्र हो भन्ने प्रष्ट देखिदैन र? यस्तो नीतिबाट बास्तवमा समाजले के पाउँछ? ❖

### मूल्यांकनको सूचना

- मूल्यांकन विचार-अन्तर्क्रियामुखी पत्रिका हुनाले संपादक मण्डलको सामूहिक प्रतिकृयादेखि बाहेक यसमा प्रकाशित सबै लेख-रचनाप्रति संबन्धित लेखकको व्यक्तिगत जिम्मेवारी हुनेछ। संपादक-मण्डलको विचारउपर पनि विचार-अन्तर्क्रियालाई स्वागत गरिने छ।
- मूल्यांकनका लागि सल्लाह-सुझाव, प्रतिकृया एवं लेख-रचनाहरू पठाउनु हुन समस्त बौद्धिक व्यक्ति-व्यक्तित्वहरूसंग हामी हार्दिक अनुरोध गर्दछौं।
- हल्का र आधारहीन प्रचारबाजी हैन, तथ्यपूर्ण र जिम्मेवार विचार-आदान-प्रदान मूल्यांकनको अभिष्ट भएकोले रचनाहरूमा समाविष्ट तथ्यहरूका स्रोतहरू खुलाएर पठाई सहयोग गर्नु भएमा आभारी हुने थियौं।
- अस्वीकृत लेख रचनाहरू फिर्ता गर्न प्रायः संभव नहुने हुनाले प्रतिलिपि आफूसँग राख्न नभुल्नु होला। लेख-रचनाको समान्य संपादनको अधिकार संपादक मण्डललाई हुनेछ। तीन अंकसम्म प्रकाशित नभएको रचना अस्वीकृत भएको ठहरिने छ।
- बैचारिक बहस र छलफलमा शिष्टतापूर्ण भाषा प्रयोग होस् भनी लेखक, विचारकहरूसँग विशेष अनुरोध गर्दछौं।
- यस अंकमा प्रयुक्त केही फोटो र सन्दर्भ सामग्रीहरूका लागि युनिसेफ का. निरंजन गोविन्द वैद्य, ने.क.पा. मसाल, प्रा. माणिकलाल श्रेष्ठ तथा का. नरबहादुर कर्माचार्यलाई धन्यवाद दिन चाहन्छौं। ❖

# नेपालमा बनेको
# अन्तर्राष्ट्रिय स्तरको
## फोम र रबर फोमको तकिया, चकटी, डसना
## प्रयोग गर्नुहोस् र आनन्द लिनुहोस्।

**सिटी अफिस**

पुतली सडक, काठमाडौं

फोन : २२७३८५

फ्याक्स : २२५२४९

टेलेक्स : २७७९चिराग "एन् पी."

**कारखाना**

**चिराग फोम ई. प्रा. लि.**

**श्री राम रबर इ.**

बा.औं. क्षेत्र, बालाजु

फोन : २७१९०६, २७२३८४, २७०००८



चतुर्मूर्ति ट्रेड कन्सर्न प्रा.लि. द्वारा संचालित

रजिस्ट्रेशन नं. ८०७/०४८/०४९

## "शुभ-लाभ" धनराशी फिर्ता बम्पर

"SUBH-LAABH" MONEY REFOND BUMPER

रणमुक्तेश्वर (पुरानो भन्सार), काठमाडौं, पो.ब.नं. ५२७२ फोन: २१७२३९.

### समूह - "ख"













अनलक्की पुरस्कार "घर"

मासिक पुरस्कारहरु:
७२ वटा काठमाडौं उपत्यका भित्र ४ आनाको घडेरी,
७२ वटा मोटर साइकल,
७२ वटा १४" कलर टी.भी.,
७२ वटा १४" B/W टी.भी.
का साथै अन्य बिभिन्न आकर्षक पुरस्कार तथा लाखौंको नगद पुरस्कार समेत।

एक पटक मात्र रु. ६५/- लगानी गरे पुग्ने।

परे पुरस्कार, नपरे आफ्नो लगानी फिर्ता पाउने।

पहिलो महिनाको विशेष अतिरिक्त पुरस्कारहरु

पहिलो- रिकन्डिशन मोटर कार- १
दोस्रो- २०" गोल्डस्टार कलर टी.भी.- १
तेस्रो- ११० लि. फ्रिज - १
चौथो- हङकङ जाने आउने टिकट - १
पाँचौं- १४" B/W टी.भी - १

रु. ६५/-



# समाजवादको पक्ष र प्रभावमा बार्सिलोना ओलम्पिकले जाहेर गरेको अभिमत

## व्यवसायीकरण : ओलम्पिक आन्दोलनको प्रजातान्त्रिकरण हो कि अन्तर्घातको प्रक्रिया?

इतिहासमा सबैभन्दा भव्य कहलिएको स्पेनको वार्सिलोनामा आयोजित २५ औं गृष्मकालीन ओलम्पिक यतिखेर स्मृतिको विषय बनिसकेकोछ। खर्च, खेल, खेलाडी र प्रचार प्रसारका दृष्टिले सबभन्दा ठूलो सहभागिता रहेको वार्सिलोनालाई, भनिन्छ, विश्वको दुई तिहाई जनसंख्याले हेर्न सक्यो। शक्ति राष्ट्रहरूको वहिष्कार-स्वीकारको समस्या सामना गर्न नपरेको यस ओलम्पिकमा ३२ वर्ष देखि प्रतिवन्धित दक्षिण अफ्रिका, १२ वर्ष देखि अमेरिकी साम्राज्यवादको विरोधमा वहिष्कार गर्दै आएको क्यूबा र पछिल्लो ओलम्पिक वहिष्कार गर्ने उत्तरकोरिया पनि पुगेकाले वार्सिलोना "कुंभ मेला" नै भयो।

खेल प्रतियोगिता भन्नु नै वस्तुतः कीर्तिमान बन्ने र टुट्ने प्रक्रिया हो। आयोजना पक्षमा कीर्तिमानहरू हेर्दा वार्सिलोनाले सिउललाई उछिनेको देखिएतापनि विश्व र ओलम्पिक रेकर्डमा भने वार्सिलोना पछाडि नै रह्यो। पौडीका सात, ट्राक एण्ड फिल्डका तीन, साइक्लिङ्ग र धनुर्वाणका केही विश्व कीर्तिमान छाडेर बार्सिलोनामा पूर्वघोषित भविष्यवाणीहरू सबै विफल भएका छन्। पूँजीवादी संचार माध्यमले चर्को रूपमा पूर्व घोषणा गरेका बेन जोन्सन, लेरोय वरेल र डेनिस मिसेल (१०० मि. दौड) माइकल जोन्सन (२०० मि.), मार्क एमरेट (८०० मि.) ल्यूद्मिला नारोमिलेंको (१०० मि. महिला दौड) साँडा फार्मर पैट्रिक (४०० मि. बाधा दौड) मोजेज किप्लेनी, योवेक ओदिंकी ( ५०० मि.), सर्गेइ बुब्का (पोलेभोल्ट), स्टेफी ग्राफ र आन्द्रेइ आगासी (लन टेनिस), जेजेकी (लङ्ग जम्प), नोरूद्दीन मोर्सेले (१५०० मि.), म्याट वियौण्डी (पौडी) आदि सबै खेल हस्तीहरू आफ्नै पुरानै कीर्तिमान कायम गर्न मात्र विफल भएनन्, एकदमै नयाँ र कतिपय नामै नसुनेका खेलाडीहरूबाट पराजित पनि भए।

यस्ता थुप्रै पूर्वानुमान मध्ये बार्सिलोना ओलम्पिकबाट "समाजवाद पतन भएको" एक पटक पुनः होहल्ला गर्ने साम्राज्यवादी एवं पूँजीवादीहरूको मनसुवा पनि विफल भएको छ। सोभियत संघ र पूर्वीयूरोपको राजनैतिक परिवर्तन पश्चात् खेल जगतमा "अमेरिकी प्रभूत्व हेर्न लालयितहरूले अरू ४ वर्ष पर्खनु परेको छ। भूतपूर्व सोभियत संघ साँच्चै के थियो भन्ने त्यसको महत्व वार्सिलोनामा एक पटक पुनः प्रकट भयो। क्यूवा र चीन जस्ता उदयमान शक्तिको प्रदर्शनीले पूँजीवादी शिविरमा खैलाबैला मच्चिएको छ।

खेल जगत हो, आजका कीर्तिमान भविष्यमा टुट्न र बन्न सक्छन्, तर समाजवादको पक्ष र प्रभावमा बार्सिलोनाले जाहेर गरेको अभिमत भने इतिहासले तोड्न नसक्ने कीर्तिमान भएर उभिएको छ।

Barcelona'92

*बार्सिलोना ओलम्पिकबाट "समाजवाद पतन भएको" एक पटक पुनः होहल्ला गर्ने साम्राज्यवादी एवं पूँजीवादीहरूको मनसुवा पनि विफल भएको छ। सोभियत संघ र पूर्वीयूरोपको राजनैतिक परिवर्तन पश्चात् खेल जगतमा "अमेरिकी प्रभूत्व हेर्न" लालयितहरूले अरू ४ वर्ष पर्खनु परेको छ।*

आँखामा पट्टि बाँधेर तथ्यलाई बेवास्ता गर्नेहरूसँग तर्कको कुनै गुञ्जायस छैन। स्वस्थ्य ढंगले सोच्ने कुनै पनि व्यक्तिले इतिहासका सच्चाईलाई स्वीकार्दछ भने चीन, क्यूवा, उत्तर कोरिया, मंगोलिया मात्र होइन, सोभियत संघको एकीकृत टिम जस्तै जर्मनी, हंगेरी, रोमानिया, चेकोस्लोभाकिया, बल्गेरिया, पोलैण्डका आजका उपलब्धिका पछाडि पनि समाजवादी व्यवस्थाकै "देन" हरू छन्। यही तथ्यलाई स्वीकार्न नसक्नाले पूँजीवादी संचार माध्यमहरू र अधिकांश खेल समीक्षकहरू रतन्धोका रोगी जस्ता देखिएकाछन्। स्पेनका उपलब्धिलाई उनीहरू जति मुक्तकण्ठले प्रशंसा गर्छन्, त्यतिनै क्यूवा र चीनका प्रदर्शनीलाई न्यून पार्न खोज्छन्।

आफ्नै देशमा ओलम्पिक आयोजना गर्ने देशले प्रायः सधैं पदक तालिकामा केही संख्या थप्ने नै गरेका छन्। स्पेनका वर्तमान प्रदर्शनी निकै प्रशंसा योग्य छन्, तथापि ऊ खेल जगतको नवीन शक्ति होकि होइन? आउने ओलम्पिकहरूले नै प्रष्ट पार्नेछन्। तर १२ वर्ष सम्म ओलम्पिकबाट अलग रहेर वार्सिलोना पुगेको क्यूबाले मस्को ओलम्पिकका आफ्ना पदचिन्हलाई पछ्याउँदै (मस्कोमा २० वटा स्वर्ण पदक विजयी) प्रदर्शित गरेको क्षमताले भने ऊ खेल संसारको नवीन शक्ति हो भन्ने प्रमाणित गरेको छ। अस्ति भर्खर क्रान्ति गरेर (१९५९ मा) आफ्नो अस्तित्वका लागि कठीन संघर्ष गरिरहेको क्यूवाले परम्परागत रूपमा आफूलाई शक्तिशाली ठान्ने वेलायत, फ्रान्स, जर्मनी, इटाली, जापानलाई मात्र होइन, विश्वकै सर्वाधिक शक्तिशाली मानिने अमेरिकालाई नै चुनौती दिएर खेल पर्यवेक्षकहरू सामु एउटा गन्हौं प्रश्न खडा गरिदिएको छ– आखिर क्यूवाको सफलता पछाडि के रहस्य छ? अथवा आफ्नो राजनैतिक अस्तित्व मेटिएर तीनवटा गणराज्यको अलग अलग अस्तित्व कायम भइसक्दा र अजरवैजान, आर्मेनिया र जर्जिया लगायत प्रत्येक गणराज्य आ–आफैमा लडिरहँदा पनि भूतपूर्व सोभियत संघको पछाडि कुन त्यस्तो रहस्य रहेको थियो, जसले उसलाई वार्सिलोनामा पनि प्रथम स्थानको श्रीपेच लगाई दियो? यिनै प्रश्नहरूको सेरोफेरोमा जवाफ खोज्ने जमर्को गरेमा बार्सिलोनाले जाहेर गरेको अभिमत फेला पार्न सकिन्छ। यी प्रश्नहरूको जवाफ हामी वार्सिलोनामा भाग लिने खेलाडीहरूबाटै खोज्ने प्रयत्न गरौं। विश्व प्रशिद्ध हेभिवेट मुक्केबाज मोहम्मद अलिको समकक्षमा राखिन थालिएका क्यूबाका स्वर्ण पदक बिजेता फेलिक्स सेभेनलाई व्यावसायिक संसारमा ल्याउन वार्सिलोनामा ठूलो कसरत गरियो। तर उन्ले भने– "म मेरो देशको लागि खेल्छु, पैसाका लागि होइन।" यदि यो खेल क्यूबाको क्रन्तिका लागि नभएको भए म वार्सिलोनामा हुने थिइँन। " ..... यो स्वर्ण पदक क्रान्तिका लागि धन्यवाद हो र म पनि क्रान्तिलाई धन्यवाद दिन चाहन्छु।"

क्यूबांकै भलिबल खेलाडी मिरेमा ल्यूज आफ्नो विजयले जनतामा अपार खुशी ल्याउने कुरा उल्लेख गर्दै भन्छिन्– "आज हामी जुन कठीन आर्थिक अवस्था भोगी रहेका छौं, यस स्थितिमा हाम्रो विजयले प्रत्येक व्यक्तिलाई प्रेरणा (इन्सेन्टिभ)को काम गर्ने छ।.......... हामीलाई के विश्वास छ भने सदा झैं जनताले हामीलाई खुला दिलले स्वागत गर्ने छन्। सम्पूर्ण क्यूवालीहरू हामीलाई पर्खिरहेका छन्।"

भूतपूर्व सोवियत संघको वर्तमान सफलताप्रति टिप्पणी गर्दै संयुक्त टिमका प्रमुख निकोलाई रस्क भन्छन – "मलाई व्यक्तिगत रूपमा के लाग्छ भने-यो ओलम्पिकमा संयुक्त टिमको सफलता कामरेडसिप र आत्मसम्मानको उच्च प्रकारको प्रेरणाले गर्दा हो। एकपटक फेरि



इतिहासले तोड्नै नसक्ने कीर्तिमान

पुरानो सोभियतसंघको कामरेडसिप र खेल भावनालाई खेलाडीहरूले प्रदर्शित गरेका छन।" स्वर्णपदक जितेपछि रूसी खेलाडी हयुवोव इगोरोभाले भनिन "अहिले जे भइरहेको छ मलाई ठीक लागिरहेको छैन। मैले त एक प्रकारले खेललाई तिलान्जली नै दिएकी थिएँ। तर सोभियत प्रणालीका कारणले खेल जगतमा पुनरावृति संभव भयो...... मैले पदक जित्नुमा सोभियत प्रणालीकै हात छ।"

यो सोभियत समाजवादी प्रणाली नै त्यस्तो रहस्य हो जसको राजनैतिक अस्तित्व स्वतम हुँदा पनि खेलाडीहरूले त्यसको अन्तरनिहित भावनालाई वार्सिलोनामा प्रज्वलित गरे। सोभियत संघले किन अस्तित्व गुमाउन पुग्यो? पूर्वी युरोपका राज्यसत्ताहरू जीवनको पछिल्लो भागमा साँच्चै समाजवादको बाटोमा थिए कि थिएनन्? त्यसको मूल्याङ्कन यहाँ संभव छैन। तर के सत्य हो भने, सोभियत प्रणाली वैज्ञानिक समाजवादको उपज थियो। त्यसैले त्यहाँ कामरेडसिप, देश प्रेम, सच्चा खेल भावना, आत्म सम्मान जस्ता मूल्य-मान्यता रहेका थिए। यी मूल्यहरू प्रत्येक समाजवादी व्यवस्थामा पाइन्छन्। वार्सिलोनामा क्यूवाली खेलाडीहरूका प्रतिकृयामा तिनै भावना प्रकट भएका छन्। वैज्ञानिक समाजवादको प्राथमिक जानकारी राख्ने कसैलाई पनि के जानकारी हुनुपर्छ भने-जनसमूह नै समाजका प्रेरक शक्ति हुनु। कामरेडसिपको सच्चा भावनाको एकता र श्रमजीवी जनसमूहलाई समाजका सम्पूर्ण सम्पदा र ऐश्वर्यको स्वामी बनाउने चेतनामै यो व्यवस्था आधारित हुन्छ। यस व्यवस्थाले जनताको स्वाधीनता, सृजनात्मकता र चेतनाको उच्च ढंगले विकास गरेर मानिसको मर्यादा र मूल्यलाई उच्चस्तरमा पुऱ्याउँछ। यस क्रममा मानिससंग अन्तर निहित योग्यता र प्रतिभाको विकासका लागि भौतिक तथा आत्मिक आधारहरू राज्यस्तरबाट जुटाएर व्यक्तिको वहुमुखी व्यक्तित्व निर्माणको पथलाई फराकिलो पार्छ। काम, शीप, कला र खेल-प्रतिभाको विकास, त्यसैले, अरू कुनै व्यवस्थामा भन्दा समाजवादमा चाँडो हुन्छ।

यस व्यवस्थाले खेललाई शिक्षासँग अनिवार्य रूपमा संयोजन गरेको हुन्छ। मानसिक विकासका लागि शारीरिक व्यायामको अनिवार्यता, स्कूलदेखि नै अनिवार्य खेल शिक्षा, खेलको विकासका निम्ति राज्य द्वारा नै उपयुक्त भौतिक तथा सांस्कृतिक वातावरणको प्रवन्ध, नारीहरूलाई पुरूषसरह खेलमा समान प्राथमिकता र खेललाई पनि शिक्षाको एक साधनको रूपमा प्रयोग-यी केही त्यस्ता विशेषता हुन, जसको कारण समाजवादको पृष्ठभूमिबाट हुर्किएका सोभियत संघ, चीन, क्यूवा, उत्तर कोरिया आदि मुलुकहरूले राम्रा र उच्च कोटीका खेलाडीहरू जन्माउनुका साथै संगठित रूपमा खेल संसारमा प्रगति गर्न सके। १३ वर्षको उमेरमा वार्सिलोनामा स्वर्ण पदक जित्ने चिनिया वालिका फु मिङ सिया (डाइभिंग) हुन या चीनकै हान जियान (व्याड मिण्टन), सोभियत संघका सर्गेइ वुवका (पोल-भोल्ट), लारिसा लात्यनिना (जिम्नास्टिक) मेडवेड (कुस्ति) कारपोभ र कास्पोराभ (चेस) हुन या मण्ट्रियल ओलम्पिककी रानी रोमानियाकी नादिया कायोनेसी (जिम्नास्टिक) हुन या पूर्वी जर्मनीका क्रिस्टिन अटो. (पौडी), अथवा क्यूवाका टिफिलियो स्टिभेन्सन (मुक्केवाजी) हुन या मारिना कोच (एथलेटिक्स) हुन: यस्ता सयौं विश्व कीर्तिधारी र ओलम्पिक किर्तिधारी खेलाडीहरू पैदा गरेर एक छोटो समयमै समाजवादले खेलाडीहरू मार्फत आफ्नो श्रेष्ठता विश्वसामु चिनाएको छ। "अहिलेसम्म हामीले ठूलो अवसर नै पाएका छैनौं, हामी त संसारका सारा पदवी जित्न चाहान्छौं" - क्यूवाकी महिला भलिवल कोचर युजिनिओ लाटिफा जब वार्सिलोनामा आफ्ना भावनाहरू यसरी प्रकट गर्छिन, समाजवादको ७० ।७५ वर्षको इतिहासलाई फर्किएर हेर्दा यसमा रतिभर अतिशयोक्ति भएको अनुभव हुँदैन।

पूँजीवादी समाजबाट राम्रा खेलाडीहरू नै जन्मिएनन् भन्ने आशय यो लेखको होइन। पूँजीवादी समाजबाट पनि असाधारण र महान खेलाडीहरू जन्मिएका छन्। तर उनीहरूको जीवनी हेर्‍यौं भने - त्यहाँका राज्य व्यवस्थाहरूले खेललाई कहिल्यै पनि जीवनको व्यापक सच्चाइसँग जोडेनन्। त्यसैले त्यस्ता महान खेलाडीहरूले अन्यन्तै गरीवीको जीवन बाँच्नु परेको छ। गरीवीसँग लड्दा लड्दै कतिको प्रतिभा नै नष्ट भएका छन्। राज्यको सहयोगविना एक्लैको कठोर साधनाबाट आफ्नो प्रतिभालाई हुर्काउन प्रायोजकहरू खोज्दै हिड्नु उनीहरूको आफ्नो



*पूँजीवादी सत्ता र वहुराष्ट्रिय कम्पनीहरूले खेललाई त्यस्तो विश्वतर्फ धकेलिरहेका छन्, जसको निस्कर्ष ओलम्पिकलाई अन्तरघात गर्नु हुन्छ। खेल जगतमा भइरहेको व्यवसायीकरण नै ओलम्पिक आन्दोलनलाई अन्तरघात गर्ने प्रकृया हो।*

वाध्यताभित्र पर्छ। आफ्नो स्वाभिमान विपरीत बहुराष्ट्रिय कम्पनीहरूसँग उनीहरूले संभौता गर्नु पर्छ। वक्सिङ्गमा अमेरिकी प्रभूत्व कायम गराउने काला जातिका पुराना खेलाडीहरूको जीवन-कथा हेर्‍यो भने यो सच्चाइ प्रकट हुन्छ। हेर्दा अमेरिकाको झण्डामुनि उनीहरू ओलम्पिकमा पुगेका हुन्छन्, तर वास्तविकता चाहिं उनीहरू वहुराष्ट्रिय कम्पनीको झण्डामुनि हुन्छन्। राज्यको शिक्षा र प्रशिक्षण प्रणालीको अभावमा हुर्किएका यस्ता खेलाडीहरू आफ्नो व्यक्तित्व विकाससँगै चरम व्यक्तिवादको शीकार हुँदै जान्छन्। त्यसैले कतिलाई त राष्ट्रिय अस्मिता र मर्यादा-वोध गुम्दा पनि पीडा हुँदैन। मोडलिङ र प्रचार-प्रसारले पनि उनीहरूको चिन्तनलाई साँघुऱ्याउँदै लैजान्छ।

त्यसैले पैसाका लागि खेल खेल्ने पूँजीवादी समाजका खेलाडीहरू र देश र क्रान्तिका लागि खेल खेल्ने समाजवादी समाजका खेलाडीको वीचमा आधारभूत उद्देश्य नै फरक हुने हुन्छ। हिजोसम्म सोभियत संघका लागि खेल खेल्ने सर्गेइ बुवका येल्ससीनको नेतृत्वमा पूँजीवादीकरण हुँदै गएको रूसमा प्रायोजकहरू खोज्दै हिंड्न थालेका छन्। अहिले नै नाइक कम्पनीको प्रायोजनमा उनी बर्लिनमा प्रशिक्षण स्थल खोल्न पुगेका छन्। वार्सिलोनामा ६ वटा स्वर्ण पदक जित्ने भिटाली सेर्वा भन्छन्-"हामीले पैसा कमाउने हो भने प्रायोजकहरू पाउँछौं। सोभियत खेलाडीहरूको भविष्य अब प्रायोजकहरूमा भर पर्दछ।" नभन्दै सेर्वाले मर्सिडिज कम्पनीसँग संभौता गरीसके।

पूँजीवादीकरणको प्रकृया कस्तो हुन्छ, त्यसको उदाहरण अहिले संयुक्त जर्मनीबाट पनि पाउन सकिन्छ। समाजवादी ढाँचामा हुर्किएको पूर्वी जर्मनी एक्लो हुँदा नै सिउलको पदक तालिकामा दोस्रो स्थानमा थियो। आज संयुक्त हुँदा पनि दोस्रो स्थानमा आउन सकेन। कारण, ४०० मिटरको स्वर्ण पदक विजेता डग मार हेन्सले टेलिभीजनमा प्रतिकृया दिंदा नै "पूर्व जर्मनीका खेलाडीहरूसँग पक्षपातपूर्ण व्यवहार गरियो" भनेर राज्यको चरित्रलाई प्रकट गरिन्। कातरिन कराव्बे, ग्रिट वुट र सिल्क मुलर जस्ता पौडीका स्वर्ण पदकका दावे-दारहरूले नशालु औषधिको प्रयोग गर्न थाल्नुले पनि खेलाडीको मानसिकता झल्किन्छ। यी सबै पूँजीवादी समाज र राज्यका परिणामहरू हुन्।

खेल संसारमा अहिले भइरहेका कृयाकलापलाई अलिक सुक्ष्म रूपमा ध्यान दिने हो भने पूँजीवादी सत्ता र वहुराष्ट्रिय कम्पनीहरूले खेललाई त्यस्तो विश्वतर्फ धकेलिरहेका छन्, जसको निस्कर्ष ओलम्पिकलाई अन्तर घात गर्नु हुन्छ। खेल जगतमा भइरहेको व्यवसायीकरण नै ओलम्पिक आन्दोलनलाई अन्तरघात गर्ने प्रकृया हो। १९८४ को लस एन्जेलसमा भएको ओलम्पिकबाट शुरू भएको यो प्रकृया वार्सिलोनामा पुग्दा निकै अगाडि बढ्यो र आगामी अटलाण्टामा हुने ओलम्पिकमा यसलाई धेरै अघि पुऱ्याइने छ। अटलाण्टा ओलम्पिक समितिका अध्यक्ष एण्ड्रु यंगले वार्सिलोनामा "व्यवसायीकरण खेलको प्रजातान्त्रिकरण हो" भन्ने राय प्रकट गरेर आगामी ओलम्पिकको विचारपक्ष प्रकट गरिसकेका छन्।

एक शताब्दीअघि फ्रान्सिसी शिक्षाविद् पियेर दि कुबरटिनले जुन शारीरिक र सांस्कृतिक मूल्य मान्यताको आधारमा ओलम्पिक आन्दोलन आरंभ गरेका थिए र राष्ट्रहरूवीच मैत्री र भातृत्वभाव संवृद्धि गर्ने लक्ष्य राखेका थिए, आधुनिक ओलम्पिक आरंभ भएको एक शताब्दीपछि गरिने अटलाण्टा ओलम्पिक कुबरटिनको यो मान्यताको ठीक विपरीत विन्दुमा खडा हुनेछ। ओलम्पिक आन्दोलनभित्र देखिएको यो संकटलाई लस एन्जेलसदेखि वार्सिलोनासम्म आइपुग्दा खेल जगतका तीनवटा पक्षमा त नांगो रूपमा प्रकटै भएको छ।

उल्लेख गर्नै पर्ने एउटा विषय ओलम्पिकमा व्यावसायिक खेलाडीहरूको प्रवेश हो। टेनिस, वास्केट बल र फुटवलबाट शुरू गरिएको यस कार्यले गर्दा ओलम्पिकबाट "एमेच्योर" (शौखिन खेलाडी) शब्द अब चाँडै हटाउनु पर्ने छ। लगातारको आफ्नो विफलतापछि १९३२ को लसएन्जेलसमा फुटवललाई हटाउने अमेरिकी पृष्ठभूमिलाई कोट्याउँदा यसपटक वक्सिङ्गमा क्यूवाली खेलाडीबाट मर्माहत भएका अमेरिकी र सारा पूँजीवादी देशहरूले क्युवाली मुक्केवाज फेलिक्स सेवनको विरूद्ध

माइक टाइसन प्रभृत्तिलाई नल्याउलान् भनेर कसरी भन्ने? खेलको यस पक्षले अन्ततः ओलम्पिक भनेको मैत्री र मातृत्व बढाउने, राष्ट्रहरूको समन्वय थलो नभएर वहुराष्ट्रिय कम्पनीहरूको सामान र बजारको प्रचार गर्ने मेला हुँदैछ।

ओलम्पिक आन्दोलनको उल्लेख्य गर्नु नै पर्ने दोस्रो विषय हो, नशालु औषधिको प्रयोग। पैसा, फेरि पनि पैसा र अन्तिम आदर्श नै पैसा हो भन्ने मूल्यले गर्दा अल्पायुको मृत्यु समेत स्वीकार्ने तर जसरी भए पनि एउटा ओलम्पिक पदक जित्ने आदर्शमा पुगेको संसारले जन्माएको युवा पिंढी मनुष्यतामाथि नै घात गर्न पुगेको छ। वेन जोन्सन - लागू औषध सेवन-प्रकरण यसको भयावहताको प्रकट रूप हो। यो समस्या वढ्दो छ। २०० मिटर दौडको स्वर्ण पदक जित्ने अमेरिकी धाविका जिविन होटिन्स र १०० मिटरको दौडका विजयीहरू, जसमा अमेरिकी खेलाडीहरू छन्, द्वारा नशालु औषधि खाएको आरोपले स्थितिको संगीतनालाई प्रकट गर्दछ। अझ अष्ट्रेलियन कोचरले वार्सिलोना गाउँमा यस्ता औषधिको खुल्ला प्रयोग भएको बयान पनि दिइसकेका छन्। पूँजीवादी समाजका युवाहरूको जीवनमूल्य कता जाँदैछ, यसबाटै अनुमान गर्न सकिन्छ।

तेस्रो उल्लेखीय कुरा, अब खेलको आयोजना नै नाफाको लागि हुन थालेको छ। संकटग्रस्त अर्थतन्त्रलाई राहत पुऱ्याउनु नै खेल आयोजनाको उद्देश्य बनाउन थालिएको छ। "खेल उद्योग" पूँजीवादी समाजको नाफाको दुहुनो गाई भएको छ।

पियेर द कुबरटिनले अन्तरराष्ट्रिय ओलम्पिक समिति गठन गरेको आगामी दुई वर्षपछि एक शताब्दी हुँदैछ। "नियमित रूपमा ओलम्पिक खेलकूद आयोजना गर्ने, ओलम्पिक खेलकूदको गरिमा वृद्धि गर्ने, खेलकूद संघहरूलाई प्रोत्साहित गरेर खेलाडीहरूलाई खेलकूदको उच्च आदर्शतिर उन्मुख गराउने" जस्ता उद्देश्यहरू पारित गरेर समितिले खेल आन्दोलनलाई दिशावोध गरेको थियो। यी उद्देश्यहरूको आज पनि उत्तिकै महत्त्व र सामयिकता रहेको छ। ओलम्पिकभित्र छिरेको व्यवसायीकरण ती उद्देश्यलाई नष्ट गर्ने प्रकृया भएकोले यसको विरोधमा खडा हुनु एक शताब्दी अघि शुरू गरिएको ओलम्पिक आन्दोलनलाई सही रूपमा निरन्तरता दिनु हो। यसका लागि प्रत्येक देशका खेलाडी, खेल संस्था तथा संगठनहरू र राष्ट्रिय ओलम्पिक समितिहरू अगाडि आउनै पर्छ।

**स्वर्ण पदक विजेताहरू १८ औं देश सम्म**

| | | | | | |
|---|---|---|---|---|---|
| एकीकृत टीम | ४५ | द.कोरिया | १२ | ब्रिटेन | ५ |
| अमेरिका | ३७ | हंगेरी | ११ | रोमानिया | ४ |
| जर्मनी | ३३ | फ्रान्स | ८ | चेकोस्लोभाकिया | ४ |
| चीन | १६ | अष्ट्रेलिया | ७ | उ. कोरिया | ४ |
| क्यूवा | १४ | इटाली | ६ | जापान | ३ |
| स्पेन | १३ | क्यानाडा | ६ | बुल्गेरिया | ३ |

यो लडाईं आधारभूत रूपमा पूँजीवादी मूल्य मान्यतासँग हुने हुँदा ओलम्पिक आन्दोलनलाई नयाँ दिशावोध गर्ने जिम्मा अब आफूलाई समाजवादी मान्ने मुलुकहरूको हुन जान्छ। सोभियत संघको विघटन र पूर्वी यूरोपेली देशमा भएको परिवर्तन पश्चात् समाजवादी शिविरमा जुन संकट देखापरेको छ, त्यसले ओलम्पिक आन्दोलनलाई पनि प्रभावित पारेको छ। यस अवस्थामा खेल जगतमा नवीन शक्तिका रूपमा देखापरेका चीन र क्यूवा जस्ता मुलुकहरूसँग अलिक बढी अपेक्षा गर्नु गल्ती हुँदैन होला। ❖ *(मूल्यांकन समीक्षक)*

# पेरू: अमेरिकाले आक्रमण गरेमा यसले झन् राष्ट्रिय मुक्ति युद्धलाई निम्त्याउनेछ

-का. गोन्जालो

## सशस्त्र जनयुद्ध सरकारी बलसंग प्रत्यक्ष मुठभेडको स्थितिमा

सोभियत संघ लगायत पूर्वी यूरोपीय देशहरूबाट समाजवादी शासनको अन्तपछि विश्वव्यापी रूपमा साम्यवादकै अन्त भयो भन्ने जवर्जस्त लहर चलिरहेको यस बेला पूँजीवादको नाइके अमेरिकाकै केही पर पेरूमा साम्यवादी राजनैतिक शक्तिले विस्तारै विस्तारै आफ्नो (चम्किलो बाटो) को नामले चर्चित पेरू कम्युनिष्ट पार्टीको जन छापामार सेनाले अब आफ्नो जनयुद्धले "रणनीतिक सुरक्षात्मक स्थिति" पार गरेर पेरूको मनोबल गिरेको सरकारी सेनासँग प्रत्यक्ष मुठभेड गर्न सक्ने "रणनीतिक समानताको स्थिति"मा आफू पुगेको दाबी गरेको छ। यो दावीको अर्थ जन-छापामार सेना अहिले



*जनसत्ताको स्थापनार्थ लडिरहेका गुरिल्लाहरू*

आकार लिदैछ। अमेरिकी नवउपनिवेशको रूपमा रहेको दक्षिण अमेरिकी गरीब देश पेरूमा गरीब र उत्पीडित जनताको एउटा नयाँ चम्किलो क्रान्तिकारी शक्ति, मार्क्सवादी-लेनिनवादी- माओवादी पेरू कम्युनिष्ट पार्टीको वैकल्पिक जनवादी सत्ता विस्तारै विस्तारै स्थापित हुँदैछ।

अमेरिका र अमेरिका-समर्थक पेरूभियाली फुँजीमोरी सरकारका सैनिक, प्रहरी र रोण्डरो(मिजिलान्ते) हरूलाई जनयुद्धमा परास्त गर्दै गर्दै पेरू कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको जन छापामार सेनाको आक्रमण र प्रत्याक्रमको आवाज पेरूको गाउँ देखि शहर सम्म गुञ्जायमान हुन थालेको छ। कयौं गाउँहरूमा त खुला रूपमै हँसियाहथौडायुक्त कम्युनिष्ट पार्टीको झण्डा समेत फर्फराईरहेका दृष्यहरूले नयाँ जानवादी सत्ताको स्थापना र विस्तार हुनलागि रहेको तर्फ संकेत गरिरहेका छन्।

### जनयुद्ध:
### सेनासंग प्रत्यक्ष मुठभेडको स्थितिमा

पेरूको दुर्गम एण्डीज क्षेत्रका ग्रामिण आधार इलाकाहरूबाट राजधानी लिमातर्फ सशस्त्र युद्ध चलाउँदै विस्तारै विस्तारै जनगणतन्त्र पेरूको निर्माणको दिशातिर बढिरहेको "सेण्डरो लुमिनोसो" अर्थात् "शाइनिङ्ग पाथ" नै अमेरिका समर्थित पेरू सरकारका बलिया, लामोदूरीका नर संहारकारी हतियारले सुसज्जित २ लाख २० हजार सैनिकहरूको समान भयो भन्ने होइन - जन छापामार सेनाले पहिलेको गुरिल्ला युद्धबाट अब निकै नियमित गतिवान युद्धमा पाइला चाल्न थालेकाले यसो भन्न सकिने स्थिति आएको हो। यस रणनीतिक समानताको स्थितिमा छापामार सेना पहिले भन्दा ठूलो स्तरमा, र निकै राम्री संयोजन गरेर, र धेरै प्रभाकारी ढंगले पेरूको सरकारी बलको विरूद्ध आक्रमण गर्न सक्षम सावित भएको छ। जनसेनाहरू आफूलाई राजनैतिक वैचारिक रूपले झन् बढी सचेत गराई सबै मौसममा, सबै युद्ध कलाले पूर्ण भई दिउँसो राती नभनी स्वचालित बन्दूक, मोर्टार, मेशिन गन तथा बम र रकेट फ्याँक्ने लन्चरहरूले सुसज्जित भई आफ्नो सैन्य शक्तिलाई कयौं गुणा बढाई आक्रमणमा लागिपरिरहेका छन्। र अन्ततः जनयुद्धको तेस्रो र अन्तिम चरण रणनीतिक आक्रमणको स्थितिमा पुग्न सफल भई छाड्ने दृढ संकल्प सहित अगाडि बढिरहेका छन्।

यस स्थितिमा पेरू कम्युनिष्ट पार्टीले तुरून्तै आफ्नो सैन्य शक्तिलाई झन् झन् विकसित गर्दै निरन्तर युद्धबाट अझ माथिल्लो र निर्णयक ढंगले रूपान्तरण गर्ने

कार्यमा आफ्नो सम्पूर्ण बल-वुद्धि लगाईरहेको छ। यस निर्णयक लडाईको लागि शहरहरूमाथि आक्रमण गरी पूर्ण नियन्त्रण जमाउन "जनयुद्धका लागि जनतालाई सुसंगठित पार्ने महान् फड्को मार्ने कार्यक्रम" अन्तर्गत गाउँ तथा शहरमा कार्यरत जनवर्गीय संगठनहरूलाई सुदृढ र सुसंगठित पार्दै लगिएको छ। "यदि उनीहरूको यही क्रम जारी रहेमा उनीहरू पेरूको राज्य सत्तालाई हराउन सक्षम हुनेछन्।" र विश्लेषकहरूले यस वर्ष भित्रमा अन्तिम हिंसात्मक लडाई हुने "डर" देखाएका छन्। (-नोभेम्वर १२, १९९१ को इन्टरनेशनल हेराल्ड ट्रिब्यून)

### जनयुद्धको इतिहास

पेरूको एक तिहाई जनसंख्या भएको विशाल ग्रामीण क्षेत्रमा हजारौं जन समितिहरूद्वारा संचालित क्रान्तिकारी राजनैतिक सत्ता कायम रहेका आधार इलाकाहरूलाई स्थायी र स्थिर बनाउन सक्षम मैसक्रेको पेरू कम्युनिष्ट पार्टीको इतिहास निकै लामो छ।

५ सय वर्ष अगाडिदेखि स्पेनी आक्रमणकारीहरूको सामन्तवादी शासनमा पिल्सिरहेको पेरूमा अमेरिकी नव-उपनिवेशको स्थापना पछि त्यसको विरोधमा लड्न पेरू कम्युनिष्ट पार्टीको स्थापना भएको हो। पेरू कम्युनिष्ट पार्टी (पेकपा) को स्थापना लेनिनद्वारा स्थापित तेश्रो अन्तर्राष्ट्रियको अंगको रूपमा क्रान्तिकारी आधारमा का जोसें कार्लोस मारियातेगुइको सकृयतामा सन् १९२८ मा भएको थियो। का. जोसे कार्लोसले पेरूको समाजको आधारभूत विश्लेषण गरी जनसंख्याको तीन चौथाई खण्ड ओगट्ने भारतीयमूलका मानिसहरूको समस्या मूलतः किसान समस्या भएकोले पेरूको क्रान्तिले अप्नाउनु पर्ने बाटोलाई "सर्वहारा वर्गको पार्टीद्वारा नेतृत्व गरिएको किसान युद्ध" को रूपमा चित्रण गर्नु भएको थियो।

पेरूको आर्थिक राजनीतिक स्थितिमा का. जोसेको यस विश्लेषण सही भएतापनि का. जोसेको असामयिक मृत्यु भएको केही वर्ष - भित्रै पार्टी नेतृत्व संशोधनवादीहरूको हातमा परेकोले यसले यस क्रान्तिकारी बाटोलाई परित्याग गर्‍यो।

सन् १९६० को दशकको मध्यतिर सोभियत संघमा स्टालिनको मृत्युपछि सत्ता कब्जा गर्न सफल भएका खुश्चोभ र ब्रेभनेभ जस्ता संशोधनवादीहरूका विरूद्ध माओत्सेतुङ्गले थाल्नु भएको संघर्षबाट प्रभावित भएर पे.क.पा. भित्रका सीमित क्रान्तिकारीहरूले पनि पार्टीभित्र सकृयतापूर्व अन्तर-संघर्ष चलाउन थाले। चिनियाँ सांस्कृतिक क्रान्तिताका चीनमा गई माओद्वारा प्रशिक्षित हुनु भएका पे.क.पा.का बर्तमान अध्यक्ष गोन्जालोको नेतृत्वमा उनीहरूले क्रान्तिकारी दिशा र विचारधारा, पेरूको क्रान्तिको लक्ष्य र बाटो तथा यस कार्यलाई संचालन गर्न सक्षम पार्टीको निर्माणको प्रश्नलाई लिएर संघर्ष शुरू गरे। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा सोभियत संघका खुश्चोभ र ब्रेभनेभले थोपेरेर हावी भएको संशोधनवादलाई प्रतिवादन गर्न सहयोग गर्ने र ग्रहण गरी लागू गर्ने पे.क.पा.का तत्कालीन अध्यक्षलाई सन् १९६४ मा अन्तरपार्टी संघर्षको क्रममा निष्काशित गरेपछि पार्टीको पुनर्निर्माणको लामो प्रक्रिया शुरू भयो। पार्टी पुनर्निर्माणको यस लामो प्रक्रियाको क्रममा पनि पार्टीभित्र अध्यक्ष गोन्जालो र उहाँको क्रान्तिकारी धार तथा विभिन्न संशोधनवादी लाइनहरूका वीच लामो र कठीन संघर्षको शृखला जारी रह्यो। यस अवधिमा पार्टीले देशका विभिन्न भागहरूमा कार्यकर्ताहरू पठाई संगठन निर्माण गर्ने, निर्माण भएका जन वर्गीय संगठनहरू-लाई सुदृढ र संगठित गर्ने र जन-शिक्षालयहरू स्थापना गर्ने कार्य गरी जनयुद्धका लागि आधारहरू तयार गर्न थाल्यो।



### जनयुद्धको शुरूवात

पार्टी पुनर्निर्माणको यस लामो र कठीन प्रक्रियाको अन्तिम अवस्थामा सन् १९७९ को जुनमा सम्पन्न भएको पार्टीको विस्तारित सम्मेलनले जनयुद्ध शुरू गर्ने ऐतिहासिक निर्णय गर्‍यो। यस ऐतिहासिक निर्णयलाई लागू गर्न पे.क.पा. ले छोटो अवधिमै सैनिक विषयहरूको गहन अध्ययन गर्ने, सैनिक तालिम दिने काम गर्नुका साथै जनयुद्धको प्रथम चरणको योजना बनाउने काम सम्पन्न गर्‍यो।

व्यापक जन विरोध र आपसी मतभेदका कारणले कमजोर हुँदै गइरहेको त्यहाँको सैनिक शासनले असैनिक निर्वाचित पदाधिकारीहरूलाई सत्ता-शक्ति हस्तान्तरण गर्न वाध्यतावश आम चुनावको घोषणा गर्‍यो। यसै आम चुनावको क्रममा सन् १९८०, मे १७ का दिन पे.क.पा.ले सीमित गुरिल्लाहरू, हातहतियारहरू र जनसमर्थनको भरमा राजधानी लिमाबाट दक्षिणमा पर्ने आयाकुचो प्रान्तको चुस्छी भन्ने गाउँमा मतपेटिकाहरू जफत गरेर जलाउने कार्य गरी जनयुद्धको शुरूवात गर्‍यो।

*किसान र मजदूरको सरकारका लागि सशस्त्र संघर्ष।*

*नयाँ प्रतिक्रियावादी सरकार मूर्दावाद।*

यिनै नाराहरू लगाई शुरूवात गरिएको यस जनयुद्ध भएपछिका १२ वर्षमा पे.क.पा.ले आफ्नो नेतृत्वमा रहेको जन छापामार सेनाद्वारा चलाइएको जनयुद्धलाई सुदृढ-संगठित र प्रभावकारी बनाउन विभिन्न चरणवद्ध स्पष्ट योजनाहरू लागू गरेको थियो।

### सशस्त्र संघर्ष शुरू गर्ने योजनाः

यस योजना अन्तर्गत सरकारी वलले प्रवेश गर्न नसकिने गरी वनजंगलले सुरक्षा प्रदान गरिरहेका पहाडी प्रान्तहरू आयाकुचो, हुआन्का भेलिका र अपुरिमाकका ग्रामीण इलाकाहरू र अन्य केही सीमित ठाउँहरू लगायत राजधानीमा समेत पुराना र कमजोर हातहतियारहरूको भरमा थोरै संख्यामा रहेका पुरूष तथा महिलाहरूले प्रहरी चौकी र स्थानीय सरकारी निकायहरूमा आक्रमण गरे। केही सय संख्यामा मात्र गरिएका यस्ता आक्रमणहरूको एउटा मुख्य उद्देश्य सरकारी हात-हतियारहरू कब्जा गर्नु थियो। यस्को उदाहरणको रूपमा शुरू-शुरूमा गरिएको एउटा हमलामा रंग लगाइएको काठे-बन्दूकले दुश्मनलाई भुक्याउँदै ती छापामारहरूले एउटा प्रहरी चौकी नै कब्जा गरे। प्रारंभिक चरणमा प्रहरी चौकीहरूमाथि गरिएका आक्रमणहरू अग्निबम (Fire bomb) र डाइनामाइटको भरमा भएका थिए।

## पेरु कम्युनिष्ट पार्टीका कामहरु के के हुन?



का. गोन्जालो

*पे.क.पा.ले माओत्से तुङ्गले विकास गर्नु भएको नयाँ जनवादी क्रान्तिको धारणालाई अर्ध सामन्ती र अर्ध औपनिवेशिक देश पेरूको ठोस स्थितिमा लागू गर्ने क्रममा आफ्ना कामहरूलाई यसरी परिभाषित गरेको छ*

- *साम्राज्यवादी प्रभूत्व, हाम्रो अवस्थामा प्रधान रूपमा यांकी (अमेरिकी) प्रभुत्व,लाई खत्तम पार्नु र अर्को महाशक्ति रूस तथा अन्य साम्राज्यवादी शक्तिहरूको खतराबाट पनि सुरक्षित हुनु*
- *राज्यको स्वामित्व अन्तरगत वा बाहिर भएको एकाधिकार पूँजीलाई जफत गर्दै नोकरशाही पूँजीवादलाई ध्वस्त गर्नु, सामुदायिक वा गैर सामुदायिक (व्यक्तिगत) रूपमा ठूलो परिमाणमा भएको सम्पत्ति खोस्दै "जसको जोत उसको पोत" अर्थात "जमिन जोत्नेको" नारा अनुसार जग्गा जमिन व्यक्ति व्यक्तिको आधारमा सर्वप्रथम गरीव किसानहरूलाई वितरण गर्दै सामन्ती भूस्वामित्वलाई खत्तम गर्नु;*
- *निर्धारित शर्तहरू पालन गरेमा काम गर्न दिदै मध्यम खाले पूँजीलाई सघाउ पुर्‍याउनु*

*यी सबैको अर्थ कम्युनिष्ट पार्टीको नेतृत्व अन्तर्गतको क्रान्तिकारी सशस्त्र फौजको माध्यमद्वारा चलाइएको जनयुद्धद्वारा, सशस्त्र क्रान्तिद्वारा पुरानो राज्य व्यवस्थालाई ढालेर नयाँ राज्य व्यवस्था खडा गर्नु हो।*

*श्रोतः ("अ ब्लर्ड टु विन"), सन् १६ । १९९०*

### छापामार युद्ध विस्तार गर्ने योजनाः

आधार इलाकाहरू निर्माण गर्ने लक्ष्य राखेर पार्टीले छापामार क्षेत्रहरू बनाउने क्रममा छापामार टुकडीहरू र सैन्य दलहरू स्थापना गर्ने कार्य १९८१ देखि शुरू गऱ्यो। पुराना सम्पर्क भएका क्षेत्रहरूमा जन समर्थनका कारणले छिट्टै यस्ता कार्यहरू सम्पन्न गर्न सकेतापनि नयाँ क्षेत्रहरूमा स्थानीय जनताको मन जित्न नसक्दा छापामार हरू गुफाहरूमा भोकभोकै सुत्नु परेको पनि थियो।

यसरी कठीन प्रयासपछि निर्माण भएका सैन्य दलहरू मिलेर बनेको छापामारहरूको कम्पनीले आफ्नो पहिलो कारवाही सन् १९८२ मा आयाकुचो शहरको जेलमा अत्यन्त सफलतापूर्वक आक्रमण गरी सबै बन्दीहरूलाई मुक्त गर्ने, प्रहरीहरूलाई गिरफ्तार गर्ने र जेल नै ध्वस्त पार्ने काम गऱ्यो। यस्ता सैनिक कारवाहीहरूको व्यापक विस्तारले गर्दा १९८२ को उत्तरार्द्ध सम्ममा धेरै ग्रामीण क्षेत्रमा सरकारी सत्ता ध्वस्त भई विस्तारै जन समितिहरू-द्वारा संचालित नयाँ क्रान्तिकारी राजनीतिक सत्ता स्थापित हुन थाले। यस स्थितिमा सन् १९८२ को अन्ततिर राष्ट्रपति बेलुण्डेले सरकारी सेना पठाएर छापामारहरू, जन समितिहरू तथा गाउँलेहरूमाथि भीषण आक्रमण गर्न लगाई हजारौं मानिसको आमहत्या गऱ्यो।

### आधार क्षेत्रहरू निर्माण गर्ने योजनाः

सरकारी सेनाको यो भीषण आक्रमणको प्रतिरोध गर्नका लागि आवश्यक उच्चस्तरको युद्ध क्षमता हासिल गर्न र नष्ट गरिएका जनसमितिहरू पुनर्निर्माण गर्दै यस योजना लागू गर्न सक्षम हुनाका लागि पार्टीले जन छापामार सेनाको गठन गऱ्यो। यस सेनाले १९८६ सम्ममा एण्डीज हुँदै दक्षिणको पुनो देखि देशको मध्य भाग र उत्तरको साजामाको प्रान्त सम्म जनयुद्धलाई विस्तार गऱ्यो।

सन् १९८६ को अन्त सम्ममा नव निर्वाचित गार्सिया सरकारका सैनिकहरूले छापामार, छापामार वन्दीहरू तथा जनतालाई कठोर दमन गर्ने फासिष्ट अभियान चलाए। यसलाई पनि चिर्दै जन छापामार सेनाको जनयुद्ध आधार इलाकाहरूलाई झन विकसित पार्ने नयाँ चरणमा प्रवेश गऱ्यो। आधार इलाकाहरूको विस्तार गर्ने र संभव भएका ठाउँहरूमा अझ मजवूत पार्ने यस चरणको योजना १९८९ को मे महीनासम्म सम्पन्न गरियो। जनयुद्धमा भएका सफलताहरूको आधारमा पुनर्निर्मित पार्टीको सन् १९८८ मा भएको पहिलो महाधिवेशनले आफ्नो मार्गदर्शक सिद्धान्तको रूपमा मार्क्सवाद लेनिनवाद माओवाद र गोन्जालो विचार-धारालाई स्वीकार्ने र जनयुद्धलाई देशव्यापी रूपमा सत्ता कब्जा गर्ने स्तरमा विकसित गर्नका लागि आधार इलाकाहरूको विकास गर्ने योजना लागू गर्ने निर्णय पारित गऱ्यो।

### देशव्यापी सत्ता कब्जा गर्ने योजनाः

ग्रामीण इलाकाहरूमा रहेका आधार इलाकाहरूमा नयाँ जनवादी राजनीतिक सत्ता संचालन गरिरहेका असंख्य जन समितिहरूद्वारा समर्थित पे.क.पा को जन छापामार सेनाले देशव्यापी रूपमा सत्ता कब्जा गर्ने योजना अन्तर्गत सर्वप्रथम आफ्ना आधार इलाकाहरूलाई विकास गर्ने कामको व्यापक रूपमा थालनी गरेको छ।

प्रतिक्रियावादी शक्ति अत्यन्त मजवूत रहेको शहरमा विस्तारै सत्ता कब्जा गर्न क्रान्तिकारी जन-सुरक्षा आन्दोलनको निर्माण गरिएको छ। यस आन्दोलनको निर्माणको क्रममा जन छापामार सेनामार्फत् पार्टीले मजदूर झुपडीवस्तीवासी, महिला, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, युवा र वालकहरूलाई समेत सचेत, संगठित र आन्दोलित गर्दै जनयुद्धसँग जोड्ने कार्य गरिरहेको छ।

यी संगठित जनवर्गीय संगठनहरूको आधारमा पार्टीको नेतृत्वमा रहेको यस आन्दोलनले थुप्रै सफल सशस्त्र आम हडताल गरिसकेको छ। यस आन्दोलनको आव्हानमा भएका सशस्त्र आमहडतालहरू मध्ये १९८८ मा धेरै जसो ठाउँमा ३ दिन सम्म र आयाकुचो शहरमा ७ दिन सम्म, टिङ्गो मारियामा ३ दिन सम्म र १९९० को अप्रिलमा भएको चुनाव वहिष्कारको क्रममा ८ वटा प्रान्तका साना शहरहरू र दुर्गम गाउँहरूमा ३/३ हप्ता सम्म भएका "बन्द"हरू उल्लेखनीय छन्। यस्तै राजधानी



*जेलबन्दीहरूमाथि सरकारी सेनाद्वारा गोली प्रहार*

लिमालाई नै थर्काउने १९८९ नोभेम्वरको "मृतहरूको दिन"मा भएको र १९९० को मार्च र अगस्तको दुई हप्ते हड्ताल र यस वर्षको गत साउन ७ र ८ गतेका सशस्त्र आमहड्तालहरूले लिमा लगायतका अन्य शहरहरूमा छापामार सेनाको वढ्दो चापलाई काफी महशूस गराएको छ। यसरी जनयुद्धको विस्तार पहाडहरू र राजधानी लिमाको उत्तर र दक्षिणमा पर्ने समुद्री मैदानहरूसम्म अगाडि बढ्दै नदी उपत्यकाहरूसम्म फैलिरहेकोले र राजधानी वरि-परिका ससाना पिछडिएका झुपडी-वस्तीहरू "गरीवीका चक्रहरू" पनि किल्लाका रूपमा परिणत भैरहेकाले प्रतिक्रियावादी शासक वर्गहरू लिमा र अन्य केही किल्लाहरूमा "समुद्री तट नजिकै थुप्रिरहेका छन्।" (-गार्डियन पत्रिका, लण्डन)

### सैनिक आक्रमणको व्यापक प्रत्याक्रमण

यसैबीच, सैनिक शक्तिको आधारमा गत अप्रिल ५ मा "कू" गरी संसद भंग गरेको र संविधान सभालाई निलम्वन गरेको कारणले एक्लिएको "निर्वाचित" राष्ट्रपति अल्बर्टो फुजिमोरीको सरकारले अमेरिकी सैनिक सहयोगको आडमा लिमा लगायत जनयुद्धले ग्रस्त १० वटा प्रान्तहरूमा पुनः संकटकालीन स्थिति लागू गरी "संकटमोचन" गर्ने प्रयास गर्न थालेको छ। यसै संकटकालीन स्थितिको मौकाको फाइदा उठाएर फुजिमोरीको सरकारले देशव्यापी रूपमा चलाएको सैनिक आक्रमणको सशक्त प्रतिरोध गर्न छापामार सेनाले पनि प्रत्याक्रमण अभियान चलाएको छ।

यसरी सरकारी सेनाले छापामार विरोधी आक्रमणको क्रममा जनयुद्धको शुरुवातदेखि गत वर्ष सम्म मात्रै २३ हजार जनताको ज्यान निर्मतापूर्वक लिइसकेको छ। आयाकुचो र मध्य दक्षिण पहाडी इलाकाहरूमा सर-कारी पक्षले चलाएको आक्रमणका विरूद्ध जुन १९९१ मा रोण्डरो (भिजिलान्ते) हरूको प्रमुख अखाडाको रूपमा रहेको सान मिगेल शहरमा रहेका सैनिक, प्रहरी र रोण्डरोहरू र सरकारी अफिसहरूलाई छापामार सेनाले प्रत्याक्रमणको क्रममा ध्वस्त पारे। यसरी जहाँ-जहाँ सर कारी सैनिक, प्रहरी र रोण्डरोहरूको आक्रमण हुन्छ, त्यहाँ त्यहाँ सशक्त प्रतिरोध र प्रत्याक्रमण गरी देशव्यापी रूपमा सरकारी आक्रमणलाई विफल पार्ने काम सफलतापूर्वक गरेपछि नै हालमा आएर जन छापामार सेनाले अब सर-कारी सेनासँग प्रत्यक्ष रूपमा मुठभेड गर्न सक्ने रणनीतिक समानताको स्थितिमा आफू आइपुगेको दावी गरेको हो।

### प्रत्यक्ष अमेरिकी हस्तक्षेपको संभावना

यसरी एकातिर जन छापामार सेना झन् झन् सुदृढ, सुसंगठित, दक्ष र प्रभावकारी हुँदै आइरहेको छ भन्ने सर कार सत्ता संघर्षको क्रममा कमजोर हुँदैछ र सरकारी सेना खानाको कमी भएको र मनोबल झन् झन् गिरेको कार णले असंगठित र अप्रभाव-कारी हुँदै गइरहेको छ। यस्तो स्थितिमा पेरूको शासक वर्गलाई आर्थिक, राजनैतिक र सैनिक सहायता दिई आफ्नो नव-उपनिवेश बनाइरहेको अमेरिकाले भियतनाम, फिलिपिन्स लगायतका तेस्रो विश्वका मुलुकहरूमा जस्तै पेरूमा पनि रोण्डरो (भिजिलान्ते) हरूलाई हात हतियार दिई खुला रूपमा जनता र छापामार हरूलाई मार्न लगाउने चालवाजी "Low intensity warfare" लाई अझ कडाई पूर्वक विशाल मात्रामा लागू गर्ने अभियानलाई तीव्र पार्ने र पेरमा प्रत्यक्ष सैनिक हस्तक्षेप गर्ने आधार पनि तयार गर्दै छ।

यसै वीच अमेरिकाले "लागू पदार्थ विरोधी युद्ध, संचालन गर्ने" नाममा पेरूमा १९९० मा ३ करोड ९० लाख डलरको प्रत्यक्ष सैनिक सहायता सहित गरी जम्मा ११ करोड डलर सहयोग दिने वचन दिएको थियो। त्यस्तै पेरूको सैनिक कमाण्ड र अमेरिकी सैनिक कमाण्ड वीच भएको औपचारिक सन्धि अनुसार छापामार विरोधी विशेष अमेरिकी फौज-ग्रीन बेरेट-बाट पेरूमा विशेष शक्तिशाली फौज तयार गर्ने र अत्याधुनिक प्रविधि र हतियारले सुसज्जित पार्ने काम थालिएको छ। आफ्नै नव औपनिवेशिक महाद्वीप अन्तर्गतको सानो देश पेरूमा यसरी नयाँ जनवादी क्रान्तिको विजयको संभावनालाई रोक्न अमेरिकाले जस्तो सुकै तल्लो स्तरको उपाय पनि प्रयोग गर्न सक्छ भन्ने प्रमाण त छिमेकी देश पानामा र ग्रेनाडा माथिको आक्रमण नै हो। तर पानामा र ग्रेनाडामा जस्तो आक्रमण पेरूमा अमेरिकाले गऱ्यो भने यो आक्रमण कति महंगो हुनेछ, यसको जवाफ त गरीवी, शोषण, उपेक्षा र तिरस्कारको मारमा परिरहेका पेरूका लाखौं जनता तथा ती जनताहरूको प्रतिनिधि - पेरू कम्युनिष्ट पार्टीले मात्र दिन सक्छ। यस्को जवाफमा पे.क.पा.का अध्यक्ष गोन्जालो भन्नु हुन्छ-

"चाहे प्रत्यक्ष होस वा अप्रत्यक्ष होस्, दुवै तरीकाले कठपुतली सरकारहरू प्रयोग गरेर भए पनि याँकी (अमेरिकी) आक्रमणले राष्ट्रिय मुक्ति युद्धलाई निम्त्याइ रहेको छ र यसको लागि वलिदान र कठीन प्रयासहरू आवश्यक हुने भएतापनि यसले गर्दा पार्टीले देशव्यापी रूपमा सत्ता कब्जा गर्नका लागि आव्हान गरिरहेको यस अवस्थामा पेरूका ९०% जनतालाई एकतामा ल्याउने महत्वपूर्ण अवसर सृजना हुनेछ। यसको अर्थ यो पेरूको क्रान्तिको लागि बढी कठीन हुँदा-हुँदै पनि बढी अनुकूल स्थिति हुनेछ। साम्राज्यवादले यो सपना देखिरहेको छ कि उसले चाहेमा क्रान्तिलाई फुकेर ढाल्न सक्छ। तर यो अवधि अत्यन्त कठीन, जटील र रक्तपातपूर्ण हुँदा हुँदै पनि यसले जनताको विजयतर्फ र विश्व सर्वहारा क्रान्ति तर्फ लैजाने छ। अध्यक्ष माओले भन्नु भएको थियो - ठूला आँधीहरूद्वारा मात्र संसारलाई बदल्न सकिन्छ" ❖

*-राजेन्द्र महर्जन*

# सोभियत संघ र पूर्वी यूरोपीय देशहरुमा समाजवाद विफल हुनुको कारण के हो ?

- *किम जोङ्ग इल*, उत्तर कोरियाली वरिष्ठ नेता

***केही देशहरूले राज्य-सत्ता र उत्पादन साधनमाथि आफ्नो नियन्त्रण राखेर आर्थिक निर्माणलाई छिटछिटो प्रगति गर्ने बित्तिकै समाजवादको निर्माण गर्न सकिन्छ भन्ने विश्वास गरे र ती देशहरूले जनताको विचारधारात्मक र साँस्कृतिक स्तर छिटछिटो उठाएर तिनीहरूलाई क्रान्ति र निर्माणका हाँक्ने शक्तिको रूपमा पूर्णतया तयार गर्नको लागि जनतालाई बदल्ने काममा मुख्य प्रयत्न लगाएनन्। फलस्वरूप समाजवादी समाजका मालिक आम जनताले मालिकको भूमिका राम्ररी खेल्न सकेननः अन्तमा गई आर्थिक निर्माण सफल भएन र समाजका सबै क्षेत्र गतिहिनतामा फस्न गयो।***

### समाजवादको निर्माणका ऐतिहासिक शिक्षा

समाजादको हेतुको रक्षा गर्नु र यसलाई सविजय अगाडि बढाउनु आज मानव जातिकै भाग्यसित सम्बन्धित महत्वपूर्ण कुरा बनेको छ।

हालैका वर्षहरूमा केही देशहरूमा समाजवादको पतन भएर पूंजीवादको पुनरूत्थान भएको छः केही समय अगाडि सोभियत संघको विखण्डन भएर अस्तित्व स्वतम भयो। यसको परिणाम स्वरूप साम्राज्यवादीहरू र प्रतिक्रियावादी-हरूले पूंजीवादको "विजय भयो" र समाजवादको "अन्त भयो" भन्ने दावी गर्दैछन्। परिस्थिति राम्ररी नबुझेका केही मानिसहरूमा यसले विचारधारात्मक भ्रम ल्याइर हेको छ र विश्व क्रान्तिको विकासमा गम्भीर प्रभाव पारिरहेको छ। चालू परिस्थितिबाट पाठ सिकेर समाजवादी आन्दोलनलाई नयाँ आधारमा पुनर्निमार्ण गर्नु र समाजवादको हेतुमा उँभो लहर ल्याउनु अहिलेको जरूरी ऐतिहासिक अभि-भारा हो।

समाजवादको हेतु आम जन-समूहको स्वाधीनता साकार पार्नको निम्ति न्यायपूर्ण हेतु होः मानव जाति समाजवादतिर अगाडि बढ्ने कुरा इतिहासको विकासको अपरिवर्तनीय नियम हो। समाजवादी विकासको क्रममा बाङ्गाटिङ्गा र घुमाउरा मोडहरू आउन सकेता पनि इतिहासको विकासको मूल दिशा बदलिन सक्दैन। साम्राज्यवादीहरू र समाजवादप्रति गद्दारी गर्नेहरूले केही मुलुकहरूमा आएको समाजवादको असफलतालाई इतिहासको प्रवाहकै परिवर्तन भनी वर्णन गर्दै समाजवादको विचारधारा नै नमिल्ने कुरा हो र समाजवादी क्रान्ति सम्पन्न गरेको नै गल्ती थियो भन्ने तर्क दिँदैछन्। यो प्रतिक्रयावादी तर्क हो।

कैयौं वर्षदेखि आम जनताले शोषण र दमनबाट मुक्त नयाँ स्वाधीन समाज ल्याउन चाहे र यसलाई साकार पार्न कष्टपूर्ण संघर्ष चलाए। यसको क्रममा समाजवाद र साम्यवादको सिद्धान्त-मार्क्सवाद निस्क्यो र यही सिद्धान्तद्वारा पथप्रदर्शित संघर्षको फलस्वरूप अक्टोबर समाजवादी क्रान्तिको विजय भयो। त्यस बेलादेखि समाजवाद विश्वभरि फैलिएको छ र पूंजीवाद अन्तर्गत सयौं वर्षमा पनि सम्भव हुन नसक्ने जति ठूलो सामाजिक आर्थिक उन्नति समाजवादी मुलुकहरूले छोटो समयावधिमै हासिल गरेका छन्। इतिहासको विकासको यो क्रमले नै के देखाएको छ भने समाजवादको विचारधारा सही छ र समाजवाद पूंजीवाद मन्दा कता हो कता बढी असल छ।

### बाहिरी कारण मात्र हैन

त्यसो भए, एक समयमा समाजवादको बाटोमा अगाडि बढिरहेका केही ती मुलुकहरूमा हालै समाजवाद स्वतम भएर पूंजीवादको पुनरूत्थान भएको कुरालाई हामीले कस्तो दृष्टिकोणले हेर्ने त?

समाजवादतिर जाने बाटो पहिले कहिल्यै नहिंडेको बाटो होः यो बाटो काँढाले भरिएको क्रान्तिको बाटो हो र यसमा बढ्न साम्राज्यवादसित निरन्तर मुठभेड र सम्झौताहीन संघर्ष गरिरहनु पर्दछ। त्यसकारण, समाजवादमा अगाडि बढ्न परीक्षण र कठिनाइहरू आउनु आवश्यम्भावी छन् र अप्रत्यासित परिस्थितिहरू आउन सक्छन्। केही मुलुकहरूमा भएको समाजवादको गतिरोध र पूंजीवादको पुनरूत्थानको घटनालाई इतिहासको विकासको मूल प्रवाहको दृष्टिबाट हेर्दा यो घटना अस्थायी स्थानीय प्रक्रिया मात्र हो। तर हामीले यसलाई संजोगको प्रक्रिया भनी ठान्न पनि हुँदैन।

महान नेताले (यहाँ महान नेता भनी किम इल सुडलाई भनिएको हो-सं.) सँधै भन्ने गर्नु भए झैं हामीमा कुनै गल्ती भयो भने हामीले यसको कारण हामी आफैंमा पत्ता लगाउनु पर्दछ, अरूतिर होइन। यो नै एक क्रान्तिकारीको धारणा हो र गल्ती सुधार्ने सही बाटो पनि हो। समाजवादमा गतिरोध आएको कुराको कारण पनि हामीले यसरी ठीकसित पहिल्याएर त्यसबाट पाठ सिकेमा मात्र हामीले समाजवादको हेतुलाई रक्षा गरेर अगाडि बढाउन सक्नेछौं।

छोटकरीमा, केही मुलुकहरूमा समाजवाद विफल भएको मूल कारण के हो भने ती देशहरूले समाजवादको निर्माण गर्ने प्रेरकशक्तिलाई सुदृढ पार्न र त्यसको भूमिका बढाउनमा मुख्य जोड दिएनन्, तिनीहरूले समाजवादको सार अर्थात इतिहासका कर्ता आम जन समूहमा केन्द्रित हुने कुरा बुझ्न सकेनन्।

समाजवादी समाज भनेको आम जन-समूह मालिक हुने समाज हो, एकै ढीक्का हुने गरी मिलेर रहेका आम जन-समूहको सिर्जनात्मकताबाट विकसित हुने समाज यो हो। सबै शोषणयुक्त समाजहरू मन्दा भिन्न रूपले समाजवादी समाजको सार र समाजवादी समाजको अगाडि बढाउने हाँक्ने शक्ति नै के कुरामा अडेको छ भने आम जनताले कामरेडभावनायुक्त एकतामा रहेर तथा आफू मालिक हौं भन्ने उच्च कोटीको चेतना लिएर र मालिककै योग्यता देखाएर काम गर्दछन्। त्यसकारण समाजवादको निर्माणलाई सफलत ापूर्वक अगाडि बढाउने आधारभूत बाटो नै के हो भने मानिसलाई सुधार्ने कुरालाई प्राथमिकता दिई आम जनतालाई कम्युनिष्ट ढङ्गले

## के समाजवादको मृत्यु भएको हो ?



*"के समाजवादको मृत्यु भएको हो?" भन्ने शीर्षकमा नीरब शेरचनको लेख (मूल्यांकन वर्ष १०, अंक १) सँगै शुरू भएको विचार-अन्तर्क्रियाको क्रममा यसपल्ट हामीले उत्तर कोरियाका वरिष्ठ नेता किम जोङ्ग इल (किम इल सुङका सुपुत्र) का विचार हरू प्रस्तुत गरेका छौं।*

*गत केही महिना अघि "प्योङ्याङ्ग टाइम्स" मा उहाँको यो विचार प्रकाशित भएपछि यसले नेपलमा पनि एउटा ठूलो चर्चाको परिवेश खडा गर्‍यो। "प्योङ्याङ्ग टाइम्स" को उक्त अंकको फोटो कपी गरी हातहातै बोकेर हिड्ने गरिएका पनि देखिए। खास गरी सोभियतसंघको विघठन लगायतका समाजवादी खेमामा घटेका वर्तमान ठूला घटनाहरूबाट समाजवादको अभ्यास गरिरहेका भनिएका मुलुकहरूले के के पाठ पढेका छन् भन्ने कुरा सबैका लागि निकै नै उपयोगी र सरोकारपूर्ण विषय हुने हुनाले यस पल्ट हामीले उहाँको यो विचार यहाँ प्रस्तुत गरेका छौं।*

*यस विचारले इतिहासबाट पाठ सिकेर उत्तर कोरिया अव के के कुरामा बढी सचेत र क्रियाशील रहला भन्ने पनि संकेत गरेको छ।*

*पूँजीवादीहरूले समाजवादमाथि जथाभावी रूपले वैचारिक आक्रमण गरिरहेको हालको विश्व-सन्दर्भमा समाजवादी व्यवहार को विगतलाई चिरफार गर्दै यसबारे गहन अध्ययन-चिन्तन को क्रम अघि बढोस् भन्नका लागि विभिन्न व्यक्तिहरूबाट विचार-आदान प्रदानको सिलसिला अघि बढाउने हाम्रो उद्देश्य रहेकोले गतांकमा हामीले श्यामप्रसाद शर्माका विचारहरू प्रस्तुत गरेका थियौं।*

*र स्तंभमा उद्देश्यपूर्ण र सत्यमुखी अन्तर्क्रियामा सहभागिताको निम्ति हामी सबैलाई आव्हान गर्दछौं।-संपादक*



किम जोङ्ग इल

शिक्षा दिएर तथा तिनीहरूलाई पार्टी वरिपरि पूर्ण रूपले एकगठ पारेर क्रान्तिको प्रेरक शक्तिलाई सुदृढ पार्ने र साथै आम जनताको क्रान्तिकारी उत्साह र सिर्जनात्मकतालाई पूरापूर खेल्न दिएर हाँक्ने शक्तिको भूमिका बढाउने। सामाजवादको निर्माणलाई अगाडि बढाउने अर्को अद्‌भूत तरीका छैन। तैपनि केही मुलुकहरूका मानिसहरूले यो कुरा बुझेनन्।

समाजवादी व्यवस्थाको स्थापना पछि कसरी र कुन सिद्धान्तको आधारमा समाजवादको निर्माण हुनु पर्छ भन्ने कुरा समाजवादको निर्माणमा नेतृत्व गरेका पार्टीहरूको लागि चुनौति बनेको अभिभारा थियो-नयाँ समाधान निकाल्नु पर्ने अभिभारा थियो, यो कुरा पहिलेको युगको कम्युनिष्ट सिद्धान्तको ऐतिहासिक सीमिततालाई कसरी हटाउने भन्ने सिद्धान्तसित सम्बन्धित जरूरी कुरा थियो।

## समय बदलिएको छ

मार्क्सवाद त्यस्तो युगको प्रतिनिधित्व गर्ने क्रान्तिकारी सिद्धान्त थियो, जुन युगमा मजदूर वर्गले इतिहासको रङ्गमञ्चमा निस्केर पूंजीको विरूद्ध संघर्ष चलाइरहेको थियो। तसर्थ यसले शोषक वर्ग र शोषणयुक्त व्यवस्थालाई निर्मूल गर्ने र आम जनताको वर्गीय मुक्ति साकार पार्ने काममा अमर योगदान दियो। तर समय बदलिसकेको छ र इतिहासको विकास भएको छ, त्यसकारण मार्क्सवादको पनि अवश्यम्भावी ऐतिहासिक सीमितता भइसकेको छ। छोटकारीमा मार्क्सवाद भनेको इतिहासको भौतिकवादी धारणाको आधारमा मजदूर वर्गको मुक्ति प्राप्त गर्ने अवस्था स्पष्ट गर्ने सिद्धान्त हो। समाजको विकासको प्रक्रियालाई प्राकृतिक इतिहासको प्रक्रिया ठानेर मार्क्सवादले प्रतिपादन गरेको सिद्धान्त के हो भने उत्पादन-सम्बन्धहरूको विकास उत्पादक शक्तिहरूको विकास संगसगै हुन्छः सम्पूर्ण आर्थिक सम्बन्धहरू अर्थात आर्थिक पद्धति नै समाजको आधार बन्दछ र त्यसको संरचना यही आधारमाथि खडा हुन्छ। यो विचारलाई आधार बनाएर मार्क्सवादले भौतिक सम्पत्तिको उत्पादनको तरीकालाई नै समाजको स्वरूप र समाजको विकासको स्तर निर्धारण गर्ने निर्णायक तत्व ठान्यो र समाजको विकासको प्रक्रिया भन्नु पुरानो उत्पादन तरीका नयाँ उत्पादन तरीकामा बदलिने हो र यो प्रक्रियामा उत्पादक शक्तिहरू र उत्पादन सम्बन्धको बीचको अन्तर्विरोध नै वर्ग संघर्षद्वारा सुल्झिन्छ भनी मान्यो। यी सिद्धान्तहरूमा आधारित भई मार्क्सवादले के कुरा मान्यो भने समाजवादी उत्पादन तरीकाको स्थापना भए पछि पूँजीवादबाट समाजवादमा परिवर्तन हुने सामाजिक क्रान्ति पूरा हुन्छ र साम्यवादको माथिल्लो र तल्लो चरणको वीचको भिन्नता नै उत्पादक शक्तिहरूको विकासको स्तरको भिन्नतामा निर्भर हुने हुनाले समाजवादी व्यवस्थाको स्थापना पछि अर्थतन्त्रको निर्माणद्वारा उत्पादक शक्तिहरूलाई बिकसित पारिए पछि मात्र मानव जातिको आदर्श समाज साम्यवाद प्राप्त गर्न सकिन्छ। फलस्वरूप मार्क्सवादले समाजवादी व्यवस्थाको स्थापना पछि क्रान्तिलाई जारी राखेर समाजवादी र साम्यवादी समाजको निर्माण गर्ने बारेमा सही व्याख्या दिन सकेन। इतिहासको दृष्टिले हेर्दा मार्क्सवाद भनेको समाजवादी हेतुको शुरूको चरणको आवश्यकताको व्याख्या गर्ने विचारधारा र सिद्धान्त होः मार्क्सवादले समाजवाद र साम्यावादको निर्माण गर्न चाहिने बाटो र साधनको विस्तृत रूपले स्पष्ट व्याख्या गरेन, यस्तो-व्याख्या गर्ने सामाजिक परिस्थिति र यसबारेको व्यावहारिक अनुभव पनि त्यस बेला थिएन।

समाजवादी व्यवस्थाको स्थापनापछि समाजवाद तथा साम्यवादको सफलतासाथ निर्माण गर्नको लागि के चाहिन्छ भने समाजवादको निर्माणको नेतृत्व दिने पार्टीहरूले समाजवादको विकासको नयाँ चरणको आवश्यकता अनुरूप साम्यवादको सिद्धान्त विकसित पारेर त्यसको आधारमा सही कार्यदिशा र नीतिहरू तयार गरिसक्नु पर्दथ्यो। तर समाजवादको निर्माण गरिरहेका केही मुलुहरूका पार्टीहरूले यो अभिभारा सही रूपले पूरा गर्न सकेनन्। फलस्वरूप केही यी पार्टीहरूले मार्क्सवादको ऐतिहासिक सीमिततालाई बुझ्न नसकेर मार्क्सवादलाई आफ्नो पथप्रदर्शक सिद्धान्त मानेर सामाजवादको निर्माण गरिरहेका हौं भन्ने दावी गर्दै विद्यमान सिद्धान्तलाई अन्धसिद्धान्तवादी तरीकाले प्रयोग गरे। अर्कोतिर अरू केही पार्टीहरूले मार्क्सवादको क्रान्तिकारी सारलाई नै नमानेर संशोधनवादी नीति लिए।

विद्यमान सिद्धान्तहरू प्रति अन्ध सिद्धान्तवादी दृष्टिकोणबाट मुक्त हुन नसकेकाहरूले समाजवादी समाजको प्रकृतिलाई र श्रेष्ठतालाई समाजवादी विचार-धारा भएका मानिसहरूले निर्धारण गर्ने होइन कि



*प्रतिक्रान्तिपछि सडकमा : रूसी कम्युनिष्टहरू*

> **यी पार्टीहरूले मार्क्सवादको ऐतिहासिक सीमिततालाई बुझ्न नसकेर मार्क्सवादलाई आफ्नो पथप्रदर्शक सिद्धान्त मानेर समाजवादको निर्माण गरिरहेका हौं भन्ने दावी गर्दै विद्यमान सिद्धान्तलाई अन्धसिद्धान्तवादी तरीकाले प्रयोग गरे। अर्कोतिर अरू केही पार्टीहरूले मार्क्सवादको क्रान्तिकारी सारलाई नै नमानेर संशोधनवादी नीति लिए।**

समाजवादी सरकारले समाजवादी स्वामित्वको सिद्धान्तले निर्धारण गर्ने हो भन्ने ठानेः उनीहरूले समाजवादी निर्माणको हाँक्ने शक्ति पनि आर्थिक तत्वमा अर्थात उत्पादक सम्बन्धहरूलाई उत्पादक शक्तिहरू अनुसार बदल्ने कुरामा देख्न पुगे। पक्कै पनि समाजवादी सरकार र उत्पादन साधनको समाजवादी स्वामित्वको स्थापनाले आम जनताका लागि मालिकको स्थिति र भूमिकाको ग्यारेन्टी हुने र उत्पादक शक्तिहरू छिटोछिटो विकसित हुने सामाजिक राजनैतिक तथा आर्थिक अवस्थाको सिर्जना भने गर्दछ। यो नै पूंजीवाद भन्दा समाजवादको श्रेष्ठता हो। तर यी राजनैतिक र आर्थिक अवस्थाहरू नै समाजवादी समाजको विकासलाई अगाडि बढाउने निर्णायक तत्व होइनन्। उत्पादक शक्तिहरूको विकासका हकमा उत्पादनका प्रत्यक्ष जिम्मेवार श्रमिक आम जनताले यो विकासमा नेतृत्वदायी र सक्रिय भूमिका लिने होः श्रमिक आम जनताको स्वेच्छाको उत्साह र सिर्जनात्मक शक्ति बढाउन सकिएन भने समाजवादी उत्पादन सम्बन्ध स्थापना भइसकेता पनि उत्पादक शक्तिहरूलाई स्थिर र उच्च गतिले विकास गर्न सकिंदैन।

## विचारधारात्मक र सांस्कृतिक स्तर उठाइएन

समाजवादी विचारधारा लिएका मानिस, समाजवादी सरकार र समाजवादी आर्थिक व्यवस्था, यी तीन कुरा निकट रूपले जोडिएका छन्, यी मध्ये सवभन्दा मुख्य त मानिस हुन्। समाजवादी व्यवस्थाको स्थापनाको ऐतिहासिक क्रमले के देखाउँछ भने सबभन्दा पहिले शोषण र दमनको विरूद्ध संघर्षको क्रममा समाजवादी विचार निस्कन्छ, समाजवादी विचारधारा भएका मानिसहरूले एउटा क्रान्तिकारी पार्टीको गठन गर्दछन् अनि त्यस पार्टीले आम जनतालाई राजनैतिक रूपले जाग्रत पारेर तथा उनीहरूलाई संगठित पारेर समाजवादी सरकार स्थापना गर्दछ र त्यस पछि समाजवादी शासन-सत्ताको भरमा पार्टीले समाजवादी आर्थिक व्यवस्था स्थापना गर्दछ। समाजवादी सरकार नभएमा समाजवादी आर्थिक व्यवस्था कायम राख्न सकिंदैन र यसको स्वरूपसित मिल्ने गरी चलाउन पनि सकिंदैन, र समाजवादी सरकार समाजवादी विचारका जनताबाट अलग्गियो भने त्यस सरकारले आफ्नो अस्तित्व कायम राख्न सक्दैन, न त यसको स्वभावसित मिल्ने गरी आफ्नो काम कर्तव्य नै पूरा गर्न सक्दछ। यसरी के कुरा स्पष्ट छ भने समाजवादी विचारधाराद्वारा सुसज्जित आम जनता नै समाजवादी समाजको विकास गर्ने र त्यस समाजको भविष्य बनाउने कुरामा सदैव निर्णायक तत्व बन्दछ। तैपनि केही देशहरूले राज्य-सत्ता र उत्पादन साधनमाथि आफ्नो नियन्त्रण राखेर आर्थिक निर्माणलाई छिटछिटो प्रगति गर्ने बित्तिकै समाजवादको निर्माण गर्न सकिन्छ भन्ने विश्वास गरे र ती देशहरूले जनताको विचारधारात्मक र साँस्कृतिक स्तर छिटछिटो उठाएर तिनीहरूलाई क्रान्ति र निर्माणका हाँक्ने शक्तिको रूपमा पूर्णतया तयार गर्नको लागि जनतालाई बदल्ने काममा मुख्य प्रयत्न लगाएनन्। फलस्वरूप समाजवादी समाजका मालिक आम जनताले मालिकको भूमिका राम्ररी खेल्न सकेननः अन्तमा गई आर्थिक निर्माण सफल भएन र समाजका सबै क्षेत्र गतिहिनतामा फस्न गयो।

## जनमुखी शासन-पद्धति स्थापित गरिएन

यो भन्दा पनि खराव त के भयो भने, यी मुलुकहरूले समाजवादी समाजको अन्तर्निहित आवश्यकतालाई सुहाउने खालको जनमुखी शासन-पद्धति स्थापना गर्नेतर्फ उचित ध्यान दिएनन् र यसले गर्दा

# पूर्वी यूरोपका पूर्व-समाजवादी मुलुकमा बजार अर्थतन्त्रले ल्याएको दुर्दशा

***यसले पूर्वी यूरोपेली देशलाई त्यस्तो भड्खालोतिर लान लागेको छ - जहाँबाट बाहिर निक्लिनु उनीहरूको निम्ति सारै कठीन हुनेछ।***

जहाँ जहाँ अर्थतन्त्र केही बिरामी हुन्छ, अमेरिका वा विश्व बैंक सिफारिश गर्दछ - खुला बजार अर्थतन्त्र अप्नाऊ, हामी सहायता दिनेछौं, सब ठीकठाक हुनेछ। अब त के प्रष्ट भइसकेको छ भने, अमेरिकाको आफ्नै अर्थतन्त्र पूर्णतया खुला बजार-अर्थतन्त्र होइन, त्यो संरक्षित अर्थतन्त्र हो। त्यहाँ जापानी या यूरोपेली वस्तु पस्नका लागि अनेकौं वार-बन्देजहरू लगाइएका छन् र त्यो नियन्त्रण हटाई दिने हो भने अमेरिकाको संकटग्रस्त अर्थतन्त्र तुरून्तै चौपट हुनेछ। तर अमेरिकी शासक वर्गको नैतिकता भने गजबको छ - ऊ आफैं खुला बजार-अर्थतन्त्र अप्नाउँदैन, तर संसारभरी ऊ त्यसलाई अचूक ओखतीका रूपमा सिफारिश गर्छ। प्रलोभन दिन्छ - यो अप्नाऊ, हामी ठूलो धनराशी ऋण वा सहायता दिनेछौं।

यस्तो उसले किन गरिरहेछ? किनकि ऊ अरूको बजार चाहिं आफ्नो साम्राज्यको विस्तारको निम्ति "खुला" गराउन चाहन्छ। त्यहाँको बजारमा आफ्नो पूँजी र मालको प्रवेश वेरोकटोक बनाउन चाहन्छ। अनि एक चोटी खुला बजार र विश्व बैंकको ऋणको फेरोमा कुनै मुलुक परेपछि त्यो भासमा तबसम्म ऊ झन झन जाकिन वाध्य हुन्छ जब सम्म ऊ पूरै पुरिंदैन।

अहिले यही फेरोमा पूर्वी यूरोपका पूर्व-समाजवादी मुलुकहरू परिरहेछन्। गएको २ वर्षमा समाजवादी आर्थिक ढाँचाहरू धमाधम भत्काएर त्यहाँ खुला बजार-अर्थतन्त्र लागू गरिएको छ। पश्चिमी साम्राज्यवादी मुलुकसित यसो गरे वापत पूँजी ओइऱ्याउन प्रार्थना गरि रहेछन् - ती मुलुकहरू। तर यो बजार-अर्थतन्त्र अप्नाएपछि त्यहाँको अर्थतन्त्र डाँवाडोल भएको छ। महँगी यति चुलिएको छ कि जीउन असंभव भएका सर्व साधारण जनताहरू यसको विरूद्ध सडकमा उत्रन वाध्य भएका छन्। वेरोजगारी अचाक्ली बढेको छ। राष्ट्रिय उत्पादनमा चर्को गिरावट आएको छ। तर पश्चिमी देशको र विश्व बैंकको पूँजी भने त्यसरी ओइरिंदै छैन, जस्तो उनीहरूले आशा गरेका थिए।

पोलैण्डले खुला बजार - अर्थतन्त्र अप्नाए पछि उसको राष्ट्रिय उत्पादनमा १९९० मा १२ प्रतिशत गिरावट आयो र १९९१ मा अरू ७ प्रतिशत।

बेरोजगारी यति बढ्यो कि-देशका २० लाख नागरिकहरूसित अर्थात ११.४ प्रतिशत नागरिकहरूसित रोजगारीको कुनै उपाय नै रहेन। बेरोजगारहरूको संख्या यस वर्ष ३० लाख पुग्न लाग्दैछ। वार्षिक महँगी वृद्धि दर त १९९० को शुरूमा ६०० देखि ७०० प्रतिशत रह्यो। १९९२ मा त्यो ६० प्रतिशत रहेको छ र ज्याला एवं तलब वृद्धि दर भन्दा महँगी वृद्धि दर धेरै गुना बढी छ। (तथ्यांक स्रोत - Plan Econ / European Economy - Time magazine, February 17, 1992)

पोलैण्डका राष्ट्रपति लेख वालेसाले फ्रान्सिसी पत्रिका - "ले मोन्डे"सितको अन्तर्वार्तामा यति भयावह स्थिति हुँदा पनि पश्चिमी सहायता अत्यन्त धीमा गतिमा मात्र आएकोमा तीव्र असंतोष व्यक्त गरेका छन्। उनले बताएका छन् - पश्चिमी मुलुकमा भर परेर उनले धोका पाएका छन् र यस मामलामा उनी आफू केटाकेटी सावित भएका छन्।

चेकोस्लोभाकियामा १९९१ मा राष्ट्रिय उत्पादन १६ प्रतिशतले घट्यो (औद्योगिक उत्पादन २० प्रतिशत र कृषि उत्पादन १२ प्रतिशतले घट्यो)। बेरोजगारी पहिला त्यहाँ शून्य प्रतिशत थियो, त्यो त्यहाँ अहिले ८ प्रतिशतले बढेको छ। महँगी १९९१ मा ६० प्रतिशत बृद्धि भयो। राष्ट्र नै दुई टुक्रामा विभाजित भयो - चेक र स्लोभाकमा। चेकमा महँगी बृद्धि दर १८४ प्रतिशत छ र स्लोभाकमा

---

जनताको एकता र सम्बद्धता कमजोर पाऱ्यो र जनतालाई आफ्नो सिर्जनात्मकता पूरा प्रयोग गर्न दिन सकेन।

आम जनता समाजवादी समाजका सच्चा मालिक बनेर तथा मालिक सुहाउँदो किसिमको धारणा लिएर राज्य र समाजको प्रवन्धमा भाग लिएका छन् कि छैनन् भन्ने कुरा नै समाजवादी व्यवस्थाको सुदृढीकरण र विकासको तथा समाजवादी निर्माणको सफलताको निम्ति सबभन्दा निर्णायक तत्व हो। तर समाजवादी शासन-सत्ता स्थापना भइ नै सक्यो भनिएका केही मुलुकहरूमा तिनीहरू पहिलेकै समाजको ढङ्गको राजनैतिमै अडिरहे। फलस्वरूप, राज्य र समाजको प्रवन्ध विशेष सुविधाभोगी मानिसहरूको काम बन्न गयो र समाज तथा राज्यका मालिक आम जनताबाट अलग राखेर प्रबन्ध संचालन गरियो। यसले गर्दा कर्मचारीतन्त्रहरूको वृद्धि भयो र जनताको सिर्जनात्मतालाई रोकिराख्ने, पार्टी र राज्यप्रति जनताको विश्वास खलबल्याउने र आम जनताको एकतालाई बिथोल्ने जस्ता गम्भीर परिणामहरू निस्के।

अन्तमा गएर, यी मुलुकहरूमा समाजवादले आफ्नो विकासको लागि शक्तिशाली हाँक्ने शक्ति गुमायो र दरिलो सामाजिक-राजनैतिक जग रहेन। बलियो प्रेरक-शक्ति नभएको समाजवादले आफ्नो श्रेष्ठता र शक्ति देखाउन सक्दैन र आफ्नो अगाडि बढ्ने बाटोमा आउने चुनौति र परीक्षणको पनि सामना गर्न सक्दैन। इतिहासको तथ्यले के देखाउँछ भने बलियो सैनिक शक्ति र आर्थिक क्षमता भएको ठूलो मुलुकले पनि समाजवादी निर्माणको हाँक्ने शक्ति बलियो पार्न र त्यसको भूमिका बढाउन सकेन भने साम्राज्यवादीहरू र प्रतिकृयावादीहरूद्वारा गरिएका समाजवाद विरोधी आक्रमणको सामना गर्न नसकी पक्कै पनि ढल्न जान्छ। साम्राज्यवादीहरू र प्रतिकृयावादीहरूको समाजवाद-विरोधी मार खप्नु पर्दा यी मुलुकहरूमा समाजवाद हार्न जानुलाई ती मुलुकहरूले समाजवादी निर्माणको हाँक्ने शक्तिलाई सुदृढ पार्न र त्यसको भूमिका बढाउन नसक्नाको अवश्यम्भावी नतीजा मान्नु पर्दछ।

## समाजवादका आधारभूत विचारधाराहरू र आश्यकताहरू

केही मुलुकहरूमा समाजवाद खतम हुन जानाको अर्को कारण के हो भने ती देशहरूले समाजवाद र पूँजीवादको बीचको गुणात्मक भिन्नता पनि बुझ्न सकेनन् र समाजवादका मूलभूत सिद्धान्तहरूमा समेत स्थिरतासाथ अडेनन्।

समाजवादी हेतुलाई पूरा गर्नको लागि हामीले क्रान्ति र निर्माणमा समाजवादी सिद्धान्तहरू स्थिरतासाथ कायम राख्नु पर्दछ। आम जनताको स्वाधीनताको चाहनालाई र तिनीहरूको हितलाई पूर्ण रूपले संरक्षण गर्नु र पूरा गर्नु त समाजवादी निर्माणमा निरन्तर कायम राख्न पर्ने मूलभूत सिद्धान्त हो। समाजवादी समाज भनेको मानिसद्वारा मानिसको शोषण र उत्पीडन अन्त गर्ने र न्यायपूर्ण स्वाधीन जीवन बिताउने आम जनताको अन्तर्निहित आवश्यकता पुरा गर्ने समाज हो: समाजवाद र साम्यवादको निर्माण गर्ने प्रक्रिया भन्नु आम जनताको पूर्ण स्वाधीनता साकार पार्ने प्रक्रिया हो, त्यसकारण समाजवादी निर्माणमा नेतृत्व दिने काममा मजदूर वर्गीय पार्टीले आम जनताको स्वाधीनताको इच्छा र उनीहरूको हितलाई दरोसित संरक्षण गर्नु पर्दछ र क्रान्ति तथा निर्माणमा आउने सबै समस्याहरूलाई पूर्ण रूपले आम जनताको आधारभूत हितको अनुकूल समाधान गर्नु पर्दछ।

आम जनताको स्वाधीनताको इच्छा तथा उनीहरूको आधारभूत हितहरू पूरा गर्न समाजवादको निर्माण गर्नको लागि मजदूर बर्गीय पार्टीलाई संगठनात्मक र विचार-धारात्मक रूपले सुदृढ पार्नु, क्रान्ति र निर्माणमा यसको नेतृत्व पक्का पार्नु, समाजवादी सरकारको कार्यक्षेत्र र भूमिका स्थिर रूपले बढाउनु, समाजवादी स्वामित्वलाई संरक्षण र विकास गर्नु र साम्राज्यवादको विरूद्ध दृढतासाथ लड्नु नितान्त जरूरी छ। यो कुनै हालतमा पनि सम्झौता गर्नै नसकिने क्रान्तिकारी सिद्धान्त हो। समाजवादको निर्माणको क्रममा सानातिना गल्तीहरू हुन सक्छन्, तर आम जनताको माग्यको जिम्मेवार मजदूर-वर्गीय पार्टीले समाजवादका मूलभूत सिद्धान्तहरूलाई भने कुनै हालतमा त्याग्न हुँदैन। समाजवाद र साम्यवादको निर्माणको क्रममा क्रान्तिकारी संघर्षका परिस्थिति र अवस्थाहरू बदलिने हुनाले परिवर्तनसित मिल्ने गरी कार्यदिशा र नीतिहरू सिर्जनात्मक रूपले विकसित पार्दै लानु पर्दछ, तर यी क्रान्तिकारी तथा मजदूर-वर्गीय सिद्धान्तहरूबाट भने कहिल्यै विचलित हुनु हुँदैन। क्रान्तिकारी संघर्षका परिस्थिति र अवस्थाहरू बदलिन सक्दछ, तर समाजवादका आधारभूत विचार-धाराहरू र आवश्यकताहरू कहिल्यै बदलिंदैनन्। पूँजीवाद र समाजवादको हारजीतको विषयको संघर्षमा क्रान्ति-कारी सिद्धान्तहरू त्याग्नु आत्मसमर्पण र धोखाबाजी हो।

बितेको समयमा समाजवादको निर्माण गरिरहेका केही मुलुकहरूका मानिसहरूले समाजवादको निर्माणको क्रममा उठेका अस्थायी कठिनाइहरूको मुकाबिला गर्नु पर्दा ढुलमुल हुन पुगे र साम्राज्यवादीहरूको दवावको सामुसम्म पनि झुकेर अलि-अलि गरी छूट दिदै तथा क्रान्तिकारी सिद्धान्तहरू त्याग्दै गए। यसको कारण के हो भने उनीहरूको समाजवादमा आस्था कम थियो र

१९३ प्रतिशत। (तथ्यांक स्रोत – उही माथिको र Time magazine July 6, 1992)

हंगेरीमा पनि बजार-अर्थतन्त्र लागू भएपछि १९९१ मा राष्ट्रिय उत्पादनमा ६.५ प्रतिशत गिरावट आयो। महँगी १९९१ मा ३४ प्रतिशतले वृद्धि भयो। बरोजगारी १९९२ को शुरूमा ७.३ प्रतिशतले बढ्यो र यो वर्षको अन्तसम्ममा त्यो ११ प्रतिशत पुग्ने अनुमान छ। (तथ्यांक स्रोत – उही) हंगेरीमा खुला बजार-अर्थतन्त्र अन्तर्गत निजी उद्यम धन्दाहरू त शुरू गरिए। तर तिनीहरू मध्ये ४० प्रतिशत बन्द हुँदै छन्। जमीनलाई निजीकरण गर्ने सरकारी प्रयत्नलाई सरकारी फार्मका कामदारहरूले र सहकारीका सदस्यहरूले प्रतिरोध गरिरहेछन्। त्यहाँ अहिले- निजी-करणको व्यापक विरोध भई रहेछ। आर्थिक मन्दीले चर्को गतिमा हंगेरीको अर्थतन्त्रलाई संकटग्रस्त पार्दैछ (तथ्यांक स्रोत – Beijing Review, Jan 27-Feb 2, 1992)

बुल्गेरियामा बजार-अर्थतन्त्र लागू भएपछि उत्पादन १९९० मा १३ प्रतिशतले घट्यो र १९९१ मा थप १५ प्रतिशत घट्यो। महँगी १९९१ मा ६०० प्रतिशत बढ्यो र १९९२ मा २५० प्रतिशत। त्यहाँ बेरोजगारी बृद्धि दर १९९१ मा ८ प्रतिशत रह्यो। (तथ्यांक स्रोत: उही Time magazine, Feb 17, 1992)

यसको मतलव के हो भने – त्यहाँ प्रति दिन १००० मानिसहरू बेरोजगार हुँदैछन् (तथ्यांक स्रोत : उही Beijing Review, Jan 27-Feb 2 1992)।

रूमानियामा पनि बजार-अर्थतन्त्र लागू भए पछि १९९० मा राष्ट्रिय उत्पादन १० प्रतिशत भन्दा बढी घट्यो र १९९१ मा १२ प्रतिशत। त्यहाँ महँगी वृद्धि दर १९९० मा ७५ प्रतिशत रह्यो र १९९१ मा त त्यो चुलिएर ३०० प्रतिशत पुग्यो। (तथ्यांक स्रोत: उही Time : Feb. 17, 1992)। रूमानियामा प्रति हप्ता १०,००० मानिसहरू बेरोजगार हुँदैछन्।

यसरी खुला बजार-अर्थतन्त्र अप्नाएका पूर्व समाजवादी मुलुकहरू सबैको अर्थतन्त्र चौपट भएको छ। त्यहाँको जनजीवन विपत्तिग्रस्त भएको छ। अमेरिकाको Washington Post पत्रिकाले पोलैण्ड, हंगेरी, चेक र स्लोभाकियामा गरेको जनमत सर्वेक्षणले के देखाएको छ भने – त्यहाँ जनमत लिइएका मध्ये आधीले खुला बजार



*पूर्व-समाजवादी देश : यसरी मागिरहेछ*

अर्थतन्त्रले केही मानिसलाई मात्र धनी पार्छ भन्ने धारणा विकास गरेका छन्। उनीहरू अहिले "पुराना राम्रा दिन" को सम्झना गर्न थालेका छन्। पोलैण्डको जनमत सर्वेक्षणले देखाएको छ – त्यहाँ जनमत लिइएका मध्ये ३५.५ प्रतिशतले अहिलेको जिन्दगीलाई पहिलेको भन्दा खराब बताउँछन् र ३२.३ प्रतिशतले अहिलेको जीवनभन्दा १९८९ अगाडिको जीवन रूचाएका छन्। (तथ्यांक स्रोतः उही Beijing Review, Jan 27-Feb 2, 1992)।

यी सबै मुलुकहरूको बेहालको मूल कारण के रहेको छ भने – उनीहरूले अर्थतन्त्र र राजनीतिमा पश्चिमी साम्राज्यवादी मुलुकहरूले भने जस्तै आमूल परिवर्तन गरेपछि विदेशी सहायता ओइरिई हाल्नेछ भन्ने भ्रम पाले। त्यही भ्रममा अर्थतन्त्रलाई बेलगाम छोडी दिए। आफ्नो देशको वस्तुस्थिति अनुकूल कुनै रणनीतिक योजना र सोचविचार नबनाईकन नै खुला बजार-अर्थतन्त्र लागू गरे। तर पश्चिमेली देशको सहायता त्यसरी ओइरिएन। त्यो निकै ढीलो आयो र निकै थोरै आयो। तर उता बजार खुला गर्नाले र सबै कुरा बजारमा छोडीदिनाले त्यसमा सर-कारको नियन्त्रण नै रहेन। अहिलेको बेहाल त त्यसैको परिणाम हो। यसले पूर्वी यूरोपेली देशलाई त्यस्तो भड्खालोतिर लान लागेको छ – जहाँबाट बाहिर निक्लिनु उनीहरूको निम्ति सारै कठीन हुनेछ। यसबाट सबैभन्दा कष्टप्रद स्थिति त्यहाँका कामदारहरूको हुनेछ जो महँगी र बेरोजगारीले नराम्ररी पिसिनेछन्। ❖

---

उनीहरूको मजदूर-वर्गीय अडान कमजोर थियो। यी मुलुकहरूले मजदूर-वर्गीय पार्टीलाई सुदृढ पार्ने कामलाई बेवास्ता गरे, मजदूर-वर्गीय पार्टीको नेतृत्वदायी भूमिकालाई र समाजवादी राज्यको एकीकृत नेतृत्वको कार्यक्षेत्रलाई कमजोर पारे, पूंजीवादी स्वामित्व-सम्बन्ध र पूंजीवादी आर्थिक प्रबन्ध-तरीका अङ्गीकार गरे, र साम्राज्यवादको विरूद्ध लड्नुको सट्टा साम्राज्यवादसित सिद्धान्तहीन तरीकाले सम्झौता गरे। संशोधनवादी नीतिहरूको फलस्वरूप समाज विस्तारै विस्तारै भ्रष्ट हुँदै गयो र समाजवादको "सुधार" र "पुनर्गठन" को निहुँमा "बहुलवाद" लागू गरेकोले समाजवादको पतनलाई झन छिटो पार्‍यो।

### बहुलवाद र समाजवाद

"वहुलवाद" समाजवादी समाजमा रहन दिन सकिदैन। "वहुलवाद" ले हिमायत गर्ने विचारधारामा "उदारवाद"- राजनीतिमा "वहुलीय व्यवस्था" र स्वामित्वको रूपमा "विविधता" त बाँच्नको लागि प्रतिस्पर्धाको बाहुल्य हुने व्यक्तिवाद र उदारवादमा आधारित पूंजीवादी समाजको विशिष्ट रूपको राजनैतिक पद्धति हो। समाजवादी समाज त समष्ठीवादमा आधा-रित हुन्छ र यसले आमजनताको एकतालाई नै आफ्नो प्राण सम्झन्छ; त्यसकारण समाजवाद "वहुलवाद" सित मिल्न सक्दैन। समाजवादी समाजमा "वहुलवाद" ल्याउनाले व्यक्तिवाद र उदारवादलाई हुर्काउँछ, जसले समाजको साझा हितमा अतिक्रमण गर्दछ, आँम जनताको एकता र सम्बद्धतालाई तोड्दछ र सामाजिक अव्यवस्था र गोलमाल ल्याउँछ। समाजवादी समाजभित्र विचार-धारामा उदारवाद, राजनीतिमा वहुदल व्यवस्था आउन दिनु त आखिरमा गएर समाजवादी समाजको जगलाई नै मत्काउने र जनताको सरकारलाई फाल्न खोज्ने उद्देश्य प्रेरित प्रतिक्रान्तिकारी चालबाजीलाई बाटो खोल्नु हो। विचारधाराको क्षेत्रमा संघर्ष राजनैतिक क्षेत्रमा संघर्षको आरम्भ हो र यो स्वभावतः विकसित हुँदै शासन सत्ताको लागि संघर्षमा पुग्दछ। इतिहासको अनुभवले के कुरा स्पष्ट देखाउँछ भने विचारधारालाई उदार पारेर समाजवाद-विरोधी विचारधारा प्रचार गर्न दिइयो र बहुदलीय व्यवस्थालाई सहन गर्ने भनी समाजवाद विरोधी पार्टीहरूका गतिविधिलाई छुट दिइयो भने वर्ग दुस्मन र प्रतिकृयावादी-हरूले टाउको उठाउने छन् समाजवाद विरोधी कार्यहरू गर्नेछन् र पछि गएर मजदूर-वर्गीय पार्टीलाई शासन-सत्ताबाट हटाउने छन्। संशोधनवादीहरूले पूँजीवाद संबन्धमा भ्रमपूर्ण धारणा लिए र समाजवादी सिद्धान्तलाई पूरै त्यागीदिए र पूंजीवादी ढङ्गको राजनीति र अर्थव्यवस्था पूरै लागू गरे, फलस्वरूप समाजवाद स्वतम भयो र पूंजी-वादको पुनरूत्थान भयो। एउटा पाइला छूट दिएर समाज-वादी सिद्धान्तबाट अलिकति हट्नाले दशवटा पाइला अनि सयवटा पाइला छूट दिन र पूरै हट्न पुगिन्छ, हुँदा हुँदै आखिरमा मजदूर वर्गीय पार्टीकै नाशको गम्भीर परिणाममा पुग्दछ।

> ***समाजवादको "सुधार" र "पुनर्गठन" को निहुँमा "बहुलवाद" लागू गरेकोले समाजवादको पतनलाई झन छिटो पार्‍यो।***

### अन्तर्राष्ट्रिय एकवद्धता

केही देशहरूमा समाजवाद स्वतम हुन जनाको कारण के पनि हो भने ती देशहरूले पार्टीहरू बीचको सम्बन्धमा स्वाधीनतामा आधारित अन्तर्राष्ट्रिय एकबद्धता सुदृढ पारेनन्।

समाजवादी मुलुकहरूले आफ्ना सम्बन्धमा अडिग भई पालन गर्नु पर्ने मूलभूत सिद्धान्त के हो भने – तिनीहरू एक गठ भएर परस्पर स्वाधीनताको आधारमा सहयोग गर्ने र अन्तर्राष्ट्रिय एकबद्धता सुदृढ पार्नको साथै आ-आफ्नो स्वाधीनता कायम राख्ने। स्वाधीनता मुलुक र राष्ट्रको प्राण हो। समाजवाद र साम्यवादको निर्माण प्रत्येक मुलुकलाई र राष्ट्रलाई इकाई बनाएर गरिन्छ; कुनै एक देशको कान्ति त्यही देशको पार्टी र जनता आफैले गर्ने हो। आ-आफ्नो मुलुकको खास परिस्थितिसित मिल्ने गरी कार्यदिशाहरू र नीतिहरू तयार गर्नु र त्यसलाई स्वाधीन रूपले कार्यान्वित गर्नु प्रत्येक मुलुकको पार्टीको अपरिहार्य अधिकार हो। प्रत्येक मुलुकको पार्टीले आफ्नो स्वाधीनतामा अड्नाले अरू मुलुकहरूका पार्टीहरूसितको अन्तर्राष्ट्रिय एकबद्धता सुदृढ पार्ने कामको कदापि विपरीत हुँदैन। समाजवादको हेतु एक एक मुलुकका जनताको राष्ट्रिय हेतु पनि हो र साथै अन्तरराष्ट्रिय हेतु पनि हो। प्रत्येक देशको कम्युनिष्ट पार्टी वा मजदूर पार्टीलाई आफ्नो स्वाधीनता कायम राख्ने अधिकार छ, साथै अरू मुलुकहरूका कम्युनिष्ट वा मजदूर पार्टीहरूको स्वाधीनताको कदर गर्ने र समाजवादी हेतुको विजयको लागि कामरेडपूर्ण तरीकाले एक गठ भई उनीहरूसित सहयोग गर्ने कर्तव्य पनि छ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा ठूला मुलुकहरूका र साना मुलुकहरूका पार्टी छन्; त्यसै गरी पुराना पार्टीहरू र नयाँ पार्टीहरू पनि छन्। ठूला मुलुकहरूका पार्टी साना मुलुकहरूका पार्टी भन्दा बलियो हुने र फलस्वरूप तिनीहरूले साझा लक्ष्यको लागि बढी योगदान दिन सक्ने कुरा त होइन भन्न सकिदैन। त्यसकारण ठूला मुलुकहरूका पार्टीहरू अन्तर्राष्ट्रिय

कम्युनिष्ट आन्दोलनलाई संरक्षण गर्न र विकसित पार्न आफ्नो बढी ठूलो अभिभारा छ भन्ने कुराप्रति सचेत हुनु पर्दछ, उनीहरूले आफ्नो भ्रातृ-पार्टीहरूलाई निस्वार्थ रूपले मदत दिएर साझा हेतु पूरा गर्न बढी ठूलो भूमिका लिनु स्वाभाविक कुरा हो। तैपनि ती पार्टीहरूले कदापि ठूलो शक्तिको अहंकारवाद लिनु हुँदैन। माथिल्लो पार्टी र तल्लो पार्टी वा नेतृत्व गर्ने पार्टी र नेतृत्वमा रहने पार्टी भन्ने कुरा हुन सक्दैन। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा एउटा केन्द्र रहेको र व्यक्तिगत पार्टीहरू यसका शाखा जस्तो भएको जमाना धेरै पहिले बितिसक्यो। समाजवादी मुलुकहरूका पार्टीहरूले पूर्ण समानता र स्वाधीनता सिद्धान्तहरूका आधारमा कामरेडपूर्ण तरिकाले एक अर्कोसित स्वभावतः सहयोग गर्नु पर्दछ। तर बितेको समयमा कुनै कुनै समाजवादी मुलुकहरूका पार्टीहरूले कम्युनिष्ट अन्तर्राष्ट्रियको जमानाको पुरानो रीतिस्थितिबाट आफू मुक्त हुन नसकेर अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको विकासमा ठूलो हानी पुऱ्याए। कुनै एक मुलुकको पार्टीले आफूलाई अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको "केन्द्र" हुँ भन्ने दावी गरेर अरू पार्टीहरूलाई यसो गर उसो गर भनी हुकुम दिन थाले। त्यस पार्टीले आफ्नो कार्यदिशा गलत नै भए पनि आफ्नो कार्यदिशाको अनुशरण गर्न अरू पार्टीहरूले मानेनन् भने त्यस्ता पार्टीहरू माथि दवाव दिने र तिनीहरूको आन्तरिक मामलामा हस्तक्षेप गर्ने काम पनि नहिच्किचाईकन गऱ्यो। फलस्वरूप समाजवादी मुलुकहरूको बीचको विचारधारात्मक एकता र कामरेडपूर्ण सहयोगको सम्बन्ध धेरै कमजोर हुन गयो र यसले गर्दा एक गठको शक्ति बनेर उनीहरूले साम्राज्यवादको समना गर्न असम्भव हुन गयो। कुनै कुनै मुलुकहरूका पार्टीहरू ठूला शक्ति-राष्ट्रहरूको दवावको सामु झुके र अर्काको इशारामा नाचे, र यसको नतीजा के भयो भने ठूला मुलुकहरूले संशोधनवादको बाटो लिए पछि तिनीहरूले पनि खुरक्क संशोधनवाद स्वीकारे र अरूले गऱ्यो भन्दैमा "सुधार" र "पुनर्गठन" स्वीकारे। त्यसकारण सोभियत संघमा र पूर्वी यूरोपमा समाजवाद खतम भयो र यो निकै गम्भीर घटना हो। महान नेताले केही समय पहिले भन्नु भए झै कुनै मानिस तावेदारीवादमा लाग्यो भने ऊ मूर्ख बन्दछ, राष्ट्रले तावेदारीवादको बाटो लियो भने देशको सत्यानास हुन्छ र पार्टीले तावेदारीवादको बाटो लियो भने त्यसले क्रान्ति र निर्माणलाई खतम पार्छ। केही मुलुकहरूले तावेदारीवादको बाटो लिएर समाजवादलाई खतम पारेको तथ्य नेताको शिक्षा सही छ भन्ने कुराको ज्वलन्त प्रमाण हो।

इतिहासको अनुभवले के देखाउँछ भने मानिसहरूले (जनताले) समाजवादमा र सही पथप्रदर्शक कार्यदिशामा बलियो आस्था राखेर क्रान्तिको हाँक्ने शक्ति स्थिर रूपले बलियो पार्दछन्, जस्तोसुकै परिस्थितिमा पनि समाजवादी सिद्धान्तमा अडिग भएर रहन्छन् र स्वाधीनताको आधारमा कामरेडपूर्ण एकता र सहयोग सुदृढ पार्दछन् भने समाजवादी हेतु विजयको बाटोमा अगाडि बढ्दै जान्छ, नत्र यसले हारको सामना गर्न परेर खतम हुन्छ। मानव जातिले समाजवादको बाटोमा हिंड्दा सिकेको गम्भीर पाठ यही हो। ❖

("समाजवादको निर्माणमा ऐतिहासिक शिक्षा तथा हाम्रो पार्टीको सामान्य कार्यदिशा" पुस्तिकाबाट उद्धृत)

**नोटः यसमा प्रयुक्त मूल शीर्षक र उपशीर्षक "मूल्यांकन" ले दिएको हो।**

# रूसमा अहिले कस्तो बेहाल छ?

## त्यहाँ अहिले सरकार नै नभएको अनुभूति हुन्छ

***रूसबाट भर्खरै फर्केकाहरूसितको अन्तर्वार्ता***



*तूक प्रसाद पौडेल*



*हरिशंकर श्रेष्ठ*

संसारकै एउटा महाशक्तिका रूपमा चिनिएको सोभियत संघ समाजवादको सर्वनाश संगसंगै थुप्रै टुक्राहरूमा विभाजित भएको छ। त्यसमध्ये सबैभन्दा ठूलो गणतन्त्र रूस हो। विश्वमै समाजवादको मातृभूमिको रूपमा चिनिएको रूसमा समाजवाद ध्वंश गरिएको छ, कम्युनिष्ट पार्टीमाथि प्रतिवन्ध लगाइएको छ। त्यहाँ अहिले समाजवादको ठाउँमा पूँजीवादी बजार-अर्थतन्त्र लागू गरिएको छ र पूँजीवादी बहुदलीय व्यवस्थाको घोषणा गरिएको छ।

पूँजीवाद लागू गरिएपछि त्यहाँको हालत के भएको छ? जनताको जीवनस्थिति कस्तो भएको छ? त्यहाँका मानिसहरू अहिले के भोगिरहेका छन्, के सोचिरहेका छन्? यो धेरैको चासोको विषय भएको छ। यो जिज्ञासा हल गर्ने उद्देश्यले हामीले मस्कोको जन मैत्री विश्वविद्यालयमा ६-७ बर्षसम्म सिभिल ईञ्जिनीयरीङ्ग विषयमा अध्ययन गरेर भर्खरै फर्कनु भएका दुईजना विद्यार्थीहरू हरि शंकर श्रेष्ठ र तूक प्रसाद पौडेलसित प्रत्यक्ष कुराकानी गरेका थियौं। रूसको पहिलेको हालत र अहिलेको हालत दुवै आफैंले भोगेका र देखेका उहाँहरू कुनै पनि राजनीतिक विचारको पक्षधर हुनुहुन्नथ्यो। तथापि उहाँहरूको दुवैको निष्कर्ष थियो - त्यहाँको अहिलेको जिन्दगीभन्दा पहिलेको जिन्दगी धेरै राम्रो, सस्तो र सुखप्रद थियो। प्रस्तुत छ - उहाँहरूले व्यक्त गरेका विचारहरूको संपूर्ण अंश :

***रुसको हालको जीवन स्थिति र तपाईंहरू त्यहाँ शुरूमा जाँदाको जीवन स्थितिमा मुख्य मुख्य अन्तर के पाउनु भयो?***

हाल रूसमा जनजीवन अत्यन्त दयनीय बन्न पुगेको छ। सबैभन्दा दयनीय स्थिति मानिसहरूको जीवनस्तरमा देखिएको छ। पेन्सनमा ज्यूनेहरूको निम्ति त जीवन साह्रै बेहाल भएको छ। उनीहरू करीव ८०० रूबल पाउँछन्। तर त्यहाँ सरकारी पसलमा क्यू बसेर सामान किन्न पाइयो भने फगत खानकै निम्ति मात्र थोरैमा २००० रूबल पर्दछ। त्यसैले उनीहरूको विजोग भएको छ। युद्धमा ज्यान अर्पेर रूसलाई बचाएका वीर योद्धाहरू अहिले खानै नपाएर आफ्नो तक्मा जर्मनीलाई बेच्ने धम्की दिन वाध्य भएको दृश्य त्यहाँको टि.भी. मा देखाइएको थियो। त्यो धेरै मार्मिक कुरो थियो। त्यस्तै विजोग विद्यार्थीहरूको भएको छ। उनीहरू पनि त्यति नै छात्रवृत्ति पाउँछन्। उनीहरूलाई त्यतिले खानै पुग्दैन। पहिले हामीलाई ९० रूबल दिइन्थ्यो। त्यसबाट स्तरीय खाना खाएर पनि २० रूबल बच्दथ्यो। अहिले त्यही स्तरको खाना खाने हो भने न्यूनतम ४००० रूबल पर्दछ। अनि कसरी बाँच्ने?

सर्वसाधारणको जिन्दगी त स्वाहा नै भएको छ। पहिले ३ वर्ष अघि बटरको भाउ एक केजीको ३ रूबल ५० कोपेक (त्यहाँ पैसालाई कोपेक भनिन्छ) पर्दथ्यो। अहिलेको त्यसको भाउ करीव २०० रूबल भएको छ। अर्थात त्यसको भाउ ५६१४ प्रतिशत बढेको छ। चीजको भाउ पहिले एक के.जी.को २ देखि ३ रूबल पर्दथ्यो। अहिले त्यसको मोल पनि २०० रूबल भएको छ। दूधको भाउ एक वर्ष अघिसम्म एक लिटरको एउटा प्याकेटको ३० कोपेक मात्र पर्दथ्यो। अहिले त्यसको भाउ २९०० प्रतिशत बढेर सरकारी पसलमै ९ रूबल पर्ने भएको छ। बाटोमा बेच्न राख्नेहरूको किन्ने हो भने १५ रूबल पर्दछ।

पाउरोटीको एक पाउण्डको ९ महीना अघि सम्म ६० कोपेक पर्दथ्यो। अहिले त्यसको भाउ १२ देखि १५ रूबल पर्दछ। अर्थात पहिले भन्दा १९०० प्रतिशतदेखि २४०० प्रतिशत महँगो पऱ्यो। चामल एक के.जी.को २ वर्ष अघि ८८ कोपेक पर्थ्यो। अहिले करीब ३० रूबल पर्छ। अर्थात यो ३३०९ प्रतिशत महँगो भयो। त्यो पनि सधैं र सबै ठाउँमा पाईंदैन। मासुको, खास गरी बीफको २ वर्ष अघि २ रूबल १० कोपेक प्रति केजी थियो। अहिले सरकारी दर नै ७५ रूबल पर्दछ। बाहिर बजारमा त त्यो १५० देखि २०० रूबल पर्दछ। चिनीको १ केजीको पहिले ९० कोपेक पर्दथ्यो। अहिले ७० रूबल पर्दछ। अर्थात पहिले भन्दा ७६७७ प्रतिशत महँगो। त्यसैले त्यहाँको महँगी प्रतिशतको आधारमा होइन, दोव्वरको आधारमा गणना गर्नु सजिलो होला। प्रतिशत त सुन्दा नै डर लाग्छ।

त्यहाँ बच्चाको लुगामा २० देखि ९० दोव्वर भाउ बढेको छ। ठूलाको लुगामा २० दोव्वर बढेको छ। पहिले १० रूबल जाने शर्ट अहिले त्यहाँ करीब २०० रूबल पर्दछ। प्रतिशतमा भन्दा यो १९०० प्रतिशत महँगो भयो। बस भाडामा २० दोव्वर भाउ बढेको छ र ट्याक्सीमा ३० दोव्वर। सलाईमा १६५ दोव्वर भाउ बढेको छ किनकि पहिले १ कोपेकमा पाइने सलाइलाई अहिले १६५ कोपेक पर्दछ। कापीमा ३० देखि ५० दोव्वर भाउ बढेको छ। फलफूलमा ७५ दोव्वर भाउ बढेको छ। मौसममा २ रूबलमा पाइने फलफूलको अहिले १५० रूबल पर्दछ। आलुको भाउमा ६० दोव्वर वृद्धि भएको छ। पहिले आलु



**बढी जसोले चाहिं गोर्वाचोभ, येल्सतीन र पहिलेको समाजवादी व्यवस्थामा रहेको भ्रष्ट नोकरशाहीतन्त्रलाई दोष दिन्छन्।**

१ के.जी.को १० कोपेक पर्दथ्यो। अहिले सरकारी दरमै ६ रूबल पर्दछ। बाहिर बजारमा त १५ रूबल पर्दछ। बन्दा कोभी एक के.जी.को पहिले ६ कोपेक पर्थ्यो। अहिले सरकारी दर नै १० रूबल छ। अर्थात भाउमा १६६ दोव्वर बृद्धि भएको छ। सलामी पहिले के.जी.को २ रूबल पर्दथ्यो। अहिले १५५ रूबल पर्दछ। अर्थात पहिले मन्दा ७७.५ दोव्वर महँगो। त्यहाँको मुख्य खाना नै आलु, बन्दा र सलामी हो।

यसरी बजार भाउ सरदर २० देखि ५० दोव्वर बढेको छ। प्रतिशतको आधारमा भन्ने हो भने १९०० प्रतिशत देखि ४९०० प्रतिशत हुन्छ। तर ज्याला र तलबमा भने १० देखि १५ दोव्वर मात्र बृद्धि भएको छ। प्रतिशतमा यो ९०० प्रतिशत देखि १४०० प्रतिशत मात्र हुन्छ। यसरी ज्याला र तलबको बृद्धिको दर मन्दा महँगीको बृद्धि दर धेरै अगाडि छ। यही कारणले त्यहाँका मानिसको जिन्दगी बेहालत भएको छ। अलिकता राम्रो स्थिति ट्याक्सी ड्राइभरहरूको र काला बजारियाहरूको मात्र छ।

खानै नपाएका बूढा बुढीहरू सरकारी पसलमा भोड्का (त्यहाँको रक्सी) दूध, चुरोट जस्ता वस्तुहरू क्यूमा बसेर किन्छन्। त्यसलाई सडकमा महँगोमा बेच्न बस्छन्। यस्तो दृश्य बग्रेल्ती देख्न पाइन्छ। पहिले यस्तो देख्नै पाइन्नथ्यो। बाटोमा अब माग्नेहरू पनि देखा परिरहेछन्। वेश्याको संख्या अहिले अधिकतम बढेको छ। अहिले होस्टेलमै आएर, बाटो बाटोमा बसेर "केटी चाहिन्छ?" भन्न आउँछन्, केटीहरू आफैं। पहिले पनि वेश्या त थिए, तर निकै थोरै र भूमिगत रूपमा।

पहिले त्यही सामान ३ दिन बाहिर छोड्दा पनि हराउँदैनथ्यो। अहिले आँखा झिमिक्क गर्नु हुँदैन, सामान चोरी भई हाल्छ। पकेटमारी र चोरी अहिले निकै बढेको छ। हामी नेपालीहरूको मात्र गएको एक महीनामा पाँच चोटी पकेट मारियो। पहिले यस्तो घटना सुन्ने पाइन्नथ्यो। अहिले गुण्डागर्दी पनि निकै बढेको छ। घूसखोरी त खुलेआम हुन थालेको छ। बेरोजगारहरू निकै बढ्न थालेका छन्। कारखानामा मजदूरहरूको निस्काशन पनि निकै बढिरहेछ।

***यसमा सरकारले के गरिरहेछ नि?***

त्यहाँ अहिले सरकार नै नभएको अनुभूति हुन्छ। चोरी गुण्डागर्दी भई राखेको हुन्छ। कोही सहायताको निम्ति आउँदैन। त्यहाँ त अहिले मनपरितन्त्र चलिरहेछ। महँगी अनियन्त्रित छ। सरकारले अहिले सामूहिक उत्पादनको निजीकरण पनि गर्न सकिरहेको छैन। नियन्त्रण पनि गर्न सकिरहेको छैन। समाज व्यवस्था पल्लो घाट न वल्लो तिरको भएको छ।

जमीन अहिले मुख्य समस्या भएको छ। सरकारले केही गर्न सकिरहेको छैन। जमीनलाई निजीकरण गर्ने काम सरकारले गर्न सकिरहेको छैन। किसानहरू सरकारसित १ टन गहुँको १३ हजार रूवल मागिरहेछन्। तर सरकार उनीहरूलाई ९ हजार रूवल मात्र दिन तयार छ। त्यो कुरा नमिलेर सामूहिक खेती गरिरहेका किसानहरू सरकारलाई अन्न नै दिई राखेका छैनन, बरू, भण्डार गरिरहेका छन्।

***रुस जस्तो विकसित देशमा वस्तुहरूको एक्कासी यति धेरै अभाव र महँगी हुनुको कारण के हो?***

सोभियत संघमा पहिले विभिन्न वस्तु विभिन्न गणतन्त्रमा बन्थे। कुनै वस्तु अन्य भाइचारा समाजवादी मुलुकबाटै झिकाइन्थे। त्यसरी विभिन्न वस्तुको मागको आपूर्ति गरिन्थ्यो। जस्तो, ट्रेनको डिब्बा रिगामा मात्रै बन्थ्यो। बस हंगेरीबाट झिकाइन्थ्यो। चिनी क्यूबाबाट। तर गणतन्त्रहरू धमाधम स्वतन्त्र हुन थालेपछि र अन्य भाइचारा समाजवादी मुलुक पनि पूँजीवादतिर गएपछि यो सम्बन्धको धागो टुट्यो। एक आपसमा निर्भर भएर चलिरहेको वितरण व्यवस्था भताभुंग भयो। सबैले आफ्नो गणतन्त्रमा उत्पादन गरिरहेको वस्तु अन्य मुलुकलाई दिन बन्द गरे। दिन परे पनि डलरमा भुक्तानी दिनुपर्ने माग गर्न थाले। तर त्यति धेरै डलर कहाँ पाउने? उनीहरूले आफ्नो बस्तु जहाँ सबभन्दा बढी नाफा हुन्छ, त्यहीं बेच्ने भए। यही अन्तर्निर्भरता टुट्नाले एक्कासी वस्तुहरूको अचाक्ली अभाव भएको हो। अभाव भएपछि महंगी त बढ्ने भइहाल्यो। सरकारले वितरण व्यवस्थामा कुनै नियन्त्रण नै कायम गर्न नसक्नाले महंगी अरू चर्किएको हो।

***यति धेरै अभाव, महंगी र कष्टदायक जीवन भएपछि मानिसहरूमा कस्तो मनोभाव आएको पाउनु भो?***

हामी बाहिरको मानिस त्यति धेरै भेट्न पाउन्नौं। तथापि हामीले जति मान्छे भेटेका छौं, उनीहरू चाहिं के भन्छन् भने- हामी अहिले मन्दा पहिले धेरै राम्रो जिएका थियौं। हिजोआज कम्युनिष्टहरूको सभा जुलुसमा मानिसहरूको सहभागिता बढ्दै गएको देखिन्छ।

तर भविष्यमा केही राम्रो होला कि भनेर आशावादी हुने मानिसहरू पनि धेरै छन्। त्यसैले त उनीहरू यति अचाक्ली हुँदा पनि सहिरहेका छन्।

***अहिले अधिकांश मानिसहरू यो स्थितिका निम्ति कसलाई दोष दिन्छन्?***

कैयन् मानिसहरू यस निम्ति गोर्वाचोभ र येल्सतीनलाई दोष दिन्छन्। पहिलेको समाजवादी व्यवस्थाले गर्दा दुःख पाइयो भन्नेहरू पनि कैयन् भेटिन्छन्। बढी जसोले चाहिं गोर्वाचोभ, येल्सतीन र पहिलेको समाजवादी व्यवस्थामा रहेको भ्रष्ट नोकर शाहीतन्त्रलाई दोष दिन्छन्। ❖

## रुसमा पढ्ने नेपाली विद्यार्थीहरूको विजोग

***विद्यार्थीहरूलाई त्यहाँ अहिले औसत १००० रूवल दिइन्छ। तर एकजना विद्यार्थीलाई अहिले न्यूनतम ५००० रूवल खर्च लाग्छ। यसरी हरेक महीना ४००० रूवल अर्थात् २५ डलर खर्च नपुग हुन्छ। यो पैसा नभएर त्यहाँ विद्यार्थीहरूको विजोग भएको छ। धेरैजसो विद्यार्थीहरूको घरबाट यो नपुग खर्च पठाउन सकिने स्थिति छैन। विद्यार्थीहरूले त तनावरहित भएर पढाईमा ध्यान दिन पाउनु पर्ने हो। तर त्यहाँ छात्रवृत्तिले खानै नपुगेर उनीहरू तनाव झेल्न वाध्य छन्। सरकारले यो समस्याको समाधान ननिकाल्ने हो भने तेस्रो / चौथो वर्षमा पढिरहेका विद्यार्थीहरू समेत पढाइ छोडेर नेपाल फर्कन वाध्य हुनेछन्। नेपालले संभावित दक्ष जनशक्ति गुमाउनु पर्नेछ। फर्कनु पर्ने विद्यार्थीहरूको भविष्य पनि बर्वाद हुनेछ। त्यसैले सरकारले तुरुन्तै प्रत्येक विद्यार्थीलाई कम्तीमा पनि २५ डलर दिने प्रवन्ध गर्नु जरूरी छ। अरू देशले यस्तो गर्न पनि थालेको छ। तर नेपालले गरेको छैन। अहिले रुसस्थित दूतावासमा यस निम्ति धर्ना पनि दिन थालिएका छन्। त्यसैले हाम्रो आह्वान छ कि–जन उदारदायी सरकारले यो समस्या तुरुन्त हल गरोस्।***



आक्रोशित विदेशी विद्यार्थीहरूको जुलुस

***– हरिशंकर श्रेष्ठ/ तुकप्रसाद पौडेल***

# नेपालको कम्युनिष्ट आन्दोलनका आधारभूत समस्याहरु

*२००६ सालमा ने.क.पा. स्थापना भए यता ४२ पर्ष वितीसकेका छन्। यी ४२ वर्षका सफलता र असफलताबाट पाठ सिकेर कम्युनिष्ट आन्दोलनलाई कसरी अघि बढाउने? यो अत्यन्त महत्वको सवाल भएको छ।*

*यसै सन्दर्भमा हाल एकातिर नेपाली कम्युनिष्टहरूप्रति जनआस्थाको लहर बढेको छ भने अकातिर कम्युनिष्ट आन्दोलनमा गंभीर समस्याहरू रहेका छन्। जरो राम्ररी पत्ता लगाएमा मात्र ती समस्या वा कमजोरीहरू हटाउनतिर हाम्रा प्रयत्नहरू निर्देशित हुने छन्। यसकारण, हामीले यस विषयमा प्रयत्न स्वरूप गतांकमा एक लेखका अतिरिक्त का. मोहन विक्रम सिंह, का. मदन भण्डारी र का. प्रचण्डसँग कुराकानी गरी उहाँहरूका विचारहरू प्रस्तुत गरेका थियौं। मूल प्रश्न उहाँहरू सवैलाई एउटै सोधिएको थियो– "नेपाली कम्युनिष्ट आन्दोलनले ४२ वर्ष पार गरिसकेको छ। यसमा के कस्ता आधारभूत दोष वा समस्या रहेका छन्, जसको कारणले नेपालमा क्रान्ति संभव भइरहेको छैन र क्रान्तिबारे स्पष्ट स्वाका बन्न संभव भइरहेको छैन?"*

*यसपालि प्रस्तुत छन् – का. शंभुराम श्रेष्ठ र का. कृष्णदास श्रेष्ठका यस संवन्धी विचारहरू:*



नै.क.पा. का संस्थापकहरू : का. निरञ्जन गोविन्द वैद्य, का. पुष्पलाल श्रेष्ठ, का. नरबहादुर कर्माचार्य, का. नारायण विलास जोशी

# नेपाली क्रान्तिको सिद्धान्त हामीसित छैन!

*शंभुराम श्रेष्ठ, नेता, नेपाल कम्युनिष्ट लीग*

***नेपाली क्रान्तिको सिद्धान्त नबन्नुको जरो कारण के हो भने शुरूदेखि अहिले सम्म नेपाली कम्युनिष्ट आन्दोलनमा Seriousness of Purpose (उद्देश्यमा गंभीरता) रहेन।***

मलाई सैध्दान्तिक कमजोरी भएर पनि यो समस्या भएको भन्ने लाग्दैन। नेपाली समाज ज्यादै पछौटे भयो भन्ने कारणले पनि यो समस्या भएको मलाई लाग्दैन। तेस्रो, जस्तो मैले मूल्यांकनमा पढें, क. प्रचण्डको माओत्से तुङको तीनवटा आधारभूत सिध्द्धान्त छन् बलियो कम्युनिष्ट पार्टी हुनुपर्छ भन्ने, संयुक्त मोर्चा हुनु पर्छ, भन्ने र लालसेना हुनु पर्छ भन्ने त्यो कुरा लागू नगर्दा नेपालमा सबै कुरा विग्रयो भन्ने उहाँको जुन भनाइ छ– यी तीन वटै कारण मलाई ठीक लाग्दैन।

नेपालका सबै कम्युनिष्ट नेताहरूले सैद्धान्तिक अध्ययन राम्रोसित नगरेको होइन। नेतृत्वदायी मानिसले थोर वहुत अध्ययन गरेका छन्। मार्क्स, एंगेल्स, लेनिन, स्तालीन, माओ सबैको अध्ययन गरेका छन्। त्यसैले General Theoritical Knowledge (सामान्य सैद्धान्तिक ज्ञान) भएन भन्ने मलाई लाग्दैन।

मूल कमजोरी चाहि. के हो भने अध्ययन त गऱ्यो तर अध्ययन गरेको कुरालाई पचाएको जस्तो मलाई लाग्दैन। हामीले अध्ययन गरेपछि अध्ययन गरेकै कुरालाई यहाँ लागू गर्ने त होइन नि। त्यसलाई digest गरेर (पचाएर) सारमा उहाँहरूले के भनेको हो भन्ने कुरालाई हेरेर नेपालको वस्तुगत परिस्थितिमा फिट भएको छ भने लागू गर्ने हो। उहाँहरूले भनेको कुरा पनि कतिपय त फिट नभैदेलान यो गर्नु पर्ने हामीले हो। यो गर्नको लागि हामीले अध्ययन गरेको कुरा पचाउनै पर्छ र नपचाउने भने अध्ययन गर्नुको कुनै अर्थ रहँदैन। यो किताबी अध्ययन मात्र हुन जान्छ। त्यसैले सैध्दान्तिक ज्ञान संवन्धमा समस्या चाहिं त्यो Digest नगर्नुको (नपचाउनुको) हो जस्तो लाग्छ। तर सैद्धान्तिक स्तर नै हाम्रो उठेन, त्यो चाहिं मलाई लाग्दैन।

नेपालको सन्दर्भमा भन्ने हो भने एउटा होइन, तीनवटा आधारभूत समस्या भएको मैले देखेको छु।

एउटा सबैभन्दा ठूलो कमजोरी के हो भने–आज नेपालमा कम्युनिष्ट आन्दोलन स्थापना भएको ४३ वर्ष भयो तर नेपाली क्रान्तिको सिद्धान्त वनेन। वाहिरको किताव पढ्यो। उनीहरूको अनुभव लियो, सबै गऱ्यो। तर खोइ त नेपालमा, जुन क्रान्ति हामीले गर्नु परेको छ, त्यही क्रान्तिको सिद्धान्त हामीसित छैन। शुरूदेखिअहिले सम्म यही समस्या विद्यमान छ। त्यो नहुँदा यहाँको आन्दोलन आगाडि जाने भन्ने त कुरै छैन। जानै सक्दैन। वरू जहिले पनि एक घटनापछि अर्को घटनामा असफलता भई रहन्छ। कामरेडहरूमा काम गर्ने जाँगर नहुनु, अनुशासन नहुनु–यी सबै यही कारणले भएका हुन्। तपाई हामीले जोड मात्र गरेर कार्यकर्ताहरू सक्रिय भएर, जाँगर चलाएर काम गर्दैनन्। उनीहरूमा भविष्य हाम्रो उज्वल छ, जितवाजी हांम्रो हुन्छ भन्ने बिश्वास हुनुपर्छ। यो हुनलाई लिएको जुन नीति छ, त्यो ठीक छ भन्ने महशुस हुनुपर्दछ। हामीले यो कार्यक्रम अप्नाएका छौं, यो नीति अप्नाएका छौं, त्यो यति यति कारणले ठीक छ भन्ने विश्वास उनीहरूलाई हुनु पर्दछ। त्यो हुनलाई त्यसको वस्तुगत आधार चाहियो। त्यो वस्तुगत आधार नभईकन त्यो स्तरको Conviction (विश्वास) पनि त आउँदैन। त्यसैले मैले सबैभन्दा ठूलो कमजोरी देखेको–नेपाली क्रान्तिको सिद्धान्त भईदिएन।

दोस्रो सबैभन्दा ठूलो कमजोरी अहिलेको सन्दर्भमा मैले देखेको कम्युनिष्ट आन्दोलन फुटेर यतिको टुक्राटुक्रीमा विभाजित हुनु हो।

तेस्रो कमजोरी अहिलेको सन्दर्भमा ख्रुश्चोभ र गोर्वाचोभको जुन प्रभाव परेको छ, त्यो ज्यादै ठूलो खतर।को रूपमा देखा परेको छ।

यसरी आधारभूत कमजोरीका रूपमा एउटा होइन, यी तीनवटा छन्। त्यसमा पनि तेस्रो कमजोरी हाम्रो यहाँको सिद्धान्तको कमजोरी भन्दा पनि बाहिरबाट आएको छ। त्यो नेपालको मात्र विशेषता होइन फेरि। पूरै संसारको विशेषता भई दिएको छ। नेपालको कम्युनिष्ट आन्दोलन पनि विश्वकै आन्दोलनको एउटा अंश भईदिएको हुनाले हामीले यसको विरूद्ध संघर्ष गर्नुपर्छ। यसको खराव असर जुन जुन समूहहरूमा, व्यक्तिहरूमा परिराखेको छ, त्यहाँ त्यहाँ घनीभूत विचारधारात्मक संघर्ष चलाउनु पर्छ। किनभने त्यो नगरीकन एक त नेपाली कम्युनिष्ट आन्दोलन नै ठाउँमा जान सक्दैन। दोस्रो सिंगै विश्वनै विग्रेपछि हामी मात्र सप्रन्छौं भन्ने कुरा नै हुँदैन, जवकि हामी त त्यसको एउटा अंश मात्र हौं। हाम्रो जति दायित्व नेपालको आफ्नो क्रान्ति सफल गर्नलाई हुन्छ, त्यतिकै विश्व क्रान्ति सफल गर्नलाई पनि हुन्छ। हामी हाम्रो प्रयास आफ्नो ठाउँबाट गर्छौं।

अघिल्ला दुईवटा समस्याहरू आधारभूत समस्याको रूपमा नेपाली कम्युनिष्ट आन्दोलनमा छन्। हामीले नेपाली क्रान्तिको सिद्धान्त त पैदा हुन सकेन भनेर भन्यौं, छैन भनेर भन्यौं। तर त्यसको कारण के त? कि त हामीले भन्नु पऱ्यो, हामी नेपाली भन्ने जात नै अरूको तुलनामा तल्लो स्तरको (Inferior) छौं। चिनीयाँहरूले आफ्नो सिद्धान्त बनाउन सक्छन्, कोरियालीहरूले आफ्नो सिद्धान्त बनाउन सक्छन, भियतनामीहरूले सक्छन्। रूसीहरूले सक्छन्। हामीहरूले मात्र नसक्नुको कारण के त? हामी पनि अरू जस्तै मानिस हौं भने हामीकहाँ मात्र नहुनुको कारण के त? विना कारणले हाम्रो क्रान्तिको सिद्धान्त नबनेको होइन।

मेरो विचारमा नेपाली क्रान्तिको सिद्धान्त नबन्नुको जरो कारण के हो भने शुरूदेखि अहिले सम्म नेपाली कम्युनिष्ट आन्दोलनमा Seriousness of Purpose (उद्देश्यमा गंभीरता) रहेन। उद्देश्यको गंभीरता भएन भन्नुको मतलव के हो भने क्रान्तिप्रति जुन क्रान्तिकारी दायित्वभाव हो, त्यो आईदिएन। त्यसमा पनि विशेष गरेर नेतृत्वदायी मानिस (leading member) हरूमा आएन। सामान्य Rank and file (कार्यकर्ता) हरूको कुरा बेग्लै हो। नेतृत्वदायी मानिसहरूमा आए पछि उनीहरूमा आउने हो।

नेतृत्वदायी मानिसहरूमा उद्देश्यमा गंभीरता नआउँदा खेरी त्यसको असर कस्तो पर्न गयो भने हाम्रो क्रान्तिको आधारभूत समस्या के हुन्, त्यो खोज्ने पट्टि नै लागिएन। नेपाली क्रान्तिका विशेषताहरू के हुन, त्यो खोज्ने पट्टि पनि लागिएन। नेपाली क्रान्तिको आधारभूत समाधान के हो त, त्यो पनि खोजिएन। जहाँ समस्या हुन्छ, त्यहाँ समाधान त अवश्य हुन्छ। समस्या बुझे पछि त्यसको समाधान खोज्नेतिर लाग्यो भने समाधान भेटिन्छ। हामीकहाँ के भयो भने क्रान्तिको आधारभूत समस्या के हो त्यो नै हामीले खोजेनौं, अनि समाधान कताबाट आउँछ? समस्या र त्यसको आधारभूत सैद्धान्तिक समाधान हाम्रो अगाडि छैन भने, तिनीहरूलाई लागू गर्ने र सफल बनाउने नीति हामीसित नहुनु पनि स्वाभाविकै हो। त्यसैले उद्देश्यमा गंभीरताको अभाव (Lack of seriousness of purpose) ले गर्दा खेरी खोज्ने पट्टि जाँने कोशीस नै भएन। जब खोज्दै नखोजे पछि भेटिने कुरा कसरी?

*हामी भन्छौं- मार्क्सवादी सिद्धान्तहरूको राम्रो ज्ञान भएन।* त्यो नभए पनि काम हुन्छ, भन्छु म। चेगुवेराको अनुभवलाई हामीले हेरौं। उहाँको लेखाइबाट के बुझिन्छ भने उहाँले मार्क्स, एंगेल्स, लेनिन, माओका रचनाहरूकै राम्रो अध्ययन गर्नु भएको रहेनछ। पछि



*मूल कमजोरी चाहि के हो भने अध्ययन त गऱ्यो तर अध्ययन गरेको कुरालाई पचाएको जस्तो मलाई लाग्दैन।*

*- का. शम्भुराम श्रेष्ठ*

उहाँहरू के भन्नु हुन्थ्यो भने- अहिले यो हामीले पढेर थाहा पायौं, त्यहाँको पनि ठीक त्यस्तै त्यस्तै अनुभव रहेछ। कुरा के हो भने उद्देश्यमा गंभीरता भए पछि मान्छेले खोज्नेपट्टि लाग्छ। जहाँ इच्छा त्यहाँ उपाय। खोजे पछि निश्चयै भेटिन्छ। हामी उतिकै वहकिएर हिंडयौं। हामीले यहाँ खोज्दै खोजेनौं, किनकि हाम्रो उद्देश्यमा गंभीरता नै थिएन। खोज्दै नखोजेपछि नेपाली क्रान्तिको सिद्धान्त कसरी बन्ने?

हाम्रो यहाँ फूट भयो। फूट हुन पनि त कारण चाहियो नि। हामी यहाँ कहाँ फरक छौं, त्यो त मूर्त रूपमा आउनु पऱ्यो नि। मोहन विक्रमजीले अवसरवादले गर्दा भन्नु भएको छ। त्यस्तै प्रचन्डले पनि भन्नु भएको छ। अवसरवाद कसरी आयो त? उहाँहरू भन्नु हुन्छ-हाम्रो एकदमै पछौटे मुलुक भई दिएको हुनाले हामीले मार्क्सले गरेको जस्तो गर्न सकेनौं। मार्क्सले गरे जस्तो हुने भई दिएको भए विकसित देशमा क्रान्ति हुनु पर्थ्यो नि? इंगलैण्डमा किन भएन? उहाँको अध्ययनको केन्द्र नै इंगलैण्ड थियो। अमेरिकामा किन भएन? फ्रान्समा किन भएन? अहिले सम्म संसारमा जति-ठाउँमा क्रान्ति भएको छ, तुलनात्मक रूपले पछौटे मुलुकमा भएको छ। रूस पनि त पछौटे मुलुकनै थियो, अन्य यूरोपेली देशहरूको तुलनामा। चीन त्यस्तै हो। भियतनाम त्यस्तै हो। क्यूवा त्यस्तै हो, कोरिया त्यस्तै हो। जहाँ समस्या हुन्छ, त्यही हुन्छ एक्सन पनि। मार्क्सवादले त खालि बाटो देखाउने कुरा हो। त्यसकारण पछौटे भएको हुनाले हाम्रो संस्कृति उठेन, अध्ययन उठेन भन्ने कुरा होइन मूल कुरा खोज्ने हो, मेहेनत गर्ने हो। समस्या भए पछि खोज्ने हो भने समाधान आउँछ। हामीले यहाँ खोज्दै खोजेनौं। किनकि हामीसित उद्देश्यको गंभीरता नै भएन।

***पूरक प्रश्नः यो उद्देश्यमा गंभीरता हामीमा नहुनुको कारण चाहिं के होला?***

के भन्ने, यसलाई अब? उरण्ठेउलापन भन्छन् नि। हामी शौखले कम्युनिष्ट आन्दोलनमा सरीक भयौं। तर गंभीरतापूर्वक भित्रैदेखि यो हाम्रो राष्ट्रको, जनताको समस्या हो भनेर अनुभूति गरेर आएको भएदेखि गंभीरता आउँछ नि। यो एउटा राम्रो सिद्धान्त ही र अन्त क्रान्ति भएकोछ भन्ने भरमा हामी क्रान्तिको पंक्तिमा सरीक भयौं। भित्रैदेखि (आस्था) Zeal फुट्नलाई त तपाई हामीले पनि यहाँको जनताको दुःख अनुभूति गर्नु पऱ्यो। एउटै वातावरणमा वसेर पनि सबैले बुझ्ने सबैले नबुझ्ने भन्ने कुरा हुँदैन।

माओको कुनै ठूलो शैक्षिक योग्यता थिएन। तर उहाँले शुरूमा जुन नीति अघि सार्नु भयो त्यो सही थियो। किनकि उहाँले जहिले पनि चीनको समस्या बुझ्नु हुन्थ्यो, खोज्नु हुन्थ्यो। अध्ययन गर्नु हुन्थ्यो, त्यतिखेर पार्टीको त्यही परिस्थितिमा अरू नेताहरू पनि थिए। कसैले रूसको नक्कल गरे। नानाकिङ्गको विद्रोह पिटर्सवर्गको विद्रोहको नक्कल थियो। रूसमा राजधानीमा क्रान्ति पहिले शुरू भएको थियो। त्यसैले चीनमा पनि त्यतिखेरको राजधानी नानकिङ्गमा शुरू गरियो। माओत्सेतुङले शुरूमै यसको विरोध गर्नु भएको थियो। ❖

# कम्युनिष्ट आन्दोलनले आफूलाई ठोस सैद्धान्तिक र राजनीतिक जगमा उभ्याउन सकेको छैन।

**कृष्णदास श्रेष्ठ**, *नेता, ने.क.पा. मालेमा*

***खास गरेर जुन उद्देश्य लिएर कम्युनिष्ट आन्दोलनको जन्म भएको हो, त्यो आन्दोलन आफैंमा अस्पष्टता र दुर्वोध्यताको चक्रव्यूहमा फसेको छ।***

हाम्रो मुलुकमा कम्युनिष्टहरू एउटा प्रमुख राजनीतिक शक्तिका रूपमा आई रहेको सुविदित तथ्य हो। वास्तवमा कम्युनिष्ट आन्दोलन निकै व्यापक भएर गई राखेको छ। संख्यामा पनि कम्युनिष्टहरूको निकै वृद्धि भएको छ। तर कम्युनिष्टहरू प्रभुत्वशाली र प्रभावशाली शक्तिको रूपमा उठ्न सकेका छैनन्।

खास गरेर जुन उद्देश्य लिएर कम्युनिष्ट आन्दोलनको जन्म भएको हो, त्यो आन्दोलन आफैंमा अस्पष्टता र दुर्वोध्यताको चक्रव्यूहमा फसेको छ। अर्थात यहाँ विद्यमान शासन सत्तालाई फालेर जनताको जनवादी राज्यसत्ता स्थापना गर्ने, शोषण र उत्पीडनबाट जनतालाई मुक्त गर्ने स्वतन्त्र जनवादी नेपालको निर्माण गर्ने काममा नेपाली जनतालाई संगठित र नेतृत्व गर्न सक्ने शक्ति यो वन्न सकेको छैन।

यसका प्रमुख कारणहरू छन्ः

पहिलो कारण त के हो भने कम्युनिष्ट आन्दोलन आफै विभाजित छ। आफैंमा विभाजित आन्दोलन कदापि बलियो र प्रभावशाली हुन सक्दैन।

दोस्रो कारण के हो भने नेपाली कम्युनिष्ट आन्दोलनले आफूलाई जब्बर तथा ठोस सैद्धान्तिक र राजनीतिक जगमा उभ्याउन सकेको छैन। शुरूमा पुष्पलालको महामंत्रीत्व कालमा यसले थोर वहुत सही दिशा लिएको थियो। तर मनमोहन र रायमाझीले नेतृत्व लिए पछि यसलाई सुधारवादी र समपर्णवादी दिशामा अग्रसर गराइयो। अहिले पनि कम्युनिष्ट आन्दोलनमा संशोधनवाद, अवसरवाद, संकीर्णतावाद जस्ता प्रवृत्तिकै बोलवाला छ। सैद्धान्तिक अस्पष्टता, भ्रम, अन्यौल, आदि व्यापक रूपमा भईरहेका छन्। यसभित्र मार्क्सवादी लेनिनवादी धारा पनि छ। तर विभिन्न कारणले यो सशक्त बन्न सकेको छैन।

तेस्रो कारण हो, मार्क्सवादी लेनिनवादी नेतृत्वको विकास नहुनु। आन्दोलन सही दिशामा बढिरहोस् भन्नाको लागि एउटा मार्क्सवादी लेनिनवादी नेतृत्वको विकास हुनु आवश्यक हुन्छ। तर त्यो अहिले यहाँ धेरैजसो समूहमा विकास भई रहेको छैन। संशोधनवादी र अवसरवादीहरूको हातमा नेतृत्व गए पछि कस्तो स्थिति हुन्छ, त्यसको ज्वलन्त साक्षी नेकपाको स्थिति हाम्रो सामु छ। संशोधनवादी र अवसरवादीहरू नेतृत्वमा हवी हुँदा पूर्व सेभियत संघ र पूर्वी यूरोपका मुलुकहरूको कस्तो स्थिति भयो, त्यो पनि आज हामी देखिरहेका छौं।

***पूरक प्रश्नः तपाईंले नेतृत्व गलत तत्वको हातमा परेको कुरा गर्नु भयो। नेतृत्व ठीक तत्वको हातमा कसरी पर्छ त? त्यो आफसे आफ पर्ने कुरा हो र?***

पार्टी र आन्दोलनमा यस्तो खालको व्यवस्था हुनु जरूरी छ, जसले गर्दा सही मानिसहरूले, योग्य मानिसहरूले, निष्कपट मानिसहरूले चाहिं नेतृत्व लिन सकून। यसको

लागि पार्टी र आन्दोलन भित्रै त्यस्तो व्यवस्था हुनु जरूरी हुन्छ।

***पूरक प्रश्नः त्यो व्यवस्था चाहिं कसले गरिदिन्छ त?***

स्वयम् पार्टीको काम हो त्यो।

***पूरक प्रश्नः पार्टीको नेतृत्व नै बेठीक भयो भनेर तपाई भन्दै हुनुहुन्छ, अनि वेठीक नेतृत्वले कसरी वन्दोवस्त गरिदिन्छ त त्यो ?***

त्यसैले आन्दोलनको एउटा ठूलो समस्या यो पनि हो कि त्यस्तो नेतृत्वको कसरी विकास गर्ने? यो सवालमा सवैको ध्यान जानु जरूरी छ।

***पूरक प्रश्नः यहाँले हाम्रो क्रान्तिको महत्वपूर्ण सवालमै हाम्रो प्रष्टता भईराखेको छैन, सैद्धान्तिक रूपले एउटा जब्बर जगमा हाम्रा कम्युनिष्ट पार्टीहरू उभिएनन् भनेर भन्नु भयो। त्यस्तो चाहिं किन भयो त? जब्बर जगमा उभिन के गर्नु पर्छ भन्ठान्नु हुन्छ?***

वास्तवमा आजको प्रमुख समस्या हो – कम्युनिष्ट आन्दोलनलाई सही सैद्धान्तिक, राजनीतिक धरातलमा उभ्याउने र एउटा एकीकृत सुदृढ संगठनमा त्यसलाई आवद्ध गर्ने। हामीलाई के लाग्छ भने मार्क्सवाद लेनिनवाद र माओ विचारधाराका क्रान्तिकारी शिक्षाहरू, र संगठनका मार्क्सवादी सिद्धान्तहरूको आधारमा मात्र कम्युनिष्ट आन्दोलन साँच्चिकै सशक्त र प्रभावकारी वन्न सक्छ। यो सारै आधारभूत सवाल हो। यो कम्युनिष्ट आन्दोलनलाई गुणात्मक रूपले माथि उठाउने सवाल पनि हो। यसको लागि सवै कम्युनिष्टहरूले कठोर र कष्टसाध्य संघर्ष चलाउनु पर्दछ।

***पूरक प्रश्नः के सवालमा?***

यो संघर्ष दुई मोर्चामा हुनु जरूरी छ–एउटा पूँजीवादी संशोधनवादी धाराहरू छन्, त्यसको विरूद्धमा। अर्को वामपन्थी संकीर्णता र नक्कली क्रान्तिवाद जस्ता प्रवृत्तिहरू विरूद्ध संघर्ष चलाउनु आवश्यक छ।

***पूरक प्रश्नः यहाँले भन्नुभयो कि नेपाली कम्युनिष्ट आन्दोलन सही सैद्धान्तिक राजनैतिक धरातलमा उभिनु पर्छ। त्यो उभिनको लागि थाल्नु पर्ने पहिलो कदम के हो?***

यो काम संघर्षबाट थालिनु पर्छ–जस्तो गलत विचारधाराको विरूद्ध गलत प्रवृत्तिहरूको विरूद्ध। यो संघर्षबाट शुरू गरे पछिनै कम्युनिष्टहरूको सैद्धान्तिक स्तर पनि उठ्न सक्छ। कुनै पनि मुलुकमा मार्क्सवादले जग हाल्ने कुरा संघर्षबाट मात्रै हुन सक्छ। कम्युनिष्ट आन्दोलनमा गलत प्रवृत्ति विरूद्ध संघर्ष गरेर मात्र त्यसलाई ठीक ठाउँमा ल्याउन सकिन्छ। त्यसकारण हाम्रो थालनी संघर्षबाट गरिनु पर्छ।

***पूरक प्रश्नः यहाँले माथि फूटलाई पहिलो कारणका रूपमा, आधारभूत समस्याको रूपमा राख्नुभयो। वास्तवमा फूट कारण हो कि परिणाम?***

यो एक किसिमले परिणाम हो। किनभने अवसर वादी र संशोधनवादीहरूको हातमा नेतृत्व परेपछि स्वभाविक रूपमा फूट हुन्छ। यो फेरि अहिले वलियो हुन सक्नुको कारण पनि हो।

> ***कम्युनिष्ट आन्दोलनमा गलत प्रवृत्ति विरूद्ध संघर्ष गरेर मात्र त्यसलाई ठीक ठाउँमा ल्याउन सकिन्छ।***
>
> *का. कृष्णदास श्रेष्ठ*



***पूरक प्रश्नः अवसरवादी र संशोधनवादीहरूको हातमा नेतृत्व पुग्नुको कारण चाहिं के हो नि?***

त्यसको कारण चाहिं के हो भन्दाखेरी कम्युनिष्ट आन्दोलन एउटा सही आधार लिएर अगाडि बढ्न सकेको छैन। यहाँ सैद्धान्तिक अस्पष्टता छ। त्यसको कारणले अवसरवादीहरूले प्रभाव जमाउन सकेका छन्। कम्युनिष्टहरूको सैद्धान्तिक राजनीतिक स्तर उठाएर मात्र यो समस्या हल गर्न सकिन्छ।

***पूरक प्रश्नः कम्युनिष्टहरूमा सैद्धान्तिक अस्पष्टता चाहिं किन भयो होला?***

एउटा त सिद्धान्तको पक्ष हाम्रो आन्दोलनमा सारै उपेक्षित रहयो। हाम्रो आन्दोलनको सवैभन्दा वेवास्ता गरिएको पक्ष नै सैद्धान्तिक पक्ष हो। ४२ वर्ष विती सक्दा पनि कुनै एउटा ठोस राम्रो किताव ननिक्लनु, त्यस्तो किताव निकाल्नमा कम्युनिष्टहरूले वास्ता नगर्नु: यो नै एउटा सिद्धान्तप्रतिको वेवास्ता हो। त्यसैले हाम्रो कम्युनिष्ट आन्दोलनमा कार्यकर्ताहरूको सैद्धान्तिक राजनीतिक स्तर उठाउनु एउटा ठूलो सवाल हो। ❖

San Miguel®
BEER
"ONE OF THE WORLD'S BEST BEERS."

# के हामी केवल काल कुरेर बाँचीरहेका हौं?

## (ढोङ सम्बन्धी डी. आर. पोखरेलका विचारहरूबारे एकाध विचार)

-खगेन्द्र संग्रौला



-खगेन्द्र संग्रौला

"मूल्यांकन" को अंक ३ र ४ मा गरी श्री डी. आर. पोखरेलका दुईवटा लेख प्रकाशित भएका छन्। अंक ३ मा "ढोङ : विभाजित मनस्थितिको उपज" र अंक ४ मा "स्वतन्त्रता र प्रतिबद्धता"। यी दुई लेखका शीर्षक फरक-फरक भएतापनि दुवै लेखको मूल विषय मानिसले अँगाल्नु पर्ने तर नअँगालेको चिन्तन पद्धति र आचार-नीति हो। पोखरेलजीका विचारमा आजको मानिस उसको चिन्तन र आचार-व्यवहारमा ढोंडी भएको छ। यो ढोंडीपना, पोखरेलजीकै शब्दमा, "समाजको विकासमा वाधकको रूपमा देखा परेको छ।" यसबाट "नैतिक संकट, साँस्कृतिक संकट पैदा भएको छ। यस नैतिक-साँस्कृतिक संकटले गर्दा "समाजले कष्ट भोग्नु परेको छ" र आजको मिथ्याचारी मानिसले आफू सहित समाजलाई बर्बाद गरिहेको छ।" यस कष्टदायक र बर्बादीमुखी ढोङका स्रष्टा र अगुवाहरूमा "विचार वाहकहरू", "आफ्नो जीवनबारे थाहा नभएका" तर "जनताको मुक्तिको माला जप्नेहरू" "सत्यसित कुनै मतलब नभएकाहरू," सर्वश्रेष्ठ हुने धूनमा लागेकाहरू," विभाजित मन, खण्डित व्यक्तित्व र दोहरो चरित्र भएकाहरू र स्वतन्त्रता, प्रतिबद्धता र अप्रतिबद्धताका कुरालाई फेसनका रूपमा "जनतालाई ढाँट्न काम लाग्ने हतियार" बनाउनेहरू रहेका छन्। पोखरेलजीको ठहर अनुसार ढोङ र मिथ्याचार आज सामाजिक प्रगतिको बाटाको सबैभन्दा घातक तगारो हो र ढोङबाट मुक्त हुनु नै सामाजिक प्रगतिको मुख्य शर्त हो। पोखरेलजीको किटान अनुसार ढोङबाट मुक्त हुने पहिलो उपाय हो-इमान्दारी। र इमान्दारी प्राप्त गर्ने विधि हो-आत्म-निरीक्षणद्वारा आफ्नो पहिचान गर्नु। आफ्नो सक्कली रूप चिनेपछि पाखण्डको अन्त र सरलताको उद्घाटन हुन्छ। समाजिक प्रगति र सुखका निम्ति अविभाजित व्यक्तित्व निर्माण गर्ने अच्चुक बाटो यही हो।

प्रखर वेदान्तमार्गीको जस्तो लाग्ने पोखरेलजीको यो चिन्तन-शैली बडो रोचक छ। रोचक शैलीमा प्रस्तुत गरिएका उहाँका विचारहरू विचारणीय छन्। सर्सती हेर्दा सामाजिक प्रगति र मानव कल्याणप्रति चिन्तातुर जस्ता देखिने यी विचारहरू भित्र पसेर केलाउँदा भने मानव प्रगति र मानव कल्याणलाई प्रोत्साहित हैन, निषेध गर्ने जस्ता लाग्नेछन्। त्यसैले, पोखरेलजीको चिन्ता र उहाँको चिन्तन पद्धतिबारे म यहाँ केही चर्चा गर्नेछु।

"मानिसहरू खण्डित भएका छन्।" पोखरलेजीको पहिलो लेख यसरी शुरू हुन्छ। लेखको पहिलो वाक्य नै कुनै पूँजीवादी मनोविज्ञानविद्‌को कथन जस्तो लाग्छ। यहाँ समाजको यो वर्ग वा ऊ वर्गको, यो विचारको वा ऊ विचारको मानिसलाई संकेत नगरी समाजको आम मानिसलाई संकेत गरिएको छ। तर दुवै लेखमा ढोंडी चरित्रका स्रष्टा र वाहकका रूपमा भने वामपन्थी दलहरू, तिनका नेता, दलका समर्थक र शुभचिन्तकहरू र सिंगो वामपन्थी चिन्तनधारामाथि प्रहार गरिएको छ। ढोंडी चरित्रको मुहान र रक्षकको रूपमा रहीआएको समाज व्यवस्था, यसको चिन्तन परम्परा र यसको संस्कृतिप्रति लेख मौन छ। मानिसका जीवन मूल्यमा संकट आएको छ भन्दा लेखकले कुनै नौलो आविष्कारको उद्‌घोष गरेझैं हामीलाई लाग्न सक्छ। अर्थात् हिजो नैतिक र सांस्कृतिक सन्तुलन थियो, आज त्यसमा संकट आइलाग्यो। तर मेरो विचारमा यो संकट नौलो होइन। उहिले नै दास-मालिकको समाजमा के मानिसको जीवन-मूल्यमा संकट थिएन? के मध्य युगीन समान्तवादमा मानिसको जीवन-मूल्यमा संकट थिएन? शोषण, असमानता र अमानवीयतामा आधारित कुन समाजको जीवन-मूल्यमा संकट हुँदैन? मानव समाज वर्गमा विभाजित भएर जब शासक र शासित, शोषक र शोषित, सुविधा सम्पन्न र सुविधा विहीन समूहमा यो खण्डित भयो तब-देखि नै मानिसको जीवन-मूल्यमा संकट पैदा भएको हो। मानिसको चिन्तन र व्यवहारमा ढोङको थालनी भएको पनि त्यहींदेखि हो। समाजको स्वरूप अनुसार सांस्कृतिक नैतिक संकटको मात्रा, रूप र अभिव्यक्ति फेरिंदै आएको छ। तर विभाजित मानसिकता, दोहोरो चरित्र र सांस्कृतिक संकटबाट कुन चाहिं वर्गीय समाज मुक्त छ? समाजमा सर्वत्र व्याप्त रहेको चिन्तन र चरित्रको यो विकृति वामपन्थी आन्दोलनमा कतै प्रकट हुनगयो भने त्यसप्रति चिन्तित हुनु न्यायोचित हो र त्यससँग जुध्न आन्दोलनलाई सघाउनु प्रत्येक वामपन्थी लेखकको नैतिक कर्तव्य पनि हो। तर चिन्तन र चरित्रको यस विकृतिको स्रष्टा, वाहक र पोषक नै वामपन्थी आन्दोलन हो भन्ने किसिमको आशय प्रकट गर्नु आफ्नो सिद्धान्तनिष्ठा र आदर्शमाथि आफैंले जानाजान बन्चरो उजाउनु हैन र?

सांस्कृतिक अधोपतनको उल्लेख गर्दै पोखरेलजी यसो लेख्नुहुन्छः "आज समाजमा जुन संकट देखिएको छ, जुन सांस्कृतिक अधोपतन सर्वत्र छाएको छ, त्यसको मूलमा रहेको छ- ढोङ।" पोखरेलजीसँग हामी सोधनी गरौं: तर ढोङको मूलमा के रहेको छ नि? वामपन्थी आन्दोलन? यसको नेतृत्व? नेतृत्वले अंगीकार गरेको सिद्धान्त र आदर्श? कि समाजको प्रतिगामी वैचारिक-सांस्कृतिक परम्पराले आम जन-जीवनमाथि थोपरेको नैतिक विकार र विकृति? ढोङको मुहान के हो र हाम्रो प्रहारको मूल निशाना कतातिर हुनुपर्ने हो? वामपन्थी आन्दोलनमा प्रकट हुने नैतिक-सांस्कृतिक विकार र विकृतिको उचित निदान र त्यसको निर्मम आलोचना हुनु आजको खाँचो अवश्य हो। तर नैतिक विकार र विकृतिको मूल मुहानप्रति आँखा चिम्लेर यसरी अन्धाधुन्ध तारो हान्दा त्यसबाट आफ्नै आदर्श र सो आर्दशका वाहक आफ्नै वर्ग बन्धुहरू आहत हुनसक्ने र आफू समेत भागीदार रहिआएको वाम आन्दोलनलाई आघात पर्नसक्ने खतराप्रति हामीले अलिकता चनाखो हुनु नपर्ला र?

> पोखरेलजी समस्त ढोङहरू र जीवनमाथि तिनले गरिआएका अतिचारहरूको दोष "विचारवाहकहरू", "जनताको मुक्तिका माला जप्नेहरू," "वाम घेराभित्रका ठूला पार्टीहरू" माथि थोपर्नु हुन्छ, त्यसैले हामीले यहाँ यो प्रश्न उठाउनु स्वाभाविक छः विद्वान विचारक पोखरेलजीको यो चिन्ता, यो चिन्तन पद्धति र यो निस्कर्ष आफैमा कतै ढोङको नयाँ अध्यायको थालनी त हैन?

उसो भए विकृत चिन्तन र विकृत संस्कृतिका माध्यमले अभिव्यक्त हुने ढोङको मुहान के हो त? मेरा विचारमा यसको मुहान असमानता र अन्यायमा आधारित हाम्रो समाज व्यवस्था नै हो। यो समाज अन्तर्विरोधको माखे साङ्लो हो। अन्तर्विरोधी चिन्तन र आदर्शको जंजाल हो। यसको मूल अन्तर्विरोधी चिन्तन हो-बुर्ज्वा निजी सम्पत्तिको पवित्रताको सिद्धान्त र साथसाथै आर्थिक समताको स्वाँगे आदर्श। बुर्ज्वा निजी सम्पत्तिको पवित्रताले मानिसमा अतृप्त लोभ जगाउँछ। लोभबाट द्वेष पैदा हुन्छ। त्यसपछि कपट, जाल, प्रपंच, धुर्त्याइँ जस्ता मानवद्वेषी भावनाहरूको अनन्त श्रृंखला पैदा हुनछ। त्यसैले, पोखरेलजीलाई पिरोल्ने ढोङको मूल मुहान बुर्ज्वा निजी सम्पत्तिको पवित्रतालाई स्वीकार गरी आर्थिक समताको खोक्रो नारा लगाउने ढोंडी परम्परा हो। अर्थात् मुखले आर्थिक समताको मन्त्र जप्नु र व्यवहारले चाहिं अरूको ज्यानै निचोरेर भए पनि सम्पत्ति थुपार्ने चेष्टा गर्नु।

ढोङको अर्को मुहान हो-ढोंडी राजनैतिक सत्ता। यस सत्ताले शोषक वर्गको हितलाई टेवा दिनका लागि समाजका सबै वर्गहरूको हितको प्रतिनिधित्व गर्ने ढोङ रच्छ। शान्ति र सुव्यवस्थाका नाउँमा आम जन-जीवनमाथि अशान्ति र अव्यवस्था थोपर्छ। निस्पक्ष न्यायका नाउँमा, न्यायनिसापमाथि हुनेखानेहरूको



एकाधिकार खडा गर्छ। समान अवसरका नाउँमा धनसम्पत्तिको रासमाथि चढेकाहरू र भोका-नांगा हरि कंगालहरूको बीचमा निस्पक्ष होडबाजी चलाउने हवाइ कल्पना गर्छ, कानूनको शासनका नाउँमा हिंसाको शासन चालउँछ। स्वतन्त्र मताधिकारको नाउँमा अज्ञान र निर्धा नागरिकहरूका मतलाई पैसा, झूठ र हुल्लडबाजीका बलले आफूतिर खिच्छ। सहिष्णुताको नाउँमा आम जनताका जायज आकांक्षा विरूद्ध उग्र असहिष्णुता प्रदर्शन गर्छ, जातीय र सांस्कृतिक समानताका नाउँमा जातीय र सांस्कृतिक असमानताको नांगो व्यवहार गर्छ। नागरिकहरूका जीवनमा पलपलमा प्रभाव पारिरहने सत्ताका यी कार्यकलापहरू-भनाइ र गराइको यो फाटो-ढोङको अर्को मुहान यही हो। आर्थिक र राजनैतिक फाँटका यी र यस्ता परस्पर विरोधी कुराहरूको जगमाथि ढोङी संस्कृतिको सिंगो प्रणाली खडा हुन्छ। सत्तादेखि जनतासम्म, राजादेखि रंकसम्म, सम्पन्नदेखि विपन्नसम्म, ठूलो जात र जातिदेखि सानो जात र जातिसम्म सबै नै बिना अपवाद यस चक्रव्यूहभित्र कैदी बन्दछन्। त्यसैले ढोंगी समाजमा ढोङी सत्ताबाट पलपल प्रवाहित भइरहने ढोङले सिंगो समाजलाई नै ग्रास गरेको हुन्छ। तैपनि ढोङ र यसले मानव सम्बन्धमा र सामाजिक प्रगतिमा पार्ने बाधाअड्काउ सम्बन्धमा शोषक र शोषित वर्गहरूका दृष्टिकोणहरू भने फरक-फरक हुन्छन्।

दृष्टिकोणको यो भेद तिनको वर्ग स्वार्थद्वारा निर्धारित हुनेगर्छ, शोषक वर्गले प्रचलित ढोङहरूलाई साश्वत आदर्श, जीवनको अकाट्य वाध्यता, दैवको लेखा वा अपरिवर्तनीय अभिशाप ठान्छ र सत्ताको बलले यसलाई जोगाइ राख्न जिरह गर्छ। सनातन धर्म, प्राचीन संस्कृति, आफ्नो निजी मौलिकता, पितापुर्खाका पालादेखि चलिआएको रीतिथिति आदि जस्ता आग्रह र नाराका आडमा यी नानावली ढोङहरूलाई जोगाउने प्रयास गरिन्छ। ढोङी चलन र रीतिथितिलाई मास्न ढोङ पीडित जनताले आवाज उठाउँदा कहिले काहीं सानातिना टालटोले सुधारहरू पनि गर्ने गरिन्छ। सुधार, आग्रह, तर्क वा नारा जेसुकै होउन्, तिनका पछिल्तिर रहेको शोषक वर्गको दाउ हो- असमानता र अन्यायमा टिकेको शासन-सत्ताको क्रुरतालाई ढाकछोप गर्नु र यसलाई दीर्घजीवी तुल्याउने चेष्टा गर्नु। यसको विपरीत, शोषित वर्गले, विशेष गरेर शोषित वर्गका जाग्रत सदस्यहरूले, यस कष्टकारक र वर्वादीमुखी ढोङको विरोध गर्छन्। ढोङले मानिस-मानिस बीचको सम्बन्धमा दूरी र दुर्भावना खडा गरेको कुरा महशुस गर्छन, प्रेम र सद्‌भावनाको विकास हुन नसकेको कुरा स्वीकार गर्छन। र, मानिस-मानिस बीचको आनावश्यक दूरी र कष्टकर दुर्भावनालाई मेट्न र मानिस-मानिस बीचमा प्रेम र सद्‌भावको नाता गाँस्न सकिने सामाजिक वातावरणको सिर्जना गर्नका निन्ति ढोङलाई जरैदेखि उलेख्नु पर्ने मान्यता अँगाल्छन,। ढोङको सिंगो श्रृंखलाको मुहान ढोङी समाज व्यवस्था भएकोले ढोङमुक्त जीवन जिउनका निम्ति समाज व्यवस्थामा आमूल परिवर्तन गरिनु पर्ने तिनको धारणा स्पष्ट र दृढ छ। तर पोखरेलजीका लेखहरू ढोङप्रतिका यी फरक-फरक दृष्टिकोणहरू र ढोङलाई बचाउने र मास्ने कुरा माझका यी द्वन्दहरूबारे कतै चुँसम्म बोल्दैनन,। लेखहरूमा "मानिसहरू" भनेर पोखरेलजी कुनै निर्वर्गीय, अमूर्त मानिसलाई संवोधन गर्नुहुन्छ र समस्त ढोङहरू र जीवनमाथि तिनले गरिआएका अतिचारहरूको दोष "विचारवाहकहरू", "जनताको मुक्तिका माला जप्नेहरू," "वाम घेराभित्रका ठूला पार्टीहरू" माथि थोपर्नु हुन्छ,

> जीवन-यथार्थमा सकारात्मक र रचनात्मक चिन्तन र व्यवहार कतै फेला नपरेपछि मानिसका सामु मुक्तिको एउटै मात्र बाटो बाँकी रहन्छ। त्यो हो, एकान्त कुनाको अध्ययन, आत्म-चिन्तन, योगाभ्यास र अन्तमा बैयक्तिक मोक्ष वा निर्वाण। उहाँका सबैजसो विचारहरू कुण्ठित मनको उदास कुनाबाट निस्केका सर्व-निषेधकारी क्रोध जस्ता लाग्छन्।

त्यसैले हामीले यहाँ यो प्रश्न उठाउनु स्वाभाविक छः विद्वान विचारक पोखरेलजीको यो चिन्ता, यो चिन्तन पद्धति र यो निस्कर्ष आफैंमा कतै ढोङको नयाँ अध्यायको थालनी त हैन?

सर्वसाधारण मानिसहरू ढोङमुक्त छन् र "विचार वाहकहरू" मात्र ढोङग्रस्त छन् भन्ने पोखरेलजीको विचार छ। यस सम्बन्धमा उहाँ यसो लेख्नुहुन्छ : "सर्वसाधारण मानिसको जीवन त सरल हुन्छ। किनभने उनीहरूले त्यति धेरै कुरा बुझेका छैनन्, त्यति धेरै शास्त्र पढेका छैनन्, हो, उनीहरू परम्परागत मान्यताका शिकार त जरूर भएका हुन्छन्, तैपनि त्यसमा ढोङ भने हुँदैन।" यस भनाइबाट स्वभावतः केही प्रश्नहरू उठ्न सक्छन्। के ज्ञान नै ढोङको मुहान हो? हो भने, शास्त्र र ज्ञानलाई परित्याग गर्नु ढोङबाट मुक्त हुने उपाय हुन नसक्ला? के हाम्रो समाजका परम्परागत मान्यताहरू ढोङमुक्त र वैज्ञानिक छन् ? छैनन् भने, परम्परागत मान्यताका शीकार भएका सर्वसाधारण मानिसहरू कसरी ढोङमुक्त हुन सक्लान्? फेरि, शास्त्र पढ्नु र कुरा बुझ्नु नै ढोङी हुनु हो भने उन्नत स्तरको स्वतन्त्रता प्राप्त गर्नको निमित्त त्यति नै उन्नत स्तरको ज्ञान प्राप्त गर्नु पर्दछ भनेर पोखरेलजीले के भन्न खोज्नु भएको होला? मानिसलाई ढोङी बनाउने ज्ञान कुन हो र मानिसलाई उन्नत स्तरको स्वतन्त्रता प्राप्त गर्नमा सघाउ पुऱ्याउने ज्ञान चाहिं फेरि कुन हो ? पोखरेलजीको आत्मविरोधी चिन्तनबाट यस्ता अन्तर्विरोधी प्रश्नहरूको एउटा ठूलो श्रृंखला तयार हुन सक्छ। यस आत्म-विरोधी चिन्तनको दार्शनिक श्रोत के होला?

मैले माथि कतै उल्लेख गरें, ढोङी समाजमा राजादेखि रंकसम्म सबै नै ढोङहरूको श्रृंखलाबद्ध चक्रव्यूहका कैदी हुन्छन्। मानिस जति उपल्लो वर्ग, उपल्लो जात, उपल्लो पद वा ज्यास्ती सरसुविधाको भागीदार हुन्छ, उसको जीवन त्यति नै जटिल हुन्छ। र वर्ग, जात र पदको कारणबाट खाईपाई आएका असमान सरसुविधाहरूको रक्षा गर्न उसले त्यति नै बढी ढोङहरूको प्रदर्शन गर्न वाध्य हुनुपर्दछ।

यहाँनिर हाम्रा नाकै अघिल्तिरको एउटा ताजा तथ्यको उल्लेख गर्नु प्रासंगिक होला। हालै संसदीय अधिवेशनलाई संवोधन गर्न सदनमा राजाको सवारी भयो। सवारीमा राजसी कटुवालहरू राजदण्ड, श्रीपेच र तरबार बोकेर चिच्याउँदै, सांसदहरूका चित्तमा आतंकको भाव जगाउँदै अघिअघि आए। जन-निर्वाचित प्रधानमन्त्री, सभामुख र विपक्षी दलका नेताहरूले जदौ र पाउलागीको मुद्रामा भयातुर हुँदै राजालाई नमस्कार गर्न तँछाड-मछाड गरे। मध्ययुगीन सामन्ती धाक, रवाफ र तामसद्वारा जन-



निर्वाचित नेताहरूलाई आत्म-सम्मानहीन मूर्ति बनाउन पाएको त्यस क्षणमा राजालाई फेरि पनि आफू जरूर विष्णुको औतार भएँ भन्ने भ्रम भएको हुनुपर्छ। र नेता र कार्यकर्ता सांसदहरूलाई राजा विष्णुका औतार हुन् र आफू निजको तुच्छ ताबेदार हूँ भन्ने दुःखद अनुभूति भएको हुनुपर्छ। मनमा एक अर्काप्रति भएको वास्तविक घृणा र प्रतिशोधको प्रचण्ड भावनालाई दबाएर गरिएको सम्मान लेन-देनको यो भ्रान्तिकारी नाटकीय अभिनयभित्र कत्रो ढोङ छ। र यस ढोङभित्र आ-आफ्ना पद, प्रतिष्ठा र स्वार्थी सुविधाहरूको रक्षा गर्ने कत्रो इच्छा छ।। मानिस-मानिस माझका सम्बन्धहरूलाई विषाक्त तुल्याउने समस्त ढोङहरूको राजकीय मुहान यही हो। जब समाज यस प्रकारका ढोङहरूबाट मुक्त हुन्छ। तब मात्र समाजभित्रको नागरिक प्रतिगामी सत्ताले थोपरेका अनन्त ढोङहरूबाट मुक्त हुन्छ। यसरी मुक्त भएको मानिस मात्र पोखरेलजीले चिताउनु भएको अविभाजित व्यक्तित्व, निस्कलंक चरित्र र सरल व्यवहारयुक्त मानिस होला भनी आसा गर्न सकिन्छ। सामाजिक संघर्ष र श्रमको सामूहिक प्रक्रियाद्वारा समाजलाई र आफैंलाई पनि फेर्दै, खार्दै र परिष्कार गर्दै मानिस विस्तार-विस्तारै ढोङमुक्त हुनुसक्छ। यो प्रक्रिया अति कठीन, अति मन्द र अति कष्टकर हुने कुरमा कुनै शंका छैन। पोखरेलजीले औल्याउनु भएझैं आत्म-निरीक्षण, आत्म-पहिचान र आत्म-वोधको आध्यात्मिक विधिद्वारा मानिस एक्लाएक्लै र बेग्लाबेग्लै ढोङमुक्त हुन सक्लान् भन्ने कुरामा मलाई शंका छ। यहाँनिर अर्को प्रश्न उठाउनु उचित हुनेछ। त्यो हो - पोखरलजीले औंल्याउनु भएको ढोङ - मुक्तिको बाटो मोक्ष र निर्वाण प्रप्तिको बाटो हो कि जन-क्रान्तिद्वारा सिंगो समाजलाई र समाजभित्रको व्यक्तिलाई पनि ढोङमुक्त गर्दै जाने भौतिकवादी बाटो हो?

विषय प्रसंगलाई प्रस्ट पार्न फेरि पनि प्रश्न गरौंः के ढोङी समाजमा सर्वसाधारण मानिसहरू पोखरेलजीले भन्नु भएझैं ढोङमुक्त हुन्छन्? उत्तर सरल छः मानिस विराट सामाजिक यन्त्रको एक इकाई भएकोले र सहस्र सामाजिक सूत्रहरूद्वारा परस्पर आबद्ध हुने भएकोले ऊ सर्वथा मुक्त हुँदैन। स्वार्थको सरलता र जटिलताको सापेक्षतामा ढोङको मात्रा र जटिलता भने फरक हुनसक्छ। तर समाजको एक अंगका रूपमा जिउने मानिस त्यस समाजका सर्वव्यापी विकार र विकृतिबाट अछुत रहन सक्ने कुराको कल्पना गर्न असम्भव छ। हामीले अनुभवद्वारा देखे-भोगेको तथ्य के हो भने समाजको प्रत्येक उपल्लो पत्रको मानिसले तल्लो पत्रकोलाई र उही पत्रको एक मानिसले उही पत्रको अर्को मानिसलाई समेत

कजाउन आफ्नो भ्रामक श्रेष्ठताको ढोङ प्रदर्शन गर्नेगर्छ। उपल्लो जातको भनाउँदो एक हरिकंगालले तल्लो जातको भनाउँदो अर्को हरिकंगाललाई आफू ठूलो र चोखो जातको हुँ भन्ने ढोङको सहाराले ठग्ने गर्छ। उही परिवारको एक हरिकंगाल पोइले उही परिवारकी आफ्नी हरिकंगाल जोईलाई आफू पतिदेव भएको ढोङ रचेर गन्दे गोडाको पानी ख्वाउँछ। एक हरिकंगाल पुरैतले आफू भगवानको वारिसे भएको स्वाङ रच्दै त्रास र लोभको सहाराले आफ्नो हरिकंगाल जजमानलाई ठग्ने गर्छ। बेसहारा र विधवा बूढी आइमाईहरूलाई ठालूहरूको समाजले बोक्सी र डकिनी ठहर गर्छ र अरू बेस-हाराहरूले हो मा हो मिलाउँछन्। खोल्साखाल्सीहरूमा वा रण्डी कोठीहरूमा व्यभिचार गरेर चौतारीमा वा सडकमा निस्केका चोट्टाहरूले अरूलाई सदाचारका मीठामीठा उपदेश सुनाउँछन्। अरूलाई नानावली दुःख दिएर आफ्नो स्वार्थ पट्याउन पल्केका पापीहरू पापबाट मुक्त हुने ढोडी आसाले देवी-देउताको भजन-कीर्तन गर्छन्। दुनियाँलाई ठगेर धन-दौलत थुपार्ने महा कंजुसहरूले दुनियाँका नजरमा देखिने आफ्नो क्रुरतालाई छोप्न दान दातव्य, धर्मशाला-पाठशाला, पुराण-यज्ञादिमा एकाध पैसा खर्च गर्ने गर्छन्। कुलतीहरू आ-आफ्ना कुलतको औचित्य सिद्ध गर्न जीवनका दुःख र पीडा झेल्न नसकेका जस्ता अनेकन बहानाबाजी गर्छन्। औसरवादी र महत्वाकांक्षीहरू आफ्नो पलायन र स्वार्थलिप्सालाई मुनासिप ठहऱ्याउन पार्टीले आफ्नो योग्यता अनुसारको काम र मान नदिएको गुनासो गर्छन्। निजी आर्जन, सोख र सम्भोगमा निरन्तर क्रियाशील रहेका कपटीहरू सामूहिक हितका कार्यहरूबाट पन्छिनका लागि आफू जीवनदेखि नै "फ्रस्ट्रेटेड" भएको स्वाङ पार्छन्। ढोङको यस सर्वव्यापी श्रृंखलाबाट के सर्वसाधारण मानिसहरू अछुत रहन सक्लान्? रहन सक्छन् भने हामीले भन्नु पर्नेछः सर्वसाधारण मानिसहरू समाजमा हैन, कुनै एकलासे टापूमा एक्लाएक्लै जिउने गर्छन्। र, यसो भन्नु ढोङहरूको डंगुरमुनि थिचिएको अभिशप्त समाजमा अर्को एउटा ढोङ थप्नु हुनेछ।

पोखरेलजीले आफ्नो दोस्रो लेखमा पनि जीवन-मूल्य, नैतिकता र सच्चरित्रताका सन्दर्भमा स्वतन्त्रता र प्रतिबद्धताबारे आफ्नो विचार प्रस्तुत गर्नु भएको छ। उहाँका विचारमा हाल प्रचलित प्रतिबद्धता र स्वतन्त्रता सम्बन्धी "दुबै धारणा अन्धताबाट भने मुक्त छैनन्।" प्रतिबद्धताका पक्षधरहरूले "लकिरको फकिर जडसूत्रको मार्गमा टाँस्सिनुलाई स्वतन्त्रता बताएका छन्" भने स्वतन्त्रताका पक्षधरहरू पनि "अन्ध प्रतिबद्धताबाट मुक्त छैनन्"। यी दुई पक्षका व्यक्ति र शक्तिहरूको चिनारी दिँदै उहाँ लेख्नुहुन्छ-"यी पहिलो र दोस्रो विचारका वाहक भनेका हाम्रो आजको सन्दर्भमा वाम घेराभित्रका ठूला पार्टीहरू हुन्।" हाम्रो वामपन्थी राजनैतिक र सांस्कृतिक आन्दोलनमा हाल प्रतिबद्धता र स्वतन्त्रताका विभिन्न पक्ष र तिनिको द्वन्दात्मक सम्बन्धबारे वहस-विवादहरू चलि-रहेका छन्। तर पोखरेलजीले औंल्याउनु भएझैं स्वतन्त्रता र प्रतिबद्धता सम्बन्धी वहस-विवादमा संलग्न सरल ढंगले बुझ्न सकिने खालका दुई बेग्लाबेग्लै शिविर भएझैं मलाई लाग्दैन। वहसमा संलग्न दुबै पक्षले समस्याका दुबै पक्ष अर्थात् स्वतन्त्रता र प्रतिबद्धताको प्रश्नलाई एकसाथ उठाएका छन्। वहस चलिरहेको छ र वहसको क्रममा स्वतन्त्रता र प्रतिबद्धताको समाज सापेक्ष द्वन्दात्मक सम्बन्धको रूप र सार निर्धारण गर्ने प्रयत्न भइरहेको छ। वहसमा संलग्न दुबै पक्षका आ-आफ्ना सवल र दुर्वल गुणहरू हुन सक्लान्। वहसका दुई पक्ष एक अर्काका बैरी हैन, मित्र भएकाले दुबै पक्षका सवल गुणहरूको उचित संयोजनद्वारा कालान्तरमा सही निस्कर्ष निकाल्न पनि सकिएला। तर पोखरेलजी भने समस्यालाई यसरी हेर्न रूचाउनु हुन्न। उहाँ सिंगो वहसलाई अस्पष्ट, निरर्थक र निस्सार देख्नुहुन्छ। र, वहसमा संलग्न पक्षहरूले यस वहसलाई "केवल फेसनका रूपमा" "जनतालाई ढाँट्न काम लाग्ने हतियार" बनाएको दाबी गर्नु हुन्छ, सबै कुरालाई भकाभक नकार्दै जाँदा उहाँ समग्र वामपन्थी आन्दोलनमै सवल, स्वस्थ, सकारात्मक र रचनात्मक तत्व कहीं कतै केही पनि देख्नु हुन्न। त्यसैले आफ्नो तर्क र विश्लेषणको ठहरका रूपमा उहाँ भन्नु हुन्छ, "हामीकहाँ स्वतन्त्रता सम्बन्धी जुन विचारहरू छन्, ती मूल रूपमा आदर्शवादी वा विकृत भौतिकवादी चिन्तनमा आधारित छन।"

> **हाम्रो वामपन्थी आन्दोलनभित्र जाज्वल्यमान प्रकाशपुन्जका रूपमा आसा नहोलान्, तर के कतै आसाका क्षीण सम्भावना पनि छैनन्? पोखरेलजीको निस्कर्ष छ-छैनन्।**

हाम्रो राजनैतिक र सांस्कृतिक चिन्तनधारा र व्यवहारमा त्रुटी र कमजोरीहरू अनेक छन्, यो साँचो हो। पोखरेलजीको यस कथनसँग सजिलै असहमत हुन गाह्रो छ, यो पनि साँचो हो। तर चिन्तन र व्यवहारको यस नका-रात्मक धारभित्र कुनै अन्तरमा, कुनै अंशमा, झिनो र धमिलो रूपमै पनि सकारात्मक र रचनात्मक तत्व केही छैन त? पोखरेलजीको निस्कर्षले भन्छ-छैन। जीवन-यथार्थमा नकारात्मकता र ह्रास मात्र देख्ने, सकारात्मकता र रचनात्मकताको बीउ समेत कतै नदेख्ने पोरखरेलजीको यो दृष्टिकोण मार्क्सवादी-द्वन्दवादी होला कि निस्सार तावादी? यो दृष्टिकोण जीवनमुखी होला कि मृत्युमुखी? यस चिन्तनको दार्शनिक निचोड निकाल्दा "अहम् सत्य जगत् मिथ्या" पो होला कि।

आजको सिंगो वामपन्थी आन्दोलन एक ढोङ हो, आसारहित निस्सार ढोङी। -पोखरेलजीका विचारहरूले हामीसम्म संचार गर्न खोजेको सन्देश यही हो। यहाँनिर वामपन्थी आन्दोलनका एकाध व्यावहारिक दृष्टान्त अघि सारेर म एकाध प्रश्न उठाउन चाहन्छु। हालैको "नेपाल बन्द" आन्दोलनमा सरकारी संचार माध्यम मार्फत् रातोदिन जन-आकांक्षा विरूद्ध विष वमन गर्ने सत्ता-धारी दल र पछिल्लो "बन्द" को पूर्व सन्ध्यामा एक पटक मात्र उक्त माध्यमबाट आन्दोलन विरोधी विचार प्रकट गर्ने प्रतिपक्षी दलको चरित्र र जीवन-मूल्यमा गुणको भेद त नहोला भनौं, मात्रा भेद होला कि नहोला? चैत २४ को "बन्द" आन्दोलनका दिन आ-आफ्ना घरघरमा बसी आन्दोलनलाई नैतिक समर्थन गर्ने नेताहरू र असन चोकमा सत्ताले नागरिकहरूको हत्या गरेको लगत्तै हत्याकारी बन्दुकको नालतिर छाती फर्काएर जनहत्याको प्रतिकार गर्न आँट गर्ने नेताहरूका चरित्र र जीवनमूल्यमा गुणको भेद त नहोला भनौं, मात्रा भेद होला कि नहोला? जन-आकांक्षालाई कुल्चनका लागि सत्ताले भर्ती गरेका ज्यालादारी तन्नेरीहरू र जनताका सुखदुःखमा घुलमिल हुन खोज्दै र नानावली दुःखकष्ट झेल्न तयार हुँदै जनजागरणका सन्देश बोकेर विकट, अँध्यारा बस्तीका जनताका घर-दैलामा चहार्दै हिंड्ने वामपन्थी कार्यकर्ताहरूका चरित्र र जीवन-मूल्यमा गुणको भेद त नहोला भनौं, मात्रा भेद होला कि नहोला? सत्ताको तावे-दारी गर्दै आफ्नो निजी स्वार्थलाई पोस्ने बौद्धिकहरू र आफ्ना निजी स्वार्थहरूलाई जोखिममा पारेर दमनकारी सत्ताको अमानवीयता विरूद्ध उभिने बौद्धिकहरूका चरित्र र जीवन-मूल्यमा गुणको भेद त नहोला भनौं, मात्रा भेद होला कि नहोला? छ भने, यिनै मात्रा भेदहरूका अन्तर कुन्तरमा आसा र उज्यालोका लक्षण र सम्भावनाहरू नहोलान्? पोखरलजीको निस्कर्षले भन्छ- छैनन्। किनभने आजको सिंगो वामपन्थी आन्दोलन नै एक ढोङ हो। किनभने दमन र अन्याय विरूद्ध जुधिरहेका यी जननेताहरू, कार्यकर्ताहरू र बौद्धिकहरू ढोङी "विचारवाहकहरू" हुन्; "आफ्नोबारे थाहा नपाएका" तर "जनताको मुक्तिको माला जप्नेहरू" हुनः "सत्यसित कुनै मतलब नभएकाहरू" हुनः "सर्वश्रेष्ठ हुने धूनमा लागेकाहरू" हुन्; "विभाजित मनः विखण्डित व्यक्तित्व र दोहोरो चरित्र भएकाहरू" हुन्, र "आफू सहित समाजलाई बर्वाद गरिरहेकाहरू" हुन्। जीवनको तथ्य यही हो र आसा कतै छैन भने अस्तित्ववादी चिन्तकहरूले भनेझैं के आत्म-हत्या गर्न नसक्नाको अभिशापको कारणले मात्र हामी बाँचिरहेका हौं त?

ढोङबाट मुक्त हुने र स्वतन्त्रता प्राप्त गर्ने प्रक्रियाको चर्चा गर्दा पोखरेलजी ज्ञान प्राप्त गर्ने कुरालाई विशेष जोड दिनुहुन्छ। उहाँका अनुसार साँचो स्वतन्त्रताको स्तरसम्म उक्लने प्रक्रियाका खुट्किलाहरू यस प्रकार छन्- पहिले ज्ञान आर्जन, त्यसपछि आत्म-निरीक्षण, त्यसपछि आत्म-बोध, त्यसपछि उन्नत स्तरको नैतिकता र अन्तमा उन्नत स्तरको स्वतन्त्रताको प्राप्ति। फेरि पनि प्रश्न उठ्छः यो उन्नत स्तरको स्वतन्त्रताको शिखरसम्म उक्लने बाटो कुन हो? एकान्त कुनाको एक्लो अध्ययन र आत्म-चिन्तन कि सामाजिक संघर्षको प्रक्रिया मार्फत् ज्ञान आर्जन र सामूहिक प्रयत्नद्वारा वर्गीय मुक्ति र उन्नत स्तरको स्वतन्त्रता प्राप्ति? आफ्नो लेखको एक कुनामा पोखरेलजीले "समाजमै संघर्षको माध्यमद्वारा ज्ञान प्राप्त हुने हुन्छ" भन्नु भए तापनि लेखभरि फिंजिएको उहाँको चिन्तनले भने यस कुरालाई नकार्छ। जीवन-यथार्थमा सकारात्मक र रचनात्मक चिन्तन र व्यवहार कतै फेला नपरेपछि मानिसका सामु मुक्तिको एउटै मात्र बाटो बाँकी रहन्छ। त्यो हो, एकान्त कुनाको अध्ययन, आत्म,-चिन्तन, योगाभ्यास र अन्तमा बैयक्तिक मोक्ष वा निर्वाण। पोखरेलजीको दृष्टिले समग्र वाम आन्दोलनलाई "मूल रूपमा आदर्शवादी वा विकृत भौतिकवादी चिन्तनमा आधारित" ढोङ देख्छ। तर दुःखको कुरा, उहाँको चिन्तन र विश्लेषण पद्धतिमा द्वन्दवादको छनक कतै पनि देखा पर्दैन। उहाँका सबैजसो विचारहरू कुण्ठित मनको उदास कुनाबाट निस्केका सर्व-निषेधकारी क्रोध जस्ता लाग्छन्।

ढोङको विरोध र त्यसको उन्मूलन ढोङी परम्परा-भित्रैबाट र सामूहिक प्रयत्नका माध्यमले मात्र गर्न सकिन्छ। एक्लोदोक्लो प्रयत्नबाट एकै झमटमा ढोङलाई निमूर्ल पार्न असम्भव छ। पोखरेलजीले कल्पना गर्नु भएजस्तो पूरापूर ढोङमुक्त ज्ञानी यस जगत्मा आज मात्र हैन, निकट भविष्यमा पनि फेला पार्न गाह्रै पर्नेछ। ढोङ विरोधीहरू पनि कतै आदतवश र कतै वाध्यतावश ढोङी व्यवहार गर्दै ढोङको विरूद लड्ने गर्छन्। फेडरिख एंगेल्सलाई एकातिर मजदूर मुक्तिको सिद्धान्त प्रतिपादन गर्दै अर्कातिर कारखानाको मालिक रहिरहँदा मनमा कति चर्को द्वन्द, तनाव र पीडा भयो होला कल्पना गर्न

# नयाँ उद्योग नीति :
## नेपालका उद्योगपतिहरू के भन्छन्?

***औद्योगिक नीतिले समग्र अर्थतन्त्र र औद्योगिकरणको विकासको दिशामा निकै ठूलो महत्व राख्दछ। देशमा उद्योगहरू विकसित हुन्छन् कि हुँदैनन्, तिनीहरू कुन दिशामा र कुन तरीकाबाट विकास गर्छन भन्ने सवाल त्यो देशको औद्योगिक नीतिमै भर पर्दछ। र उद्योग विकासको चरित्र र दिशाले देशको समग्र अर्थतन्त्रको चरित्र र दिशालाई नै प्रभावित पार्दछ। यसले कृषि, व्यापार लगायत समग्र जनजीवनलाई नै प्रभावित पार्दछ। मजदूरहरूको नियतिलाई यसले सबभन्दा धेरै प्रभावित पार्दछ।***

***अर्थतन्त्र र जनजीवनमा यति धेरै असर पार्ने नयाँ औद्योगिक नीति सरकारले सार्वभौमसत्ता संपन्न भनिएको संसदमै छलफल नगराइकन कार्यान्वयनमा ल्याएको छ। यो "प्रजातन्त्रवादी" सरकारको कति प्रजातान्त्रिक आचरण भयो, बेग्लै छलफलको विषय हो। तर आखिर यो त लागू नै भइसकेको छ। यो निकै महत्वपूर्ण विषय भएको हुनाले यस विषयमा हामीले व्यापक अन्तर्क्रिया चलाउने विचार गरी गतांकमा नेपालका दुई प्रशिद्ध अर्थविद गोविन्द प्रसाद लोहनी र डा. देवेन्द्रराज पाण्डेका विचारहरू प्रस्तुत गरेका थियौं। यस पल्ट उद्योगको क्षेत्रमा प्रत्यक्ष रूपमा संलग्न केही व्यक्तिहरूसंग विभिन्न कोणबाट कुराकानी गरी लिइएका अन्तर्वार्ताहरू प्रस्तुत गरेका छौं।***

## कम्पीटिशन गर्न पनि कम्पीटिटिभनेश हुनु पर्छ



*– महेशलाल प्रधान*
सभापति, नेपाल उद्योग वाणिज्य संघ

***न्यून स्केल र मास स्केल वीच जुन खाडल छ, त्यति हामीलाई सरकारले सहुलियतका रूपमा दिनै पर्छ।***

***नेपालको नयाँ औद्योगिक नीति तपाईलाई कस्तो लग्यो?***

नयाँ उद्योग नीतिमा अहिले जुन सुविधाहरू छ, त्यो पनि कटौती गर्ने नीतिहरू छन्। संसारभरका सामानहरूसंग तपाईहरूले पनि कम्पीटिसन (प्रतिस्पर्धा) गर्नु पर्‍यो, कम्पीटिशन मात्रै एक मात्र उपाय हो भन्ने धारणा यसमा छ। नीतिगत कुराले कहाँ कति सहुलियत र सुविधा दिने भन्ने कुरा छैन। उहाँहरू (सरकारमा बसेका मानिसहरू) भन्नु हुन्छ, कम्पीटिशन गर। कम्पीटिशन गर्न पनि कम्पीटिटिभनेश (प्रतिस्पर्धा गर्न सक्ने स्थिति) हुनु पर्छ। जुन दिन सम्म कम्पीटिटिभनेश हुँदैन त्यो दिन सम्म कम्पीटिशन गरेर खान सकिदैन।

त्यसमा पनि नेपालको भौगोलिक स्थिति पनि विचारणीय छ। नेपालको केही चिजमा बाहेक धेरै चिजमा कच्चा पदार्थहरू वाहिरबाट ल्याउनु पर्छ। कच्चा पदार्थको मोल पनि कलकत्तादेखि यहाँ सम्मको-मालमै जोडिन्छ। हामीले सबभन्दा पहिले प्रतिस्पर्धा गर्नु पर्ने भारतसित होला। सबै सामान भारत कटाएर ल्याउनु पर्छ। अब भारतबाट सामान जम्मै यहाँ ल्याउँदा ढुवानी खर्च लाग्छ। कैयौं सामानमा त भारतबाटै कच्चा पदार्थ ल्याउनु पर्ने हुन्छ। कैयनको लागि भारत बाहेकका अन्य तेस्रो मुलुकहरूबाट ल्याउनु पर्ने हुन्छ। त्यसमा पनि के भने- हामीकहाँ तुरून्तातुरून्ती कच्चा पदार्थ पाइन्न। ढुवानीको कारणले अथवा इनभेण्ट्री कष्ट हामीले धेरै राख्नु पर्ने, स्पेयर पार्टस राख्नु पर्ने कारणले हाम्रो खर्च नै बढता हुन्छ। खर्च बढ्ता भएको कारणले भारतसित प्रतिस्पर्धा गर्दा हाम्रो सामान भारतको भन्दा १०/१५% महँगो हुने हुन्छ। माल नै महँगो हुन्छ, भारतको भन्दा।

अर्को कुरा के छ भने-सानो बजारको लागि बनाउने सामानको सबै स्केल (अनुपात) नै सानो हुन्छ। सानो स्केलले ठूलो स्केलमा बनाएको सामान संग प्रतिस्पर्धा गर्न नै गाह्रो हुन्छ। त्यसकारण त्यो सानो स्केलको सामान र ठूलो स्केलमा बनाएको सामानमा जति ग्याप (खाडल) हुन्छ, त्यति प्रोटेक्सन (संरक्षण) दिइएन भने नेपालमा उद्योग धन्दा चल्दैन। हिजो हामीलाई ३० प्रतिशत संरक्षण दिन्छु भनिएको, त्यो हामीलाई दियो दिएन जाच्न त पाइएको छैन। अहिलेको नियम कानून र नीतिले त्यो ३० प्रतिशतको प्रावधान काट्यो। अब भन्सारमा जति लाग्छ त्यो माध्यमबाट मात्र संरक्षण दिने भनिएको छ। त्यो अवसर कुनै कुनैमा ५ प्रतिशत लगाएको होला। १० प्रतिशत त हाम्रो भाउनै महँगो छ- यहाँ सामान बनाउँदा खेरी। त्यसैले भन्सारले मात्र संरक्षण दिन सक्दैन। त्यसकारण मुख्य कुरा के छ भने-न्यून स्तरको अर्थतन्त्र मास स्केलको (ठूलो अनुपातको) अर्थतन्त्रसँग जुध्न सक्दैन। त्यसैले न्यून स्केल र मास स्केल वीच जुन खाडल छ, त्यति हामीलाई सरकारले सहुलियतका रूपमा दिनै पर्छ।

अर्को कुरा के छ भने मूल्याङ्कन उचित हुनुपर्छ। यथार्थ हुनुपर्छ। किनभने मूल्याङ्कन तलमाथि पर्दाखेरी पनि वास्तवमा दिइएको सहुलियत न्यून हुन जान्छ। त्यसकारण त्यसलाई ठीकसँग मिलाउनु पर्छ।

***यो मूल्याङ्कन ठीकसँग मिलाउनु भनेको चाहिं के नि?***

ठीकसँग मिलाउनु पर्छ, भनेको जति मूल्य हुन्छ त्यतिनै हुनुपर्छ, घटीबढी हुनु हुँदैन।

***जस्तो?***

कुनै वस्तुको ४ रूपियाँ पर्ने भए चारै रूपियाँबाट भन्सार घटाउनु पर्छ। त्यसलाई ६ रूपियाँ मूल्याङ्कन गरेर भन्सार घटाए पनि सेंस (तात्पर्य) आउँदैन। तीन रूपियाँ गरे पनि सेन्स छैन। यथार्थ मूल्याङ्कन हुनुपर्छ। अर्को कुरा के छ भने, भारत र तिब्बतसँग प्रतिस्पर्धा गर्ने सामानको हकमा मूल्याङ्कनबाट अर्थ लाग्दैन। मूल्याङ्कन जति राख्ने पनि चोरी पैठारीबाट सामान आई दियो भने मूल्याङ्कनको कुनै अर्थ रहँदैन।

त्यसकारण, यो चोरी पैठारी रोकिनु पर्छ। यो चोरी पैठारीलाई पनि काम नलाग्ने गरीकन कर दरबन्दी यति कम गरिनु पर्छ, जसबाट चोरी पैठारी गरिएको मालसँग पनि हामी भिड्न सकौं। भनाइको अर्थ के हो भने कम कर अथवा राजस्व, टर्न ओभर उत्पादन बढी गरेर औद्योगिक उत्पादनलाई अघि बढाउनु पर्छ। यी तीनवटा कुरा मुख्य कुरा हुन्। यी कुराहरू औद्योगिक व्यवसाय ऐन र नयाँ औद्योगिक नीतिले समाधान गर्ने मैले देखेको छैन।

***नयाँ औद्योगिक नीतिले खुला बजार प्रतिस्पर्धा भनेर जुन सिद्धान्त प्रतिपादन गरेको छ, त्यो तपाईलाई कस्तो लागेको छ?***

हेर्नुहोस्, नीतिगत रूपमा अथवा नाराको रूपमा यो वहुत बेश कुरा हो। किनकि यो खुल्ला वातावरण भनेको कस्लाई मन पर्दैन? चराचुरूंगीदेखि लिएर सबैलाई यो मन पर्छ। रोकावट नभईकन हिँड्न पाउने, यो राम्रो हो। नाराको रूपमा ठीकै छ। तपाईले उदार अर्थतन्त्रको कुरा गर्नु भएको होला। सरकारी वन्देजहरू हटाउनु पर्‍यो। दश ठाउँमा परमीशन (अनुमति) लिने व्यवस्था छोड्नु पर्‍यो। यहाँसम्म कुरा ठीकै छ।

तर यतिले नै उद्योग विकास हुँदैन। मैले अघि जुन तीनवटा कुरा गरें, यो कुरालाई मनन गरेर समाधान गर्न सकियो भने खुला बातावरणमा जान सकिन्छ। यो समस्या समस्याकै रूपमा रही दियो भने खुला वातावरणमा जान सकिदैन। अन्ततोगत्वा उदार नीति वा खुला वातावरण भनेको प्रतिस्पर्धा हो। प्रतिस्पर्धामा जानका लागि चाहिने कुरा नभईकन हामी अन्तर्राष्ट्रिय बजारमा जान सक्दैनौं। मुख्य कुरा हो-कम ट्याक्स, बढी उत्पादनको सिद्धान्त नभए सम्म, बढी ट्याक्स कम उत्पादनको सिद्धान्तद्धारा हामी अगाडि जान सक्दैनौ। यी कुरा नभईकन कुनै पनि हालतमा हामी प्रतिस्पर्धामा जान सक्दैनौं। अहिले हाम्रो सिद्धान्त बढी ट्याक्स, कम उत्पादनको छ। कम ट्याक्स, बढी उत्पादनको सिद्धान्तमा गई दियो भने-पहिले त आन्तरिक कम्पीटिशन हुन्छ। पहिले आन्तरिक कम्पिटिशन नै नगरीकन एक्कैचोटि खुला रूपमा विश्वव्यापी प्रतिस्पर्धा गर्ने भन्ने कुरा यो चाहिं तुरून्त हुने कुरा होइन। पहिलेआन्तरिक कम्पिटीशन भयो भने यस्तो आपसी कम्पिटीशनबाट भाउ बृद्धि रोकिन्छ, क्वालिटी (गुणात्मक रूपले राम्रो) माल उत्पादन हुन्छ। त्यो अवस्थामा वाहिरको सामानसंग कम्पीटिशन गर्न सकिने हुन्छ। अहिलेको हाम्रो चरण यो हो।यो चरण नै नआइकन अर्को चरणमा हामी जान सक्दैनौं।

***सरकारले संरक्षण क्रमशः हटाउँदै जाने कुरा नयाँ औद्योगिक नीतिमा गरेको छ। त्यसबारे तपाईको धारणा नि?***

पहिलेको नीति नियमले ३० प्रतिशत संरक्षण दिने भन्ने कुरा गरेको थियो। त्यो अहिले झिकी दियो। अब सरकारले भन्सारमा संरक्षण दिने रे। १ प्रतिशत मात्र भन्सार लगाएकोलाई के दिनु हुन्छ उहाँहरू? ५ प्रतिशत भन्सार लाग्ने सामानलाई उहाँहरू पाँचै प्रतिशत छूट दिनु होला। तर ५ प्रतिशत भन्सार छूटले त हामी सर्भायभ गर्न (बाँच्न) सक्दैनौं। त्यसकारण हाम्रो माग के हो भने- राजस्व माध्यमबाट संरक्षण दिइनु पर्छ, भन्सार माध्यमबाट होइन। भन्सार भनेको त कुनैमा लाग्दै लाग्दैन। कुनैमा २ प्रतिशत लाग्ला। कुनैमा ५ प्रतिशत लाग्ला। कुनैमा १५ प्रतिशत लाग्ला। हाम्रो देश र भारतकै फरक १५ प्रतिशत छ भने भारत र यूरोपको फरक कति होला? कोरियासँग कति फरक होला? हाम्रो देश नै यस्तो छ भौगोलिक रूपमाः कच्चा पदार्थ भारत र अरू मुलुकबाट आउनु पर्ने। फेरि हामी कहाँ जम्मै सामानको पनि स्टक राख्नु पर्छ। जसले गर्दा प्रतिस्पर्धा गर्नको लागि हाम्रो लागत नै वढ्ता पर्छ। त्यसैले हिजोकै कर व्यवस्था राखेर प्रतिस्पर्धा गर भनिन्छ भने यो हुने कुरा होइन। ❖

# प्रतिस्पर्धाको वातावरण बनाउने जिम्मेवारी सरकारको हो!

– *विनोद चौधरी* उपाध्यक्ष, ने.उ.वा. संघ/उद्योगपति

***आज बजार-अर्थतन्त्रका नाममा जहाँबाट जे चीज सस्तो पर्छ, त्यो आयात गर्नु पर्छ भन्ने दृष्टिकोण राख्ने हो भने, अरू त अरू, म त भन्छु, कृषि क्षेत्रको उत्पादनसम्म पनि संभव हुँदैन।***

***नयाँ औद्योगिक नीतिले जुन सिद्धान्त अघि सारेको छ, त्यस संवन्धमा यहाँको धारणा?***

उत्तरः हुन त हेर्नुहोस्, औद्योगिक नीतिलाई मूर्त रूप दिने एउटा वलियो संयन्त्र हो- औद्योगिक व्यवसाय ऐन। यो अझै पनि आई सकेको छैन। यो ऐन ल्याउन अन्तिम पाइला सरकारले अघि सारेको छ। त्यसमा के कस्ता परिवर्तनहरू गरिएका छन् भन्ने कुरा चाहिं मलाई थाहा छैन। तर, धेरै हदसम्म पहिलेको उद्योग व्यवसाय ऐन भन्दा अहिले आउन लागेको उद्योग व्यवसाय ऐन जुन तह सम्म हामीले हेरेका थियौं त्यसबेला सम्म यो धेरै हद सम्म प्रगतिशील छ। के कति सम्म प्रगतिशील हुन सक्छ भन्ने कुरा पनि सापेक्षिक कुरा हो। म यसलाई के मानेमा प्रगतिशील भन्छु भने २०३८ सालको व्यवसाय ऐनलाई संशोधन गरेर २०४१ सालमा जे जस्ता कदमहरू चालिए, त्यसपछि २०४४ सालमा जे जस्ता कदमहरू चालिए, त्यसको दाँजोमा अहिलेको यो नीति निकै धेरै प्रगतिशील नीतिको रूपमा अगाडि आएको छ। यो नीति निर्माणको प्रक्रियामा उद्योग वाणिज्य संघको मंचबाट हामी पनि प्रत्यक्ष रूपले संलग्न थियौं। संलग्न भएको नाताले हामीले आफूलाई लागेका कुराहरू, Inputs पनि दिएका हौं। हुन सक्छ, हामीले दिएका सबैजसो कुराहरू त्यहाँ समाहित गरिएका छैनन्। हुनु पर्छ भन्ने पनि छैन। तर यसलाई यो भन्दा राम्रो पार्ने संभावना छैन भनेर म भन्दिन।

औद्योगिक नीति भनेको आफैंमा एउटा संपूर्ण कुरो चाहिं होइन। औद्योगिक नीतिले एउटा दृष्टिकोण, एउटा दिशा दिन्छ। तर त्यो दिशालाई अन्तिम उद्देश्यसम्म पुऱ्याउनका लागि, त्यो दिशाबाट राष्ट्रले र निजी क्षेत्रले चाहेको लाभ उठाउनको लागि त्यसमा विभिन्न तत्वहरू र सहयोगी संयन्त्रहरूको आवश्यकता पर्दछ। यो सहयोगी संयन्त्र नभएको खण्डमा जतिसुकै सकारात्मक, प्रगतिशील र व्यावहारिक औद्योगिक नीति किन नहोस्, हामीले चाहेको नतीजा हामी प्राप्त गर्न सक्दैनौं।

जस्तो अहिले नेपालले अप्नाएको कर संयन्त्र (Tariff mechanism) कै कुरा गरौं। उद्योगलाई लगाउने tariff, व्यापारमा लगाउने tariff, आयात हुने वस्तु, जुन नेपालमा पनि उत्पादन भई रहेको छ, त्यसमा लगाउने tariff र नेपालको स्थानीय उद्योगलाई लगाउने tariff यी सबैमा भन्सारको मूल्याङ्कन त्यतिकै महत्वपूर्ण हुन्छ, प्रतिशतको आधारमा कर मात्र नभईकन Amount (परिमाण) पनि त्यत्तिकै important हुन्छ। किनकि सतहमा दरवन्दी उठाएर हेर्दा खेरी तपाईले देख्नु होला- तयारी मालभन्दा finished goods (जडान गरिएका सामान) मा १०% भन्सार बढ्ता छ। तर २०% प्रतिशत त्यसको मूल्याङ्कन कम छ भने त्यो १० प्रतिशतको कुनै औचित्य रहेन। आज विक्रीकर र अन्तः शुल्क स्थानीय उद्योगले आफ्नो स्थानीय उत्पादनमा तिर्छ। भन्नुको अर्थ, आफ्नो विक्री मूल्यमा तिर्छ। आयात-कर्ताले आफ्नो आयात हुने मूल्यमा तिर्छ। प्रतिशत समान रहे पनि, परिमाणको हिसावबाट कुरा गर्दा स्थानीय उद्योगले तिर्ने परिमाण धेरै गुना बढ्ता हुन पुग्छ। यी कुरा हेर्दा मामुली कुरा हुन्। यस्ता कुराहरू Macrolevel र नीति निर्माणको तहमा विचार गर्ने कुरा हैनन्। यी त मिलाउनु पर्ने कुरा हुन्। तर हेर्दा मामुली लागेपनि अन्तत्वोगत्वा कुनै पनि उद्योगको अस्तित्व यस्तै integrities हरू माथि भर परि रहेको हुन्छ।

आज निरन्तर हामीले देखिरहेका छौं, खास गरेर गतः २ वर्ष ३ वर्षको दौरानमा भारतसितको हाम्रो व्यापार असन्तुलन तीव्र रूपमा बढिरहेको छ। हिजोसम्म नेपाल टि.भी.मा वा सडकका होर्डिंग बोर्डहरूमा ९० प्रतिशत विज्ञापनहरूले नेपाली उत्पादनलाई प्रतिनिधित्व गर्दथ्यो। आज ९० प्रतिशत भारतीय उत्पादनलाई प्रतिनिधित्व गर्छ। यो खुला-बजार हो, खुला-बजारमा जहाँबाट जे माल



विनोद चौधरी

**औद्योगिक नीतिलाई support गर्ने वित्तीय प्याकेज, Revenue अर्थात कर संवन्धी प्याकेज, पूर्वाधार प्याकेज-यी सारा प्याकेजहरूले यसलाई सहयोग गऱ्यो भने यस औद्योगिक नीतिबाट हामी वाञ्छित लाभ लिन सक्छौं। गर्न सकेनौ भने यो नीतिमाथि जति मिहेनत गरिएको छ, त्यो खेर जानेछ।**

आउन सक्छ, बजारको माग अनुसार त्यो आउँछ भन्ने तर्कको आधारमा यसलाई हामीले यसको पक्षपोषण गर्ने हो भने यसमा हामीलाई भन्नु केही पनि छैन। तर के तपाईले समान-व्यवहार पाउनु भएको छ त? तपाईको उत्पादनको लागि? आज यो उदार अर्थतन्त्र वा खुला-बजार अर्थतन्त्रको कुरा गर्ने जापान र अमेरिका जस्ता मुलुकहरूले बजार अर्थतन्त्रको परिभाषा, जुन रूपमा हामीले दिएका छौं, त्यही रूपमा परिभाषा गरेका छन् त? त्यो गरेको भए आज जापान र अमेरिकाको वीचमा जापानको कार र मोटर गाडीहरू निर्यात गर्ने कुराको विवाद उठ्ने थिएन नै होला। अमेरिकाद्वारा जापानमा क्यालिफोर्नियाको सुन्तला निर्यात गर्ने कुरामा विवाद उठ्ने थिएन होला। नेपाल जस्तो मुलुकमा अमेरिकाले गार्मेण्टको कोटा लाउनु पर्ने थिएन होला। हिन्दूस्थानले चाहिं ECC (यूरोपली आर्थिक समुदाय) लाई माल निर्यात गर्न गुणस्तर नियन्त्रणको संयन्त्रको नियम लगाउनु पर्दैनथ्यो होला। किनकि, गुणस्तर त बजारले निर्धारण गर्छ नि। सरकारले किन गर्ने?

भारतले अहिले लिएको वाणिज्य नीति अनुसार उसले भएभरको उपभोग्य वस्तुहरू आयात गर्न निषेध गरेको छ। आज भारतले मात्र आर्थिक उदारताको नीति नलिएको त होइन नि। उसमाथि पनि दाता राष्ट्रहरू, विश्व वैंक र आई.एम.एफ (अन्तर्राष्ट्रिय मुद्रा कोष) को कुनै न कुनै प्रभाव छैन भन्ने कुरा होइन। तर उसले जुन जुन एरियामा आफ्नो तागत छ, जुन जुन एरियामा उसले अन्तर्राष्ट्रिय, वहुराष्ट्रिय उद्यमीसँग र उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्छ, त्यहाँ उसले खुला छोडी दिएको छ। जुन क्षेत्रमा उसले "मेरो फौज तयार छैन" भन्ने विचार गरेको छ, अहिले त्यहाँ उसले आफ्नो संरक्षण राखेको छ।

संरक्षण भन्ने शब्द अहिले संसारमा गाली (abuse) जस्तै भएको छ। वास्तवमा कुरो त्यस्तो हैन। अवाञ्छित संरक्षण हुनु हुन्न। तर आफ्नो भौगोलिक स्थितिले, देशको आफ्नो विशिष्ट समस्याहरूले, स्थितिले गर्दा यदि तपाई कुनै राष्ट्रको उत्पादनसंग समान रूपले प्रतिस्पर्धा गर्न सक्नु हुन्न भने प्रतिस्पर्धा गर्न सक्ने वातावरण बनाउने जिम्मेदारी त्यो देशको सरकारको हो। आज बजार-अर्थतन्त्रका नाममा जहाँबाट जे चीज सस्तो पर्छ त्यो आयात गर्नु पर्छ भन्ने दृष्टिकोण राख्ने हो भने, अरू त अरू, म त भन्छु, कृषि क्षेत्रको उत्पादनसम्म पनि संभव हुँदैन। तपाईले थाइलैण्ड र वर्मामा जुन मूल्यमा चामल उत्पादन गर्न सक्नु हुन्छ, उनीहरूको जुन उत्पादनशीलता छ, लगानी छ, त्यसलाई तपाईं तुलना गर्नुहोस्, त्यो चामल आयात गर्दा नै बरू यहाँ सस्तो पर्छ होला। हाम्रो कर संयन्त्र र आयात नीतिले हाम्रो क्षमता र हाम्रो कमजोरी (strength & weakness) को बारेमा राम्रो ज्ञान राखीकन सो अनुसार आफ्ना नीतिहरू बनाउनु पर्छ। यसो भयो भने नेपालको उत्पादनले टेवा पाउँछ, यहाँको उत्पादन बढ्छ। उत्पादन बढ्नुको मतलव त्यसको वहुपक्षीय असर पर्दछ। त्यसलाई संकुचित भईकन "यो के हो र? यो १०-२० जना मान्छेलाई रोजगारी दिने त हो, त्यसले के फरक पर्दछ र" भन्ने सोचाइ राखेर हुँदैन।

हंगकंग र सिंगापुर जस्तो मुलुक, जसको आधारभूत विशेषता नै पारवाहन-व्यापारको केन्द्र हुनु हो, यिनीहरूले पनि जहाँ जहाँ जुन क्षेत्रमा औद्योगिकरण संभव छ, औद्योगिकरण गरिराखेका छन्। हामीले हरेक कुरा आयात मात्र गर्ने, उत्पादन नगर्ने भनी रहेका छैनौं। यसरी हाम्रो कर संयन्त्र सहयोगी हुनु पऱ्यो। त्यो भई रहेको छैन। व्यावहारिक हुनु पऱ्यो। पूरै spoon feeding (चम्चाले ख्वाउने) गर्नु पर्छ, एउटा तर्क सम्मत, न्याय सम्मत र धान्ने खालको संरक्षण दिएर पनि वाच्न टिक्न नसक्ने चीजलाई नै बोकेर राख्नु पर्छ भन्ने हाम्रो भनाइ हैन। त्यसको लागि त एउटा सन्तुलन विन्दु वा त्यसको मिलनको विन्दुको खोजी हुनुपर्छ। त्यो

मिलनको विन्दु आफ्नो विवेक र आफ्नो परिस्थितिको आधारमा हुनुपर्छ। एउटा कुरा यो हो।

दोश्रो कुरो के छ, मने औद्योगिकरणको कुरा गर्दा खेरी हाम्रो आउन लागेको नयाँ औद्योगिक व्यवसाय ऐनले लगभग सबैजसो औद्योगिक गतिविधिमा लाइसेन्स नचाहिने गरीदिएको छ। विभिन्न नोकरशाही झञ्झट जुन पहिला थियो, मन्त्रालय र विभागमा धाएर हिंडनु पर्ने, त्यसको पनि अन्त गरी दिएको छ। त्यसबाट फाइदा लिनको लागि हामीले त ती योजना खडा गर्नु सक्नु पर्‍यो। त्यो खडा गर्न दुइटा चीज चाहिन्छ। एउटा चाहिं पूर्वाधार हो। जुन ठाउँमा त्यो उद्योग खोल्ने हो त्यो ठाउँमा जमीन, विजुली, यातायातको जालो उपलब्ध हुनु पर्‍यो, इत्यादि। दोश्रो कुरा, तपाईसँग Finance (पैसा, वित्त) हुन पर्‍यो। जुन कुरा ५ वर्ष अगाडि १०० रूपियाँमा संभव थियो, आज त्यो १००० रूपियाँमा संभव छैन। जुन औद्योगिकरणको हामी परिकल्पना गर्दैछौं, त्यसलाई साकार पार्नको लागि हामीसित प्रशस्त पैसा हुनु पर्‍यो।

हाम्रा वित्तीय संस्थाहरूको लगानी गर्ने दृष्टिकोण र क्षमता दुवै धेरै हदसम्म संकुचित छन्। संपूर्ण नेपालको वैंकिङ क्षेत्र एक्कै ठाउँमा बसेर उनीहरूको भएभरको स्रोतलाई एउटा प्रोजेक्टमा खन्याउँछु भनेर विचार गरे पनि पहिलेको व्यवस्था अन्तर्गत उनीहरूले ३० करोड भन्दा बढ्ता लगानी गर्न सक्दैनन्। आज आधारभूत उद्योगहरू, ठूला उद्योगहरू, जसको दीर्घकालीन हिसावले नेपालको औद्योगिकरणमा महत्वपूर्ण भूमिका रहन सक्छ-जस्तो चीनी, सिमेण्ट, कागज कारखाना, ठूला होटेल, ठूला ठूला पर्यटनसँग संवन्धित परियोजनाहरू-१०० करोड, २०० करोडका योजनाहरू हुन्छन्। ३० करोड रूपियाँको संभावना लिएर तपाई यी योजनाहरू पूरा नै गर्न सक्नु हुन्न। भनाइको मतलव हामीले आफ्नो पूँजीको बजार अविलम्व विकास गर्न सकेनौं भने-यो नीतिबाट चाहेको मात्राको, चाहे जस्तो फाइदा लिन सक्दैनौं।

भावनाबाट निर्देशितभएर लगानी गर्ने लगानीकर्ताहरू पूरै छँदै छैनन् त म भन्दिन, तर ज्यादै नै कम हुन्छन्। लगानी कर्ताले लगानी गर्ने त उसको लगानीको (Return) फिर्ता प्राप्ति गर्नको लागि हो। प्राप्तिमा पनि तुलनात्मक रूपले बढी फिर्ता प्राप्तिको आधारमा उसले लगानी गर्छ। उसले यी सारा कारक तत्वहरूलाई याद नगरीकन लगानी गर्दैन।

किन मानिसहरू व्यापारमा मात्र जान्छन्? उद्योग गर्छु भनेर आएपछि त्यसरी आउनेहरूले आफ्नो प्रतिवद्धतालाई थामेर राख्न वडो कठीन हुन्छ। उसको आफ्नो क्रेताप्रतिको प्रतिवद्धता हुन्छ, उसको विक्रेता प्रतिको प्रतिवद्धता हुन्छ। आफ्ना कामदारहरू र वित्तीय संस्थाहरूप्रतिको प्रतिवद्धता हुन्छ। त्यो प्रतिवद्धतालाई उसले स्थायी बनाउन सक्दैन, ऊ व्यापारको अगाडि पराजित हुन्छ भने-उसले यत्रो प्रतिवद्धताको अभिभारा आफ्नो टाउकोमा बोकेर बस्ने मन्ने सवालै उठ्दैन।

त्यसैले अहिलेको उद्योग नीतिलाई अलग-थलग गरेर हेर्न मिल्दैन। औद्योगिक नीतिलाई support गर्ने वित्तीय प्याकेज, Revenue अर्थात कर संवन्धी प्याकेज, पूर्वाधार प्याकेज-यी सारा प्याकेजहरूले यसलाई सहयोग गर्‍यो भने यस औद्योगिक नीतिबाट हामी वाञ्छित लाभ लिन सक्छौं। गर्न सकेनौं भने यो नीति माथि जति मिहेनत गरिएको छ, त्यो खेर जानेछ।

***यी सारा सवाललाई याद गरेर सही दिशामा विकास गर्ने हो भने हाम्रो औद्योगिक रणनीति के हुनु पर्छ?***

मुलुकले के गर्न सक्नु पर्‍यो भने- आफ्ना आधारभूत क्षेत्रहरू जसमा हाम्रो तागत छ, हामीले उत्पादन गर्न सक्छौं। जसको लागि हामीसित स्रोतहरू छन्, त्यो स्रोत हामीले विकास गर्न सकेको खण्डमा कुनै पनि मुलुकसित हामी प्रतिस्पर्धा गर्न सक्छौं। ती स्रोतहरूको विकासमा हाम्रो पूरा र केन्द्रिकृत ध्यान हुनु पर्‍यो। पहिलो बुँदा यो हो। जस्तो प्रष्टै तपाईलाई भनौं- नेपालमा चिया उत्पादन निकै हुन सक्छ। नेपालमा वाहिरबाट तरकारी झिकाउने त के कुरा, हामीले बाहिर तरकारी निर्यात गर्न सक्छौं। कुनै पनि फलफूल व्यापक र व्यापारिक स्तरमा, हामी उत्पादन गर्न सक्छौं। नेपालमा भएका कैयौं यस्ता खानीहरू छन्, त्यो हामी निकाल्न सक्छौं।

***जस्तो?***

जस्तो चुनढुंगा, अरू खानीहरू पनि नभएका होइनन्। पर्यटनका यस्ता क्षेत्रहरू हामीसित छन्, जसको बारेमा हामीले सुनेका छौं, तर तपाई हामीले देखेका पनि छैनौं। यी हाम्रा आधारभूत प्राथमिकताका क्षेत्रहरू भए।

यी आधारभूत प्राथमिकताका क्षेत्रहरू किन विकास भएका छैनन? यसको लागि यो क्षेत्रहरूको तलसम्म गएर गहिराइमा अध्ययन गर्नु पर्‍यो। तिनीहरूलाई केलाउनु पर्‍यो। नीतिले गर्दा खेरी खास क्षेत्र विकास गर्न नसकेको भए नीति मिलाउनु पर्‍यो। पूँजीको अभावले हो भने पूँजी जुटाउनु पर्‍यो। कुनै क्षेत्रलाई हामीले अहिले subsidize गरेर (क्षतिपूर्ति दिएर) राख्नु पर्‍यो। आफ्नो खुट्टामा नउभिएसम्म त्यसो गर्नु पर्‍यो। जग्गा उपलब्ध नभएर त्यसमा वाधा परेको हो भने जग्गा उपलब्ध हुनु पर्‍यो। प्राविधिक ज्ञान नभएर अड्किएको हो भने त्यसको प्रवन्ध गर्नु पर्‍यो। पूर्वाधार अर्थात विजुली, सडक, पानी, आदि नपुगेर ती स्रोतहरू खेर गई रहेका छन् भने (जस्तो मुस्ताङको स्याऊ, सिन्धुलीको जुनार आदि) त्यो उपलब्ध गर्नु पर्‍यो। पर्यटन विकासको हिसावबाट संभावना छ भने त्यसको लागि जरूरी कुरा उपलब्ध गराउनु पर्‍यो। हाम्रो पूरा मुलुकको भविष्य त्यसमा भर पर्छ भन्ने कुरा थाहा पाएपछि १७ थरीका कुराहरूमा हाम्रो श्रम र स्रोतहरू छर्नु भन्दा हामी ती जरूरी कुराहरूमा केन्द्रित हुनु पर्‍यो। नेपाली उद्यमीहरूको दिमाग, उनीहरूको उद्यमीपन, उनीहरूको पूँजी, प्रतिवद्धता त्यसमा केन्द्रित गर्नु पर्‍यो।

यसरी उद्योगको विकास गर्ने हो भने हामीले हाम्रो तुलनात्मक लाभका क्षेत्रहरू र हाम्रा क्षमताहरूलाई पहिचान गर्नु पर्‍यो। त्यो संग संवन्धित सुक्ष्म समस्याहरूलाई पहिचान गर्नु पर्‍यो। त्यो समस्याको समाधान पत्तो लाउनु पर्‍यो। यी सबैलाई याद राखेर एउटै प्याकेजका रूपमा अगाडि राखीदियौं भने दिगो किसिमको औद्योगिकरण अगाडि बढाउन सकिन्छ। ❖



# औद्योगिक नीतिमा हाम्रो हितको अभिव्यक्ति भएको हामी देख्दैनौं



*गणेशलाल श्रेष्ठ*, अध्यक्ष,

नेपाल निर्माण व्यवसायी संघ

*पि. जि. लामा*, महासचिव

***यो जुन नयाँ औद्योगिक नीति आएको छ, त्यो तपाईंहरूको हित र प्रगतिको हिसाबबाट कस्तो लागेको छ?***

हाम्रो अहिले व्यवसायसंग जुन संवन्ध छ, त्यो हिसाबबाट हाम्रो हितको अभिव्यक्ति भएको हामी देख्दैनौं। उद्योग नीतिमा अहिले जुन वर्गीकरण गरिएको छ त्यसअनुसार पूल बनाउने, टनेल बनाउने जस्ता कुराहरूलाई विशेष सहुलियत भनेर सेवा उद्योगमा राखिएको छ। बाटो बनाउने, टनेल बनाउने क्षमतामा नेपाली निर्माण व्यवसायीहरू पुगेका छैनन्। अहिले हामी नेपाली निर्माण व्यवसायीहरू जो छौं: उनीहरूको निम्ति कुनै सुविधाहरू, सहुलियतहरू नयाँ औद्योगिक नीतिमा राखिएका छैनन्। हामीलाई सेवा उद्योगमा राखिएको छ।

***तपाईंहरू सेवा उद्योगमै पर्नु पर्ने होइन र ?***

हामीलाई सेवा उद्योगमै राखिएको छ तर त्यसमा राखिएको हुनाले हामीले पाउनु पर्ने सहुलियतहरू पाईराखेका छैनौं।

***नयाँ औद्योगिक नीतिले खुला बजार प्रतिस्पर्धाको सिद्धान्त ल्याएको छ, यो तपाईंलाई कस्तो लागेको छ?***

खुला बजार-प्रतिस्पर्धा भनेर सरकारले प्रतिस्पर्धाको भावना ल्याउन खोजेको छ तर हाम्रो यो निर्माण उद्योग नेपालमा भर्खरै स्थापना भएको उद्योग हुनाले हामीलाई त संरक्षण पो जरूरी छ। उदाहरणको लागि भनौं, नेपाली निर्माण व्यवसायीहरू जहाँ काम गर्दै छन्, त्यहाँ बाहिरका ठेकेदाहरू आएर सानो-सानो काममा पनि प्रतिस्पर्धा गर्न थाल्छन् भने हामी टिक्दैनौं। उनीहरूको ठूलो क्षमतासँग नेपालीहरू प्रतिस्पर्धा गर्न सक्दैनन्। त्यसको लागि नेपाली निर्माण व्यवसायीहरूलाई संरक्षणको निकै जरूरी छ।

***के त्यो संरक्षणको व्यवस्था नयाँ औद्योगिक नीतिले गरेको छैन?***

अहँ, गरेको छैन।

***संक्षणको सम्बन्धमा तपाईंको भनाई के छ?***

हाम्रो उद्योग भर्खरै आफ्नै पूँजीबाट, आफ्नै प्राविधिक ज्ञानबाट चलेको उद्योग हो। यस्तो भएको

हुनाले यसलाई संरक्षणको जरूरत छ। जस्तो अन्तर-राष्ट्रिय ठेकेदारीमा हाम्रो सरकारले सँढि सात प्रतिशतको फरक दिन्छ, त्यतिले पनि नेपालीलाई पुग्दैन। मुद्राको मूल्य (Value of Currency) ले गर्दा बजार मूल्य नै २५% फरक छ। विदेशीहरूले विदेशी मुद्रामा भुक्तानि पाउँछन्। हामीले नेपालीमा पाउँछौं। त्यही मुद्राको मूल्यले गर्दा पनि २५% फरक छ। अहिलेसम्म नेपालीहरू ठूल-ठूलो काम गर्ने क्षमतामा पुगेका छैनन्। जुन स्टेजमा अहिले नेपालीहरू छन्, तिनीहरू अहिले ५-१० करोडको कामसम्म गर्ने चरणमा मस्वरै आएका छन्।

**खुला बजार-प्रतिस्पर्धा भनेर सरकारले प्रतिस्पर्धाको भावना ल्याउन खोजेको छ तर हाम्रो यो निर्माण उद्योग नेपालमा मस्वरै स्थापना भएको उद्योग हुनाले हामीलाई त संरक्षण पो जरूरी छ।**

### *जुन संरक्षण पाउनु पर्ने भनी भन्नुभएको छ। त्यो कसरी हो त? मूर्त रूपमा भन्न सक्नु हुन्छ?*

५-१० करोडको कामसम्म विदेशीहरूले सहभागी हुन नसकून्, नेपालीहरूले मात्र त्यो स्तरको निर्माणका. ठेक्का पाउँन्। नेपालमा ए, बी, सी, स्तरका जुन ठेकेदारहरू छन्, उनीहरूलाई नै पुग्ने काम छैन। त्यो चरणमा बाहिरका ठूला-ठूला ठेकेदारहरूलाई काम दिंदा हामीले काम नै पाउँदैनौं।

### *नेपालीहरू ठूला ठूला योजनाहरूको काम गर्न सक्दैनन्, त्यसमा के गर्ने नि?*

नेपालमा जुन प्रकारका काम छन्, तीमध्ये ठूला-ठूला जल-विद्युत आयोजनामा नेपाली ठेकेदारहरूले काम गर्न सक्दैनन्। बाटो, घरको काम, सडक निर्माणको काम जतिसुकै ठूलो भए पनि गर्न सक्छन्। नेपालमा "ए" क्लासका ठेकेदारको संख्या १०० छ, बि क्लासका ३०० र सी क्लासका हजार भन्दा बढी ठेकेदारहरू यहाँ छन्। त्यसैले उनीहरूले मिलेर सडकको कुनै पनि काम गर्न सक्छन, विशेष जटील कामहरू बाहेक। नेपालीहरूले काम गर्न नसक्ने ठूला-ठूला जल-विद्युत आयोजना जस्ता कामहरू विदेशीहरूलाई दिए हुन्छ। उनीहरूसित तिनीहरूका लागि पूँजी पनि छ, प्राविधिक ज्ञान पनि छ। हामी यो स्वीकार गर्छौं। तर यी कामहरूमा पनि विस्तारै नेपालीहरूलाई नै सक्षम बनाउँदै लाने सरकारको नीति हुनु पर्ने हो।

### *नेपालको उद्योगमा निर्माण उद्योगको के स्थान छ?*

सरकारको जे जति राजस्व छ, त्यसमा आठ प्रतिशत निर्माण व्यवसायको योगदान छ। होटल उद्योगले त्यो भन्दा कम तिर्छ। रोजगारी सृजनाको हिसाबले पनि हामी कृषिपछि दोस्रो स्थानमा छौं। दुई लाख भन्दा बढी मानिसलाई हामी रोजगारी दिइरहेका छौं। कूल घरेलु उत्पादनको २ प्रतिशत यसले योगदान गरिरहेको छ।

### *नेपालको उद्योगको विकासको हिसाबबाट नयाँ उद्योग नीतिमा, तपाईहरूको निर्माण व्यवसायको लागि के कस्तो व्यवस्था हुनु पर्ने तपाई ठान्नुहुन्छ?*

उद्योग नीति आउनु भन्दा अगाडि हामीले सुझाव पनि दिएका थियौं। हामीले नयाँ उद्योग नीतिमा निर्माण उद्योगको लागि अरू उद्योग भन्दा भिन्दै स्थानको आशा गरेका थियौं। यस उद्योगले शहरी क्षेत्रमा मात्र हैन कि देशको अति दूर्गम जिल्लामा पनि विकासको पूर्वाधार बनाउनको लागि काम गरिरास्वेको छ। कृषिमा लागेका मान्छेलाई फुर्सदको बेलामा काम दिने एजेन्सी नै यो निर्माण उद्योग हो। देशको कूल विकास बजेटको साठ्ठी देखि सत्तरी प्रतिशत खर्च गर्ने एजेन्सी पनि यो निर्माण उद्योग हो। त्यसैले औद्योगिक नीतिमा निर्माण उद्योगलाई सेवा उद्योगमा नराखेर र विशेष उद्योगको रूपमा यसलाई मान्यता दिइनु पर्दछ।

बस-ट्रक चलाउनेदेखि लिएर सरकारी सेवाका जे जति कामहरू छन्, त्यो भन्दा निर्माण उद्योग पूरै भिन्न छ। औद्योगिक क्षेत्रका कारखानामा मेशीन, औजारहरू, अनेकौं किसिमका छन्, तिनको मर्मत सुविधाहरू पनि छन्। तिनीहरूलाई पनि दश प्रविशत ह्रास कट्टी (Depriciation) गर्न दिने नियम छ। तर बुल्डोजर लोडर दुर्गम क्षेत्रमा लगेर ५-६ महीना काम गर्दा त्यसमा २५-३० प्रतिशत ह्रास हुन्छ। तर हामी त्यति प्रतिशत ह्रास कट्टी गर्न पाउँदैनौं। त्यसैले निर्माण, उद्योग र अरू उद्योगलाई एउटै श्रेणीमा राख्दा यो निर्माण उद्योगको विकास हुन सक्दैन। यसले खालि हतोत्साहित मात्र गर्छ। हाम्रो उद्योगले अहिलेसम्म विकास गर्न नसक्नुको मूल कारण, त्यसैले, यसलाई छुट्टै उद्योगको रूपमा मान्यता नदिनु हो। यसलाई सेवा-उद्योगको रूपमा राख्नु हो। हाम्रो आवाज के हो भने नयाँ उद्योग नीति अन्तरगत निर्माण व्यवसाय सम्बन्धमा एउटा छुट्टै ऐनको तर्जुमा होस्। निर्माण व्यवसाय सम्बन्धमा पञ्चवर्षीय योजनामा पनि सरकारको एउटा स्पष्ट नीति होस्। यस्तो स्पष्ट नीति हामीले नयाँ उद्योग नीतिमा पनि पाएनौ, पञ्चवर्षीय योजनामा पनि पाएनौं।

### *यसलाई छुट्टै उद्योगको रूपमा लिनु भन्नाले?*

सेवा उद्योगबाट निकालेर निर्माण उद्योग भनेर एउटा छुट्टै व्यवस्था हुनु पर्‍यो, वर्गीकरण हुनु पर्‍यो। जस्तो पर्यटन पहिले सेवा उद्योगमै थियो, पछि ०३८ सालमा संशोधन गरेर पर्यटन ऐन बनाएर यसलाई एउटा छुट्टै उद्योग बनाइयो। त्यस्तै किसिमले निर्माण व्यवसायलाई पनि एउटा छुट्टै ऐन बनाएर सेवा उद्योग भन्दा भिन्नै पार्नु पर्‍यो। यसलाई के कति सुविधा सहुलियत दिने हो, त्यसमा व्यवस्था हुनुपर्‍यो। विदेशी ठेकेदारहरूबाट संरक्षण दिने व्यवस्था हुनुपर्‍यो। जन-शक्ति र व्यवस्थापन तालिमको व्यवस्था हुनुपर्‍यो। बैंकबाट औजारहरू किन्नको लागि सहुलियत दरमा ऋण दिने, लामो अवधिको ऋण दिने व्यवस्था हुनुपर्‍यो। जबसम्म सरकारको नीतिले काम गर्ने वातावरणको सिर्जना हुँदैन तबसम्म यो उद्योगको विकास हुन गाह्रै होला। कसरी हामी निर्माण क्षेत्रमा आत्मनिर्भर हुने? यो सम्बन्धमा सरकारको एउटा सुस्पष्ट नीति हुनुपर्‍यो। त्यो नहुँदा यो उद्योगले फस्टाउन पाएको छैन।

हामीले यसको लागि हाम्रो एशियाका देशहरू र पश्चिमी प्रशान्त महासागर छेउछाउका देशहरूलाई नै उदाहरणको रूपमा लिए हुन्छ। जस्तो दक्षिण कोरियाकै कुरा लिऔं। युद्धपछि शुरूमा सरकारले निर्माण व्यवसायको विकासको लागि निकै धेरै सहुलियत र संरक्षण दियो। शुरूमा यूरोप र अमेरिकाका कम्पनिहरूसित काम सिक्नको लागि व्यवस्थापन र प्रविधि सिक्नको लागि उनीहरूले सब-कन्ट्रेक्ट (लघु-ठेक्का) को काम गरे। दुई'चार वर्षभित्रै उनीहरूले यूरोपेली र अमेरिकीहरूसित मिलेर संयुक्त लगानि (Jointventure) को काम गर्न थाले। अब के स्थिति भैसकेको छ भने-तिनै कोरियन कम्पनिहरू अमेरिका र यूरोपमा ठेक्कामा काम लिएर यूरोपियन र अमेरिकीहरूलाई सब-कन्ट्रेक्टमा काम लगाउँछन्। त्यस्तै, यही हाम्रो सार्क क्षेत्रका मुलुकहरूको कुरा गरौं। पोहर साल हामी श्रीलंका गएका थियौं। त्यहाँ हामीले के देख्यौ भने-योजना मन्त्रालय अन्तरगत सरकारले निर्माण व्यवस्थापन र तालिम केन्द्र भन्ने एउटा संस्था खडा गरेको रहेछ भने निर्माणको लागि औजार कहाँबाट ल्याउने, जनशक्तिको तालिम कसरी गर्ने, ओभरसियर-इन्जिनियरहरूलाई कसरी काममा लगाउने, निर्माण व्यवसायीहरूलाई के कस्तो सुविधा-सहुलियत, संरक्षण दिने, त्यो सबैको बन्दोबस्त एउटा अलग्गै मन्त्रालयले गर्दो रहेछ। त्यस्तै सिंगापुरमा निर्माण व्यवसायको विकासको लागि Construction Development Board भनेर एउटा अलग्गै संस्था खडा गरिएको रहेछ।

तर हाम्रो नेपालमा निर्माण व्यवसाय उद्योग मन्त्रालयमा दर्ता हुन्छ। निर्माण तथा यातायात मन्त्रालयमा वर्गीकरण गरिन्छ। काम लगाउने एजेन्सीहरू थुप्रै मन्त्रालय हुन्छन्। एउटा मेकानिज्म (प्रविधि) नहुनाले हामीलाई यहाँ निकै समस्या परेको छ। एउटा सानो कर हटाउनको लागि यातायात मन्त्रालय गएर कर हटाएपछि पनि जलस्रोत मन्त्रालयमा धाउनु पर्ने हुन्छ। एउटै सानो कामको लागि पनि थुप्रै मन्त्रालय धाउनु पर्छ। त्यसैले हाम्रो नेपालमा पनि एउटा उच्च स्तरको निर्माण बोर्ड (Construction Development Board) गठन हुन जरूरी छ। राष्ट्रभरिको निर्माण उद्योगलाई कसरी विकास गर्ने ? यो सम्बन्धमा एउटा दीर्घकालीन रणनीति हुन जरूरी भएको छ। ❖


काठमाडौंबाट बुटवल, भैरहवा, पाल्पा, नेपालगंज, दाङ, पोखरा, भरतपुर (टाडी), हेटौंडा, वीरगंज, जनकपुर र त्रिशुली जान आउन परे

**साझा यातायात**लाई

संझनुहोस्।

टिकट पाउने स्थान : सुन्धारा, काठमाडौं।

**पृष्ठभूमि**

साप्ताहिक

पढ्नु होस्

# साना तथा घरेलु उद्योगलाई लात मार्ने काम भएको छ

– ***स्नेह सायमि*** भू.पू. महासचिवः नेपाल घरेलु तथा साना उद्योग संघ

***खुला बजार अर्थनीति साच्चै नै अप्नाउने हो भने सबै विदेशी वस्तुलाई उत्ति नै कर लगाउनु पर्छ, तर भारतलाई मात्र किन घटी? अरू देशलाई किन बढी? यसरी खुला बजार-अर्थनीति पनि यहाँ साँच्चै लागू गरिएको छैन।***



***नयाँ औद्योगिक नीतिमा विद्यमान मूल दोषहरू के के हुन्?***

यो नयाँ औद्योगिक नीतिले खुला बजार-अर्थतन्त्र अप्नाएर Perfect Competition (पूर्ण प्रतिस्पर्धा) र तुलनात्मक लाभको नीति अप्नाएपछि उद्योगको स्वतः विकास भईहाल्छ भन्ने पूर्वानुमान गरेको छ। मुख्य रूपले यसको यो पूर्व अनुमान अथवा आधार नै गलत छ। पूर्ण प्रतिस्पर्धा भनेको कुनै पनि बजारमा हुँदैन। नेपालमा अहिले सम्म सरकारको केही नियन्त्रण बाँकी छ। त्यस्तो हुँदा पनि नेपालमा अहिले गूटवन्दी (Oligopoly) चलिरहेछ। केही ठूला पूँजीपतिले आपसमा मिलेर गूटवन्दी गर्ने र वस्तुव्यापारमा एकाधिकार कायम गर्ने गरि रहेछन्। त्यसमाथि अव खुला बजार-अर्थतन्त्र लागू गरेपछि सरकारले त कुनै पनि कुरामा हस्तक्षेप गर्न मिल्दैन। अनि उनीहरूको गूटवन्दी गर्ने संभावना त अरू बढ्नेछ र एकाधिकार अरू बढ्ने छ। कहाँ पूर्णप्रतिस्पर्धा हुन्छ? पूर्ण प्रतिस्पर्धा त कुरै छोडी दिउँ, अपूर्ण प्रतिस्पर्धा समेत हुन सक्ने छैन। केही ठूला पुँजीपतिको गूटवन्दी र एकाधिकार अरू वलियो पो हुनेछ।

अर्थतन्त्र उदार गरिदिए पछि विदेशी लगानी स्वतः ओइरिइहाल्छ भन्ने पूर्व अनुमान पनि नयाँ औद्योगिक नीतिले गरेको छ। यो पूर्व अनुमान पनि लगत छ। किनकि विदेशी लगानीकर्ताहरू नेपालमा चाँडै नाफा कमाउन पाउने संभावना भए न आउँछन्! नेपालको विकास गरि दिउँ भनेर त कोही पनि आउँदैनन्। तर नेपालको बजार नै सानो छ, यहाँ क्रयशक्ति नै कम छ। अनि उनीहरू यहाँ किन आउँछन्? यहाँ आउन संभव भनेको भारतीय उद्योगपतिहरू हुन। तर अहिले त भारतमा पनि उदार अर्थतन्त्र लागू भएपछि नेपाली बजार र भारतीय बजारको आकारको तुलना गरेर र भारतीय सरकारको अनूकूल औद्योगिक नीति हेरेर भारतीय लगानीकर्ताहरू नेपालमा होइन, नेपालका लगानीकर्ताहरू भारतमा जाने संभावना छ। किनकि भारतको बजार पनि ठूलो छ, भारतमा उत्पादन गरेपछि त्यो वस्तु नेपालमा प ल्याउन सकीहालिन्छ। त्यहाँ कच्चा पदार्थ पनि उपलब्ध छ। औद्योगिक सुरक्षा र सुविधा पनि बेसी छ।

त्यसैले अन्ततः नेपालले आफ्नो उद्योगको विकास गर्ने हो भने आफ्नै देशको पूँजी परिचालन नगरी धरै छैन। औद्योगिक क्षेत्रमा राम्रो औद्योगिक नीति नहुनाले नेपालीहरूको आफूसित भएको पूँजी जग्गा किन्नमा, घर बनाउनमा प्रवाहित भई रहेछ। घर बनाउनुमा भन्दा बढ्ता नाफा र सुरक्षा उद्योग संचालन गर्नमा हुने भएको खण्डमा उनीहरू त्यो पूँजी अवश्य पनि उद्योगमै लगाउने थिए। तर अहिले उद्यमीहरूले उद्योगमा आफ्नो पूँजी लगानी गर्न जाँगर देखाईरहेका छैनन्, किनकि उनीहरूले वर्तमान औद्योगिक नीतिबाट सुरक्षाबोध र नाफा कमाउने संभावना देखिरहेका छैनन्। त्यसैले औद्योगिक नीति यस्तो हुनुपर्‍यो, जसले उद्यमीहरूलाई सुरक्षाबोध होस्, उद्योगमा लगानी गर्न प्रेरणा देओस्। त्यो भएको खण्डंमा नेपालकै पूँजी पनि परिचालन गर्न सकिने उपायहरू छन्। सह-कारीकरणको उपायद्वारा दक्षिण कोरियाले आफ्नो देशको पूँजी व्यापक परिचालन गर्न सक्दछ भने हामी किन सक्दैनौ? आखिर दक्षिण कोरियामा पनि त खुला बजार अर्थतन्त्र नै छ।

नयाँ औद्योगिक नीतिले प्रतिपादन गरेको खुला बजार अर्थतन्त्र मुताविक नेपाली बजार खुला भएपछि उद्योगमा भर्खरै बामे सर्नलागेको नेपाली उद्योग धराशायी हुने निश्चित छ। उनीहरूले ठूलो पूँजी र उन्नत प्रविधिमा आधारित विदेशी वस्तुसित प्रतिस्पर्धा गर्न सक्ने कुरै छैन।

दक्षिण कोरियाकै उदाहरण लिऊँ। त्यहाँ आफ्नो देशको उद्योगको निम्ति प्रशस्त संरक्षणको व्यवस्था गरिएको छ। त्यहाँ जापानको जस्तो सुन्दर र सस्ता कारहरू बन्दछन्। तर पनि जापानी कारलाई यति धेरै भन्सार महशूल लगाइएको छ कि उच्च मध्यमवर्गका मानिसहरू समेत जापानी कार किन्न समर्थ छैनन्। त्यहाँको सरकारले यस्तो संरक्षणको नीति अप्नाएको छ। नेपाल त दक्षिण कोरियाको तुलनामा उद्योगमा निकै पछौटे मुलुक हो तर यसले भने संरक्षणको व्यवस्था हटाउन लागेको छ। यसले नेपाली उद्योगलाई चौपट पार्ने निश्चित छ। नेपालले औद्योगिकरणको क्षेत्रमा विकास गर्ने हो भने संरक्षण नीति नभई कामै चल्दैन।

उद्योगमा विकास गरिरहेका जापान, दक्षिण कोरिया जस्ता सबै मुलुकको सरकारको सोच आयातमा नियन्त्रण गर्ने र आफ्नो देशको उद्योगको उत्पादनको विक्रीको लागि चाहिं बजार खोज्ने रहेको छ। ती सवै मुलुकहरू आफ्नो देशमा चाहिं संरक्षण नीति लागू गरि-रहेछन् र आफ्नो देशको उत्पादनको निम्ति वाह्य बजार खोजिरहेछन्। जर्ज वुश आफैं आफ्नो देशको कारको बजार खोज्न जापान गएको सबैलाई थाहै छ। तर नेपालको सरकार चाहिं गजबको छ-यो आयात गर्नमा डराई रहेको छैन। यसले आफ्नो देशको उद्योगको संरक्षण गर्न जरूरी नै ठानेको छैन।

***नयाँ औद्योगिक नीतिले निर्यात वृद्धिलाई आफ्नो सबैभन्दा प्रमुख उद्देश्य मानेको छ। यस-बारे तपाईंको धारणा के छ?***

निर्यातमूलक उद्योग तथा आयात प्रतिस्थापन उद्योग दुबैको आ-आफ्नो ठाउँमा आफ्नै किसिमको महत्व छ। विगतमा आयात प्रतिस्थापन उद्योगको नाममा गलत किसिमले लगानी भएको कारणले वर्तमान सर-कारले आयात प्रतिस्थापन उद्योगप्रति पूर्वाग्रह राखेको देखिन्छ। तर नेपाल जस्तो औद्योगिक पूर्वाधार नै नभएको देशमा कुनै पनि किसिमका उद्योगहरू आवश्यक छन्।

सबै भन्दा पहिले त हामीले कुन वस्तु निर्यात गर्न सक्छौ? कुन वस्तु निर्यात गर्दा त्यसमा नेपालमा बढी मूल्य जोडिन्छ? ती वस्तुहरू सरकारले सबभन्दा पहिले पहिल्याउनु पर्‍यो। यदि यो नपहिल्याउने हो भने निर्यातमूलक उद्योगको नाममा नेपालमा कममूल्य अभिवृद्धि भएका वस्तुहरू उत्पादन हुने छन्। र ती वस्तुहरू जतिसुकै निर्यात भएतापनि देशको अर्थतन्त्रमा यसले योगदान पुर्‍याउने छैन, जस्तो- गार्मेन्ट उद्योग। गार्मेन्ट निकासी त खूब बढिरहेछ। तर गार्मेन्टको कच्चा पदार्थ पनि भारतबाटै आउँछ, लेबल अमेरिकाबाट आउँछ, प्रमुख निर्यातकर्ता पनि भारतीय नै हुन्छ र कामदार पनि भारतबाटै आउँछन्। अव तथ्यांकमा गार्मेन्टबाट डलर खूब आएको त देखिन्छ, तर त्यसले नेपालको औद्योगि-करणमा के फाइदा गरेको छ त?

सरकारले निर्यात वुद्धिलाई प्रमुख उद्देश्य त बनाएको छ, तर निर्यात बनाउने कसरी? त्यो सम्बन्धी कुनै कार्यक्रम र रणनीति सरकारसित देखिन्न। त्यसैले निर्यात बृद्धिको उद्देश्य राख्दैमा निर्यात बढ्ला भन्ने मलाई लाग्दैन।

***यस औद्योगिक नीतिमा विद्यमान प्रमुख अन्तर-विरोधहरू के के हुन् भन्ने तपाईंलाई लाग्दछ?***

यदि खुला बजार अर्थनीत अन्तर्गत उद्योगको पक्षलाई विर्सेर उपभोक्ताको दृष्टिकोणबाट हेर्ने हो भने संसारको कुनै पनि ठाउँको कुनै पनि वस्तुलाई नेपाली जनताले उपभोग गर्न पाउनु पर्छ। नेपालमा बनेको वस्तुको नाममा नेपाली उपभोक्ताहरूलाई कमसल सामान बढी मोल तिरेर किन किन्न लगाउने? भन्ने तर्क गर्ने हो भने पनि सरकारी नीति र कार्यक्रम बीच तालमेल भेटिन्न। र जति सुकै खुला बजार नीतिको नारा दिए तापनि यथार्थमा भारतीय वस्तुलाई नेपाली वस्तु लगायत अन्य विदेशी वस्तु भन्दा पनि बढी प्राथमिकता दिएको पाइन्छ। त्यसको ज्वलन्त उदाहरण गत सालको बजेटमा व्यवस्था भएको, पहिलेदेखि हुँदै आएको सामान्य भन्सार दर र अतिरिक्त भन्सार दरको व्यवस्था हो। कुनै पनि भारतीय वस्तुमा अतिरिक्त भन्सार नलाग्ने तर तेश्रो मुलुकबाटआयातित वस्तुहरूमा अतिरिक्त भन्सार लाग्ने, आयात इजाजत पत्र लिनु पर्ने आदि व्यवस्थाले नेपाली उपभोक्तालाई न्यायोचित उपभोग गर्न दिएको छ त? खुला बजार अर्थनीति साच्चै नै अप्नाउने हो भने सबै विदेशी वस्तुलाई उत्ति नै कर लगाउनु पर्छ, तर भारतलाई मात्र किन घटी? अरू देशलाई किन बढी? हालैको बजेटमा अतिरिक्त भन्सारको व्यवस्था हटाइएको भए तापनि सोही दरमा मूल्यांकन दर



यस्तो दिशाविहीन र योजनाविहीन औद्योगिक नीतिका आधारमा सही दिशामा उद्योग विकास हुनै सक्दैन।

बढाइएको छ। यसरी खुला बजार-अर्थनीति पनि यहाँ साँच्चै लागू गरिएको छैन। यो नयाँ औद्योगिक नीति भित्रको महत्वपूर्ण अन्तरविरोध हो।

***नयाँ औद्योगिक नीतिले निजीकरणको जुन नारा दिएको छ, त्यसले नेपालको उद्योगको विकासमा र उपभोक्ताहरूलाई कस्तो प्रभाव पार्ला भन्ने ठान्नु हुन्छ?***

अहिले सरकारले निजीकरणको नाममा यहाँका केही सरकारी कर्पोरेशनहरूलाई बेच्ने प्रयत्न गरिरहेको छ। खुला बजार अर्थतन्त्रको नीति लिएर निजीकरणलाई बढावा दिएका मुलुकहरूमा पनि सरकारद्वारा नियन्त्रित ठूल-ठूला कर्पोरेशनहरू छन् र व्यापारिक संस्थानहरू छन्। र उनीहरूले के गर्ने गरेका छन् भने जनताको दैनिक उपभोगका सामानहरू, पेट्रोलियम पदार्थ र देशको निम्ति नभई नहुने सामानहरू आपूर्ति गर्नको लागि सरकारले आफ्नै मातहतमा केही त्यस्ता कर्पोरेशनहरू अहिले पनि राखिरहेका छन्। उदाहरणको लागि फेरि पनि दक्षिण कोरियालाई लिन सकिन्छ।

हाम्रो देशको सन्दर्भमा हेर्ने हो भने निजीकरणको नाममा निजी क्षेत्रलाई अथवा निजीक्षेत्रमा रहेको पूँजीलाई परिचालन गर्नुको सट्टा सरकारी मातहतमा भएका करपोरेशनहरूलाई केही धनाढ्य वर्गका हातमा बेच्ने प्रयत्न गरिएको छ। यसले न देशलाई फाइदा गर्छ न त सरकारको निजीकरणको नीतिलाई नै फाइदा गर्छ। हिमाल सिमेन्ट सरकारको मुठ्ठीमा छ। हेटौडा सिमेन्ट सरकारको नियन्त्रणमा छ। यसको बावजूद घर बनाउने सिजनमा सिमेन्टको मोलमा व्ल्याक भएको छ, २०० पर्ने सिमेण्ट कहिले ३००। ३५० तिरेर किन्नु परिरहेको छ। भोलि यी यस्ता उद्योगलाई निजी क्षेत्रमा छोडने हो भने निजी क्षेत्रका पूँजीपतिहरूले सवैभन्दा बढी प्राथमिकता दिने व्यक्तिगत नाफालाई हो। नाफा उसले सिमेण्ट उत्पादन गरेर होस्, वा नगरेर होस्, जसरीपनि हासिल गर्ने प्रयत्न गर्न सक्तछ। नाफाको स्वार्थ अगाडि उपभोक्ता, मोल र गुणस्तरमा ध्यान दिइने छैन। त्यतिखेर सरकारसित के त्यस्तो तत्व छ, के त्यस्तो छडी छ, जसको आधारमा उसले सिमेन्टको माउ निर्धारण गरोस्। यदि उपभोग्य वस्तु बनाउने र लेख्न-पढका सामग्रीहरू बनाउने उद्योगहरू सरकारको हातमा नराख्ने हो भने उसले तिनीहरूको मोल सर्वसाधारण उपभोक्ताको हितमा कसरी नियन्त्रित गर्न सक्छ? या सरकारको हातमा नराख्ने हो भने भोलि देशलाई ठूलो समस्या आईलाग्न सक्छ।

जहाँसम्म सरकारी नियन्त्रणमा रहेका उद्योग र कर्पोरेशनहरू फेल खाए भन्ने सवाल छ, त्यो पब्लिक कम्पनी हुनाको कारणले गर्दा फेल खाएको होइन। त्यसमा व्याप्त व्यापक भ्रष्टाचारले गर्दा त्यो फेल खाएको हो। सरकारले ती उद्योग र कर्पोरेशनलाई सफल बनाउने हो भने त्यसमा व्याप्त भ्रष्टाचार र भ्रष्टाचारको माथिसम्म गएका जराहरू हटाउन सक्नुपर्छ। यसो गरेमा तिनीहरू पनि सफल हुन्छन्। सरकारी क्षेत्रमै भएका उद्योगहरू राम्ररी सफल भएका उदाहरणहरू निजीकरण लागू गरिएका थुप्रै मुलुकमा देख्न सकिन्छ।

***नेपालको उद्योगको विकास गर्ने हो भने औद्योगिक नीतिमा के कस्तो व्यवस्था हुनु पर्दछ त?***

यो औद्योगिक नीतिको सबैभन्दा ठूलो दोष के हो भने यसले देशमै भएको पूँजी परिचालनका लागि कुनै पनि किसिमको बढावा दिएको छैन। विदेशी लगानी कसरी आकर्षित गर्ने भन्नेतिर नै सरकारको ध्यान केन्द्रित भएको देखिन्छ। यो दोष हटाइनु पर्छ।

हरेक व्यक्तिले आफ्नै खुट्टामा टेकेर उभिने प्रयत्न गर्नु पर्छ। त्यस्तै देशले पनि आफ्नै खुट्टामा टेकेर उभिने प्रयत्न गर्नु पर्दछ। तर यो औद्योगिक नीतिले यस्तो गर्न दिएको छैन। सवैभन्दा पहिले उद्योगहरू नेपालीहरूले नै आ-आफ्नो घर दैलामा स्थापना गरून् भन्ने उद्देश्य राखेर यो औद्योगिक नीति तयार पार्नुपर्दथ्यो। तर यसले साना तथा घरेलु उद्योगलाई लात मार्ने काम गरेको छ। स-सानो पूँजीलाई घर-घरमै केही गर्ने इच्छा भएका उद्यमीलाई यसले निरूत्साहित पार्ने काम गरेको छ।

अब उद्योगहरू बन्द हुँदै जानेछन्। खुला बजार अर्थनीति अन्तर्गत बाहिरका सामानहरू नियन्त्रण विनानै नेपाली बजारमा ओइरिंदै जानाले नेपाली उद्योगहरू यहाँ टिक्न सक्ने हालतमा छैनन्। उद्योगहरू धमाधम बन्द हुँदै गएको हामीले देखिरहेका छौं। पंचायत कालमा पनि उद्योगहरूले त्यति राम्रो संरक्षण पाएका थिएनन्। त्यो भन्दा पनि हद दर्जाको औद्योगिक नीति अहिले प्रयोगमा आएको छ। यदि देशमै भएको पूँजी राम्रोसँग परिचालन गर्न सकिन्न भने हामीले विदेशी पूँजी परिचालन चाहिं कसरी गर्न सकौंला? विदेशी लगानीकर्ताले लगानी नै गऱ्यो भने पनि आफ्नो नाफा विदेशमै लैजान्छ। विदेशी मुद्रामै त्यस्तो नाफा लान पाइने व्यवस्था नयाँ आद्योगिक नीतिले गरेको पनि छ। त्यसरी लाने हो भने हामीसित भरे रहिरहन्छ नै के? यो औद्योगिक नीतिले के पूर्वधारणा राखेको छ भने विदेशीहरूले यहाँ लगानी गर्नेछन्, हामी त्यसका कर्मचारी हुनेछौं, मजदूर हुनेछौं, हामी कारखानाका मालिक हुने छैनौं। त्यो वातावरण यो औद्योगिक नीतिले सिर्जना गरेको छ-यदि विदेशीहरूले लगानी नै गरे भने पनि। हामी आफैंलाई लगानीकर्ताको रूपमा विकास गर्न यसले कुनै प्रोत्साहन दिएको छैन। यो दोष हद्नु पर्दछ। औद्योगिक नीति तयार पार्दा सानो सानो पूँजीलाई परिचालन गर्ने, लगानी गर्न वढावा दिने खालका नीति हुनु जरूरी छ। हाम्रो देशमा पूँजी जसरी छारिएको छ, त्यसरी नै त्यसलाई संकलित हुन सक्ने गरी औद्योगिक विकास नीति तयार हुनु जरूरी छ। जुन जुन क्षेत्रमा हामी लगानी गर्न सक्दैनौं ती क्षेत्रमा विदेशी लगानी निम्त्याउनु पर्दछ। जस्तो उदारणको लागि- जल विद्युतको क्षेत्र।

यो औद्योगिक नीतिको अर्को ठूलो दोष हो रणनीतिविहीनता, दीर्घकालीन योजना विहिनता। आफूसित उपलव्ध तथ्यांक के छ? त्यसको आधारको भविष्यको योजना के? आफ्नै देशको पूँजीले उद्योग विकास हुन सक्ने क्षेत्रहरू कुन कुन? विदेशी लगानी आकर्षित गर्नुपर्ने क्षेत्र कुन कुन? हामीसित उपलव्ध साधन श्रोत के, नभएका के के? आगामी ५ वर्ष भित्र, १५ वर्ष भित्र के कस्तो किसिमको उद्योगको विकास देशमा के गर्न सकिन्छ? त्यस्तो कुनै रणनीतिक योजना सरकारसित देखिन्न। योजना विहीनतामै यो औद्योगिक नीति तयार पारेको बुझिन्छ। त्यसैले योजना नै नभईकन हचुवा आधारमा उद्योग नीति तयार पारिन्छ भने त्यसले देशलाई कहीं पनि पुऱ्याउने छैन। यस्तो दिशाविहीन र योजनाविहीन औद्योगिक नीतिका आधारमा सही दिशामा उद्योग विकास हुनै सक्दैन। त्यसैले हामीसित सर्वप्रथम रणनीति हुनुपऱ्यो। दीर्घकालीन योजना हुनु पऱ्यो। कुन कुन क्षेत्रमा के कसरी उद्योग विकास गर्ने, लगानी प्रवाहित गर्ने? हामी सित स्पष्ट योजना हुनु पऱ्यो। त्यही अनुरूपनै औद्योगिक नीति हुनु पऱ्यो। ❖

## गिरिजा सरकार सत्तामा आएपछि बजार भाउ कति बढ्यो?

| बस्तु | इकाइ | गिरिजा कोइराला प्र.म. भएको दिनको मूल्य | अहिलेको मूल्य | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| मन्सुली चामल | १ केजीको | १० \|- | १५ \|- | ५०% |
| आलु | १ केजीको | ६ \|७५ | १० \|- | ४८.१४% |
| प्याज | १ केजीको | ७ \|- | ८ \|- | १४.२८% |
| जिरा | १ केजीको | ७६ \|- | २१० \|- | १७६.२१% |
| तोरीको तेल | १ लिटर | ५४ \|५० | ६२ \|- | १३.७६% |
| दूध | १ प्याकेट | ५ \|- | ६ \|५० | २०% |
| मुसुरको दाल | १ केजीको | १८ \|- | २४ \|- | ३३.३३% |
| कालो दाल | १ केजीको | २२ \|- | २७ \|- | २२.७२% |
| कुखुराको फुल | १ गोटाको | २ \|- | ३ \|- | ५०% |
| मट्टीतेल | १ लिटर | ८ \|५० | ९ \|२५ | ८.८९% |
| डिजेल | १ लिटर | १० \|- | ११ \|२५ | १२.५% |
| अमेरिकी डलर | १ को | ३५ \|- | ४८ \|८० | ३९.४२% |
| सरदर बजार भाउ वृद्धि प्रतिशत | | | | ४०.७७% |

तथ्यांक स्रोत : नेपाली पत्र र मूल्याङ्कनको आफ्नै संकलनः काठमाण्डूको मूल बजारका आधारमा

# नेपाली कांग्रेस सरकारको स्वास्थ्य नीति वास्तविक मर्ममा नै अल्मलिएको छ

**"स्वास्थ्य नै जीवन हो" भनी घोषणा मात्र गर्दैमा गरीब जनताको लागि स्वास्थ्य आधारभूत मानव अधिकार बन्न सक्दैन**

– डा. महेश मास्के

*स्वास्थ्य जनताको आधारभूत आवश्यकता अन्तरगत पर्ने कुरा हो। स्वास्थ्य नभएमा मानिसका बाँकी सबै कुराहरूको कुनै अर्थ रहन्न। जनतालाई बाँच्न दिनु र स्वस्थ्य रूपले बाँच्न दिनु कुनै पनि सरकारको प्रमुख कर्तव्य हो। विज्ञानले स्वास्थ्य क्षेत्रमा ठूला ठूला उपलब्धीहरू हासिल गरेको छ तर के ती उपलब्धीहरू आम जनताको निम्ति उपयोगी हुन सकेका छन त? मुट्ठीभर हुने खानेहरूले मात्र स्वास्थ्य रक्षा गर्न सक्ने परिपाटी रहुञ्जेल आम जनताको स्वस्थ्य रहन पाउने अधिकार सुरक्षित हुन्छ कि हुन्न? यो गम्भीर रूपले सोच्नु पर्ने विषय हो।*

*यस प्रसंगलाई डा. शरद वन्तले गत अंक ४ मा उठाउनु भएको थियो। गतांकमा चाहिं हामीले व्यापारिक स्वार्थका लागि औषधीहरू को प्रचलन संबन्धी छोटो लेख प्रस्तुत गरेका थियौं, पाठकहरूले यिनीहरूलाई रूचाउनु भएको पाइयो। यसै क्रममा यस पल्ट प्रस्तुत छ–डा. महेश मास्केले "नयाँ स्वास्थ्य नीति" बारे लेख्नु भएको यो– लेख।*

*स्वास्थ्य क्षेत्रमा नेपालको हालको स्थिति बुझ्न र सरकारले हालै लागू गरेको स्वास्थ्य नीतिका विचारणीय पक्षहरू बारे चिन्तन गर्न यसले हाम्रा पाठकहरूलाई मद्दत गर्ने छ भन्ने हामीले आशा गरेको छौं।*

– सं



डा. महेश मास्के

नेपालको कुनै सुदूर गाउँमा रहेको साधनविहिन स्वास्थ्य चौकीको उपचार सुविधालाई आफ्नो अहोभाग्य ठान्नु पर्ने गाउँले गरीबहरूदेखि लिएर देशको सबैभन्दा साधनयुक्त अस्पतालहरूमा "उपचार सेवा" को अनुभव पाएका शहरिया गरीब नेपाली जनताहरूको जनगुनासोप्रति घ्यान दिने हो भने नेपालको वर्तमान स्वास्थ्य सेवादेखि आम नेपालीहरू कैति असन्तुष्ट छन् भन्ने कुराको सहजैं अनुमान हुन्छ। नेपाली कांग्रेस सरकारको बहु प्रचारित स्वास्थ्य नीतिबारे केही टिप्पणी गर्दा जनगुनासोलाई पुष्टी गर्ने केही सरल तर कटु तथ्यहरूको चर्चा गर्नु आवश्यक छ।

## सबैभन्दा कम औसत आयु र बढी शिशु मृत्युदर भएका देशहरू मध्ये नेपाल एक

नेपालमा प्रति वर्ष जन्मिने १००० बच्चाहरू मध्ये जन्मेको पहिलो दिन मै ७ जना, एक हप्तामा २३ जना, एक महिनामा ५९ जना र एक वर्ष पुग्दा १०७ जनाको मृत्यु हुन्छ। यसरी जन्मेको पहिलो वर्षभित्र मर्ने शिशुहरूको मृत्युदर नेपालमा १०७ हुन आउँछ। विश्वमा नेपाल सबैभन्दा बढी शिशु मृत्युदर र सबै भन्दा कम औसत आयु (५३ वर्ष) भएका देशहरू मध्ये एउटा हो। जापान जस्ता विकसित मुलुकहरू–जसको शिशु मृत्युदर ४ र औसत आयु ८० वर्ष छ– संग नेपालको तुलना गर्नु हास्यास्पद देखिएला तर सबै भन्दा कम आयका देशहरू (Low Income Countries) जसभित्र नेपाल पनि पदर्छ, को औसत आयु ६० वर्ष र शिशु मृत्युदर ७२ को तुलनामा पनि नेपाली जनताको स्वास्थ्यको स्थिति कति पिछिडिएको रहेछ भन्ने यथार्थ स्वतः प्रष्ट हुन्छ। नेपालका ७८% महिलाहरू रक्त अल्पता (anaemia) ले पिडित छन् र गर्भावस्थामा हुने आमाको मृत्यु (८.५ प्रति हजार) अत्यन्तै धेरै हुने मुलकहरूमा नेपालको स्थान निकै माथि छ। अयोडिनको कमीबाट हुने रोगले पीडित देशहरूमा नेपाल विश्वमै दोस्रो स्थान राख्दछ। सफा पानी, सरसफाई, समान्य उपचार र खोपहरूबाट निर्मूल पार्न वा नियंत्रण गर्न सकिने रोगहरूबाट प्रति वर्ष पचासौं हजारको संख्यामा नेपालीहरू अकाल मृत्युको शीकार वन्न अभिशप्त छन्। Water and Sanitation Decade १९८१-१९९० विति सक्दा पनि देशको राजधानी देखि लिएर विभिन्न भागमा हैजा र झाडा बान्ताको प्रकोप फैलि–रहेको तथ्य यहाँ स्मरणीय छ।

## ७१% जनता निरपेक्ष गरीबी रेखामुनि

अफ्रिका महाद्विपको सहारा मरूभूमिमुनि पर्ने भूभाग र दक्षिण एशिया विश्वका सबै भन्दा गरीब क्षेत्र मानिन्छन्। निरपेक्ष गरीबी रेखामुनि जीवन विताईरहेका एक अरब भन्दा बढी जनताको मुख्य भाग यिनै क्षेत्रहरूमा बसोवास गर्दछन्। नेपाल दक्षिण एशियाको पनि सबै भन्दा गरीब मुलक मध्ये एउटा हो। र यसको गरीबी युद्ध र मरूभूमीकरणको चापमा परेका देशहरू जस्तै चाड, इथोपिया, सुडानहरूसंग दाँजिन्छ। राष्ट्रिय योजना आयोगले हचुवा पाराले नेपाली जनसंख्या को ४०% मात्रै निरपेक्ष गरीबी रेखामुनि भएको प्रचार गरेतापनि विश्व बैंक (१९९०) र युनिसेफ (१९९२) ले ७१% नेपाली जनता निर पेक्ष रेखा मुनि भएको तथ्य प्रकाशमा ल्याएका छन् ( नेपालका बालवालिका र महिलाहरू, युनिसेफ, १९९२)। नेपाली जनताको यो गरीबी स्वास्थ्यमा प्रतिबिंवित हुनु स्वभाविकै हो। बहुसंख्यक नेपाली जनताहरू खान नपुगेर कुपोषित छन् र जुन देशको ५ वर्ष मुनिका बच्चाहरू मध्ये आधा गम्भीर खालको कुपोषणले ग्रस्त हुन्छन् र असमयमै प्राण गुमाउन पुग्छन् वा शारीरिक र मानसिक रूपले राम्ररी विकसित हुन पाउदैनन्, त्यो देशको विकासको लागि आवश्यक स्वस्थ्य जनशक्ति कहाँबाट उत्पन्न हुने? स्वास्थ्य र विकासको अन्योन्याश्रित संबन्धको परिप्रेक्षमा हेर्ने हो भने नेपाल गरीबी, कुपोषण र अल्पविकासको चक्रभित्र कैद भएको मुलक हो र यिनीहरूकै संयोगबाट उब्जने मुलभूत स्वास्थ्य समस्याहरूबाट यो ग्रसित छ। नेपालीहरूले झेल्नु परेको स्वास्थ्यको यो स्थितिलाई लक्षित गर्दै डा. अल्मास अली भन्नु हुन्छ, "कुनै अतिशयोक्ति विना नै यो भन्न सकिन्छ कि कुनै एक समयमा नेपालको प्रत्येक व्यक्ति कि त विरामी हुन्छ कि कुनै ठूलो स्वास्थ्य संकट आई पर्ने खतरामा हुन्छ।" (डा. अल्मास अली?, द स्टेटस आपस हेल्थ इन नेपाल, १९९०)



*विशेषतः माओको नेतृत्वमा भएको सांस्कृतिक क्रान्तिकालको स्वास्थ्य क्षेत्रमा भएका उपलब्धीहरूले विश्वलाई अचम्मित तुल्याएको थियो। अन्य उल्लेखनीय देशहरूमा क्यूबा, टान्जानिया र पूर्व सोवियत यूनियन पर्दछन्।*

## दशौं वर्षदेखि अस्पतालहरूमा बेड बदलिएका छैनन

स्वास्थ्य क्षेत्रका यी बिकराल समस्याहरूलाई समाधान गर्ने दायित्व बोकेको नेपालको स्वास्थ्य सेवा प्रणलीको स्थिति के छ? यसवारे पनि एक पल्ट सर्सती दृष्टि पुऱ्याऔं।

केन्द्रमा स्वास्थ्य मन्त्रालय, ५ विकास क्षेत्रमा क्षेत्रिय निर्देशनालय, ७५ जिल्लामा जनस्वाष्य कार्यालाय र प्रत्येक जिल्लाभित्र पर्ने ९ वटा इलाकामा एकीकृत स्वास्थ चौकीहरू स्थापना भई सकेका छन् तर ७५ जिल्लाहरूमध्ये स्यांजा, रोल्पा, मुगु, कालिकोट, हुम्ला र रामेछापमा जिल्ला अस्पताल छैन। डोल्पा, धादिंग र

खोटांगमा अस्पताल भवन मर्स्वर मात्रै पूरा भएको छ। काभ्रे र ओस्वलढुंगामा क्रिश्चियन मिशन अस्पताल मात्र छ। अपर्याप्त सुविधा, अपर्याप्त सुपरिवेक्षण, औषधी र औजारहरूको कमी, स्वास्थ्य कार्यकर्ताहरूको वृत्ति विकास (Career Ladder) प्रष्ट नहुनु आदि कारणहरूले गर्दा चिकित्सक र स्वास्थ्य कायकर्ताहरू जिल्लामा बस्न रूचाउँदैनन् (टेबुल-दोस्रो)। जिल्ला अस्पताल धेरै जसो "वाह्य-रोगी सेवा" (Out-patient Service) मात्र प्रदान गरिरहेका छन्। कतिपय अस्पतालहरूमा दशौं वर्ष देखि अस्पतालका बेडहरू बदलिएका छैनन। सरसफाईको अभावमा अस्पताल अस्पताल होइन, रोग जन्माउने घर जस्ता देखिन्छन्।

### स्वास्थ्य चौकीहरूको स्थिति

स्वास्थ्य चौकीहरूको स्थिति अरू चिन्ताजनक छ। माथि उल्लेखित समस्याहरूबाट स्वास्थ्य चौकीहरू ग्रसित त छन् नै त्यसको साथै महिला स्वाथ्यकर्मीहरूको सुरक्षा र काम गर्ने वातावरणको अभावले गर्दा धेरै स्वास्थ्य चौकीहरूमा नर्स मिडवाइफ हुदैनन्। कतिपय स्वास्थ्य चौकीहरू अ. हे. व. र पिउनले चलाउँदछन्। ग्रामिण स्वास्थ्य कार्यकर्ताहरूले वहन गर्नु पर्ने जिम्मेवारी व्यावहारिक रूपले असंभव छ भने हुन्छ। सामाजिक स्वास्थ्य स्वयंसेविका (FCHV) योजना अहिले आर्थिक र व्यवस्थापनको कारणले संकटग्रस्त छ। परम्परागत (Traditional) र पश्चिमेली (Western) स्वास्थ्य सेवा प्रणालीलाई एकिकृत रूपले लैजाने दिशातर्फ कुनै उल्लेखनीय प्रगति हुन सकेको छैन।

जिल्ला स्वास्थ्यका विभिन्न निकायहरू बीच आपसमा सरसहयोगको वाछित स्थिति शून्यप्रायः छ। विशेष गरेर जिल्ला जनस्वास्थ्य र जिल्ला अस्पताल बीच-जिल्लाका संपूर्ण स्वास्थ्य गतिविधिहरूलाई संचालन गर्न जस्तो आपसी सद्भाव र समन्वयको आवश्यकता पर्दछ, त्यसको अभाव प्रष्ट देखिन्छ। अन्तर क्षेत्रीय सहयोग र जनसहभागिताका कुराहरू वारंबार चर्चामा आएता पनि व्यवहारमा कमै मात्र लागू भएका पाइन्छन्।

### मन्त्रलायको कार्यशैली

स्वास्थ्यः जनशक्तिको अल्प-उत्पादन, असमान वितरण (देशको ५०% मन्दा वढी चिकित्सक काठमाण्डौ उपत्यकामा काम गर्दछन।), र वृत्ति-विकासको अस्पष्टताले गर्दा केन्द्र बाहिरका क्षेत्रहरूमा समान्य स्वास्थ्य सेवा पनि पुऱ्याउन सकिएको छैन भने योजनाबद्ध कार्यको अभावमा केन्द्रिय अस्पतालहरूमा विशिष्ट सेवाहरूको समुचित विकास हुन सकेको छैन। बजारमा जथाभावी बिक्री भईरहेका अनावश्यक औषधीहरूमाथि रोक लगाई अत्यावश्यक औषधिको उत्पादन वृद्धि र गुणस्तर उन्नत गर्दै प्रचूर मात्रामा जनतालाई उपलब्ध गराउने नीति व्यवहारमा लागू भएको छैन। यस्ता कतिपय समस्याहरूको व्यवहारिक हल प्रस्तुत गर्दै स्वास्थ्यको प्रवर्धन गर्ने दायित्व वहन गरेको केन्द्रिय संस्था स्वास्थ्य मन्त्रालयको कार्य पद्धति अझै पनि विगतको ढीला सुस्ती र नोकरशाही प्रवृत्तिबाट मुक्त हुन सकेको देखिदैन। यिनै कारणहरूले गर्दा देशको स्वास्थ्य सेवाको स्थिति संक्षेपमा भन्ने हो भने, दयनीय छ र यस्तो द'नीय अवस्थाको स्वास्थ्य सेवा पनि २०% मन्दा कम देशवासीहरूलाई मात्र उपलब्ध छ। (डा. हरचण सिंह, दि ओरिएन्टीङ्ग हेल्थ केयर इन नेपाल, १९९२, मस्यौदा दस्तावेज)

## स्वास्थ्य नीतिः नेपाली क्रांग्रेस र पंचायत

### पंचायती नीति कागजमा "गाउँमुखी" नहुने थिएन

नेपालको स्वास्थ्य क्षेत्रमा विद्यमान यी समस्याहरूको निराकरण गर्न नेपाली कांग्रेसको सरकारले आफ्नो नीति अगाडि ल्याएको छ। "स्वास्थ्य नै जीवन हो" को उद्घोष सहित जनसमक्ष आइपुगेको यो स्वास्थ्य नीतिको सर्वाधिक जोड गाउँले जनतामा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने र परिवार नियोजन तथा मातृ शिशु सेवालाई बढी प्रभावकारी बनाउने रहेको छ। यी प्रयत्नहरू प्राथमिक स्वास्थ्य सेवाको पद्धति अनुरूप संचालित हुने पनि प्रष्ट किटान गरिएको छ। अहिले कागजमै भएपनि स्वास्थ्य नीतिको यो राजनैतिक प्रतिबद्धता प्रशंसनीय छ।

**सन २००० सम्म प्राप्त गर्नु पर्ने स्वास्थ्य लक्ष्य**

| | वर्तमान स्थिति | सन २००० को लक्ष्य | |
|---|---|---|---|
| | | पञ्चायतको | कांग्रेसको |
| शिशु मृत्युदर | १०७ | ४५ | ५० |
| बालमृत्युदर | १९७ | ७० | ७० |
| औसत आयु | ५३ | ६५ | ६५ |
| कूल प्रजनन दर | ५.८ | ४ | ४ |
| मातृ मृत्यु दर | ८.५ | ४ | ४ |

(नोटः सन् २००० सम्मको लक्ष्य प्राप्तिको योजनामा यति विध्न समानता छ।किन?- किन भने, यी लक्ष्यहरू नेपालको वास्ताविक स्थिति र क्षमताबाट निर्धारित नमएर विश्व स्वास्थ्य संगठनको "विश्व लक्ष्य" (Global Target) बाट निर्धारित हुने गर्दछन्।)

श्रोत- नयाँ स्वास्थ्य नीति दस्तावेज; कन्ट्री हेल्थ प्रोफाइल १९८८ नेपालका बाल-बालिका र महिलाहरू

तर कागजमा लेखिएको अक्षरलाई मात्र हेर्ने हो भने पञ्चायती स्वास्थ्य नीति र त्यसको राजनैतिक प्रतिबद्धता यतिकै प्रशंसनीय थियो। अझ त्यसमा त गाउँले जनतामा मात्र होइन निरपेक्ष गरिबी रेखा मुनिका जनताका स्वास्थ्य समस्या प्रति ध्यान पुऱ्याइनु पर्ने जोड थियो। "आधारभूत आवश्यकता कार्यक्रम" को नीति अनुरूप त्यसले नेपाली समाजको सबै भन्दा विपन्न तब्कालाई प्रष्ट रूपले प्राथमिकता दिएको थियो। तर जनतामाथि घोर शोषण र उत्पीडनको जगमा उभिएको र त्यस्तो परिपाटीलाई कायमै राखी रहने व्यवस्थाको रूपमा अगाडि ल्याईएको पञ्चायती व्यवस्थाले "प्राथमिक स्वास्थ्य सेवा" जस्तो जनतालाई शक्ति सम्पन्न (Empowerment of people) बनाउनु पर्ने स्वास्थ्य नीतिलाई व्यवहारमा उतार्न कसरी पो सक्थ्यो र? पञ्चायतको कागजी स्वास्थ्य नीति र कार्यक्रम विश्व स्वास्थ्य संगठन लगायतका दात्री संस्थाहरूलाई रिझाउने र विदेशी सहयोग कुम्ल्याउने दाउ थियो। नेपाली कांग्रेस यस सन्दर्भमा पञ्चायत भन्दा कति फरक हुन्छ, त्यो व्यवहारमै परीक्षा गर्न अझै केही समय पर्खनु पर्ने हुन्छ होला, तर ने. का. को सामजिक न्यायमा आधारित समतामूलक समाजको परिकल्पना भित्र पूँजीवादी स्वार्थ, मुनाफाको प्रतिस्पर्धा, व्यक्तिवाद र हैकमबादले जसरी प्रश्रय पाइरहेको छ र ने. का. को "समाजवादी" मिश्रित अर्थ नीतिभित्र निजी क्षेत्र जसरी बेलगाम बुर्कुसी मार्न पाइरहेको छ, त्यसले दिएका संकेतहरू उत्साहजनक छैनन्।

त्यसैले पञ्चायती नीतिको मूल कमजोरी नेपाली कांग्रेसले आरोप लगाए जस्तो कागजमा गाउँमुखी नहुनु होइन (पूर्व स्वास्थ्य नीतिको आलोचनाको पहिलो बुंदामा यो उल्लेखित छ-जुन सरासर गलत छ)। र यो कागजमा उल्लेख गर्दैमा सफल होइने पनि होइन। निर्णायक कुरा कागजमा लेखिएका सुन्दर नीति निर्देशन र कार्य योजनाहरू व्यवहारमा कसरी प्रयोग र रूपान्तरित हुन्छन् भन्ने हो। पञ्चायतको वर्ग चरित्रले आफ्नो स्वास्थ्य नीतिलाई कदापि व्यवहारमा उतार्न सक्तैनथ्यो, सकेन। ने.का ले आफ्नो स्वास्थ्य नीति व्यवहारमा उतार्न सक्छ कि सक्तैन भन्ने कुराले पनि ने. का. को वास्तविक वर्ग चरित्र बुझ्न जनतालाई सहयोग पुऱ्याउने छ भन्दा अत्युक्ति नहोला।

### जिल्ला स्वास्थ्य प्रणालीः पंचायत भन्दा फरक कदम

पञ्चायतमन्दा फरक र उल्लेखनीय कदमको रूपमा जिल्ला अस्पताल र जिल्ला जनस्वास्थ्यलाई एउटै संस्थाको मातहत राखी एकिकृत रूपमा सञ्चालित गर्ने प्रयत्नलाई लिन सकिन्छ। यसले जिल्ला स्वास्थ्य प्रणालीको सुदृढीकरण र क्रियान्वयनमा दूरगामी सकारात्मक प्रभाव पार्न सक्छ। तर यहाँ विर्सन नहुने कुरा के छ भने-एउटा हाकिमको भरमा मात्र एकिकरणको प्रकृया सुनिश्चित हुदैन -निर्णायक कुरा त सामूहिक प्रयत्न हो। अर्थात जिल्लाको स्वास्थ्य संवन्धी क्रियाकलापको मुख्य संचालक "जिल्ला स्वास्थ्य व्यवस्थापन समूह" (District Health Management Team) हुनु पर्छ, जसको टिम लिडर र कार्य संयोजकको रूपमा मात्रै कुनै एक व्यक्तिले यी संस्थाहरूको समुचित परिचालन गर्न सक्छ। तेश्रो विश्वका देशहरूको यो जीवन्त अनुभवप्रति स्वास्थ्य नीतिमा कुनै संकेत छैन। सामूहिक कार्य पद्धतिको अभावमा एक व्यक्तीय प्रयत्नले एकिकृत जिल्ला स्वास्थ्य प्रणाली निर्माण गर्न ठोस सहयोग पुऱ्याउला भन्ने आशा गर्न सकिन्न। (हेर्नुहोस, डा. महेश मास्के "नेपालमा जिल्ला स्वास्थ्य प्रणालीको सुदृढीकरणः व्यवस्थापन संवन्धी केही प्राथमिकताहरू" ने.चि.संघ जर्नल, १९९०)

प्रत्येक गाउँमा उपस्वास्थ्य चौकीको स्थापना गर्ने लक्ष्य अर्को एउटा महत्वपूर्ण पक्ष हो। तर व्यापक जनसहयोग र सहभागिताविना यसले मूर्त रूप लिन कठीन छ। नेपालको ४००० भन्दा बढी गाविसमा उपस्वास्थ्य चौकीको स्थापना र संवर्धन, यसमा चाहिने जन शक्तिको उत्पादन, सुपरिवेक्षण तालिम र वृत्ति विकास आफैंमा एउटा ठूलो अभिभारा हो। ठूलो दायित्व र प्रशस्त अवरोध भए पनि यो सही दिशा हो, यदि स्वास्थ्य चौकीको सुदृढिकरणलाई पनि सगै लैजान सकियो भने।

### प्राथमिकता स्वास्थ्य केन्द्रको हतारो

तर स्वास्थ्य नीतिको सबैभन्दा विवादास्पद पक्ष प्राथमिक स्वास्थ्य सेवा केन्द्रको हतारो हो। स्वास्थ्य चौकीहरूको क्रमिक विकासको रूपमा यो अगाडि आएको भए यो उपलब्धीपूर्ण हुन सक्थ्यो तर यो त जिल्लाका चुनाव क्षेत्रका मतदाताहरूलाई कर्णप्रिय लाग्ने उपहारको रूपमा मात्रै ल्याउन खोजिएको देखिन्छ। जुन देशका अधिकांश जिल्ला अस्पतालमा दरबन्दी भएका चिकित्सकहरू पनि कार्यरत हुँदैनन्, जहाँ अन्य आवश्यक सरसमान, सुविधा र संरचनाको अभवाले गर्दा अस्पताल सञ्चालन गर्न कठिनाई भईरहेको हुन्छ त्यहाँ त्यसको सुदृढीकरणले प्राथमिकता नपाई २०५ वटा सेवा केन्द्रको अर्को थप अभिभारा बोक्न सक्ने सामर्थ स्वास्थ्य क्षेत्रको छ कि छैन भन्ने प्रश्नमा ने का ले विचार पुऱ्याएको देखिदैन। ठीक यस्तै स्थिति उपस्वास्थ्य चौकीको हो। स्वास्थ्य चौकी लाई सुदृढ नगरीकन उपस्वास्थ्य चौकीको कृयाशीलतालाई टेवा पुग्न सक्तैन। त्यसैले सिद्धान्ततः उपस्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरू स्वीकार्य भएता पनि तिनीहरूलाई स्थापित गर्ने प्रयत्न गर्दा स्वास्थ्य चौकी र जिल्ला अस्पताल झन उपेक्षित भए भने त्यस्तो नीतिको दुष्परिणामवारे अहिले नै भविष्यवाणी गर्न सकिन्छ।

### आयुर्वेदको संवन्धमा

स्वास्थ्य नीतिको एउटा चाखलाग्दो कुरा के छ भने-यसले आयुर्वेद लगायत परम्परागत स्वास्थ्य प्रणालीलाई पश्चिमेली वा आधुनिक स्वास्थ्य प्रणालीसंग एकीकृत गर्ने कुरा कतै उल्लेख गर्दैन। पञ्चायती स्वास्थ्य नीतिमा बरू यसलाई प्रष्ट उल्लेख गरिएको थियो। यो विश्व स्वास्थ्य संगठनको एउटा प्राथमिकता पनि हो। तर स्वास्थ्य नीति मात्र परंपरागत चिकित्सा प्रणालीलाई क्रमशः विकास गर्ने कुरा गर्दछ, आधुनिक चिकित्सा प्रणालीसंग एकीकृत गर्ने होईन। यो नीतिमा आएको परिवर्तन हो कि नीति निर्माताहरूले उल्लेख गर्न विर्सेका हुन? कौतुहलको विषय भएको छ।

| | | |
|---|---|---|
| कूल डाक्टरहरूको संख्या | - | १४९१ |
| श्री ५ को सरकारमा employee | - | ९१७ |
| श्री ५ को सरकारमा कार्यरत | - | ५९९ |
| (शहरमा | - | ३२२ |
| गाउँमा | - | ११८ |
| प्रसाशन | - | ३१ |
| रिजर्भपुल | - | १२८) |

शहरमा प्रति ४७२९ जनताको निम्ति एक डाक्टर

गाउँमा प्रति ९२५१८ जनताको निम्ति एक डाक्टर

श्री ५ को सरकारमा employee

कूल स्टाफ नर्सको संख्या ६५५

कूल हेल्थ असिस्टेन्ट ११६८

*श्रोतः हेल्थ इनफोरमेसन बुलेटिन १९९१, स्वास्थ्य मन्त्रालय।*

### औषधी नीतिः विस्तारको बारेमा मौन

औषधी-नीतिबारे दस्तावेजमा अलिकति मात्र उल्लेख गरिएको छ। अत्यावश्यक औषधी (Essential drugs) को सकभर देशभित्रै उत्पादन गरिनु पर्ने कुरामा विवाद छैन र तिनीहरूको गुणस्तरको वृद्धिमा पनि निरन्तर जोड दिईनु पर्दछ। तर स्वास्थ्य नीति त्यसको प्रयोगको विस्तार गरिनुपर्ने आवश्यकताबारे मौन छ। धेरै चिकित्सक र अन्य स्वास्थ्य कर्मीहरूले औषधी विक्रेताको प्रचार र प्रलोभनको दवावमा र आफ्नै अज्ञानतावश अत्यावश्यक औषधीको प्रयोगलाई प्रोत्साहन गरिरहेका छैनन्। त्यस्ता व्यक्तिहरूले प्रयोगको आवश्यकता बुझ्नु र त्यसलाई व्यवहारमा ल्याउनु जरूरी भएको छ। त्यसैले औषधी क्षेत्रमा व्याप्त विसंगतिहरूलाई हटाउँदै लैजान अत्यावश्यक औषधीहरूको उत्पादन र गुणस्तर मात्र होइन त्यसको वितरण र प्रयोगवारे पनि त्यतिकै जोड दिईनु पर्दछ। र औषधी उद्योगका मुनाफाखोर संस्थाहरूलाई नेपालको आन्तरिक वजारमा ढलीमली गर्नबाट रोक लगाउनु पदर्छ।

# स्वास्थ्य नीति र प्राथमिक स्वास्थ्य सेवा

## वास्तविक मर्ममा अलमल

प्राथमिक स्वास्थ्य सेवाप्रति राजनैतिक प्रतिवद्धता जाहेर गरेर पनि स्वास्थ्य नीति त्यसको वास्तविक मर्म नबुझेर अलमल्लिएको देखिन्छ। स्वास्थ्य नीतिको सबै भन्दा ठूलो कमजोरी यसैमा रहेको छ। केही साधारण औषधी उपचार र स्वास्थ्य शिक्षा जनताको घरदैलोमा पुऱ्याउनु मात्रले प्राथमिक स्वास्थ्य सेवाको पद्धति अपनाइयो भन्न मिल्दैन। मूल कुरा त प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त र दर्शनमा आधारित स्वास्थ्य सेवा प्रणालीको स्थापना र विकास गर्नु हो। त्यस्तो प्रणालीमा परिवार र सुमदाय स्तरका स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था, स्वास्थ्य चौकी आदिका सरल उपचार र स्वास्थ्य प्रवर्धनका प्रयत्नदेखि लिएर केन्द्रिय अस्पतालहरूको विशष्टि सेवाहरूको संतुलित समायोजन हुन्छ। त्यस्तो प्रणालीमा स्वास्थ्य क्षेत्र मात्रै होईन स्वास्थ्यसंग संवन्धित अन्य सबै क्षेत्रहरू जस्तै कृषि, सिंचाई, शिक्षा आदिको पारस्परिक सहयोग र सक्रियतामा स्वास्थ्य क्षेत्रका समस्या-हरूको हल गर्ने प्रयत्न गरिन्छ। त्यस्तो प्रणाली जनताको सक्रिय सह-भागिताद्वारा मात्र क्रियाशील हुन्छ र जनताको शक्ति संपन्न बन्ने प्रक्रियाको एउटा अभिन्न अंग हुन्छ।

प्राथमिक स्वास्थ्य सेवामा आधारित स्वास्थ्य प्रणालीको विकास क्रियाशीलता र सुदृढी-करणले मात्र "सन २००० सम्म सबैको लागि स्वास्थ्य" भन्ने विश्वव्यापी अभियानलाई वास्तविकतामा परिणत गर्न सक्छ भन्ने आल्मा आटाको ऐतिहासिक उद्घोषणामा हस्ताक्षर गर्ने १३४ राष्ट्रहरूको मान्यता थियो र त्यो मान्यता अझै कायमै छ। स्वास्थ्य विज्ञानका उन्नत प्रविधिहरूको प्रशस्त विकास भएतापनि विश्वका विपन्न जनसमुदायले आधारभूत स्वास्थ्य सेवा बाट पनि वंचित रहनु परेको दुखद स्थितिले स्वास्थ्य प्रवर्धनको नौलो मार्ग खोज्न विश्व समुदायलाई वाध्य तुल्याएको थियो। १९७८ सम्म आई पुग्दा विश्वका थुप्रै देशहरूले स्वास्थ्य क्षेत्रमा प्राप्त गरेका सफलताहरूको विश्लेषण गरेर प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त, पद्धति र कार्यक्रमको रूपरेखा स्पष्ट हुदै गएको थियो। आफ्नो अनुभवको भण्डारबाट सो अवधारणा बनाउन मद्दत पुऱ्याउने सबै भन्दा अग्रणी मुलुक चीन थियो। विशेषतः माओको नेतृत्वमा भएको साँस्कृतिक क्रान्तिकालको स्वास्थ्य क्षेत्रमा भएका उपलब्धीहरूले विश्वलाई अचम्मित तुल्याएको थियो। अन्व उल्लेखनीय देशहरूमा क्यूवा, टान्जानिया र पूर्व सोवियत यूनियन पर्दछन्।

"प्राथमिक स्वास्थ्य सेवा" वाक्यको यस महत्वको सन्दर्भमा स्वास्थ्य नीतिको दस्तावेज र राजाको भाषणमा अभिव्यक्त भएको ने.का. स्वास्थ्य नीति-निर्माताहरूको यसप्रतिको मूल दृष्टिकोण फितलो र विडंवनापूर्ण छ। प्राथमिक स्वास्थ्य सेवा केन्द्र र स्वास्थ्य चौकीद्वारा आधारभूत सेवा प्रदान गरिनु मात्र "प्राथमिक स्वास्थ्य सेवा" होईन। माथि भनेझैं यसको निम्ति सपूर्ण स्वास्थ्य प्रणाली यसको सिद्धान्त र पद्धति अनुरूप सञ्चालित हुन सक्नु पर्दछ। अर्को खद्किने कुरा के हो भने आधारभूत स्वास्थ्य सेवा र आधुनिक स्वास्थ्य सेवालाई क्रमशः तल्लो वा समान्य र माथिल्लो वा विशिष्ट सेवाको पर्यायवाची अर्थमा प्रयोग गरिएको छ। नीति निर्मातालाई थाहा हुनु पर्दछ कि आधारभूत स्वास्थ्य सेवा पनि "आधुनिक" नै हुन्छ "पुरातन" वा "परंपरागत" हुदैन। त्यसैले आधुनिक स्वास्थ्य सेवाको वाक्य प्रयोगको ठाउँमा "विशिष्ट स्वास्थ्य सेवा" भन्ने शब्द प्रयोग गरेर अन्यौल बढ्न नदिनु नै वांछनीय हुनेछ।

### नयाँ नीतिः पूरानै परिणति?

अन्त्यमा, "स्वास्थ्य नै जीवन हो" भनेर घोषणा गर्दैमा स्वास्थ्य नेपाली गरीब जनताको आधारभूत मानव अधिकार बन्ने छैन। न नै प्राथमिक स्वास्थ्य सेवाप्रतिको शाब्दिक अनुरागले स्वास्थ्यलाई विपन्न वर्गको पहुँचभित्र पुऱ्याउने छ। सम्पन्न वर्गकै ढलीमली चल्ने सामाजिक संरचना कायम रहुन्ज्याल प्राथमिक स्वास्थ्य सेवा व्यवहारमा लागू हुन सक्तैन। यो सत्यलाई हृदयंगम नगरी अन्याय र शोषणको धरातलमा उभिएको समाजमा प्राथमिक स्वास्थ्य सेवालाई आरोपण गर्न खोज्नु निरर्थक प्रयत्न मात्र हुनेछ। परिणति दुईटै मात्र छ-या त प्राथमिक स्वास्थ्य सेवाको प्रयत्न अन्याय र शोषणयुक्त समाजमा आमूल परिर्वतन ल्याउने प्रक्रियासंग अभिन्न रूपले गाँसिनु पर्दछ, त्यसो गर्न सक्दैन भने प्राथमिक स्वास्थ्य सेवा पञ्चायत कालमा झैं हात्तीको देखाउने दाँत मात्र बनेर मागी खानेभाँडाको रूपमा अस्तित्वमा रहने छ। प्राथमिक स्वास्थ्य सेवाको जन्म र कर्मभूमि मानिएको देश चीनको अनुभवलाई अघि राख्दै विल्वर्ट एम जेस्लर आमूल सामाजिक परिर्वतनको आवश्यकतालाई यसरी औल्याउदछन्-

"चीनको सफलताले एउटा अत्यन्तै चाखलाग्दो प्रश्न खडा गर्दछ, कम आयका देशहरूको निम्ति आदर्श मानिएको यसको स्वास्थ्य प्रणालीलाई कतिहद सम्म अन्य देशमा निर्यात गर्न सकिन्छ? यो प्रश्न को उत्तर को ठूलो भाग त यो बोध गर्नुमा छ कि- चीनको प्रणालीको प्रभावकारिता जनताले (स्वास्थ्य कर्मीहरू समेतले) त्यसको पछाडि रहेको विचारधारालाई स्वीकारेको कारणले गर्दा भएको हो। चीनले के देखाएको छ भने- प्राथमिक स्वास्थ्य सेवा र एकीकृत प्रणाली सभंव छन् तर त्यस्तो कार्यक्रमलाई आफ्नो देशमा लागू गर्न त्यस्तै दृढ प्रतिवद्धता चाहिन्छ। कम आयका देशहरूको लागि शायद उएटै मात्रै बाटो चीनले पार गरे जस्तै आमूल सामाजिक र राजनैतिक परिवर्तनको अनुभवबाट गुज्रिनुमा छ।" (जेस्लर, विकासशील देशहरूमा स्वास्थ्य सेवा, पेज २२, १९८४)

के यो भनिरहनु पर्छ कि ने.का. सरकारको वर्गीय चरित्र त्यस्तो आमूल परिवर्तनकारी प्रयत्नको विरूद्धमा उभिन्छ? यसको थुप्रै उदाहरण ने. का. को विगत र निर्वाचित सरकारको वर्तमानले देखाईसकेको छ। त्यस-कारण यस नयाँ नीतिको परिणति पनि पञ्चायतकालीन स्वास्थ्य नीति झैं पुरानै भयो भने त्यति आश्चर्य मान्नु पर्ने छैन। ❖

रजिष्ट्रेशन नं. ११२२२/ १०२४ / ०४८/०४९

फोन नं. ५२१४३८

## यू.एन. मेटल इण्डष्ट्रिज द्वारा संचालित

# यू.एन. नगद फिर्ता योजना



परे पुरस्कार नपरे रकम फिर्ता



प्रथम
रु २,००,००१/-

द्वितीय हिरो होण्डा

तृतीय हिरोपुच



चौथौं ५०१

## चौथौं ५०१ ( दुईसय चालीस जवानलाई )

एक पटक रु. ८५।- मात्र बुझाए पुग्ने

रु ८५।- ले ४८ औं पटक सम्म पुरस्कृत हुन सक्ने

जोखिम सून्य फाइदै फाइदा

शोरुम
यू. एन. ट्रेडर्स
ल.पु.कुमारीपाटी

मुख्य कार्यालय
लु.पु. महापाल
फोन : ५२६४३८

नोटः ग्राहकहरुको ध्यानमा राखि संकलित अधकट्टी मात्र समावेश गरी तीन महीना सम्म प्रत्येक महिनाको १० गते विशेष उपहार खोलिने छ

## रियो सम्मेलनः
# जैविक विविधता

### उत्तर र दक्षिणको मतभेद के के?
### अमेरिकाले रियो घोषणामा किन सही गरेन?



-डा. कमल कृष्ण जोशी



**(गत जेठ महिनामा ब्राजिलको रियो दि जेनेरियोमा संपन्न पृथ्वी शिखर सम्मेलनमा अमेरिकाले मूलतः जैविक विविधता संबन्धी मुद्दामा आफ्नो असहमति जनाएर र पृथ्वी घोषणा-पत्रमै हस्ताक्षर नगरेर आफ्नो खास स्वरूप विश्वसामु प्रकट गऱ्यो।**
**यो जैविक विविधताको स्वरूप र रियो सम्मेलनमा उठेका विवादहरूको चरित्रबारेको जानकारी उपयोगी हुने भएकोले डा. कमलकृष्ण जोशी लिखित यो लेख यहाँ प्रस्तुत गरिएको छ। - सं.)**

जैविक विविधताबारे नयाँ प्रकाशित कृतिहरूमा १४ लाख जति विभिन्न जाति (Species) का जीवहरू बारे जानकारी दिइएका छन्। ती मध्ये करीब ७,५०,००० कीराहरू, ४१,००० मेरूदण्डी प्राणीहरू र २,५०,००० बिरूवाहरू छन्। बाँकी ३,५९,००० मेरूदण्डविहीन प्राणीहरू पानीमा वा ओसिलो ठाउँमा पाइने स-साना बिरूवाहरू (algae), ढुसी जातका बिरूवाहरू (fungi) र बाक्टेरिया (bacteria), वाइरस् (virus) जस्ता अन्य सुक्ष्म जीवाणुहरू छन्। तिनीहरूको नाम र संख्या तालिकामा दिइएका छन्।

| तालिका : वर्णित जीवहरूको जाति र संख्या | |
|---|---|
| प्राणी वा वनस्पति जगत एवं तिनीहरूको प्रमुख उपवर्ग | संख्या |
| वाइरस | १,००० |
| मोनेरा (बाक्टेरिया, ब्लूग्रीन अल्गी) | ४,७६० |
| फन्जाइ, लाइकेन | ४६,९८३ |
| अल्गी | २६,९०० |
| प्लाण्टी | २,४८,४२८ |
| प्रोटोजोआ | ३०,८०० |
| एनिमालिया | ९,८९,७६१ |
| कोडीटा | ४३,८५३ |
| कूल सबै प्रकारका जीव | १३,९२,४८५ |

सौजन्य : विल्सन, १९८६

तालिकामा दिइएको संख्या यस पृथ्वीमा विद्यमान जीवहरूको वास्तविक संख्याभन्दा अझै धेरै कम छ। मेरूदण्डी प्राणी र फूल फुल्ने बिरूवाहरूबाहेक ठूलो संख्यामा रहेका अन्य साना जीव तथा जीवाणुहरूबारे थाहा पाउन धेरै बाँकी छ। पृथ्वीको जैविक विविधताको परिमाणबारे अत्यन्त विभेद देखिएको छ। विल्सन (१९८६) का अनुसार पृथ्वीका जीवहरूको जाति (species) को संख्या पचास लाख देखि तीन करोडसम्म पुग्न सक्तछ। जीवहरू एक अर्कासंग निषेचित भई प्राकृतिक रूपमा प्रजनन हुने क्षमतालाई हेरेर जातिहरू (species) छुट्याइएका छन्। आपसमा निषेचन हुनसक्ने सबै जीवहरू एउटै जातिमा समावेश गरिएका छन्।

कतिपय जाति वा उपजातिको अस्तित्वबारे थाहा हुनु अघि नै वन विनाशका साथ साथै तिनीहरू पनि विलय हुदै गएका छन्। नेपालमा कति जातका वनस्पति वा प्राणी छन् भन्ने कुरा थाहा हुन बाँकी नै छ। तिनीहरूको पूर्ण फेहरिस्त र विवरण तयार पार्न स्थानीय र विदेशी बैज्ञानिकहरूको धेरै वर्ष अघिदेखिको प्रयास अझै पूरा हुनसकेको छैन। यस कार्यमा विशेष गरेर नेपालका अतिरिक्त जापान, फ्रान्स र बेलायतका वनस्पति शास्त्रीहरू लागेका छन्।

नेपालमा वन जङ्गलको विनाश वर्षेनी २.१ प्रतिशतले मइरहेको छ। (अमात्य १९९१) र अहिले उच्च हिमालयलाई छोडेर देशको सम्पूर्ण भूमिको सम्भवतः २६.१ प्रतिशत मात्र बाँकी रहन गएको छ। हामीले हाम्रा सन्ततिका लागि यो पृथ्वीमा छोडेर जानसक्ने सबभन्दा महत्वपूर्ण कुरा नै जैविक विविधता हो। केन्याको एउटा लोकोक्ति अनुसार यो पृथ्वी हाम्रा सन्ततिले हाम्रो हातमा सुम्पिराखेको एउटा नासो मात्र हो (श्रेष्ठ र श्रेष्ठ १९९२)। यसको सम्भार र समृद्धि हाम्रो दायित्व हो। हामीले हाम्रो दायित्वलाई इमान्दारीसाथ पूरा गर्नसकेका छैनौं। पृथ्वीको जैविक विविधतामा आइरहेको क्रमिक ह्रास र वातावरण प्रदूषणका लागि हामी नै जिम्मेवार छौं।

विकसित देशहरूमा इन्धनको अत्यधिक प्रयोगले गर्दा प्राकृतिक सम्पदामा ह्रास आउनुका साथै ती देशहरू प्रदूषणले ग्रसित छन्भने विकासशील देशहरूमा गरीबीले जनतालाई वन जङ्गलमा निर्भर रहन वाध्य बनाएको छ। केन्याका वातावरण मन्त्री फिलिप लोके भन्नुहुन्छ "हाम्रो अगाडि यदि हाम्रो जीवन र वातावरणबीच एउटालाई रोज्न आवश्यक हुन आयो भने स्वभावतः हामीले हाम्रो जीवनलाई नै रोज्ने छौं।"

आजभन्दा एक दशक अघिसम्म पनि वन जङ्गल संरक्षण केवल प्रकृतिले मानिसलाई प्रदान गरेको उपहारको सम्मान गर्नलाई गरिन्थ्यो। अथवा वन जङ्गललाई प्रकृतिको पुस्तकालयको रूपमा लिई त्यस पुस्तकालयको सुरक्षाको निम्ति वन जङ्गलको संरक्षणको आवश्यकता महशूस गरिन्थ्यो। आज वन विनाश एउटा मुलुक विशेषको मात्र समस्या नभई विश्वकै समस्याको रूपमा आएको छ, सम्पूर्ण मानव जातिकै विरूद्ध ठूलो चुनौतिको रूपमा उभेको छ। आज हावामा उत्सर्जन भइरहेको कार्बन डाइअक्साइडको एक तीहाई भागका निम्ति वन विनाश जिम्मेवार रहेको कुरा अमेरिकाको विश्व सम्पदासम्बन्धी संस्थाले जनाएको छ। वन विनाशले पृथ्वीको तापक्रम बढ्न गएको छ र कुनै एउटा वन कम हुनुको अर्थ केही मात्रामा तापक्रम अरू बढ्नु रहेको छ। कुनै एउटा मुलुकमा भएको वन विनाशलाई त्यस मुलुक विशेषको मात्र समस्याको रूपमा नहेरिकन विश्वकै साझा समस्याको रूपमा हेरिनु पर्ने आवश्यकता पनि महशूस हुन थालेको छ।

वन विनाशबाट आनुवंशिकी (एक पुस्ताबाट अर्को पुस्तामा गुणहरू सर्ने प्रकृया) क्षय भएको छ र यो नै विश्वकै लागि ठूलो चिन्ताको विषय हुन गएको छ। प्रशस्त जैविक विविधताद्वारा संज्जित १७,०००,०० (सत्र लाख) हेक्टर जमीनमा रहेको उष्णकटिबन्धी (ट्रोपिकल) जङ्गलहरूको धेरैजसो भाग गरीब मुलुकहरूमा रहेको छ। यद्यपि यस्ता जङ्गलहरूले कूल जमीनको सात प्रतिशतमात्र ओगटेका छन्, तथापि विश्वमा पाइने सम्पूर्ण प्राणी र वनस्पतिहरूको संख्याको आधा भाग यहीं रहेको छ। विल्सनको अनुमान अनुसार यस्ता जङ्गलहरूको फँडानीले प्रत्येक वर्ष कम से कम ५०,००० र प्रतिदिन करीब १४० वटा मेरूदण्डविहीन प्राणीहरू विलीन हुने आशङ्का पैदा भएको छ। जैविक विविधताको यो ह्रासले अत्यन्त गम्भीर रूप लिन थालेको छ। यसको रोकथामका लागि अन्तरराष्ट्रिय प्रयासको आवश्यकता महशूस गरिन थालेको छ। गत जेष्ठ २१-३२, २०४९ मा रियो द जेनेरियो (ब्राजिल) मा सम्पन्न पृथ्वी शिखर सम्मेलनको आयोजना यिनै प्रयासको सिलसिलामा एउटा महत्वपूर्ण ऐतिहासिक पाइला हो।

विश्वका १५३ राष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुखहरूको सहभागितामा भएको पृथ्वी शिखर सम्मेलनले जैविक विविधताको ह्रासबाट उत्पन्न विभिन्न समस्याहरूको प्रभावकारी निराकरणमा ठोस योगदान दिने अपेक्षा गरिएको थियो। परन्तु, यसको तयारीमा बितेको दुई वर्षभित्रमा पृथ्वीको परिवेश एवं वातावरण असन्तुलनका कारक तत्वसम्बन्धी कुरामा र वातावरण संरक्षणका लागि अपनाइने उपायहरूबारे उत्तर र दक्षिणबीच मतभेदहरू देखिन थालेको थियो। ती मतभेदहरू रियो सम्मेलनमा प्रत्यक्ष एवं प्रबल रूपमा प्रकट भए।

उत्तर (यूरोप र अमेरिका आदि) र दक्षिण (एशिया, अफ्रिका र ल्याटिन अमेरिकी मुलुकहरू) बीच रियो सम्मेलनमा देखिएका मतभेदहरू मूलतः निम्न कुराहरूमा केन्द्रित थिए:

१. प्रदुषणका लागि औद्योगिकरण जिम्मेवार भएको कुरा उत्तरका बिकसित मुलुकहरू स्वीकार्छन, तर प्रदुषण हटाउने उपायहरूका निम्ति उनीहरू खर्च गर्न भने तयार छैनन्। दक्षिणका विकासशील मुलुकहरू दृढताका साथ विश्वास गर्दछन् कि प्रदुषणका लागि जिम्मेवार


लेखक

विकसित देशहरू प्रदुषण हटाउने आफ्नो दायित्वप्रति इमान्दार हुनु पर्दछ र त्यसको निम्ति आवश्यक आर्थिक व्यय वहन गर्नु पर्दछ।

२. वन जङ्गलको विनाश र पिउने पानीको प्रदुषणका लागि उत्तर जनसंख्या विष्फोटनलाई जिम्मेवार ठान्दछ र जनसंख्या नियन्त्रणका लागि दक्षिणले प्रभावकारी कदम चालोस् भन्ने चाहन्छ। दक्षिणी मुलुकहरू भने इन्धनको अत्यधिक उपभोगका लागि उत्तर जिम्मेवार रहेको ठान्दछन्। विश्वको सम्पूर्ण उर्जा सम्पदाको ६० प्रतिशत भन्दा बढी उत्तरले मात्र उपभोग गर्ने गरेकोले उत्तरले नै यसको जिम्मेवारी वहन गर्नु पर्दछ भन्ने धारणा दक्षिण राख्दछ।

३. हावामा वृद्धि हुँदै गएको कार्बन डाइअक्साइड र मिथेन ग्याँसलाई वि. सं. २०६२ सालसम्ममा २० प्रतिशत कम गर्ने लक्ष्यलाई सफल पार्न कोइला र दाउरा जस्ता इन्धनको प्रयोग बन्द गर्ने पक्षमा उत्तर छ। दक्षिण के ठान्दछ भने विगत ५० वर्षसम्म यिनै इन्धनको अत्यधिक प्रयोगद्वारा उत्तरले कार्बन डाइअक्साइड् र मिथेन जस्ता ग्याँसलाई हावामा उत्सर्जन (उत्पादन भई मिश्रण हुने प्रकृया) गरेको छ। अब दक्षिणले आफ्नो उन्नतिको मूल्यमा ती परम्परागत इन्धनहरूको प्रयोग बन्द गर्न सक्तैन भन्ने धारणामा दक्षिणी मुलुकहरू दृढ छन्।

४. वन विनाशलाई रोक्न विश्वका प्रत्येक मुलुकले कडा कानूनी उपायहरू अप्नाऊन् र विशेष गरिकन जैविक विविधतामा धनी दक्षिणको उष्णकटिबन्ध मुलुकहरूले यस दिशातर्फ प्रभावकारी पाइला चालून् भन्ने उत्तर चाहन्छ। उत्तरको यस प्रकारको दबावले स्वतन्त्र राष्ट्रहरूको सार्वभौमसत्तामा अतिक्रमण भएको दक्षिण सम्झन्छ। दक्षिण चाहन्छ, संरक्षणका लागि धनी राष्ट्रहरूले आर्थिक दायित्व वहन गर्नु पर्दछ।

५. धनी राष्ट्रहरूले आर्थिक दायित्व वहन गर्ने कुरालाई अनिवार्य गरिनु हुँदैन, अपितु संयुक्त राष्ट्र संघका विश्व वातावरण सुविधा (जी ई एफ्) जस्ता निकायहरू अथवा विश्व बैंक जस्ता संस्थाहरू मार्फत आर्थिक अनुदानको वितरण हुनु पर्दछ भन्ने उत्तर चाहन्छ। दक्षिण चाहन्छ, वातावरण संरक्षणका लागि धनी राष्ट्रहरू स्पष्ट रूपमा आर्थिक सहयोगप्रति वचनवद्ध हुनु पर्दछ। एउटा यस्तो संस्थाको आवश्यकता छ, जुन यस क्षेत्रमा प्रजातान्त्रिक तवरले पारदर्शक कार्यक्रम लिएर अगाडि बढ्छ।

६. उत्तरका धनी मुलुकहरू प्रविधि विकासलाई व्यापारिक दृष्टिकोणले हेर्छन् र प्रविधि आयात गर्ने दक्षिणी मुलुकहरूले प्रविधि विकास गर्ने मुलुकहरूलाई त्यसको मूल्य तिर्नु पर्दछ भन्ने चाहन्छन्। प्रदुषण हटाउने प्रविधि र परम्परागत उर्जाको विस्थापन गर्ने प्रविधिको आयात सुपथ मूल्यमा विकासोन्मुख मुलुकहरूले गर्न पाउनु पर्दछ भन्ने दक्षिणको जोड छ।

यी मध्ये प्रदुषित परिवेश सफा गर्नाका लागि कसले पैसा बेहोर्ने भन्ने कुराले नै उत्तर र दक्षिणबीच सबभन्दा गहिरो खाडल खनीदियो। चीनका विज्ञान तथा प्रविधि मन्त्रालयकी उपमन्त्री डेङ्ग नान भन्नुहुन्छ-"विकसित मुलुकहरू नै प्रदुषणका लागि सबभन्दा बढी जिम्मेवार छन्। उनीहरूले यस कुराको नैतिक जिम्मेदारी वहन गर्नु पर्दछ र फोहोर हटाउनका लागि आवश्यक खर्च बेहोर्ने कुराप्रति बचनवद्ध हुनु पर्दछ।" त्यस्तै मलेशियाका प्रधानमन्त्री महाथिर मोहम्मद भन्नुहुन्छ "विकसित देशहरूले विकासशील देशहरूसित गर्ने व्यापार र सहयोगलाई वातावरण र तत्सम्बन्धी विषयहरूसंग गाँस्ने काम रोक्नु पर्दछ। यस प्रकारको हात अँठ्याउँने काम छोड्नु पर्दछ।"

वास्तवमा, विश्वको परिवेश असन्तुलनका लागि विकासशील देशरूको जनसंख्या वृद्धि जति जिम्मेवार छ त्यो भन्दा बढी विकसित देशहरूले गरेको प्राकृतिक स्रोतको अत्यधिक उपभोग जिम्मेवार छ भन्ने कुरा बढी तर्क संगत छ। हावामा कार्बन डाअक्साइड्को उत्सर्जन विकसित राष्ट्रहरूले ६५.४ प्रतिशत गर्दछन् भने विकासशील देशहरूले १४.६ प्रतिशत मात्र गर्दछन्। बाँकी २०.० प्रतिशत उत्सर्जनका लागि पूर्वी युरोपका देशहरू जिम्मेवार छन्।

उत्तर दक्षिणबीचको मतभेदका कारण रियो सम्मेलन अपेक्षाकृत सफल हुनसकेन। कतिपय प्रत्याशाहरू र आकांक्षाहरूलाई तिलाञ्जलि दिनु पर्‍यो। सम्मेलनको अन्तमा पृथ्वी चार्टरको उद्घोषण हुने चीर प्रतिक्षित कार्यक्रमलाई रियो घोषणामा सीमित गरेर चित्त बुझाउनु पर्‍यो। त्यस घोषणामा पनि संयुक्त राज्य अमेरिकाले हस्ताक्षर गर्न मानेन। रियो घोषणाका मामलामा पनि विश्व जनमत विरूद्ध उभिने अमेरिका विश्वबाट एक्लियो। घोषणामा उल्लेखित मुख्यतया निम्न बुँदाहरूमा असहमति जनाएर अमेरिका घोषणामा सही गर्नुबाट पलायन रहयो:


*विकसित मुलुकहरू नै प्रदुषणका लागि सबभन्दा बढी जिम्मेवार छन्*

१. सतत् विकासद्वारा वातावरण अतिक्रमणलाई रोक्न विकसित देशहरूले तत्ससम्बन्धी प्रविधि गरीब विकासशील देशहरूका लागि सुलभ गराई आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने कुरामा विकसित देशहरू वचनवद्ध हुनु पर्दछ भन्ने धारणालाई अमेरिकाले अस्वीकार गरेको छ। यी कामका लागि प्रतिवर्ष साढे ६ खरब रूपैया चाहिन्छ र यो रकम विकसित देशहरूको कूल राष्ट्रिय उत्पादनको ०.७ प्रतिशत जति पर्न आउँछ। क्यानाडा र जर्मनीले भने विकसित देशहरूलाई दिइने ऋण अनुदानमा परिणत गरी त्यस प्रयोजनका लागि खर्च गर्ने सुझाव प्रस्तुत गरेका थिए।

२. हावामा भइरहेको कार्बन डाइअक्साइड्को उत्सर्जनलाई आगामी आठ वर्षसम्ममा वि. सं. २०४७ सालको परिमाणमा ल्याउने भन्ने धारालाई नहटाएसम्म अमेरिकाले घोषणामा सही नगर्ने अडान पनि लियो। यस धारालाई यूरोपका मुलुकहरूले भने स्वीकार गरेका थिए।

३. विश्वका बिरूवा, जनावर र अन्य जीवित प्राणीहरूको सुरक्षा गर्ने बारेको आम सहमतिमा पनि अमेरिकाले सही गर्न मानेन। यसले जीव-प्रविधि (बायोटेक्नोलोजी) उद्योगमा प्रतिकूल प्रभाव पर्छ भन्ने अमेरिकाको धारणा रहयो।

पृथ्वी शिखर सम्मेलनको औपचारिक नाउँ "वातावरण र विकासका लागि संयुक्त राष्ट्र सम्मेलन" छोटकरीमा अनसेड् (UNCED) का अधिकारीहरू रियो सम्मेलन सफल रहेको ठान्छन्। उनीहरूको दृष्टिमा रियो सम्मेलनले पृथ्वीको यस गम्भीर समस्याप्रति विश्वव्यापी चासो बढाउने मात्र कार्य गरेन, अपितु यसले भविष्यका लागि राष्ट्र राष्ट्रबीच आपसी समझदारी बढाउने दिशातर्फ महत्वपूर्ण योगदान पनि गरेको छ। अनसेड्का उपमहासचिव श्री नितिन देसाई भन्नुहुन्छ- "यसले उर्जाको उचित उपभोग र परम्परागत उर्जाको विस्थापनको बृद्धिका लागि बाटो तय गरी दिएको छ।" त्यस्तै अनसेड्का कार्यवाहक अध्यक्ष मार्कोस सी. द अजाम्बुजाले "पृथ्वी सम्मेलनले पूर्ण पृथ्वी बनाउन नसकेता पनि त्यस दिशातर्फ अगाडि बढ्न अत्यन्त महत्वपूर्ण ढोका खोलिदिएको छ" भन्ने बिचार व्यक्त गर्नु भएको छ।

उत्तर र दक्षिणबीचको मतभेद र अमेरिकाको नाङगोपन त्यस सम्मेलनको उपज होइन। त्यो त ती देशहरूको आर्थिक स्थिति, राजनैतिक व्यवस्था र औद्योगिक स्वार्थद्वारा सिर्जित समस्याहरू हुन्। यस्ता समस्याहरू १२ दिनको छलफल र विचार विमर्शबाट समाधान हुन्छ भनेर अपेक्षा गर्नु युक्तिसँगत हुने छैन्। पृथ्वीलाई बचाउने हो भने अथवा हाम्रा पुर्खाहरूबाट हामीले लिएको पृथ्वी हाम्रो भावी पिढीलाई अरू बढी विकृतिबिना हस्तान्तरण गर्ने हो भने अझै धेरै प्रयासहरू गर्नु आवश्यक छ। स्थानीय एवं अन्तरराष्ट्रिय स्तरमा प्रत्येक राष्ट्र यस दिशातर्फ निरन्तर प्रयत्नशील रहनु पर्दछ। चाहे ठूलो राष्ट्र होस् वा सानो, आफ्नो उत्तर दायित्वबाट पन्छिने कुनै पनि राष्ट्रलाई भविष्यले क्षमा गर्ने छैन। हामी मानिस हौं, मानिस भएरै हामीले आफ्नो बुद्धि र विवेक-द्वारा पृथ्वीलाई बचाउनु पर्दछ, यही आजको माग हो।

सन्दर्भ ग्रन्थहरू:

१. अमात्य, डी. बी.। फरेष्ट डेवलप्मेण्ट, युटिलाइजेशन एण्ड मैनेज्मेण्ट। बैकग्राउण्ड पेपर्स् टु द नेशनल कञ्जर्वेशन स्ट्रेटेजी फर नेपाल, आई. यू. सी.एन्., काठमाण्डौ। २: ३६९-४००, १९९१।

२. विल्सन्, ई. ओ.। करेण्ट स्टेट् आफ् बायोलोजिकल डाइवर्सिटी। बायोडाइवर्सिटी। (सम्पादनः ई. ओ. विल्सन र एफ्. एम्. पीटर), नेशनल एकेडमी प्रेस, वाशिङ्गटन डीसी :३-१७, १९८८।

३. श्रेष्ठ, मथुरा प्रसाद र इन्दिरा श्रेष्ठ। एक्काइसौं शताब्दीको संघारमा हामी र हाम्रो दायित्व। सामाजिक उत्तरदायित्वका लागि चिकित्सकहरू, नेपालको प्रथम अधिवेशनमा प्रस्तुत पत्र। काठमाडौं, जुन १३, १९९२।

❑

पढ्नु होस् | जनादेश
साप्ताहिक | योजना

# नेपालको भूमि व्यवस्था र सामन्तवादको विकास

*डा० कृष्णबहादुर थापा*



मानव जातिको ऐतिहासिक विकासका चरणहरूलाई छोटकरीमा बुझाउन बिभिन्न नामहरू दिइएका पाईन्छन्। यस्तै मानव सभ्यताका चरणहरू मध्ये एक चरणलाई बुझाउनको लागि दिइएको नाम हो "सामन्तवादी व्यवस्था"।

सामन्तवादी व्यवस्थाको रूपान्तरण अंग्रेजीको Feudalism बाट भएको हो। 'Feud' को अर्थ 'Land held on Condition of Service' अर्थात "सेवाको सर्तमा प्राप्त भूमि" हो। यसर्थ सामन्तवाद भूमि व्यवस्थासंग सम्बधित हुन आउँछ तर यो व्यवस्था भूमि व्यवस्था मात्र नभएर यो एउटा पूर्ण व्यवस्था थियो। यो व्यवस्थामा आफ्नै प्रकारको सामाजिक, आर्थिक र राजनैतिक ढाँचाहरू थिए।

सामन्तवादी व्यवस्थाको विकास यूरोपमा भएको हो। जब यूरोपमा रोमन साम्राज्य पतन भयो त्यहाँ अशान्ति हुन थाल्यो। अशान्तिको कारणले असुरक्षामा बृद्धि भयो। यो असुरक्षाको मार विशेष गरेर निहत्था कृषकहरूमाथि पर्‍यो। सुरक्षाको लागि उनीहरूले आफ्नो अधीनमा रहेको जमीन त्यस्तो व्यक्तिलाई सुम्पे, जसले बदलामा उनीहरूको सुरक्षा गर्ने कामको जिम्मा लियो। उसलाई "सामन्त" अथवा "जमीन मालिक" भन्न थालियो। सबै कृषकहरूले उसको "मोही" (tenant) हुन स्वीकार गरे। बदलामा मोहीहरूलाई "सामन्त"बाट सुरक्षा प्राप्त हुने भयो। यसरी सामन्तवादको जन्म भयो। पछि विकास हुँदै जाँदा यसको पूर्णरूप "पिरामेडीकल" आकारमा देखा पर्‍यो। सबभन्दा तल्लो तहमा कृषकहरू थिए र त्यस भन्दा माथि स्थानीय सामन्त थिए जसलाई "नाईट" भनिन्थ्यो। त्यो भन्दा माथिको सामन्तलाई "वेरोन" भनिन्थ्यो भने त्यस भन्दा पनि माथिल्लो तह थियो राजाको। यिनीहरू सबैका बीचको माध्यम भूमि थियो। प्रत्येक साना सामन्तले माथिल्लो सामन्तप्रति वफादार रहने सपथ लिनु पर्दथ्यो। सामन्तहरूको "पद" वंशज हुन्थ्यो। युद्ध परेको बेला मोहीले सम्बन्धित सामन्तलाई सैनिक सेवा प्रदान गर्नु पर्दथ्यो।

यो व्यवस्था जमीनको भूस्वामित्व र कृषकको सुरक्षाको प्रश्नसंग बढी सम्बन्धित भएता पनि यो व्यवस्था एउटा पूर्ण व्यवस्था थियो भन्ने कुरा माथि संकेत गरि सकिएको छ। यो व्यवस्थामा सामाजिक ढाँचा दुई वर्ग "मोही" र "सामन्त" मा विभाजित भएको थियो। "मोही वर्ग"ले सामन्तबाट सुरक्षा लिन्थ्यो भने बदलामा आफ्नो उत्पादन दिन्थ्यो र उसको अन्तर गत यस वर्गले वफादारीपूर्वक रहनु पर्दथ्यो। यसमा मोही "शोषित" र सामन्त "शोषक" वर्गमा पर्दथे। एक वर्गको रहन सहन अर्को वर्गको रहन सहन भन्दा धेरै फरक थियो। कृषक अथवा मोही वर्ग छाप्रोमा वस्दथ्यो र निम्न स्तरको जीवन व्यतित गर्दथ्यो भने सामन्त वर्ग महलमा वस्दथ्यो र तडक भडकको जीवन यापन गर्दथ्यो।



डा० कृष्णबहादुर थापा

यो व्यवस्थाको आफ्नै प्रकारको आर्थिक ढाँचा पनि थियो। कृषक वर्ग उत्पादक वर्ग थियो र उनीहरूकै उत्पादनमा सम्पूर्ण आर्थिक व्यवस्था अडेको थियो। अर्को शव्दमा भन्ने हो भने, भूमि र कृषिमा नै सम्पूर्ण आर्थिक गतिविधि आधारित थियो।

यूरोपमा यो व्यवस्थाले आफ्नो उच्चता १०औं देखि १२औं शताब्दीसम्म कायम गर्‍यो। त्यसपछि अनेक कारणले गर्दा यो व्यवस्थाको पतन हुँदै गयो। तर त्यसबेलासम्म संसारका अन्य भागमा पनि यो व्यवस्थाको प्रभाव परिसकेको थियो। यहाँनेर बुझ्नु पर्ने कुरा के छ भने, सामन्तवादी व्यवस्थाको प्रभाव अन्य देशमा पर्दा हुबहु यूरोपकै ढाँचामा परेको पाईंदैन। प्रत्येक देशमा यसको प्रभाव र विकास आफ्नै प्रकारले भएको देखिन्छ। त्यस्तै नेपालमा पनि यसको विकास, प्रभाव र ढाँचा आफ्नै प्रकारको थियो।

अब हेरौं, नेपालमा सामन्ती प्रथाको विकास कसरी भएको रहेछ?

नेपालको राजनीतिक, सामाजिक र आर्थिक ढाँचालाई अझै पनि "अर्ध सामन्ती" भनिन्छ। यसबाट स्पष्ट हुन्छ कि नेपाल कुनै बेला पूर्ण सामन्ती व्यवस्था अन्तरगत थियो तर माथि नै भनिसकिएको छ कि नेपालको सामन्ती प्रथा यूरोपकै परिस्थिति र ढाँचामा विकास भएको थिएन। सर्वप्रथमतः नेपालमा सामन्तवादको विकास यूरोपको जस्तो कृषकमा आएको असुरक्षाको कारणले भएको थिएन। त्यस्तै कृषकहरूले आफ्नो सुरक्षाको लागि जमीनको स्वामित्व सामन्तहरूलाई प्रदान गरेको कारणले पनि यहाँ सामन्तवादको थालनी भएको थिएन। यसको उल्टो नेपालमा राज्यले आफ्नो स्वामित्वमा रहेको जमीन मध्येबाट निश्चित भाग कुनै व्यक्ति विशेषलाई भूस्वामित्व सहित प्रदान गरेको कारणबाट सामन्ती प्रथाको विकास भएको देखिन्छ।

नेपालमा राज्यको स्वामित्वमा भूमि रहने परम्परा धेरै पहिलेदेखि थियो। त्यस्तै यहाँ राज्य शक्तिको संचालन राजाबाट हुने परम्परा पनि धेरै पहिलेको हो। यसकारण राज्यमा रहेको भूस्वामित्वको अधिकारको संचालन पनि राजाबाटै हुन्थ्यो। तसर्थ त्यसबेलामा राजा एक प्रकारले ठूला सामन्त थिए। उनले नै आफ्नो अधिकारमा रहेको भूस्वामित्वलाई कुनै व्यक्ति विशेषलाई अथवा संस्था विशेषलाई प्रदान गर्दै गएबाट नेपालमा सामन्तवादको विकास भएको पाईन्छ। यसबाट थाह हुन्छ कि नेपालमा सामन्तको सृजना यूरोपमा जस्तो कृषकहरू आफैले गरेका थिएनन्। राज्यले वा राजाले कुनै भूभागको भूस्वामित्व कुनै व्यक्तिलाई सुम्पे पछि मात्र सामन्ती व्यवस्थाको विकास नेपालमा प्रारम्भ भएको पाईन्छ।

**सामन्तवादी व्यवस्थाको विकास यूरोपमा भएको हो। नेपालमा सामन्तको सृजना यूरोपमा जस्तो कृषकहरू आफैले गरेका थिएनन्।**

नेपालमा पहिलेदेखि नै विभिन्न कारणले गर्दा राज्यले भूस्वामित्व आफूबाट व्यक्ति विशेष, समूहमा कुनै मन्दिर विशेषमा सार्दै आयो। यसो गर्दा यहाँ यूरोपको जस्तो भूस्वामित्व प्राप्त गर्ने सामन्तले कृषकहरूको सुरक्षाको अभिभारा पनि लिनु परेन। कृषकमाथिको अधिकार र भूस्वामित्वको अधिकार मात्र उनीहरूलाई प्राप्त भयो। अर्को शव्दमा भन्ने हो भने, नेपालका सामन्तले अधिकार मात्र प्राप्त गरे, कर्तव्य उनीहरूलाई सुम्पिएन। अर्कोतर्फ, यो व्यवस्था यूरोपमा एउटा पूर्ण व्यवस्थाको रूपमा आएको थियो भने नेपालमा यस्तो थिएन। यसरी यहाँको सामन्ती प्रथा यूरोपको भन्दा निकै फरक किसिमको थियो। विशेष गरेर यसको आकार (Structure) त यूरोपको जस्तो छँदै थिएन।

माथि भनिसकिएको छ कि नेपालमा राज्य भित्रको सम्पूर्ण जमीनको भूस्वामित्व राजामा निहित थियो र राजाबाट प्राप्त भएपछि मात्र भूस्वामित्व व्यक्ति वा संस्थामा सर्दथ्यो। प्रारम्भमा राजाले राज्यको विशेष सेवा गर्ने व्यक्तिलाई अथवा आफ्ना प्रियपात्रहरूलाई वृत्ति दिनु पर्दा या पुरस्कृत गर्नु पर्दा भूस्वामित्व सहित केही जमीन दिने प्रारम्भ गरे। त्यसबेला नेपालमा जमीनको स्वामित्व प्राप्त गर्नु निकै दुर्लभ कुरा भएकोले उच्च तहका व्यक्तिहरू पनि यस्तो जमीन प्राप्त गर्न लालयित हुन्थे। यसरी वृत्तिका लागि जग्गा प्रदान गर्ने व्यवस्थाबाट "विर्ता व्यवस्था" प्रारम्भ भयो। यो व्यवस्था राज्यको विशेष सेवा गर्ने व्यक्तिलाई वृत्तिका रूपमा दिईने गरी प्रारम्भ भएको थियो तापनि पछि गएर राजाका प्रियपात्र, राजपरिवारका व्यक्तिहरू उच्च ओहदामा रहेका व्यक्तिहरू आदिलाई दिने प्रथाका रूपमा परिणत भयो। यसरी यो वृत्तिका लागि मात्र दिने व्यवस्था नरही विशेष सहुलियत

र सुविधाका लागि दिने प्रचलन हुन पुग्यो। विर्ता जमीन दिंदा विशाल क्षेत्र दिने चलन चल्न थाल्यो। यस्तो व्यवस्था नेपालमा प्राचीनकाल-देखि प्रचलनमा रहेता पनि आधुनिक काल लागे पछि यसको मात्रामा वृद्धि भएको पाईन्छ। यस कालमा एकै व्यक्तिलाई हजारौं विघा जमीन विर्ता दिएको प्रमाण पाईन्छ। आधुनिककाल मध्येमा पनि राणाकालमा गएर विर्ता जग्गा प्राप्त गर्ने व्यक्तिको संख्या र परिमाणमा झन वृद्धि भएको देखिन्छ।

यस प्रकार पहिले नै सामन्ती ढाँचामा परिणत भैसकेको विर्ता व्यवस्था झनझन सामन्ती प्रथामा परिणत हुँदै गयो। विर्ता व्यवस्था कसरी सामन्ती व्यवस्थामा परिणत भयो भन्ने बारे विचार गर्दा के पाईन्छ भने विर्तावालहरूले विर्ता जमीनको माध्यमबाट कृषकलाई शोषण गर्न थाले। कृषकहरू विर्तावालको पञ्जाबाट उम्कन सक्ने स्थिति थिएन किनकि विर्तावालको जमीनमा बस्ने कृषकहरूमाथि उसको पूर्ण अधिकार थियो। यस्ता कृषकहरूको मुद्दा मामिला समेत विर्तावालले हेर्दथ्यो। यस्ता कतिपय विर्तावालहरू राज्य शक्तिसंग सम्बन्धित पनि हुन्थे, जसले गर्दा उनीहरूको शोषण विरूद्ध आवाज उठाउने ठाउँ हुँदैनथ्यो। यसरी नेपालको विर्ता व्यवस्थाले सामन्ती प्रथा कायम र विकास गर्नमा ठूलो भूमिका खेलेको देखिन्छ।

नेपालको अर्को भूमि-व्यवस्था "गूठी" व्यवस्था हो। विशेष धार्मिक कारणले गर्दा राज्यले आफ्नो स्वामित्वमा रहेको जमीनको निश्चित भाग मठ-मन्दिर आदिलाई भूस्वामित्व सहित प्रदान गरिने परम्पराबाट गूठी जग्गा व्यवस्थाको प्रारम्भ भएको हो। कुनै मठ-मन्दिरले प्राप्त गरेको यस्तो जमीनको परिमाण धेरै हुन्थ्यो र आवादको लागि ठेक्का आदिमा दिने प्रचलन थालियो। ठेकेदारले सयौं विघा जमीन ठेक्कामा लिई यसमा खेतीपाती लगाउनका लागि कृषकहरूलाई त्यस ठाउँमा बसाउने र खेतीपाती लगाउने चलन आयो। गुठी जग्गामा बसेका कृषकहरू यसको ठेकेदारको हैकममा पर्न थाले। ठेकेदारले आफ्नो फाईदाको लागि कृषकहरूबाट बढी भन्दा बढी कुत असूल गर्दथ्यो। यसरी गुठीका कृषकहरूको शोषण हुन थाल्यो। ठेकेदार र ठेकेदारसंग साँठगाँठ भएका मठाधीशहरू अथवा सन्त महन्त आदि सामन्तका रूपमा विकास भए। यस्ता व्यक्तिहरूको सम्पर्क कुनै न कुनै रूपमा शासक वर्गसंग पनि हुन्थ्यो, जसले गर्दा राज्य प्रशासन पनि उनीहरूकै पक्षमा हुन्थ्यो। यसले गर्दा "गुठी" जग्गा व्यवस्थाले समेत सामन्ती प्रथा विकास गराउनमा ठूलो मद्दत पुऱ्याएको देखिन्छ।

नेपालमा सामन्ती प्रथालाई अझै बढाउन मद्दत गर्ने जग्गा व्यवस्था हो "जमिन्दारी" व्यवस्था। यो व्यवस्था विशेष गरेर त्यस बेलाबाट शुरू भएको देखिन्छ, जब बढी भन्दा बढी तराईको जमीन आवाद गराउने नीति लागू भयो। तराईको नयाँ आवादीबाट बढी भन्दा बढी र सुचारू रूपले मालपोत असूल गर्नका लागि जमिन्दारी प्रथा लागू गरियो। यस प्रथामा निश्चित इलाकाको मालपोत उठाउने र सरकारी कोषमा दाखिल गर्ने काम र अधिकार जमिन्दार लाई दिईएको हुन्यो। यस्ता जमिन्दारहरूले सर्वप्रथम, प्रशस्त जग्गा आफूसँगै राखे। दोश्रो, उनीहरूलाई प्राप्त मालपोत उठाउने अधिकारलाई दुरूपयोग गर्दै कृषकहरूबाट बढी असूल गर्ने नीति अस्तियार गरे। यसबाट कृषकहरू जमिन्दारको शोषणमा परे र सामन्ती प्रथामा यो जग्गा व्यवस्था परिणत भयो।

> **सरकारले रैकर जग्गा कमाउन दिंदा किसानले कमाउन सक्ने र उसलाई आवश्यकता पर्ने जग्गाको परिमाण तर्फ ध्यान दिएको भए "रैकर" जग्गा व्यवस्थामा सामन्ती प्रथाको विकास हुने थिएन।**

यस बाहेक नेपालमा सरकारी स्वामित्वमा रहेको "रैकर" जग्गा व्यवस्थाबाट समेत सामन्ती प्रथाको विकास भएको पाईन्छ। सरकारले आफ्नो स्वामित्वमा रहेको "रैकर" जग्गा कमाउन दिंदा जमीनको हदवन्दी र कृषकको आवश्यकता दुवैलाई ध्यान दिएन। सरकारले खालि भूमिकर प्राप्तीतर्फ मात्र ध्यान दियो। यसैको कारणले गर्दा रैकर जग्गाबाट भूमिकर असूल गर्ने निकायहरूको रूपमा जिम्मावाल, मुखिया, जिमिदार, पटवारी आदि खडा गरिए। यिनीहरूकै अधीनमा रैकर जग्गा व्यवस्था गयो। यसको फलस्वरूप, मालपोत उठाउने "एजेन्ट"का रूपमा खडा गरिएका जिम्मावाल, मुखिया, पटवारी आदि "रैकर" जमीन मालिकका रूपमा र कृषकहरू मोहीका रूपमा देखा परे। सरकारले रैकर जग्गा कमाउन दिंदा किसानले कमाउन सक्ने र उसलाई आवश्यकता पर्ने जग्गाको परिमाण तर्फ ध्यान दिएको भए "रैकर" जग्गा व्यवस्थामा सामन्ती प्रथाको विकास हुने थिएन। पछि जब सरकारले "रैकर" जग्गाको भूस्वामित्व एक हदसम्म छोडेर जग्गा कमाउने व्यक्तिलाई उक्त स्वामित्व प्रदान गर्न थाल्यो। यस बेला पनि सरकारले हदवन्दी आदिको बारेमा सोचेन। यसको फलस्वरूप बढी जग्गा ओगट्ने भूस्वामित्व प्राप्त गरे पछि पक्का "सामन्त" भएर देखा परे। यस व्यवस्था अन्तरगत पनि हजारौं हजारौं विघा जग्गा ओगट्न छुट दिएबाट यस्तो प्रथा विकास भएको हो।

माथि छलफल भएका सबै जग्गा व्यवस्थाका अतिरिक्त नेपालमा परम्परादेखि चल्दै आएको "जागीर" व्यवस्था धेरै रूपमा राणाकालको अन्त्यसम्म थियो। यो व्यवस्थामा जागीरदारले निश्चित ठाउँका निश्चित कृषकहरूबाट सरकारी दरमा भूमिकर उठाएर जागीरको रूपमा लिने अधिकार प्राप्त गरेको हुन्थ्यो। यो व्यवस्था अस्थायी प्रकृतिको हुन्थ्यो तापनि जागीरदारले कृषकमाथि अन्य जग्गा धनी (सामन्त) ले गरे झैं शोषण गरेको इतिहास पाईन्छ। यस प्रकारले यस व्यवस्थाबाट पनि थोरै धेरै रूपमा सामन्ती प्रथाकै विकासमा टेवा पुगेको देखिन्छ।

तात्कालीन नेपालमा प्रचलनमा रहेको अर्को जग्गा व्यवस्था "किपट" जग्गा व्यवस्था थियो। यो व्यवस्थामा भूस्वामित्व कुनै व्यक्ति विशेषमा नभई समूहमा हुन्थ्यो। समूहमा भूस्वामित्वको अधिकार रहने हुँदा यसबाट अन्य जग्गा व्यवस्थाको तुलनामा सामन्ती प्रथाको विकास कम भएको देखिन्छ तर यस व्यवस्था अन्तरगत पनि किपटीया समूह भन्दा बाहिरका व्यक्तिहरूलाई भने भूस्वामित्वमा बराबरको हक प्राप्त नहुने हुँदा यस्तो जग्गा कमाउने गैह समूहको व्यक्ति भने किपटीयाहरूको दवावमा परेको पाईन्छ। तसर्थ यस व्यवस्थामा पनि केही मात्रामा सामन्ती प्रथाको गन्ध पाउन सकिन्छ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने नेपालमा आफ्नै प्रकारको सामन्ती प्रथा विकास भएको थियो र यसको मुख्य कारकतत्व नेपालको भूमि व्यवस्था नै थियो। ☐



# रोटीको कथा

*- अनवर शमीम*

"भोलि म तिम्रो लागि जहाँबाट भएपनि रोटी ल्याइदिन्छु। ल अब पानी पिऊ अनि सुत। निदाएपछि भोक पनि बिर्सिन्छ।"

बच्चाले पेटभरि पानी पियो र ऊ भुईंमा कुकूर झैं गुँडुल्किएर सुत्यो। बच्चाकी आमाको आँखा आँसुले भरि-एर आयो अनि त्यस भोकाएको बच्चासँगै उनी सुत्न गइन्। दुबैका आँखा केही क्षणको लागि आकाशमा घुमिर-हे। अनि आमा चाहिंले आफ्नो बच्चाको आँखामा पुलुक्क हेरिन्। बच्चाको आँखाबाट भोकको राँको बाहिर आउन खोजिरहेको देखिन्थ्यो।



"आमा! निन्द्रा आएन, एउटा कथा सुनाउनुस न!" -बच्चाले अनुरोधको स्वरमा भन्यो अनि फेरि आकाशमा हाँसिरहेको चन्द्रमालाई टोल्हाएर हेरी रह्यो। बच्चाले यसरी आकाशतिर टोल्हाएर हेरिरहेको देखेर आमाले सोधिन्-

"चन्द्रमाको कथा सुन्छौ?"

"उहुँ।"

"राजा-रानीको नि?"

"उहुँ"

"सुन्दर परीहरूको कथा सुन्छौ त?"

"अहँ।"

"जादुको बत्तीको कथा नि?"

"सुन्दिन आमा।"

"त्यस्सो भए कस्को कथा सुन्छौ त?"- आमा दिक्क भइन्।

"रोटीको कथा सुनाउनुस् न, आमा।"

"होइन छोरा होइन।" -उनी हडबडाएर अचानक नै उठिन् अनि आफ्नो प्यारो भोको छोरालाई पनि जुरूक्क उठाएर छातीमा टाँसेर भक्कानु छोडेर रोइन्। ☐

-(वेदनाबाट साभार)

# दुई विश्व दृष्टिकोण : अधिभूतवाद र द्वन्दवादको भिन्नता

- माओ त्से तुङ

***कुनै पनि वस्तुको विकासको आधारभूत कारण बाहिरी नभएर भित्री नै हुन्छ र यो त्यस वस्तु भित्र रहेको अन्तरविरोधीपनमा नै हुन्छ। प्रत्येक वस्तुमा भित्री अन्तरविरोध हुन्छ र त्यसैले त्यसको गति र विकास हुन्छ।***

अधिभूतवादी वा विकृत विकासवादी विश्व दृष्टिकोणले वस्तुहरूलाई अलग थलग रुपमा, स्थिर रुपमा र एक पक्षीय रुपमा हेर्छ। यसले यस ब्रह्माण्डका सबै वस्तुहरूलाई, तिनका रुप र जातहरूलाई सधैंभरी एक अर्काबाट अलग्गिएका र कहिल्यै नफेरिने ठान्दछ। हेरफेर जुन हुन्छ, त्यो तिनको परिमाणमा हुने बढी वा घटी मात्रै हुन सक्छ वा तिनको ठाउँ फेराइ मात्रै हुन सक्छ। अझ त्यस्तो बढी वा घटी हुनुको र ठाउँ फेराइको कारण वस्तुहरूभित्र नभएर वस्तुहरू बाहिर नै हुन्छ। भनाइको मतलव, प्रेरक-शक्ति वाह्य हुन्छ। अधिभूतवादीहरू के धारण राख्छन् भने-ब्रह्माण्डका थरि थरिका सबै वस्तुहरू र तिनका विशेषताहरू तिनीहरू पहिलो चोटि अस्तित्वमा आएदेखि नै उहींका उहीं नै छन्। पछि तिनमा कुनै हेरफेर भएको छ भने त्यो खालि परिमाणमा घटी भएको वा बढी भएको मात्रै हो। उनीहरूको तर्क के छ भने-कुनै पनि वस्तु उही वस्तुका रुपमा मात्र बारम्बार दोहोरिरहन सक्छ र कुनै बेग्लै वस्तुका रुपमा फेरिन सक्दैन। उनीहरूको विचारमा पूँजीवादी शोषण, पूँजीवादी प्रतियोगिता, पूँजीवादी समाजको व्यक्तिवादी विचारधारा जस्ता सारा कुराहरू प्राचीनकालका कमारा समाजमा वा जंगली समाजमा पनि भेट्टाउन सकिन्छ र कुनै हेरफेर नभै ती सधैं त्यस्तै नै रहिरहने छन्। उनीहरू सामाजिक विकासका कारणहरूको लागि समाज बाहिरका कारक तत्वहरूलाई, जस्तै भूगोल र हावापानीलाई, जिम्मेवार ठान्छन्। उनीहरू समस्यालाई ज्यादै नै सजिलो पारेर वस्तुहरूको विकासका कारणहरूलाई वस्तुहरू भन्दा बाहिर खोज्छन् र वस्तुहरूभित्र हरेका अन्तरविरोधहरूले गर्दा नै तिनको विकास हुन्छ भन्ने भौतिकवादी द्वन्दवादको सिद्धान्तलाई मान्दैनन्। यसले गर्दा उनीहरू न त वस्तुहरू गुणका हिसावले अनेक हुनुको अर्थ खुलस्त पार्न सक्छन् न त एउटा गुण अर्को गुणमा कसरी बदलिन्छ भन्ने परिघटनालाई नै। यूरोपमा सोचाइको यो ढर्रा यान्त्रिक भौतिकवादको रुपमा सत्रौं र अठारौं शताब्दीमा र विकृत विकासवादको रुपमा उन्नाइसौं शताब्दीको आखिर र बीसौं शताब्दीको थालनीमा पाइन्थ्यो। चीनमा अधिभूतवादी सोचाइको उदाहरण यस उखानमा देख्न पाइन्छ- "आकाश फेरिंदैन, त्यसै गरी ताओ पनि फेरिंदैन।" यस सोचाइले निकै वर्षसम्म मक्किंदै गएको सामन्त वर्गहरूबाट भरथेग पाईरह्यो। यता सय वर्षमा यूरोपबाट आयात गरिएको यस यान्त्रिक भौतिकवाद र विकृत विकासवादलाई पूँजीपति वर्गको समर्थन मिलेको छ।

अधिभूतवादी विश्व दृष्टिकोणको उल्टो भौतिकवादी द्वन्दवादी विश्व दृष्टिकोणको के भनाइ छ भने-वस्तुको विकासलाई बुझ्नको निम्ति यसको अध्ययन भित्रैबाट गरिनु पर्छ र अरू वस्तुहरूसितको त्यस वस्तुको सम्बन्धको आधारमा गरिनु पर्छ। अर्को शब्दमा, वस्तुहरूको विकासलाई तिनीहरूको भित्री र आवश्यक स्व-गतिको रुपमा हेरिनु पर्छ र हरेक वस्तु आफ्नो गतिमा आफ्नो सेरोफेरोका वस्तुहरूसित अन्तर सम्बन्धित हुन्छ र त्यसले तिनीहरूमाथि अन्तर्क्रिया गर्दछ। कुनै पनि वस्तुको विकासको आधारभूत कारण बाहिरी नभएर भित्री नै हुन्छ र यो त्यस वस्तु भित्र रहेको अन्तरविरोधीपनमा नै हुन्छ। प्रत्येक वस्तुमा भित्री अन्तरविरोध हुन्छ र त्यसैले त्यसको गति र विकास हुन्छ। प्रत्येक वस्तुको विकासको आधारभूत कारण त्यस वस्तुमा रहेको अन्तर विरोधीपन नै हुन्छ जबकि त्यस वस्तु र अन्य वस्तुका अन्तर सम्वन्ध र अन्तर्क्रिया सहायक कारण हुन्छन्। यसरी भौतिकवादी द्वन्द्ववादले अधिभूतवादी यान्त्रिक भौतिकवाद र विकृत विकासवादले अघि सारेका बाहिरी कारणहरूको सिद्धान्त वा बाहिरी प्रेरक शक्तिको सिद्धान्तको जोडदार विरोध गर्छ। के कुरा छर्लङ्ग छ भने-विशुद्ध रुपमा बाहिरी कारणहरूले यान्त्रिक गति मात्र पैदा गर्न सक्छन् अर्थात मात्रा वा परिमाणमा हेरफेर मात्र पैदा गर्न सक्छन् तर वस्तुहरू हजारौं किसिमबाट गुणात्मक रुपमा किन एक अर्काबाट फरक हुन्छन् र एउटा वस्तु अर्कोमा किन फेरिन्छ भन्ने सवाललाई यसले प्रष्ट्याउन सक्दैन। साँच्चि नै भन्ने हो भने, बाहिरी शक्तिको कारणले पैदा हुने यान्त्रिक गति समेत वस्तुको भित्री अन्तरविरोधीपनका कारणले पैदा हुन्छ। रुख विरुवा र जनावरहरूको सहज वृद्धि, तिनीहरूको परिमाणात्मक विकास पनि, मुख्य गरी भित्री अन्तरविरोधहरूले गर्दा नै हुन्छ। यसै गरी सामाजिक विकास पनि बाहिरिया कारणहरूबाट नभएर भित्री कारणहरूबाटै हुन्छ। उस्ता-उस्तै भौगोलिक र हावापानीको स्थिति भएका मुलुकहरू पनि तिनीहरूको विकासमा निकै भिन्न र असमान हुन्छन्। यत्ति मात्र होइन, भौगोलिक र हावापानीका स्थितिहरूमा कुनै हेरफेर नहुँदा पनि ती मुलुकहरू भित्र ठूलठूला सामाजिक परिवर्तन हुन सक्छन्। साम्राज्यवादी रुस समाजवादी सोभियत संघमा फेरियो, संसारलाई ढोका बन्द गरेर बसेको सामन्तवादी जापान साम्राज्यवादी जापानमा बदलियो, तर यी दुबै मुलुकहरूका भौगोलिक र हावापानीका स्थितिमा भने खास हेरफेर भएन। निकै लामो समयसम्म सामन्तवादको पैतालामुनि रहेको चीनमा यता सय वर्षहरूभित्र अजंगका हेरफेरहरू भएका छन् र यो अब एउटा नौलो, मुक्त र स्वतन्त्र चीनमा बदलिने दिशातिर लम्किरहेछ, यद्यपि चीनको भौगोलिक र हावापानीको स्थितिमा कुनै परिवर्तन भएको छैन। सिङ्गै रुपमा लिंदा पृथ्वी र यसको हरेक भागको भौगोलिक र हावापानीको स्थितिमा हेरफेर त भइरहन्छन् तर समाजमा हुने हेरफेरसित दाँज्दा तिनको महत्व ज्यादै नै थोरै हुन्छ। भौगोलिक र हावापानीको स्थितिमा हुने हेरफेरहरू दशौं हजार वर्षमा प्रष्ट हुन्छन् जबकि समाजमा हुने हेरफेरहरू चाहिं हजारौं, सयौं अथवा दशौं वा क्रान्तिको समयमा त केही वर्षहरू र महीनाहरूमै स्पष्ट हुन्छन्। भौतिकवादी द्वन्दवादका अनुसार प्रकृतिमा हुने हेरफेरको मुख्य कारण प्रकृतिमा रहेका अन्तरविरोधहरूको विकास हो। समाजमा हुने हेरफेरका मुख्य कारण समाजमा रहेका यी अन्तरविरोधहरूको विकास हो। अर्थात् उत्पादक शक्तिहरू र उत्पादन-सम्वन्धहरूका बीचमा रहेका अन्तर-विरोधहरू, वर्गहरूका बीचमा रहेका अन्तरविरोधहरू र पुरानो र नयाँको बीचमा रहेका अन्तरविरोधहरूको विकास हो। यीनै अन्तरविरोधहरूको विकासले नै समाजलाई अघिल्तिर धकेल्छ र नयाँले पुरानो समाजलाई विस्थापित गर्ने प्रेरणा दिन्छ। के त्यसो भए भौतिकवादी द्वन्दवादले बाहिरी कारणहरूलाई मान्दै मान्दैन त? कदापि त्यस्तो होइन। यसले के धारणा राख्छ भने बाहिरी कारणहरू परिवर्तनका शर्तहरू हुन् र भित्री कारणहरू परिवर्तनका आधार हुन्। र बाहिरी कारणहरू भित्री कारणहरू मार्फत नै कृयाशील हुन्छन्। सुहाउँदो तापक्रममा कुखुराको फुल चल्लामा बदलिन्छ, तर जस्तोसुकै तापक्रमले पनि एउटा ढुङ्गालाई चल्लामा बदल्न सक्दैन, किनभने यी दुवैका आधारहरू नै भिन्नाभिन्नै छन्। विभिन्न मुलुकका जनताहरू बीच लगातार अन्तर्क्रिया भइरहन्छ। पूँजीवादको युगमा, खासगरी साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा भिन्नाभिन्नै मुलुकहरूका माझ राजनैतिक, आर्थिक र साँस्कृतिक फँटहरूमा पारस्परिक अन्तर्क्रिया र प्रभाव ज्यादै ठूलो हुन्छ। अक्टुवर समाजवादी क्रान्तिले रुसको इतिहासमा मात्र हैन विश्वको इतिहासमा एउटा नयाँ युगको सूत्रपात गर्‍यो। यसले संसारका अरू मुलुकहरूका भित्री परिवर्तनहरूमा पनि प्रभाव पार्‍यो। त्यसैगरी अरू खँदिलो पाराले, यसले चीनको भित्री हेरफेरमा पनि प्रभाव पार्‍यो। तर यही हेरफेर चाहिं ती मुलुकहरूकै र चीनकै विकासका भित्री नियमहरूद्वारा पैदा भएका थिए। युद्ध हुँदा एउटा सेनाले जित्छ, अर्कोले हार्छ। जित्नु र हार्नु दुबैको निधो भित्री कारणहरूले नै गर्छन्। एउटाले के कारणले जित्छ भने कि त यो बलियो हुन्छ कि त यसलाई

***जित्नु र हार्नु दुबैको निधो भित्री कारणहरूले नै गर्छन्। एउटाले के कारणले जित्छ भने कि त यो बलियो हुन्छ कि त यसलाई नेतृत्व गर्ने अगुवाहरू योग्य हुन्छन्। अर्कोले हार्छ, किनभने यो कि त कमजोर हुन्छ अथवा यसलाई नेतृत्व गर्नेहरू अयोग्य हुन्छन्।***



नेतृत्व गर्ने अगुवाहरू योग्य हुन्छन्। अर्कोले हार्छ, किनभने यो कि त कमजोर हुन्छ अथवा यसलाई नेतृत्व गर्नेहरू अयोग्य हुन्छन्। यसरी बाहिरी कारणहरू भित्री कारणहरू मार्फत नै कृयाशील हुन्छन्। १९२७ मा चीनमा ठूला पूँजीपतिहरूको हातबाट सर्वहारा वर्ग त्यस अवसर वादको कारणले गर्दा पराजित हुन पुग्यो जुन त्यतिखेर चिनियाँ सर्वहारा (चिनियाँ कम्युनिष्ट) पार्टी भित्र रहेको थियो। हामीले जब त्यस अवसरवादलाई सखाप पार्‍यौं, चिनियाँ क्रान्ति फेरि अघि बढ्न थाल्यो। पछि चिनियाँ क्रान्तिले फेरि शत्रुको हातबाट गम्भीर मार खानु पर्‍यो किनकि हाम्रो पार्टीभित्र दुस्साहसवादले टाउको उठायो। हामीले यस दुस्साहसवादलाई खत्तम पारेपछि हाम्रो काम फेरि अघि बढ्न थाल्यो। यसरी के देख्न सकिन्छ भने- क्रान्तिलाई विजयको चुलीमा पुर्‍याउनको लागि कुनै पनि राजनीति पार्टीले आफ्नो राजनीतिक कार्य दिशाको साहीपनामाथि र आफ्नो संगठनको खँदिलोपनामाथि भर पर्नु पर्छ।

**सुहाउँदो तापक्रममा कुखुराको फुल चल्लामा बदलिन्छ, तर जस्तोसुकै तापक्रमले पनि एउटा ढुङ्गालाई चल्लामा बदल्न सक्दैन, किनभने यी दुवैका आधारहरू नै भिन्नाभिन्नै छन्।**

द्वन्दवादी विश्व देष्टिकोण चीन र यूरोप दुबै ठाउँमा प्राचीन समयमा नै देखा परिसकेको थियो। तर प्राचीन द्वन्दवाद केही मात्रामा स्वस्फुर्त र सरल खालको थियो। त्यस बेलाको सामाजिक र ऐतिहासिक परिस्थितिहरूमा त्यसले एउटा सैद्धान्तिक पद्धतिको रुप लिन सकेन, त्यसैले यसले अझै संसारको राम्ररी व्याख्या गर्न सकेन र पछि गएर त्यसको ठाउँ अधिभूतवादले लियो। प्रसिद्ध जर्मन दार्शनिक हेगेलले, जसको जीवन अठ्ठारौं शताब्दीको आखिरी र उन्नाइसौं शताब्दीको थालनीसम्म पर्दछ, द्वन्दवादलाई हुर्काउन सबैभन्दा महत्वपूर्ण योगदान दिनु भयो। तर उहाँको द्वन्दवाद आदर्शवादी थियो। सर्वहारा क्रान्तिका महान् अगुवा दुईजना-मार्क्स र एन्गेल्सले मानव ज्ञानको इतिहासको सकारात्मक उपलब्धीलाई संश्लेषण गरेपछि, विशेष गरी हेगेलको द्वन्दवादमा रहेका तर्कसम्मत तत्वहरूलाई आलोचनात्मक तवरले पचाउनु भए पछि र द्वन्दवाद र "ऐतिहासिक भौतिकवादका महान सिद्धान्तहरू" को सिर्जना गरेपछि मात्र मानव ज्ञानको इतिहासमा कहिल्यै नभएको क्रान्ति भयो। यो सिद्धान्तलाई लेनिन र स्तालिनले अरू बढी विकास गर्नु भयो। जब यो विचार चीनमा पुग्यो यसले चीनको विचारको संसारमा निकै ठूलो हेरफेर ल्यायो।

मुख्य रुपमा भिन्नाभिन्नै वस्तुहरूमा विपरीतहरूको गति कुन तरीकाबाट निरीक्षण र विश्लेषण गर्नुपर्छ र त्यस्तो विश्लेषणको आधारमा अन्तरविरोधहरूको समाधान गर्ने तरीकाहरूलाई कसरी टुंग्याउनु पर्छ भन्ने कुरा हामीलाई द्वन्दवादी विश्व दृष्टिकोणले सिकाउँछ। त्यसैले वस्तुहरूमा भएको अन्तरविरोधहरूको नियमलाई मूर्त रुपमा बुझ्नु हाम्रो लागि ज्यादै महत्वपूर्ण छ। ❖

माओ त्सेतुङ। संकलित रचनाहरू ग्रन्थ १-(अंग्रेजी) पेकिङ, को On Contradiction लेखबाट उद्धृत तथा अनुदित

अनु : *श्याम श्रेष्ठ*

फिल्म

## ध्रुवचन्द्र गौतमको

# टेलिफिल्मः एक पटक फेरि

"म बाबु आमाको तिर्नै नसक्ने ऋण हुँ।"

इन्दिरा यो सोच्छे र सिंगारिएर घरबाहिर गई कतै आत्महत्या गर्ने योजना बनाउने छ।

त्यतिखेर नै उसको दाजु उसलाई खबर दिन्छ-फेरि एकपल्ट इन्दिरालाई हेर्न केही मानिसहरू आएका छन्। केटी हेर्न आउनेहरूका सामु "टाउको अलि निहुराएर बस्नू, धेरै यताउता नगर्नु" भनी उसलाई अन्हाइन्छ।

विफरले छोडेका दागहरूले अनुहार क्षत-विक्षत भएकी युवती इन्दिराको कथालाई प्रस्तुत गरेर तयार गरिएको टेलिफिल्म "एक पटक फेरि" को प्रसंग हो यो। ध्रुवचन्द्र गौतमद्वारा देखिएको र कृणामुरारी ढुंगेलको निर्देशनमा तयार भएको "आख्यान" शीर्षकमा प्रस्तुत यो टेलिफिल्म गत भाद्रको प्रथम हप्तामा ने.टि.भि. बाट प्रसारण गरिएको थियो।

ध्रुवचन्द्र गौतम जस्ता "चर्चित" लेखकले लेखेको र समाजमा विद्यमान एउटा गम्भीर विशिष्ट समस्यालाई चित्रण गर्न खोजिएको हुनाले यस टेलिफिल्मप्रति विशेष रूपले आकर्षित भएर टि.भि.को पर्दा अघि बसेका दर्शकहरूले इन्दिराको सामाजिक मानसिक अवस्थाको एउटा चित्र हेर्न पाए।

कुनै पनि समाजमा शारीरिक रूपले अंगभंग भएका वा प्रचलित अर्थमा अनुहार सुन्दर नभएक व्यक्तिहरू हुन्छन् नै। तिनीहरूले यसरी अंगभंग हुनु वा अनुहार सुन्दर नहुनकै कारण सामाजिक अपहेलँना र मानसिक कुण्ठा भोग्नु परिरहेका घटनाहरू समाजमा प्रसस्तै देख्न सकिन्छन्। आफ्नो कुनै कसूर विना नै पनि भवितव्य वा प्राकृतिक कारणले शरीरको बनौट विग्रन सक्ने संभावना जो कोही व्यक्तिको पनि रहन्छ। आजको सद्दे मानिस, भोलि विरूप बन्न सक्छ। यस टेलिफिल्मकी नायिका इन्दिरा यस्तै भवितब्यको शीकार नारी हो। विद्यमान समाजको वर्तमान परिवेशले उसको विहा हुन दिदैन। थुप्रै मानिसहरू केटी हेर्न आउँछन् तर प्रायः सबैले "नराम्री भएको" कारण देखाई हाकाहाकी नै विहा प्रस्ताव इन्कार गरिदिन्छन्। ऊ बाबु आमा दाजुभाइको निम्ति एउटा बोझ बन्न पुग्दछे। आफूभन्दा कान्छी बहिनीको समेत विहा भैसक्दा र साथी-समाजमा पनि आफू हेलाँको पात्र हुनुपर्दा ऊ भित्रभित्रै मानसिक पीडा र कुण्ठाले सताइन्छे र अन्तमा उसले आत्महत्याको योजना बनाउँछे। त्यतिखेर नै दाजुले माथि उल्लिखित खबर दिन्छ- एक पटक फेरि "केटी हेर्न" केही मानिसहरू आएका छन्। अब उसले निहुरेर अनुहारका विफरका दागहरू सकेसम्म नेदेखाउने कोशीस गर्नु पर्नेछ।

टेलिफिल्मको कथानकको सार यत्ति नै हो।

यस टेलिफिल्ममा इन्दिराको मानसिक अवस्थाको चित्रण राम्रै रूपमा गरिएको पाइन्छ। विषय अनुसार फिल्म केही ढिलो हुनु स्वाभाविक हो। छोटै रूपमा भएपनि यस फिल्मले हाम्रो समाजमा विद्यमान एउटा समस्याको एक पाटोप्रति दर्शकहरूको ध्यानाकर्षण गराएको छ।

तर यस टेलिफिल्मको सबैभन्दा ठूलो कमजोरी हो -समस्याको एकतर्फी चित्रण र जानाजान गलत र अन्यौलपूर्ण समाधान प्रस्तुत गर्नु।

माथि नै पनि उल्लेख गरियो- समाजमा "कुरूप" मानिने व्यक्तिहरू छन्, साथै आजका सुन्दर सुन्दरीहरू पनि कुनै पनि दुघर्टनाको कारण तत्कालै "कुरूप" बन्न पनि सक्छन्। हामी जो कोहीलाई पनि यस्तो हुन सक्छ। यस्ता मासिहरूले इन्दिराले जस्तै पीडा भोग्नु पर्ने हुन्छ। तर समाजमा यो "कुरूपता" लाई आफूले सृजानात्मक कामहरू गरी प्रतिभा र मिहेनतको सुन्दरताले पुरेका उदाहरणहरू पनि छैनन र? अनुहारमा दाग हुँदैमा वा अनुहारको बनौट अस्वाभाविक हुँदैमा वा अपांग हुँदैमा के व्यक्ति "असुन्दर" नै हुन्छ? हाम्रो जस्तो सामन्ती व्यक्तिवादी संस्कृतिले ढाकिएको समाजले वा पश्चिमी पूँजीवादी व्यक्तिवादी नीच स्वार्थी समाजले मान्छेलाई वा स्वास्नीमान्छेलाई अनुहार र जीउडाल हेरेर मात्र "राम्रो र नराम्रो" मान्न सक्छ। नारीलाई वस्तुको रूपमा लिने अमानवीय समाजमा यस्तो हुन झनै संभव छ। किनभने "सुन्दरता" को परिभाषा नै यी समाजहरूमा अत्यन्त गिर्दो स्तरको व्यक्तिवादी स्वार्थमा आधारित रहेको छ।

तर के "सुन्दरता" यत्तिमै मात्र सीमित हुनसक्छ? अनुहार सुन्दर भएका तर प्रत्यक्ष वा अप्रत्यक्ष तवरमा सामाजिक रूपले अनैतिकतामा र अपराध कर्ममा संलग्न, चाकडी चाप्लुसी, भ्रष्टाचार, लुट, शोषण-दमन आदिमा संलग्न व्यक्तिहरू सुन्दर हुन्छन्? कि अनुहार सुन्दर नभएर पनि श्रम र सीपका धनी, स्वाभिमानी व्यक्तिहरू साँच्चिको अर्थमा सुन्दर हुन्छन? हाम्रो समाजका यी, इन्दिराहरूका सामु दिनदिनै मानसिक पीडामा डुब्नु र आत्महत्याका योजना बनाउनु मात्र एक मात्र बाटो छ कि आफूलाई सक्षम, आत्मनिर्भर, समजोपयोगी बनाउनेतिर लाग्ने बाटो पनि छ? इन्दिराहरूका घरहरूले इन्दिराहरूलाई "फेरि एक पटक" उही असफल प्रयासमा होम्ने मात्रै हो कि उसभित्र मानविय जीवनका अन्य सुन्दरतम प्रवृत्तिहरूको विकासमा टेवा दिएर ती सुन्दरतम प्रवृत्तिहरूको "आकर्षण" थप्न मद्दत गर्ने हो?

यो पक्षलाई यस टेलिचलचित्रले जानाजान छोपेको छ। समाजमा यस तरीकाले "सुन्दरता" को पक्षमा क्रियाशील मानिसहरू पनि छन् जो कुण्ठामा डुब्न छोडेर आफ्नो व्यक्तित्वका अरू थुप्रै गुण र आयामहरूलाई विकसित गर्नतिर लागेका छन। उनीहरू समष्टीमा समाजमा सम्मानित र आत्मसंमानयुक्त जीवन बाँचिरहेछन्। तिनको चित्रण यसमा छैन। यो हाम्रो समाजको यथार्थको अर्को पाटो हो, यथार्थको यो पाटोप्रति लेखक-निर्देशकले अन्याय गरेका छन्। यो पाटोलाई यसमा चित्रण गरिएको छैन। यसो गरिएको भए यो फिल्मबाट समाजले उउटा उज्यालो भेट्ने थियो। तर लेखक-निर्देशकहरूले यस कुरालाई बेवास्ता गरेका छन्।

यसरी यो टेलिफिल्म ध्रुवचन्द्र गौतमको लेखनको आम प्रवृत्तिबाट फरक रहन सकेको छैन। सुन्दर चित्रण हुने तर त्यो एकतर्फी हुने, त्यसमा समाजमा रहेका प्रगतिशील प्रयत्न गर्ने, समास्यासंग जुध्ने व्यक्तिहरू वा पक्षहरूको प्रतिनिधित्व हुनै नदिने र एकतर्फी रूपले समस्या दर्शाउने अनि समस्यासंग जुध्नुभन्दा बढी पात्रहरूलाई आत्महत्या वा यस्तै अन्य पलायनको बाटोतिर लगाइदिने। यस्ता पलायनवादी रचनाहरू राम्रो चित्रण र राम्रो प्रस्तुतिका बाबजूद समाजका प्रगतिशील परिवर्तनका बाधक र अस्वस्थ्य यथास्थितिका पृष्ठपोषक हुने गर्दछन्। ❖

वडादशैं २०४९ को

शुभ-उपलक्ष्यमा

हाम्रा ग्राहकवर्गहरुमा

र समस्त

देशवासीहरुमा

हार्दिक मंगलमय

शुभकामना

व्यक्त गर्दछौं।

**क्वालिटी विस्कुट इण्डस्ट्रिज (प्रा.) लि.**

दुहबी, सुनसरी

*वडादशैं २०४९ को शुभ-उपलक्ष्यमा*

*हाम्रा ग्राहकवर्गहरूमा*

*र समस्त देशवासीहरूमा*

*हार्दिक मंगलमय शुभकामना*

*व्यक्त गर्दछौं।*

महालक्ष्मी मैदा मिल्स (प्रा.) लि.

दुहबी, सुनसरी




✱✣✱✣✱✣✱✣✱✣✱✣✱✣✱✣✱✣✱

**6** *GOOD REASONS THAT MAKE SUN WORKS YOUR RIGHT CHOICE OF* **SOLAR WATER HEATERS.**

✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱✱

1. **SHORTER PAY-BACK PERIOD-** Realistically priced models make it a worthwide investment in view of long - term cost savings in heating energy. Your cost recovery can be realised within a much shorter period of within 2 to 3 years. Due to your lower initial expenditure.
2. **QUALITY-** Galvanised iron tank and casing, plain glass, rolled fibreglass and non-corrosive aluminium and GI pipes all contribute to yours of trouble-free operation.
3. **EFFICIENCY-** Large heat absorbing surface areas & fibre glass insulation ensure faster heating at higher temperature and keep hot more than 2 days.
4. **ATTRACTIVE DESIGN-** Well designed feature with concealed piping gives a very heat look on your roof tops.
5. **GUARANTEE-** Every sun works units is backed by a two year guarantee service period.
6. **MODELS-** Sun works provide various capacity in different models for heating water in industries. Hotels, Canteens Hospitals to........

✱✣✱✣✱✣✱✣✱✣✱✣✱✣✱✣✱✣✱

Contact for detail

**SUN WORKS NEPAL**

P.B. No. 5027

University Road T. U. Gate

Tel: 215854, 223286

# त्यो बाटो जसले मलाई लेनिनवादतिर पुऱ्यायो

– *हो ची मिन्ह*



फ्रान्सिसी कम्युनिष्ट पार्टी तथा भियतनामी कम्युनिष्ट पार्टीका संस्थापक नेता तथा फ्रान्सिसी एवं अमेरिकी उपनिवेशवाद विरोधी भियतनामी जनताको सफलतापूर्ण राष्ट्रिय मुक्ति आन्दोलनका नेतृत्वकर्ता हो ची मिन्ह (सन् १८९०, मई १९ मा जन्म) को ६० वर्षसम्मको अथक संघर्ष पछि १९६९, सेप्टेम्बर ३ तारिखमा मृत्यु भएको थियो।

अमेरिकी पत्रकार श्रीमती अन्ना लुईस स्ट्रङ्गद्वारा "असाधारण" साधु, महात्मा भन्न सुहाउने खुवै उद्यौली स्वभावको, आपतकालको लागि बुद्धिमानीसाथ बलियो रूपमा रक्षा गर्न सक्ने, खुला हृदयको र अनौठो तर तुरुन्त जवाफ दिने मानिस"को रूपमा मूल्याङ्कन गरिएका भियतनामी राष्ट्रपति हो ची मिन्ह संसारमा एक अत्यन्त अनौपचारिक राज्य प्रमुखको रूपमा चर्चित हुनुहुन्थ्यो।

मार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओ पछाडिका एक सम्मानित कम्युनिष्ट नेता हो ची मिन्हको २३औं मृत्यु वार्षिकीको सन्दर्भमा यहाँ प्रस्तुत छ – हो ची मिन्ह कसरी मार्क्सवादी लेनिनवादी हुनु भयो भन्ने विषयमा उहाँके रोचक लेख, तथा अध्ययनको आवश्यकता र व्यक्तिवाद सम्बन्धी उहाँको सारगर्भित विचार।

पहिलो विश्व युद्धपछि कहिले फोटोग्राफरको रूपमा त, कहिले प्राचीन चीनियाँ कलाकृति कोर्ने कलाकारको रूपमा म पेरिसमा बस्न थालें। त्यसबेला म धेरै जस्तो भियतनाममा फ्रान्सिसी उपनिवेशवादीहरूले गरिरहेका अपराधहरूको भर्त्सना गरिएका पर्चाहरू वितरण गर्थें।

त्यसबेला नै म स्वतःस्फूर्त रूपमा सोभियत संघको अक्टोवर क्रान्तिको समर्थन गर्थें। यस क्रान्तिका सबै ऐतिहासिक महत्वहरू बुझ्न नसकेता पनि म त्यसो गर्थें। म लेनिनलाई माया गर्थें र सम्मान गर्थें, किन कि उहाँ महान देशभक्त योद्धा हुनुहुन्थ्यो, जसले आफ्ना देशवासीहरूलाई मुक्ति दिलाउनु भयो। त्यसबेलासम्म मैले उहाँको एउटा पनि किताव पढ्न पाएको थिईन।

मैले फ्रान्सिसी समाजवादी पार्टीमा प्रवेश गर्नुका पछाडि ती "महिला तथा सज्जनवृन्द" – (म आफ्ना कामरेडहरूलाई त्यसबेला यही शव्दले सम्बोधन गर्थें) हरूको मप्रति, उत्पीडित जनताहरूको संघर्षप्रतिको सहानुभूतिले भूमिका खेलेको छ। तर त्यसबेलासम्म पनि पार्टी, ट्रेड यूनियन, समाजवाद र साम्यवाद के हो भन्ने कुरा बुझ्न सकेको थिईन।

विस्तारै त्यस समाजवादी पार्टीमा "दोस्रो अन्तर्राष्ट्रिय" मा वसिरहने कि "अढाई अन्तर्राष्ट्रिय" बनाउने कि लेनिनको "तेस्रो अन्तर्राष्ट्रिय" मा प्रवेश गर्ने भन्ने विषयमा विवाद तल तलका इकाईहरूमा समेत चर्किन थाल्यो। म ती इकाईका मिटिङ्गहरूमा नियमित रूपमा सहभागी हुन्थें, हप्ताको दुई–तीन पटक सम्म सहभागी भई मिटिङ्गमा बोल्नेहरूको कुरा अत्यन्त ध्यानपूर्वक सुन्थें। पहिले पहिले त तिनीहरूको सबै कुरा बुझ्न निकै गाह्रो भयो। किन यो विवाद चर्किन थालियो? दोस्रो, अढाई वा तेस्रो अन्तर्राष्ट्रिय मध्ये कुन चाहिंले क्रान्ति गर्छ होला? किन कचिंगल गरिरहेको होला? फेरि पहिलो अन्तर्राष्ट्रिय भनेको के हो, कसरी अरू अन्तर्राष्ट्रियहरू आए?

मैले चोहेको, तर मिटिङ्गमा वादविवाद नभएको विषय भने अर्कै थियो, त्यो के भने – कुन चाहिं अन्तर्राष्ट्रियले उपनिवेशमुनि थिचिएका जनताहरूको पक्ष लिन्छ ?

मेरो लागि अत्यन्त महत्वपूर्ण यस प्रश्नलाई मैले मिटिङ्गमा उठाउन थालें। केही कामरेडहरूले जवाफ दिए – त्यो त तेस्रो अन्तर्राष्ट्रियले मात्र गर्छ, दोस्रो अन्तर्राष्ट्रियले गर्दैन। एउटा कामरेडले मलाई लेनिनको "राष्ट्रिय तथा उपनिवेश सम्बन्धी सवालहरू वारे प्रस्तावना "ले ह्युमानेटे" मा छापिएको पढ्न दिनु भयो।

उक्त प्रस्तावनामा प्रयोग गरिएका राजनैतिक शव्दहरू बुझ्न मलाई निकै गाह्रो भयो। तर मैले त्यसलाई पटक–पटक दोहोऱ्याई–तेहऱ्याई अन्ततः त्यसको मूल भावलाई बुझेर ग्रहण गरि छाडें। त्यस कितावले ममा कस्तो उत्तेजना, उत्सुकता, प्रकाश आत्मविश्वास संचार गरेको। म खुशीले रोएँ, आफ्नो कोठामा एक्लो बसिरहँदा पनि म कराउँथें, मानौं म विशाल समूदायलाई सम्वोधन गर्दैछु – "मेरा प्यारा प्राण आहूती गर्न तम्सिरहेका देशवासीहरू हो। हामीलाई चाहिएको कुरा यही हो, यही हाम्रो मुक्तिको बाटो हो।"

त्यस पछि मैले लेनिनप्रति, तेस्रो अन्तर्राष्ट्रियप्रति आफ्नो पूर्ण सहमति व्यक्त गर्न थालें।

पहिले म पार्टीका इकाई मिटिङ्गहरूमा छलफलको स्रोता मात्र थिएँ, मात्र सुन्थें। ती छलफलहरूमा व्यक्त विचारहरू, तर्कहरू निकै विशाल अनुभव हुन्थ्यो र त्यसमा कुन ठीक – कुन बेठीक छुट्याउन मलाई धौधौ पर्थ्यो। तर त्यस प्रस्तावना बुझ्न थालेपछि म पनि छलफलहरूमा कुदें र तीव्रतापूर्वक ती छलफलहरूमा सहभागी हुन थालें। हुन त त्यसबेलासम्म आफ्ना विचारहरू अभिव्यक्त गर्न मेरो फ्रान्सिसी भाषाको ज्ञान निकै कमजोर नै थियो, तापनि लेनिन र तेस्रो अन्तर्राष्ट्रियमाथि आरोप लगाउनेहरूको विरूद्ध धुवाँधार आक्रमण गर्न थालें। मेरो एउटै मात्र तर्क थियो – "यदि तपाई उपनिवेशवादको विरोध गर्नु हुन्न भने, यदि तपाईं उपनिवेशका जनताहरूको पक्षमा हुनुहुन्न भने, तपाई कस्तो स्वालको क्रान्तिको लागि लडिरहनु भएको हो?"

त्यसपछि म आफ्नो इकाईमा मात्र होइन, अन्य पार्टी इकाईहरूमा समेत सहभागी भई "आफ्नो" विचारको वकालत गर्दै हिड्न थालें। यहाँ म पुनः

## अध्ययनको लक्ष्य के हो?

*हो ची मिन्ह*

*अध्ययन गर्नु, वारम्वार अध्ययन गर्नु र सधैं अध्ययन गर्नु। आफ्नो सोच विचार गर्ने, बुझ्ने प्रक्रियाको पुनर्गठन गर्नका लागि, आफ्नो क्रान्तिकारी स्फूर्तिलाई माथि उठाउनका लागि व्यक्तिले अध्ययन गर्नु पर्दछ। यो एउटा श्रेयस्कर कुरा हो। यदि कुनै व्यक्तिको सोच-विचार गर्ने बुझ्ने प्रक्रिया साँचो रूपमा क्रान्तिकारी छैन भने उसले आफ्नो सोच–विचार गर्ने बुझ्ने प्रक्रियालाई परिशोधन गर्नको लागि अध्ययन गर्नु पर्दछ। जव कुनै व्यक्तिको संझने बुझ्ने प्रक्रिया सही हुन्छ, तव मात्रै ऊ सही ढंगले काम गर्न सकने हुन्छ र आफ्नो क्रान्तिकारी दायित्व पूरा गर्न सक्ने हुन्छ।*

*व्यक्तिले आफ्ना क्रान्तिकारी सद्‌गुणहरूको पोषण गर्नका लागि अध्ययन गर्नु पर्दछ। तब मात्रै ऊ क्रान्तिको निमित सबै कुराको त्याग गर्न तयार हुन सक्ने हुन्छ, क्रान्तिको निमित तन–मनले काम गर्न तयार रहन सक्ने हुन्छ र तब मात्रै उसले जनतालाई नेतृत्व प्रदान गर्न सक्ने हुन्छ र क्रान्तिलाई विजयसम्म पु–याउन सक्ने हुन्छ।*

*पार्टीमा, जनतामा, राष्ट्रको भविष्यमा र क्रान्तिको भविष्यमा आफ्नो विश्वासको पूर्ण पोषण गर्नका लागि व्यक्तिले अध्ययन गर्नु पर्दछ। दृढ आत्मविश्वास भएमा मात्र कुनै पनि व्यक्तिले दृढतापूर्वक काम गर्न सक्छ, दृढ संकल्पलाई कृयान्वित गर्न सक्छ र कठीनाईहरूसंग जुझ्नु पर्दा त्याग गर्नका लागि समेत तयार हुन सक्छ।*

*अध्ययनको लक्ष्य कर्म हो : अध्ययन र कर्ममा हाड र मासुको जस्तो सम्बन्ध हुनु पर्दछ। कर्म विनाको अध्ययन व्यर्थ हुन्छ। अध्ययन विना कर्म मुस्किलैले मात्र गर्न सकिन्छ।*

*व्यक्तिले विद्यालयबाट, पुस्तकबाट, आफ्ना सहयोगीहरूबाट र जनताबाट अध्ययन गर्नु पर्दछ। जनताबाट शिक्षा ग्रहण नगर्नु एउटा गंभीर दोष हो।* ❖

*(मदनमोहन जोशी लिखित हो ची मिन्हको जीवनीबाट सामार उद्धृत)।*

# नव युवकहरुलाई सन्देश

आफ्नो व्यक्तिगत जीवनहरूको सम्बन्ध त्यस लक्ष्यसंग जोड्ने प्रयत्न हामीले गर्नु पर्दछ, जसको लागि हामी संघर्ष गरिरहेका छौं। यसको सम्बन्ध कम्युनिज्मको निर्माणको लक्ष्यसंग जोड्ने प्रयत्न हामीले गर्नु पर्दछ।

यसको अर्थ हामीले आफ्नो व्यक्तिगत जीवनलाई तिलाञ्जली दिने भन्ने कुरा हुँदैहोइन। कम्युनिष्ट पार्टी कुनै धार्मिक सम्प्रदाय होइन, त्यसैले यस प्रकारको सन्यास वा वैराग्यको कुरा गर्नु नै हुँदैन। एक पटक एउटा कारखानामा एउटी महिलाले आफूसँगै काम गर्ने महिलाहरूसंग यस्तो कुरा गरिरहेकी सुनें - "मेहनत गर्ने महिला साथीहरू, तिमीहरूले याद गर्नु पर्दछ कि पार्टीमा सहभागी भएपछि तिमीहरूले आफ्नो पति र बच्चाहरूलाई छोड्नु पर्दछ।"

यो दृष्टिकोण सही छैन भन्न जरूरी छैन। तर सही कुरा त पति र बच्चाहरूप्रति उपेक्षा देखाउने होइन, बरू बच्चाहरूलाई यस प्रकारले शिक्षित गर्ने कि - उनीहरू



*नादेज्दा क्रुप्सकाया*
(एक सोमियत नेतृ प्रशिद्ध शिक्षाविद्, लेनिनकी पत्नी सन् १८६९-१९३४)

पनि कम्युनिज्मका लागि लड्ने वीर बनून, कुराहरूलाई यस प्रकारले व्यवस्थित गर्ने कि - पतिहरू पनि यस्तै प्रकारका योद्धाहरू बनून्।

आफ्नो जीवनलाई समाजको जीवनसंग कसरी मिलाउने ? - यस चीजलाई मानिसहरूले बुभ्नु पर्दछ। यो वैराग्य होइन। यसको ठीक विपरीत, यस प्रकारले आफ्नो जीवनलाई समाजको जीवनमा विलीन गरिसके पछि, मेहनत गरी खाने संपूर्ण जनताको सामूहिक लक्ष्यलाई व्यक्तिगत लक्ष्यमा परिवर्तित गरिसके पछि, मानिसको निजी जीवन अभ्र बढी धेरै समृद्ध बन्छ। यसले उसको जीवन विपन्न हुँदैन, बरू यसबाट त्यस्तो गहिरो र रंगरागमय अनुभव मानिसलाई प्राप्त हुनेछ, आफ्नो निरस पारिवारिक जीवनमा जसको रसास्वादन गर्ने अवसर उसलाई कहिल्यै मिलेको हुँदैन।

अतः हामीहरूको अगाडि जुन काम छ, त्यो यो हो कि - आफ्नो जीवनलाई कम्युनिज्मका लागि गरिने कामसंग, कम्युनिज्मको निर्माणका लागि मेहनतशील जनताद्वारा गरिने काम र संघर्षसंग घुलमिल गरेर कसरी एक गर्न सकिन्छ भन्ने कुरा जान्नु।

तपाईहरू नव युवकहरू हुनुहुन्छ, तपाईहरू भर्खरै मात्र आफ्नो जीवन यात्रा शुरू गर्दै हुनुहुन्छ। अतः तपाईहरू आफ्नो जीवनलाई यसरी ढाल्न सक्नुहुन्छ, जसबाट तपाईको व्यक्तिगत जीवन र समाजको जीवन बीच कुनै खाडल नहोस् .....।

१२ जुलाई, १९२४

(रूसको लेनिनवादी युवा कम्युनिष्ट संघको छैठौं कांग्रेसमा दिनु भएको भाषणको एक अंश : "कम्युनिष्ट नैतिकता" बाट साभार)

---

दोहोऱ्याई भन्न चाहन्छु, कामरेडहरू मार्शल काचीन, भैलियान्त कौच्यूरर, मोनमाउजउ तथा अन्य धेरैले मेरो ज्ञानवृद्धिमा सरसहयोग गर्नु भएको थियो। र अन्ततः विवादास्पद दुई अन्तर्राष्ट्रिय मध्ये मैले तेस्रो अन्तर्राष्ट्रियमा समावेश हुने पक्षमै भोट दिएँ।

सबैभन्दा पहिले मलाई लेनिनप्रति, तेस्रो अन्तर्राष्ट्रियप्रति विश्वास जगाउने काम देशभक्तिको भावनाले गऱ्यो, साम्यवादी विचारले होइन। तर विस्तारै-विस्तारै एकपछि अर्को गर्दै संघर्षकै क्रममा, मार्क्सवाद लेनिनवादलाई व्यवहारिक काम कारवाहीमा लागू गर्दै - पढ्दै क्रमिक रूपमा समाजवाद र साम्यवादले मात्र उत्पीडित राष्ट्र र कामदार जनतालाई दासताको संसारबाट मुक्ति दिलाउन सक्छ भन्ने कुरा बुभ्न थालें।

हाम्रो देशमा र चीनमा पनि जादूगरी "मनचिन्ते भोला" को परम्परा छ। जब जब ठूल-ठूला समस्याहरू आइपर्छन्, तब तब कसैले त्यस मनचिन्ते भोला खोलेर समाधानका उपायहरू पत्ता लगाउँछन्। हामी भियतनामी क्रान्तिकारीहरू तथा जनताको लागि लेनिनवाद पनि आश्चर्यजनक मनचिन्ते भोला मात्र होइन, एउटा कम्पास हो, अभ्र उज्ज्वल सूर्य हो, जसले हाम्रो अन्तिम विजयको बाटो, समाजवादको बाटो र साम्यवादको हाम्रो बाटोलाई प्रकाशवान बनाइरहेको छ। ❖

(अप्रिल, १९६०)

(हो ची मिन्हका चुनिएका रचनाहरू, भाग ३ (१९५४-१९६९) बाट अनूदित)

---

# व्यक्तिवाद धेरै नराम्रा कामहरुको स्रोत हो।



*- हो ची मिन्ह*

ती राम्रा कामरेडहरू बाहेक पनि अभ्रै त्यहाँ केही कामरेडहरू र पार्टी सदस्यहरू छन् जसको नैतिकता र गुण केही तल गिरेको छ।

तिनीहरू "व्यक्तिवाद" को भारी बोकेर हिँडिरहेका छन् र जहिले पनि आफ्नो व्यक्तिगत स्वार्थकै बारे सोचिरहन्छन्। तिनीहरूको मूल उद्देश्य नै "प्रत्येक सबैको लागि" नभैकन "सबै मेरा लागि" भएका छन्।

तिनीहरुको व्यक्तिवादको कारणले तिनीहरू गाह्रो-साह्रो काम र समस्यादेखि भाग्ने र विस्तारै भ्रष्टाचार, पथ-विचलन, फजूल खर्चीपना र विलासिताको खाडलमा खस्दै छन्। तिनीहरू नाम र नाफा, शक्ति र पदका लागि मात्र दौडिरहेका छन्। तिनीहरू अहंकारी र घमण्डी हुन्छन्, सामूहिकतातिर आँखै लाउदैनन्, जनतालाई हेलाँ गर्दछन् र स्वेच्छाचारितापूर्वक र तानाशाही ढंगले काम गर्छन्। तिनीहरू आफूलाई जनता र यथार्थबाट टाढै राख्छन् र नोकरशाहीतन्त्र र हुकुमीतन्त्रद्वारा प्रभावित हुन्छन्। अरूलाई विकास गर्ने काममा तिनीहरू खासै ध्यानपूर्वक काम गर्दैनन् र अध्ययनद्वारा आफ्नो विकास गर्ने काममा पनि लाग्दैनन्।

तिनीहरुको "व्यक्तिवाद" कै कारणले तिनीहरू अनेकताको भाव फैलाउने र अनुशासनहीनता, गैर जिम्मेमवारीपना र असंगठितपनाको भाव सिर्जना गर्ने गर्छन्। तिनीहरू पार्टी र राज्यका नीति-निर्णयहरू राम्रोसंग बोकेर काम गर्दैनन् र क्रान्ति र जनताको हित विपरीत काम गर्छन्।

छोटोमा, "व्यक्तिवाद" नै धेरै नराम्रा कामहरूको स्रोत हो।

हाम्रा सबै कामरेडहरू र पार्टी सदस्यहरूलाई सुयोग्य क्रान्तिकारी लडाकु बनाउनका लागि हाम्रो पार्टीले उनीहरूमा साम्यवादी आदर्श, पार्टीको नीति-निर्णयहरू र पार्टी सदस्यहरूको नैतिकता र कामले भरिपूर्ण पार्ने काम गर्नु पर्दछ। पार्टीभित्र आलोचना र आत्मालोचनाको पद्धतिलाई गंभीरतापूर्वक लागू गर्नु पर्दछ। जनताद्वारा गरिने कार्यकर्ता र पार्टी सम्बन्धी स्वस्थ आलोचनाहरूलाई स्वागत गर्ने र प्रोत्साहित गर्ने काम गर्नु पर्दछ। पार्टी इकाईहरूको जीवन यी नीति नियमहरूको पालना मै छ। अतः पार्टी अनुशासन न्यायपूर्ण र कडा बनाइनु पर्दछ। पार्टीको नियन्त्रणलाई कठोर बनाइनु पर्दछ।

प्रत्येक कार्यकर्ता र पार्टी सदस्यहरूले अरू सबै कुरा भन्दामाथि क्रान्ति, पार्टी र जनताको हितलाई राख्नु पर्दछ। तिनीहरूले आफ्नो व्यक्तिवादलाई दृढ संकल्पका साथ सफासंग बढार्नै गर्दछ र क्रान्तिकारी नैतिकतालाई उचाल्ने, सामूहिकताको भावनालाई मलजल दिने र ऐक्यबद्धता, संगठन र अनुशासनको चेतना वृद्धि गर्ने गर्नै पर्दछ। तिनीहरूले जनतासित नजीकको सम्बन्ध गाँसिराख्ने र यथार्थसित सम्पर्कमा रहनु अत्यन्त जरूरी छ। तिनीहरूले जनताको सामूहिक सार्वभौमिकतालाई आदर गर्ने र विकास गर्ने काम गर्नै पर्दछ। आफ्नो जिम्मेवारी पूरा गर्न कठीन अध्ययन र दक्षता प्राप्त गर्ने र ज्ञानलाई बृद्धि गर्ने काम गर्नै पर्दछ। ❖

हो ची मिन्हका चुनिएका रचनाहरू, भाग ३ "Elevate Revolutionary Ethics, make a clean sweep of individualism" लेखबाट उद्धृत तथा अनूदित। प्रस्तुति : *राजेन्द्र महर्जन*

# गाईजात्रा

## कस्ता थिए, हास्यका "हलुवा"हरू र व्यंग्यका "वम"हरू?

### प्रज्ञाभवन, सभागृह र पत्रिकाहरूमा गाईजात्रे कार्यक्रमहरूको मूल्याङ्कन

*"जनताको ठूलो भीड देखेर*
*फुट्यो पंचेको घ्याम्पो जत्रो पेट"।*
*"विदेशी जत्ति देशवासी*
*हाम्रा महादेव सुकम्बासी"।*

माथिको पहिलो टुक्रा प्रज्ञा भवनको मंचमा नरेन्द्र आलेद्वारा प्रस्तुत "चाँचरी नृत्य"को गीतको एक अंश हो भने दोश्रो टुक्रा राष्ट्रिय सभा-गृहमा सैलेन्द्र सिम्खडा र विनोद ढुंगानाद्वारा प्रस्तुत प्रहसन "सकुम्बासी" मा प्रयुक्त एक अंश हो।

राजधानीमा यस पल्ट गाईजात्राको उपलक्ष्यमा हासने (हास्य व्यंग्य समाजः नेपाल) र नापा (नेपाल एशोसिएसन अफ पर्फर्मिङ्ग आर्टस्) को आयोजनामा क्रमशः प्रज्ञा-भवन र राष्ट्रिय सभा-गृहमा "गाईजात्रा हास्य-व्यंग्य कार्यक्रमहरू" प्रदर्शन गरिए। क्रमशः नौ दिन र सात दिनसम्म चलाइएका उक्त दुई कार्यक्रमहरूमा हास्य व्यंग्यमुलक विभिन्न प्रहसनहरू, गीतहरू, नृत्यहरू र कविताहरू प्रस्तुत गरिएका थिए।

व्यापक प्रचार-प्रसार सहित चलाइएका उक्त कार्यक्रमहरूका अन्तिम प्रदर्शनहरूसम्म पनि सामान्यतया दर्शकहरूको अभाव रहेन। गाईजात्रासंग जोडिएको हास्य व्यंग्यको लामो परंपराका कारण मानिसहरू यस अवसरमा हास्य-व्यंग्यको रसास्वादन गर्ने "मुड" बनाएर बसेका हुँदारहेछन्।

राजधानीमा प्रस्तुत यी दुवै कार्यक्रमहरूमा समसामयिक नेपाली समाजका विभिन्न घटना-परिघटना र प्रवृत्तिहरूलाई विषय-वस्तु बनाएको थियो। यसमा पनि वर्तमान राजनीतिक क्षेत्रले बढी स्थान पाएको थियो।

सत्तापक्ष र प्रतिपक्ष दुबैका विभिन्न कमी-कमजोरी वा गल्ती हेलचक्रायाईंहरू आलोचनाका विषय बनेका थिए। हसाउँनका लागि गीत संगीतका अतिरिक्त अभिनयलाई पनि विशेष रूपले जोड्ने प्रयत्न भएको थियो। प्रचलित "विकृत हिन्दी" बाहेक अरू भाषाको प्रतिनिधित्व भने थिएन।

समग्रतामा भन्नुपर्दा गाईजात्राको उपलक्ष्यमा आयोजित यी कार्यक्रमहरूको उपलव्धी भनेको समाजमा विद्यमान केही विसंगत पक्षहरूतर्फ दर्शकहरूको ध्यानाकर्षण गराउने प्रयत्न नै हो। पंचायती कालको जस्तो बोल्न कंजुस्याई गर्न नपर्ने हुनाले यिनीहरूमा हाल हाम्रो समाजमा उपरी तहमा दृश्यमा रहेका प्रायः सबै व्यक्ति र पक्षहरूलाई व्यंग्य प्रहार गर्ने प्रयत्न भएको थियो। प्र.मं गिरीजा प्रसाद र शैलजा आचार्य, महंगी र हवाई दर्घटना सवैभन्दा बढी उल्लेख भएका विषयहरू थिए। हासनेको कार्यक्रम तुलात्मक रूपले "नापा"को भन्दा स्तरीय रहेको थियो।

तर यी दुवै हास्य-व्यंग्य कार्यक्रमहरू हेर्दा गम्भीर रूपले उठ्ने प्रश्न फेरि पनि स्तरीयताकै हो। अपेक्षित स्तर यिनीहरूले कायम गर्न सकेनन्। समष्टीमा भन्नु पर्दा यिनीहरूमा रहेको विषय-वस्तुको छनौट र पकडको क्षेत्रको गम्भीर कमजोरी नै यसको मूल कारण हो।

जन-आन्दोलनपछि नयाँ राजनैतिक व्यवस्था लागू भएपछि अब समाजको प्रहारको मूख्य तारो के हुने हो भन्ने विषयमा आम स्पष्टता हासिल भएको छैन। हिजो प्रमुख तारो पंचायत र पंचायती-प्रवृत्तिहरू थिए, हास्यको विषय पनि यिनै कुराहरू हुन्थे, व्यंग्यको तारो पनि यिनै कुराहरू हुन्थे। आज यस्तो खाले प्रस्टता छैन। यसको सटिक उदाहरण सभागृहको कार्यक्रममा गोपालराज मैनालीको प्रहसन "गाइजात्रे रिहर्सल" हो। जोगीमारामा हराएको छोरोको विषय वस्तुमा मैनालीले स्टेजमा उभिएर हास्य-अभिनय मात्र प्रस्तुत गर्न सके। (भाद्र ३ गते)। व्यंग्यको मात्रा शून्य बरावर रह्यो। राजपाल हाडाको प्रहसन पनि डकार्ने अभिनयमा मात्र सीमित भयो। यस्तै प्रज्ञाभवनमा प्रस्तुत कार्यक्रममा दर्शकहरूको पुनः माग भएको भनी प्रस्तुत निर्मल राज पौडेलको फेरि एकपटक गीत फिल्मका नायक-नायिकाहरूको नामको फेहरिस्त जोडेर गीतलाई "बिकाऊ" बनाउने काम बाहेक अरू केही नभएकोले यसमा पनि व्यंग्य-पक्ष शून्य प्रायः रह्यो। (भाद्र ६ गते)।

विषय-वस्तु केही टिप्न खोजिएका प्रस्तुतीहरूमा पनि "छर्रा" प्रकारका प्रहारहरू गरिएकाले तिनीहरू सबैथरि विचार राख्ने दर्शकहरूलाई सन्तुष्ट गर्ने हिसाव-कितावका मात्र उपज भएको सजिलै ठम्याउन सकिन्थ्यो।

वेठीकहरूको सन्दर्भमा सत्ता पक्षलाई पनि प्रतिपक्षलाई पनि, करीव करीव बरावर जिम्मेवार ठहऱ्याई प्रहार गर्न खोजेको आभास मिल्दथ्यो। टनकपुर काण्ड र मनमोहन अधिकारीले दाऱ्ही पालेको कुरा उत्तिकै वजनसाथ प्रस्तुत भएको अनुभव हुन्थ्यो। प्रवृत्ति, घटना वा स्रोतको रूपमा रहेको मूल प्रहारको विन्दु फेला पार्न नसकी सबैतिर मुक्का बर्साउँदा व्यंग्यले सघनता प्राप्त गर्दैन। त्यसले गर्दा दर्शकमा मूलभूत रूपमा कुनै स्थायी वा दीर्घजीवी प्रभाव पर्दैन। व्यंग्य प्रहारको हल्कापना ढाक्न अभिनय र वाजागाजा, धून, नाच आदिले हल्का रूपले हाँस्ने साढे २ घण्टाको वातावरण मात्र बनेर यसको अन्त हुने हुन्छ। यस पल्ट यी कुराका अतिरिक्त डिस्को शैलीमा पनि गीत-नृत्यहरूमा प्रयोग गरिए र यसरी दर्शक जुटाउने काम गरियो।



*छर्रा प्रहारहरू*

सभागृहमा शंभु दहालले प्रस्तुत गरेको "नपत्याए सोध्नुहोस्" कविता छर्रा प्रहारको सन्दर्भमा एउटा विशेष उदाहरण हो। क्यासेटहरूबाट पनि निकै प्रचारित शंभु दाहालले कण्ठस्थ सुनाएको लामो र तुकवन्दी एवं अनुप्रास मिलेको कविता प्रस्तुतीको विशेषपनाको कारण प्रभावकारी भयो। तर यसले सबै थरिमाथि यति प्रहार गऱ्यो कि वहुदलीय प्रणालीकै हँस्सी उडाएको भन्न मिल्ने स्थानमा उनी पुगे। स्पष्ट रूपले उन्नत विकल्पको सहारा नलिई वर्तमानको सारहीनता दर्शाउनुले अराजकता मात्र जन्माउने कुरा प्रष्ट नै छ।

"छर्रा" प्रहारमा पनि एकथरि चाहिं सत्ता पक्षको अप्रत्यक्ष चाकडी गर्ने किसिमले प्रस्तुत भयो। सभागृहको कार्यक्रममा मदनदास श्रेष्ठ र लयसंग्रौला आदिको "मेरो बा हराए" र प्रज्ञा भवनमा रामकेशर बस्नेत, राजेन्द्र वोगटी आदिले प्रस्तुत गरेको प्रहसन यसका उदाहरण हुन्। "भान्जी (शैलजा आचार्य) ले फोहर बढार्न छोडेको" कुरा मदनदासहरूको उक्त प्रस्तुतिमा उल्लेख हुनुले यसले सत्ता पक्षमाथि गरेका सबै व्यंग्यहरूलाई फिका गराएको छ-आखिर शैलजा बाहेक अरू चाहिं फोहर बढार्दैछन् भन्ने भाव यसले प्रकट गर्दथ्यो। रामकेशर बस्नेत आदिको प्रहसनमा कांग्रेस र एमाले दुवैको एक अर्काको आरोप-प्रत्यारोप चलिरहँदा जनता झाँक्रीले कांग्रेसलाई बकाएको; कांग्रेसको मुखबाट विभिन्न कुराको प्रतीक स्वरूप कुखुराको जिउँदो चल्ला निकालेको रोमाञ्चकारी दृश्य समेत समाविष्ट थियो। निकै सन्तुलन मिलाउने प्रयत्न भएको देखिएतापनि यस प्रहसनमा पनि अन्ततः सत्ता पक्षको श्रेष्ठताको छाप छोड्ने प्रयत्न भएको देखियो। प्रज्ञा भवनमा ओममणि शर्मा र गोविन्द सिंह रावतको "हाजिरी जवाफ" यस्तै अर्को उदाहरण हो। विभिन्न अनुप्रास समेतको उपयोग गरिएको यो हाजिरी जवाफ प्रतियोगितामा सत्ता पक्षको पनि र कतिपय भए नभएका कुरा जोडेर विपक्षको पनि (जस्तै, चार विघा जग्गा र चारतोला सुन प्रसंग, जसको सिंग छैन... निर्मललामा, नखाउँ दिनभरिको शीकार-एमाले नेता, वाम नेताका स्वास्नीको ताँती, कांग्रेसहरू चाहिं कुमार आदि) धज्जी उडाइएको भएतापनि "ठूला ठूला पदमा बस्ने जति सबै वुख्याँचा" भनी सत्ता पक्षको वर्तमान व्यवहारलाई अप्रत्यक्ष्य रूपमा स्वाभाविक देखाउन खोजिएको थियो।

विभिन्न प्रस्तुतिहरूका कतिपय प्रसंगहरूमा सत्तापक्षीय पूर्वाग्रहहरू पनि सोझै प्रकट भएका पाइए। कर्मचारी संघर्षको विरोधमा, अन्य हड्तालहरूको विरोधमा स्वरहरू पनि सुनिए। संस्कृत भाषा अनिवार्य गराउनु पर्छ भनी सही गरेका वामपन्थीहरूले सही फिर्ता लिएको विषय हास्यको विषय हुन सक्छ, यसलाई हास्यको विषय बनाइयो पनि। तर सत्तापक्षीय सांसदहरूले

यो अप्रजातान्त्रिक मागको पक्षमा देखाएको सक्रियता र हालसम्म वामपन्थीहरूले जस्तो सही फिर्तासम्म पनि नगरेको कुरा चाहिं व्यंग्यको विषय बनेन। प्रज्ञाभवनमा केदार खड्काले कवितामा "खाते वालकहरूलाई प्रयोग गर्ने नौलो जनवादी नेताहरू" भनी विगतमा विवाद भई तथ्यहीन सावित भैसकेको विषयलाई पुनः दोहोऱ्याउने काम गरे।

उत्ताउलोपना र अश्लील शब्दहरूको प्रयोग पनि खट्किने प्रसंगहरू थिए। "अरू कुरा बोल्न नपाइने" पंचायती कालमा प्रयोग हुने गरेको भन्दा बढी नै यसको प्रयोग भएको पाइयो। समागृहमा मनोज आचार्य र शिवहरि पौडेलद्वारा प्रस्तुत "प्रजातन्त्रको प्रहरी" प्रहसनमा प्रहरीकी श्रीमतीले आफूविना नै ४ वटा छोरो पाई भनी प्रस्तुत प्रसंग यसको प्रतिनिधि उदाहरण हो। प्रज्ञाभवनमा बीरेन्द्र के.सी र कुमार कार्कीद्वारा प्रस्तुत प्रहसनमा मालिककी छोरीको प्रसंगमा नोकरद्वारा प्रयोग गरिएका शब्दहरू वा राजन थापा र सुस्मिता द्वारा प्रस्तुत प्रहसनमा डाक्टर, नर्स र विरामी वीचको संवादमा प्रयोग भएका प्रसंगहरूलाई पनि यस्तै "उदाहरणीय" कोटीमा राख्न सकिन्छ।

विषय-वस्तुको छनौटमा लापरवाहीको एउटा उदाहरण हो- घोप्टेभीर प्लेन दुर्घटना र जोगीमारा वस दुर्घटनाको प्रसंग। यी दुर्घटनाहरूको कारण र खोजीकार्यमा भएका लापरवाहीहरू हास्य व्यंग्यका विषय हुन सक्छन्। तर यी दुःखद दुर्घटनाहरू स्वयं चाहिं हास्यका विषय हुन सक्दैनन्। यसमा मिहिन रूपले ध्यान दिइएको पाइएन। घ्यांगफेदीमा पाइएको सामान भनी अण्डरवियर र ब्रा प्रदर्शन गर्नु, "प्लेनले घोटेभीरमा किस गऱ्यो " भन्नु र "धेरै समय पानीमा वस्ने मेरो बा हुन्" भनी जोगीमाराको घटनामा परेकाहरूलाई हाँसोमा उडाउन खोज्नु यसका अब्बल दर्जाका उदाहरणहरू हुन्।

कतिपय विषय-वस्तु यस्ता हुन्छन्, जसको प्रस्तुति-शैली मात्रले पनि कुनै कुरा स्थापित हुने हुन्छ। तसर्थ विषयलाई कुन तौलका साथ प्रस्तुत गर्ने भन्ने कुराले महत्व राख्दछ। प्रज्ञाभवनमा प्रस्तुत पूर्ण थापा, नवराज भण्डारी आदिको "पंचाग्रेस दोहोरी गीत" मा वीचमा रहेर कम्युनिष्टहरू बाजा बजाई रहेका एवं एकातिर कांग्रेस र अर्कोतिर पंचहरू उभिएर एक अर्कामा आरोप-प्रत्यारोप गरी गीत गाएको प्रस्तुती देखाइयो। यसमा कांग्रेस-कम्युनिष्टमाथिको व्यंग्य स्वाभाविक नै थियो तर पंचहरूलाई हाराहारीमा ल्याएर प्रस्तुत गरिनुले अनावश्यक रूपमा पंचायती मनोवललाई बढावा दिने काम गरेको छ।

फिल्मको बजार देखेर समाजमा जसरी-तसरी पैसा कमाएका केवल व्यवसायिक व्यक्तिहरू पनि फिल्म बनाउनतिर लागेर आफ्नो लगानी उठाउन र नाफा कमाउन जे जस्तो विषय र दृश्य पनि समावेश गरी फिल्म तयार गर्नतिर लागेका छन्। यिनीहरूलाई दर्शकहरूको मानसिकता बिग्रे बिग्रोस, सप्रे सप्रोस, यसमा कुनै वास्ता हुँदैन। यो गाईजात्रे हास्य व्यंग्य कार्यक्रमको पनि "बजार गरम" हुने देखेर यस्तै "पैसा कमाउन" जन्मेका व्यवसायिक जमातहरू यता नओरिएलान् भन्न सकिन्न। यो बजार लुट्न गाईजात्रा पर्वको जथाभावी र गैर जिम्मेवार प्रयोग हुन सक्ने प्रवल संभावना रहेको छ।

समाज-सुधारका लागि मानव प्रवृत्तिमा सुधार हुनु पर्छ भन्दै फेरि पनि हास्यको हलुवा र व्यंग्यको वम लिएर आफू प्रस्तुत हुने वचन व्यक्त गर्ने र नेपाली हास्य व्यंग्यलाई अन्तराष्ट्रिय स्तरमा पुऱ्याउन सबैसँग आग्रह गर्ने हासनेका अध्यक्ष रामकुमार पाण्डे (समापन भाषण) वा केही स्तर बोकेका कलाकारहरू मदनकृष्ण, हरि वंशहरू र प्रतिभायुक्त प्रगतिशील हास्य-व्यंग्य कलाकार साम्देशेर्पा लगायतका अन्य जनपक्षीय सांस्कृतिक कर्मीहरूको सचेतता र सक्रियतामा नै यो कुरा निर्भर गर्दछ।

माथि शुरूमा उद्धृत गरिएका अंशहरू भएका चाँचरी नृत्य र सुकुम्वासी प्रहसनका अतिरिक्त प्रज्ञाभवनमा प्रस्तुत विष्णु तिवारी र वालकृष्ण तिवारीको प्रहशन "घर पकड" (साग वेच्ने ज्यापु किसान र प्रहरीको सडकमा वातचित) लाई यी कार्यक्रमहरूका तुलनात्मक रूपले स्तरीय प्रस्तुति मान्नु पर्दछ। तर पनि जम्माजम्मीमा मन्नुपर्दा यस वर्षको गाईजात्रा हास्य-व्यंग्य कार्यक्रम अन्यौल, व्यवसायिकता र यथास्थितिवादको सेरोफेरोमा फन्फनी घुमेको देखा पऱ्यो। कुनै समुन्नत राजनीतिक विकल्प वा सांस्कृतिक सुधारको "घार" यिनीहरूले पकड्न सकेनन्।

यस वर्ष गाईजात्राको अवसरमा प्रकाशित रंगीचंगी पत्र-पत्रिकाहरूको प्रवृत्ति पनि सालाखालां यही नै रह्यो। अंग-प्रदर्शन र अश्लीलता यिनीहरूमा थप देखा परे। बजार लुट्ने मानसिकताले ग्रस्त भई स्तरहीन छाडा चित्र र हास्यहरू विकाउने प्रवृत्ति यस क्षेत्रमा ज्यादा देखा पऱ्यो। थोरै पत्रिकाहरूले मात्र दरवारीया पुनरूत्थानवादको, मण्डले प्रवृत्तिको र वर्तमान सरकारको वर्गीय चरित्र र प्रवृत्तिलाई भंडाफोर गर्ने थोरै प्रयास गरेको पाइयो। नत्र आम रूपमा गिरीजा-शैलजा वा चन्द्रशेखर प्रसंगका वरिपरि मात्र यिनका विषय वस्तुहरू घुमे।

रंगमंचमा र पत्रपत्रिकाहरूमा नै पनि वर्तमानको प्रतिपक्षीय मूल स्वर संगठित रूपमा देखा परेन। जनपक्षीय सांस्कृतिक क्षेत्रले यो कमी हटाउन सोच्नु जरूरी छ कि छैन? परंपरागत रूपले स्थापित गाईजात्राको यामको हास्य-व्यंग्यको माग पूरा गर्न स्वस्थ्य एवं स्तरीय हास्य-व्यंग्यको निर्माणमा लाग्नु उपयोगी र जरूरी हुन्छ कि हुन्न? यो प्रश्न यहाँ उठाउनु सान्दर्भिक नै ठहर्ला। ❖

*हरिगोविन्द लुईटेल*








आरामदायी यात्राकालागि सझनुहोस्

काठमाडौं - धरान
काठमाडौं - विराटनगर
काठमाडौं - काकडभित्ता

दैनिक सिधा-सेवाका लागि

न्यू शिवशक्ति ट्राभल्स

काठमाडौं : सुन्धारा वस पार्क फोन : २१२२१५

| | | |
|---|---|---|
| धरान | विराटनगर | काकडभित्ता |
| वसपार्क | वसपार्क | वसपार्क |
| फो. २०३८३ | फो. २५१०९ | फो. २०२०८ |

पढ्नु होस्

दृष्टि

साप्ताहिक




# संस्कृतबारे थप्नुपर्ने केही कुरा

मूल्यांकन (२०४९ साउन) पढें। अरू कुराको साथै परिश्रमपूर्वक संस्कृतबारे विशेष सामग्री दिनुभएकोमा साधुवाद ज्ञापन गर्दछु। विचार–अन्तर्क्रियामुखी पत्रिका भएकाले प्रकाशित उक्त सामग्रीमा नपुग वा अस्पष्ट भएका केही कुरामा संस्कृत-क्षेत्रसंग आवद्ध भएका नाताले बुंदागत रुपमा केही आफ्नो विचार लेखीपठाएको छु। छापिदिनु हुनेछ भन्ने विश्वास गरेको छु।

१. गेहेन्द्रमान उदास "पोखरेली" को लेखमा राखिएको निष्कर्ष निकै घतलाग्दो र माननीय छ। तर पुरोहित पन्थलाई सुदृढ गर्न संस्कृत अनिवार्य पार्न खोजिएको हो कि भन्ने उहाँको सन्देह चाहिं भ्रम मात्र हो। किनभने, माध्यमिक तहमा सरल संस्कृत राख्दा त्यसले भाषा र साहित्यलाई टेवा पुऱ्याउने मात्र हुन्छ अनि पछि गएर संस्कृत पढ्न चाहनेलाई केही आधारसम्म हुनसक्छ। पुरोहित्याइँसंग यसलाई जोड्नु मनासिव देखिन्न।

२. सांसद्हरूको हस्ताक्षरित सुझावपत्रबाट स्पष्टै छ, त्यो कुनै भाषालाई दबाउन तयार गरिएको होइन। हस्ताक्षर अभियानमा जात, जाति, धर्म, वर्ण, भाषा, राजनीति, पद, लिंग आदिको भेदभाव राखिएको थिएन। त्यसको मूल उद्देश्य एउटै थियो–साधारण शिक्षातर्फ नयाँ शिक्षाले खोसेको संस्कृतको पुनर्बहाली गर्ने।

३. संस्कृतले कसैको विरोध गरेको छैन। सबै भाषाको विकास हुनैपर्छ। तसर्थ अरूबाट संस्कृतको विरोध हुनु पनि उचित छैन। खासगरी जनजातिका भाषा र साहित्यको विकास गर्ने हो भने संस्कृतको सहयोग नभै हुँदैन। जनजातिका विद्वानहरूले यो कुरा नबुझेको हो कि बुझेर विरोध गरेको हो?

४. प्रा. कमलप्रकाश मल्लको लेखमा नेपालीका स्रोतमध्ये विभिन्न विकल्प देखाइएका छन् तर एउटा अति महत्वपूर्ण विकल्प संस्कृत हो। यसबारेमा भने उहाँले उल्लेखसम्म गर्नुभएको छैन। संस्कृतबाट नेपालीमा यति धेरै शब्द आएका छन् कि कुनै पनि प्राकृतबाट त्यति आएका छैनन्। प्राकृतबाट आएका भए तद्भव वा विकृतरुपमा मात्र आउँथे। जस्तै संस्कृत "कृष्ण" शब्दको रुप फेरिएर प्राकृतमा काह्णो, काह्नो भैसकेको छ। नेपालीमा "कृष्ण" नै छ। यस्ता अनगिन्ती शब्द छन्। फेरि संस्कृतलाई आमा भाषा नभने पनि हजूरआमा त उहाँले पनि मान्नुभएको छ। त्यसो भन्दा पनि मूल स्रोत त संस्कृत नै ठहरिन्छ।

५. श्री पद्मरत्न तुलाधरले भन्नुभएको संस्कृतमा रहेका दर्शन, साहित्य र ज्ञानका गहन विषयहरूको नेपाली र अरू राष्ट्रिय भाषाहरूमा अनुवाद हुनुपर्छ भन्ने कुरा स्वागतयोग्य छ। यसमा सबै भाषाका विशेषज्ञहरूको ध्यान जानुपर्दछ।

६. संस्कृतभित्र धेरै विषयहरू छन्। नेपालमै संस्कृत विश्वविद्यालय अन्तर्गत दर्शन, साहित्य, ज्योतिष, भाषा–व्याकरण, इतिहासपुराण, धर्मशास्त्र समेत ११ वटा शास्त्रीय विषयको पढाइ हुन्छ। आयुर्वेद क्याम्पस अलग्गै छ। यहाँ कहाँनिर जातीय सम्बन्ध छ? यस बाहेक लोप हुँदै गएको कर्मकाण्ड र पौरोहित्य (वैदिक र बौद्ध) को प्रशिक्षण कार्यक्रम छुट्टै चलाइएको छ। लेखक–पाठक दुबैथरीले यो कुरा बुझ्नु आवश्यक छ।

७. अहिले संस्कृत कुनै जाति वा धर्म वा सामन्तको विद्या नभएर वास्तवमा गरीबको विद्या भएको छ। शुल्क नलाग्ने र कतिपय ठाउँमा केही सुविधा समेत पाइने हुनाले हाल सम्पन्न ब्राह्मणको भन्दा अन्य जातिका गरीब मानिसको अभिरुचि यसमा बढ्ने संभावना रहेको छ। यो कुरा पनि लेखमित्र परेको भए संस्कृत शिक्षाको तसवीर अझ प्रष्ट हुने थियो।

*– डा. माधव भट्टराई*
*सानो ठिमी, भक्तपुर*

# दोषी को?

"मूल्यांकन" को वर्ष १० अंक ४ को "स्थानीय निकायको चुनावले के शिक्षा दिएको छ?" भन्नेलेखमा समीक्षकज्यूको पूर्वाग्रहपूर्ण दोषारोपण एकता केन्द्रप्रति खनिएको देख्दा म दुःख मनाउ गर्दैछु।

लेखको एउटा ठाउँमा भनिएको छ– "उनीहरूले आफ्नो अहंकार र न्यस्त स्वार्थलाई नै धुरी बनाए र ... यो भनेको नयाँकिसिमको व्यक्तिवाद हो– सामूहिक व्यक्तिवाद।" हुनत काठमाण्डू र पाटनमा "उनीहरूको विभाजन" ले नेपाली कांग्रेसलाई सर्वाधिक फाइदा पुग्न गयो।

पहिले यहाँ प्रष्ट गर्नुपर्ने कुरो के छ भने "उनीहरूको विभाजन" अर्थात् एमाले र एकता केन्द्रको विभाजन भनेर उल्लेख गर्नु आवश्यक छ। अन्तिम वार्तासम्म त एकता केन्द्र इमान्दारीसाथ एकताको पक्षमा पर्खिरहेको सबैलाई थाहै भएको कुरो हो। ०४९ जेष्ठ १४ गते पाटन मंगलबजारमा पद्मरत्न तुलाधरज्यूलाई समेत आमसभाको मंचमा लिफ्ट दिएर एकता केन्द्रले एकताको पक्षमा इमान्दारिता देखाएको प्रष्ट छ। जबकि जेष्ठ १५ गते पाटन सुन्धारामा एमालेको आमसभामा पद्मरत्न तुलाधरज्यू देखापर्नु भएन।

यसबाट के कुरो प्रष्ट हुन आएको छ भने– एकताको तालमेल मिलाउने बौद्धिक जमातको प्रतिनिधि पद्मरत्न तुलाधरज्यूको अथक मेहेनतलाई लत्याउने एमाले पो रहेछ। एमाले नै दोषी रहेछ। राजनैतिक अंशबण्डामा शक्तिको अहंकार देखाई बढी भागबण्डा खान खोज्ने एमाले नै रहेछ। शत्रु पक्षको शक्ति प्रबल भएको ठाउँमा पनि वाम एकताले परास्त गर्नु पर्नेमा एमाले एक्लैले परास्त गर्न खोजेको, आखिर अहंकारको फुस्रोपनाले आफैले खान पुग्यो चोटिलो–बल्ड्याङ्ग। एमाले नेतृत्वले आफ्नो अहंकार धुजा धुजा भएको महसूस गर्नुपऱ्यो। व्यक्तिगत स्वतन्त्रताले निरंकुशतालाई जन्म दिएको हुन्छ। उक्त भनाई देश, राष्ट्र, समूह र समाजमा लागू भइरहेको हामीले देख्दै आइरहेका छौं। एमाले नेतृत्वको व्यक्तिगत स्वतन्त्रताले आफ्नो पार्टीभित्र पनि निरंकुशता हावी हुन पुग्यो र सो निरंकुशताले एकता केन्द्रलाई पनि पोल्न पुग्यो। फलस्वरुप वाम तालमेल हुन सकेन।

समीक्षकज्यूले आफ्नो लेखमा "उनीहरू" शब्द उल्लेख गरेर एमाले र एकता केन्द्र दुवैलाई दोषी ठान्न पुगेछन्। वास्तवमा आफ्नो अहंकार र स्वार्थलाई धूरी बनाउने व्यक्तिवादी समूह एमाले पो रहेछ।

*– दरशा*
बालकुमारी, ललितपुर।

# तीतो अर्तिको मौकासमेत

मूल्यांकन अंक ४ हात लाग्यो। सरसरती हेरें। सबै बुद्धिजीवीहरूको केन्द्रविन्दुको रुपमा रहेको यो पत्रिकाको जीवन्तताको कामना गर्दछु। विश्वमा साम्यवाद नष्ट भयो, अब हाम्रो मात्र सिद्धान्त ठीक छ र हामी मात्र शासन व्यवस्था संचालन गर्न सक्छौं भन्ने कथित पूँजीवादी प्रजातन्त्रवादीहरूको लागि यो मासिकले चित्तबुभ्दो झापट लगाई दिएको छ। अनि व्यक्तिवादी चिन्तनलाई नै पार्टीको धारणा र महत्वकांक्षा बनाउने अति महत्वकांक्षी हाम्रा वाम नेताहरूको लागि पनि यो अति राम्रो तीतो अर्तिका मौका भएको छ। विश्वका घटनाहरूका विश्लेषण गरी चिरफारको रुपमा प्रस्तुत गर्ने कार्य कम सजिलो छैन। साथै हाम्रो देशका घटनाहरूको पनि बस्तुस्थितिको दोहोरो सोचाई राखेर मूल्यांकन गरेको पाइएकोले मेरो र हामी आम वस्तुनिष्ठ समाजवादी सोचाई राख्नेहरूको लागि यो खुराक महत्वपूर्ण भएको छ। अंक ४ मा लेख्ने तमाम लेखकहरू प्रति हृदयदेखि नै आभार प्रकट गर्दछु। निरन्तर यसरी नै तमाम समस्या (आर्थिक कठिनाई आदि) को वावजूद पनि यो मासिक पत्रिकाको नियमित अंक निस्केमा हाम्रो लागि उज्यालो बिजुलीको काम गर्नेथियो

*– भीम नारायण "बन्दी"*
खर्साल, राजविराज।

# अरू समाजवादी मुलुकबारे पनि जानकारी

नेपालका विभिन्न पत्रपत्रिकाहरूमा मूल्यांकन नै एकमात्र यथार्थवादी रुपमा प्रकाशित हुने विचार–अन्तर्क्रियामुखी मासिकको रुपमा पाएको छु। एकातिर तथाकथित संशोधनवादी मार्क्सवादीहरूको राज्यसत्ता खतम हुँदै जानु र अर्कोतिर यसैलाई आधार मानेर पूँजीवादी तथा साम्राज्यवादीहरूले मार्क्सवाद खतम भयो भनेर हुइँया चलाएको बेलामा "मूल्यांकन" एउटा शसक्त प्रतिरोधीको रुपमा पाएको छु।

वर्ष १०, अंक ५ साउन महीनाको मूल्यांकनमा पृष्ठ ११, ३९ र ४२ का सामाग्रीहरू प्रेसको प्राविधिक गल्तीले गर्दा पढ्ने मौका पाइएन। त्यसकारण, उक्त पेजका सामाग्रीहरू पुनः प्रकाशित गर्न अनुरोध गर्दछु। उत्तर कोरिया, र क्युवापछि अब बचेखुचेका समाजवादी मुलुकहरू भियतनाम, चीन र लाओस बारे पनि जानकारी पाउने आशा राख्दछु। र अन्तमा पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

*– आर. बी. श्रेष्ठ "लुनिभा"*
कीतिपुर।

टूथपेष्ट जगतमा
चिर परिचित

Everest

प्रयोग गरी

दाँत र गिजाको
सुरक्षा गर्नुहोस् ।








स्वागत छ ! स्वागत छ !!

शान्त घरेलु वातावरणमा सुमधुर गीत गजलका साथ मुगलाई चाइनिज, कन्टीनेन्टल र नेपाली खानाका साथै विविध स्वादिष्ट खानाको आनन्द लिनुहोस् ।

साँझ ७ बजेदेखि १० बजेसम्म
गीत गजल कार्यक्रम

खानामा २० % छुट

*हरेक साँझ तपाईंको प्रतिक्षामा*

रेक सेन्टर रेष्टुरेन्ट एण्ड बार

होटल मायालुसंगै, दरबारमार्ग



समूह 'ख'

पाण्डे ट्रेड कन्सर्नद्वारा संचालित

र.नं. ३०४५ । ०४७ । ०४८



नगद फिर्ता योजना
MONEY RETURN PLANING

४६ वटा घडेरी

काठमाण्डौ भित्रको घडेरी

प्रथम

४६ वटा कलर टि.भी.

परे पुरस्कार नपरे रकम फिर्ता

१४" कलर टि.भी. दोस्रो पुरस्कार

एक पटक मात्र
रु. ५०

सदस्यता नं.

हरेक महिना घडेरी उपहारका साथै विभिन्न
आकर्षक लाखौंको पुरस्कार खोलिने

आजै सदस्य बनौं । मौकाको फाइदा उठाऔं । जोखिम शून्य फाइदै फाइदा । परे उपहार नपरे
तपाईको रकम तपाईलाईलाई नै फिर्ता ।
नाट: अधिराज्यभरि एजेण्ट तथा सैल्सम्यानको आवश्यकता छ ।

संचालक
पाण्डे ट्रेड कर्न्सन
म्हेपी नयाँ बजार फोन ४१३३३०, काठमाडौं






आजै सदस्य बनौं मौकाको फाइदा उठाऔं। परे उपहार नपरे तपाईंको रकम तपाईंलाई नै फिर्ता। नोटः- नेपाल अधिराज्यभरि एजेन्ट तथा सेल्सम्म्यानको आवश्यकता छ।
सम्पर्क स्थान : A to Z उपहार कार्यक्रम। फोन : ४७०६२३, चावहिल, गणेशस्थान



बाल दिवसको उपलक्ष्यमा
देशका तमाम
बालबालिकाहरूको
सुस्वास्थ्यको कामना
गर्दछौं।

अमरावती मद्यशाला प्रा. लि.
हरिऔन, सर्लाही, नेपाल

MIULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.का.द.नं. ४८: ०३९/४० बा.अ.हु.द.नं. ६२: ०३९/४०


# सित्तैमा ६० वटा घर र ६० वटा घडेरी

## प्रत्येक उपभोक्तालाई उपहारै उपहार

# जय गुरु गणेश धनराशी फिर्ता योजना

# JAYA GURU GANESH MONEY BACK PLANNING






एक पटक मात्र

रु. १००/-

पछि आफैलाई फिर्ता।

प्रथम उपहार

लगानी थोरै फाइदा धेरै

प्रत्येक पटक खोलिने उपहारहरू

१. प्रथम– एक जवानलाई घर
२. दोश्रो–एक जवानलाई घडेरी
३. तेश्रो– ८ जवानलाई घरायसी स्टील दराज
४. चौथो– ५०० जवानलाई नगद रु. ५००/– (प्रतिव्यक्ति)

जोखिम शून्य, फाइदै फाइदा

एकै व्यत्तिलाई ६० पटकसम्म घर पर्नसक्ने, परीमक्व योजना अवधि पछि रु. २५।- बराबरको उपहार स्वरूप थप सुविधा सहित आफ्नो रकम आफैलाई फिर्ता
यही श्रावण १ गतेदेखि आश्विन १ गतेसम्म प्रत्येक महीना विशेष उपहार खोलिने निर्णय भएको सहर्ष जानकारी गराउँदछौं।

विशेष उपहार यस प्रकार छन्:-

| | | | |
|---|---|---|---|
| १. प्रथम- | १४" कलर टि.भी. | - | १ जवानलाई |
| २. दोस्रो:- | १४" श्याम/श्वेत टि.भी: | - | १ जवानलाई |
| ३. तृतीयः- | नगद रू. १००० ।- | - | ८ जवानलाई |
| ४. चतुर्थः- | नगद रू. ५०० ।- | - | २४ जवानलाई |

सञ्चालक

## जि.के. आइरन एण्ड स्टील इण्डष्ट्रिज (प्रा.) लि.

ललितपुर, सुन्धारा, चपटटोल

पो.ब. नं. १३७४

फोन नं. ५२६०५९, ५२४१६४, ५२५५५५

NIRAYOO 527099


आबरण फोटोः ए.बि.सी. फोटोज, बागबजार, काठमाडौं